## कृषि तथा पशुपन्छी विकास मन्त्रालयको

# वार्षिक प्रगति प्रतिवेदन

## (आ.व. २०८०/८१)



नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

योजना तथा विकास सहायता समन्वय महाशाखा

अनुगमन तथा मूल्याङ्कन शाखा

सिंहदरबार, काठमाडौं

## कृषि तथा पशुपन्छी विकास मन्त्रालयको

# वार्षिक प्रगति प्रतिवेदन

## (आ.व. २०८०/८१)

नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

**योजना तथा विकास सहायता समन्वय महाशाखा**

**अनुगमन तथा मूल्याङ्कन शाखा**

सिंहदरबार, काठमाडौं

२०८१

**प्रकाशक**

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
योजना तथा विकास सहायता समन्वय महाशाखा
अनुगमन तथा मूल्याङ्कन शाखा
सिंहदरबार, काठमाडौं
२०८१

फोन नं : ०१-४२११६६५
फ्याक्स नं : ०१-४२११९३५
वेबसाईट : www.moald.gov.np
इमेल : me_moad@yahoo.com

नेपाल सरकार

# कृषि तथा पशुपन्छी विकास मन्त्रालय

फोन नं. ४२११६३५, ४२११८०८, ४२११९३२, ४२११६६५, ४२११६८७, ४२११९१५

सिंहदरवार, काठमाण्डौं
नेपाल

पत्र संख्या :
च.नं. :

## मन्तव्य

नेपालको आर्थिक विकासमा कृषि क्षेत्रको योगदान महत्वपूर्ण छ। उच्च, दिगो र समावेशी आर्थिक वृद्धि हासिल गर्न कृषि क्षेत्र एक महत्वपूर्ण क्षेत्रका रूपमा रहेको छ। कृषि तथा पशुपन्छी विकास मन्त्रालयले कृषि क्षेत्रको उत्पादनमूलक र उपलब्धिपूर्ण रूपान्तरणमार्फत दिगो आर्थिक विकासमा सहयोग पुर्याउने लक्ष्य लिएको छ। नेपालको संविधान, राष्ट्रिय कृषि नीति २०६१, कृषि विकास रणनीति (२०१५-२०३५), दिगो विकासका लक्ष्यहरू (२०१५-२०३०), सोह्रौं योजना (२०८१/८२-२०८५/८६), नेपाल सरकारका नीति तथा कार्यक्रम र बजेट वक्तव्य एवम् विषयगत नीतिहरूले कृषि, पशुपन्छी र मत्स्य क्षेत्रको विकासलाई मार्गदर्शन गरेका छन्। कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धि, खाद्य तथा पोषण सुरक्षा, कृषकहरूको जीवनस्तरमा सुधार र कृषिजन्य वस्तुको आयात न्यूनिकरण तथा निर्यात प्रवर्द्धन गर्नुपर्ने राष्ट्रिय आवश्यकतालाई मन्त्रालयले प्राथमिकतामा राखेको छ।

कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न तीन तहका सरकारबीच अर्थपूर्ण समन्वय, सहकार्य र सहअस्तित्वलाई प्रवर्द्धन गर्दै कृषि तथा पशुपन्छी विकासका कार्यक्रमहरु सञ्चालनमा रहेका छन्। मन्त्रालय र अन्तर्गतका निकायहरुले कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धिका लागि रसायनिक मलको सहज आपूर्ति तथा वितरण, उन्नत बीउबिजनको उत्पादन तथा उपलब्धता, जातीय विकास तथा प्रविधि प्रवर्द्धन, रैथाने बाली, पशुनश्ल तथा कृषि जैविक विविधता संरक्षण एवम् प्रवर्द्धन, बालीले ढाकेको क्षेत्र विस्तार, सिञ्चित कृषि क्षेत्रको विस्तार, कृषि उत्पादन तथा व्यवसाय विकासका लागि अनुदान र सहुलियत प्रदान, प्रमुख कृषि पूर्वाधारहरूको निर्माण, पशुनश्ल सुधार, पशुपन्छी रोग नियन्त्रण तथा खोप कार्यक्रम, खाद्यवस्तुको मापदण्ड तयारी तथा बजार अनुगमन र नियमन लगायतका कार्यक्रमहरूलाई प्राथमिकता दिई सञ्चालन गर्दै आएका छन्। कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट बाली लगाउनुपूर्व नै न्यूनतम समर्थन मूल्य तोक्ने, रासायनिक मलको सहज आयात तथा वितरण व्यवस्थापन, पशुपन्छीमा लाग्ने रोगविरूद्ध खोप कार्यक्रम, कृत्रिम गर्भाधान सेवा, कृषि बीमा र किसान सूचीकरणको दायरा विस्तार लगायतका प्रमुख कार्यमा महत्वपूर्ण उपलब्धिहरू हासिल गरेको छ।

कृषि तथा पशुपन्छी विकास मन्त्रालय तथा मातहतका निकायहरूबाट गत आर्थिक वर्ष २०८०/८१ मा सम्पादित कार्यक्रमहरूको वार्षिक प्रगति तथा उपलब्धिहरूलाई सार्वजनिकीकरण, अभिलेखीकरण तथा संस्थागत गर्न यो वार्षिक प्रगति प्रतिवेदन तयार गरिएको छ। यस पुस्तिकामा मन्त्रालय तथा मातहतका निकायबाट सञ्चालित कार्यक्रमहरूबाट प्राप्त उपलब्धिहरू, वार्षिक भारित तथा वित्तीय प्रगति र प्रगति हासिल हुन नसकेका कारणहरूलाई समिक्षा तथा विश्लेषण गरिएको छ।

यो पुस्तिका अनुसन्धानकर्ता, नीति निर्माता, योजनाकार, विद्यार्थी, किसान र विकास साझेदारहरूलाई तथ्याङ्क एवम् अद्यावधिक सूचनाको स्रोतको रूपमा रहने विश्वास लिएका छौं। आगामी वर्षहरूमा यस पुस्तिकालाई अझ बढी उपयोगी र परिष्कृत बनाउन पाठक वर्गहरूबाट रचनात्मक प्रतिक्रिया र सुझावको अपेक्षा राखेका छौं। मन्त्रालयबाट सञ्चालन हुने कार्यक्रमहरूमा सुधारका लागि सल्लाह सुझाव दिई अभिभावकत्व र मार्गदर्शन गर्नुहुने माननीय मन्त्रीज्यू प्रति कृतज्ञता प्रकट गर्दछौं। अन्तमा पुस्तिका तयारीका लागि आवश्यक तथ्याङ्क एवम् विवरण उपलब्ध गराई सहयोग गर्नुहुने मन्त्रालय मातहतका सम्पूर्ण निकायहरू र पुस्तिकालाई यस स्वरुपमा ल्याउन अथक प्रयास गर्नुहुने योजना तथा विकास सहायता समन्वय महाशाखाका प्रमुख र अनुगमन तथा मूल्याङ्कन शाखाको टोलीलाई धन्यवाद दिन चाहन्छौं।

**डा. राजेन्द्र प्रसाद मिश्र**
**सचिव (पशुपन्छी विकास)**

**डा. गोविन्द प्रसाद शर्मा**
**सचिव (कृषि विकास)**

**२०८१ पौष**

नेपाल सरकार

**कृषि तथा पशुपन्छी विकास मन्त्रालय**

फोन नं. ४२११६३५, ४२११८०८, ४२११९३२, ४२११६६५, ४२११६८७, ४२११९१५

सिंहदरबार, काठमाण्डौं
नेपाल

पत्र संख्या :
च.नं. :

# मन्तव्य

कृषि क्षेत्रले आधारभूत खाद्य आवश्यकतालाई परिपूर्ति गर्दै देशको अर्थतन्त्रमा महत्वपूर्ण योगदान पुर्याउँदै आएको छ। आर्थिक वर्ष २०८०/८१ मा देशको कूल ग्रार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान करिब २४.०९ प्रतिशत रहेको थियो भने कृषि क्षेत्रको वृद्धिदर २.७६ कायम रहन पुगेको थियो। नेपाल सरकारले कृषि क्षेत्रको व्यावसायिकरण, आधुनिकीकरण र दिगो कृषि विकासका लागि अवलम्बन गरेका विभिन्न कानून, नीति, योजना र रणनीति अनुसार कृषि तथा पशुपन्छी विकास मन्त्रालयले वार्षिक कार्यक्रमहरू तर्जुमा गरी कार्यान्वयन गर्दै आइरहेको छ। यसका साथै नेपालको संविधान बमोजिम संघ, प्रदेश र स्थानीय तहको एकल तथा साझा अधिकार सूचीमा कृषि क्षेत्रलाई समेटिएकाले तीनै तहबाट समन्वय, सहकार्य र सहअस्तित्वको सिद्धान्त बमोजिम कृषि तथा पशुपन्छी विकास कार्यक्रमहरू सञ्चालनमा रहेका छन्।

गत आर्थिक वर्ष २०८०/८१ मा यस मन्त्रालयले जम्मा ३४ वटा आयोजना तथा कार्यक्रमहरू सञ्चालनका लागि रू. ५० अर्ब २९ करोड ११ लाख ९१ हजार संशोधित वार्षिक बजेट प्राप्त गरेकोमा कार्यक्रम कार्यान्वयनबाट मन्त्रालयको एकमुष्ठ भारित प्रगति ८२.७४ प्रतिशत र वित्तीय प्रगति ७७.२२ प्रतिशत प्रगति हासिल गरेको थियो। सो अवधिमा मन्त्रालयले कृषि क्षेत्रमा विभिन्न क्रियाकलापहरू सञ्चालनका लागि विभिन्न स्थानीय तहहरूमा रू. ३ अर्ब ८५ करोड ८८ लाख बजेट र कृषि क्षेत्र हेर्ने प्रादेशिक मन्त्रालयहरूमा रू. १ अर्ब ३ करोड २२ लाख बजेट सर्शत वित्तीय हस्तान्तरण भएको थियो।

नेपाल सरकारबाट उपलब्ध बजेटको अधिकतम सदुपयोग गरी कार्यान्वयन भएका कार्यक्रमहरूबाट प्राप्त नतिजा तथा उपलब्धिहरूको अभिलेखीकरण गर्ने हेतुले यो वार्षिक प्रगति प्रतिवेदन प्रकाशन गरिएको छ। मन्त्रालय तथा मातहतका निकायहरूको साङ्गठनिक उद्देश्य र वार्षिक स्वीकृत कार्यक्रम बमोजिम सम्पादन भएका प्रमुख क्रियाकलाप तथा उपलब्धिहरूको विवरणात्मक र विश्लेषणात्मक प्रगति विवरण र कृषि क्षेत्रलाई निर्देशित गर्ने कृषि विकास रणनीति र पन्ध्रौं योजनाको प्रगतिलाई पनि यस पुस्तिकामा समावेश गरिएको छ।

प्रतिवेदन तयारीका लागि आवश्यक विवरण तथा तथ्याङ्कहरू उपलब्ध गराई सहयोग गर्नुहुने कृषि तथा पशुपन्छी विकास मन्त्रालय तथा मातहतका सबै निकायहरूलाई धन्यवाद दिन चाहन्छु। प्रतिवेदन प्रकाशनको लागि आवश्यक विवरण एवम् तथ्याङ्कहरू सङ्कलन, विश्लेषण र प्रतिवेदन तयारीमा सक्रिय रूपमा लाग्नु भएका अनुगमन तथा मूल्याङ्कन शाखाका वरिष्ठ कृषि अर्थ विज्ञ, महानन्द जोशी, कृषि अर्थ विज्ञ, मीना कंडेल, कृषि अर्थ विज्ञ, चन्द्रा जोशी र पशु विकास अधिकृत, गंगा बहादुर थापामगरलाई विशेष धन्यवाद दिन चाहन्छु।

अन्त्यमा, कृषि क्षेत्रमा संलग्न योजनाकार, अनुसन्धानकर्ता, सरकारी निकाय, विकास साझेदार लगायत कृषि क्षेत्रमा चासो राख्नुहुने सबैका लागि यो पुस्तिका उपयोगी हुने विश्वास लिएको छु। प्रतिवेदनलाई अझ तथ्यपरक एवम् विश्लेषणात्मक बनाउन सल्लाह सुझावको अपेक्षासमेत गर्दछु।

**२०८१ पौष**

.......................................

**(डा. हरि बहादुर के.सी.)**

**सहसचिव**

**योजना तथा विकास सहायता समन्वय महाशाखा**

# विषय सूची

## परिच्छेद-१

| | | |
|---|---|---|
| **१.** | **कृषि तथा पशुपन्छी विकास मन्त्रालयको परिचय** | **१** |
| १.१ | ऐतिहासिक पृष्ठभूमि | १ |
| १.२ | दीर्घकालीन सोच | २ |
| १.३ | लक्ष्य | २ |
| १.४ | उद्देश्य | २ |
| १.५ | रणनीति | २ |
| १.६ | कार्यक्षेत्र | ३ |
| १.७ | मुख्य कार्यक्रमहरू | ४ |
| १.८ | सङ्गठनात्मक संरचना | ४ |
| १.९ | मुख्य आयोजनाहरू | ४२ |

## परिच्छेद-२

| | | |
|---|---|---|
| **२.** | **वार्षिक कार्यक्रम तथा विनियोजित बजेट** | **७३** |
| २.१ | आ.व. २०८०/८१ को स्वीकृत वार्षिक कार्यक्रम तथा विनियोजित बजेट | ७३ |
| २.२ | प्राथमिकता प्राप्त विकास कार्यक्रम/आयोजनाहरूको बजेट तथा खर्चको विवरण | ७७ |

## परिच्छेद-३

| | | |
|---|---|---|
| **३.** | **मन्त्रालयबाट सम्पादित कार्यक्रम तथा उपलब्धिहरू** | **९१** |
| ३.१ | प्राथमिकता प्राप्त कार्यक्रम/आयोजना र उपलब्धिहरू | ९१ |
| ३.२ | अन्य संस्थान समितिहरू | १५९ |

## परिच्छेद-४

| | | |
|---|---|---|
| **४.** | **बेरूजु फछर्यौटको प्रगति अवस्था** | **१६५** |
| ४.१ | आ.व. २०८०/८१ को वार्षिक अवधिमा कृषि तथा पशुपन्छी विकास मन्त्रालय र मन्त्रालय अन्तर्गतका निकायहरूको एकमुष्ठ बेरूजु फछ्यौंटको प्रगति अवस्था | १६५ |
| ४.२ | सरकारी निकायतर्फको बेरूजु र बेरूजु फछ्यौंट विवरण | १६५ |
| ४.३ | समितितर्फको बेरूजु र बेरूजु फछ्यौंट विवरण | १६६ |

## परिच्छेद-५


| | | |
|---|---|---|
| **५.** | **बजेट वक्तव्यमा समावेश भएका कृषि क्षेत्रसँग सम्बन्धित बुँदाहरूको प्रगति विवरण** | **१७१** |
| ५.१ | बजेट बक्तव्य २०८०/८१ को अनुसूची १५ मा उल्लेखित मन्त्रालयसँग सम्बन्धित बजेटका अपेक्षित उपलब्धिको सूचकहरूको प्रगति विवरण | १७९ |


## परिच्छेद-६


| | | |
|---|---|---|
| **६.** | **कृषि विकास रणनीति कार्यान्वयन संक्षिप्त प्रगति विवरण** | **१८३** |
| ६.१ | कृषि विकास रणनीति संयुक्त क्षेत्रगत समीक्षा (ADSJSR) सम्बन्धी प्रगति | १८४ |
| ६.२ | कृषि विकास रणनीति (ADS) सूचक अनुसार लक्ष्यहरूतर्फको प्रवृत्ति र प्रगति | १८६ |


## परिच्छेद-७


| | | |
|---|---|---|
| **७.** | **समस्या निर्णय र कायान्वयन अवस्था** | **१९७** |
| ७.१ | MDAC बैठक बसेको मितिः २०८०/०८/१७ को निर्णय | १९७ |
| ७.२ | MDAC बैठक बसेको मितिः २०८०/१०/२८ को निर्णय | १९८ |
| ७.३ | MDAC बैठक बसेको मितिः २०८०/०२/१३ को निर्णय | २०३ |
| ७.४ | MDAC बैठक बसेको मितिः २०८१/०५/०२ को निर्णय | २०६ |
| ७.५ | राष्ट्रिय विकास समस्या समाधान समिति (NDAC) को बैठकमा प्रस्तुत समस्याहरू एवम् गरिएका निर्णयहरू तथा कार्यान्वयन स्थिति | २१२ |


## परिच्छेद-८


| | | |
|---|---|---|
| **८.** | **पन्ध्रौ आवधिक योजना (२०७६/७७ देखि २०८०/८१) कृषिसँग सम्बन्धित प्रगति** | **२१७** |
| ८.१ | पन्ध्रौ योजनाको लक्ष्य र हालसम्मको प्रगति अवस्था | २१७ |


## परिच्छेद-९


| | |
|---|---|
| **९. विविध** | **२२१** |
| अनुसूचीहरू | २२१ |

परिच्छेद-१

# कृषि तथा पशुपन्छी विकास मन्त्रालयको परिचय

# कृषि तथा पशुपन्छी विकास मन्त्रालयको परिचय

## १.१ ऐतिहासिक पृष्ठभूमि

नेपालमा कृषि विकासका कार्यक्रमहरूको कार्यान्वयन संस्थागत रूपमा वि.सं. १९७८ मा चारखालमा स्थापित कृषि अड्डाबाट सुरू भएको हो। वि.सं. १९८२ मा सिंहदरबार परिसरमा कृषि प्रदर्शन फार्म र वि.सं. १९९४ मा कृषि परिषद्को गठन भएपश्चात् देशभित्र कृषि फार्महरू खोल्ने, सर्भेक्षण कार्यहरू भएको पाइन्छ। वि.सं. १९९८ सालमा त्रिपुरेश्वरमा भेटेरिनरी हस्पिटलको र सिँचाइ क्षेत्रको विकासको लागि नहर शाखाको समेत स्थापना भएकोमा वि.सं. २००० मा मकवानपुरको चित्लाङ्ग र नुवाकोटको ककनीमा भेडा फार्महरूको स्थापना भएको पाइन्छ। वि.सं. २००४ सालमा बारा जिल्लास्थित परवानीपुरमा सेन्ट्रल एक्सपेरिमेन्टल एण्ड रिसर्च फार्म स्थापना भई कृषि अनुसन्धान कार्यको सुरूवात भएको देखिन्छ। वि.सं. २००७ सालको परिवर्तनपछि कृषि परिषद्बाट भएका विभिन्न कार्यहरूको लेखाजोखा भई सोका आधारमा वि.सं. २००८ मा कृषि परिषद्लाई विघटन गरी त्यसबेलाको सबैभन्दा माथिल्लो निकायको रूपमा रहने गरी कृषि विभागको स्थापना भएको पाइन्छ। तत्कालीन कृषि परिषद्को सेक्रेटरीलाई नै कृषि विभागको डाईरेक्टरमा नियुक्त गरी वि.सं. २०१० मा कृषि विभागमा एग्रोनोमी, हर्टिकल्चर, लाईभस्टक एण्ड डेरी, एगृ इन्जिनियरिङ्ग र फिसरिज (भेटरेनरी बाहेक) गरी ५ वटा सेक्सनहरू खडा भएको पाइन्छ। ती सेक्सन मातहतका कृषि विकासका विभिन्न कार्यक्रमहरू कार्यान्वयनमा आउन थाले र वि.सं. २०१० सालमा सहकारी विभाग र कृषि स्कूलको स्थापना भएको पाइन्छ। वि.सं. २०१२ सालमा नहर शाखालाई नहर विभागको र वि.सं. २००४ सालमा स्थापित परवानीपुर कृषि फार्मलाई बहुमुखी कृषि स्टेशनको रूपमा परिवर्तन गरियो। वि.सं. २०१९ सालमा कीर्तिपुर बागवानी केन्द्र र गोदावरी मत्स्य विकास केन्द्र तथा वि.सं. २०२७ सालमा पुल्चोक स्थित श्रीमहलमा श्री जगदम्बा कलेज अफ एगृकल्चर एण्ड रिसर्च ईन्ष्टिच्युट सञ्चालनमा आएको पाइन्छ।

वि.सं. २०३० सालमा सिँचाइ सम्बन्धी कार्य कृषि मन्त्रालय अन्तर्गत समावेश भई मन्त्रालयको नाम खाद्य, कृषि तथा सिँचाइ मन्त्रालय रहन गयो भने आ.व. २०३७/३८ मा भएको मन्त्रिमण्डल पुनर्गठनसँगसँगै सिँचाइ र खाद्य व्यवस्थाको जिम्मेवारी क्रमशः जलस्रोत मन्त्रालय र आपूर्ति मन्त्रालयमा सरेपछि मन्त्रालयको नाम कृषि मन्त्रालय कायम भयो। आ.व. २०४७/४८ मा सहकारी आन्दोलन प्रभावकारी रूपमा अगाडि बढाउने सोचका साथ साझा विकास विभाग सम्बन्धी कार्यक्रमलाई कृषि मन्त्रालय अन्तर्गत राख्न थालियो। यसै क्रममा आ.व. २०५५/५६ देखि साविकको कृषि मन्त्रालयको नाम कृषि तथा सहकारी मन्त्रालय कायम हुन गएकोमा नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०६९ जेष्ठ ५ गतेको निर्णयानुसार साविकको कृषि तथा सहकारी मन्त्रालयबाट सहकारी विभागलाई अन्य मन्त्रालयमा सारिए पश्चात् मन्त्रालयको नाम कृषि विकास मन्त्रालय कायम भएको देखिन्छ। यसैबीच नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७२ पौष ९ गतेको निर्णयानुसार कृषि विकास मन्त्रालय मातहतको पशु सेवा विभाग अन्तर्गत सञ्चालित कार्यक्रमहरूलाई समेटेर छुट्टै पशुपन्छी विकास मन्त्रालयको गठन भएको थियो। संविधान जारी भएपश्चात् नेपालको संविधानको धारा ८२ को उपधारा (१) को

अधिकार प्रयोग गरी नेपाल सरकार, मन्त्रिपरिषद्बाट स्वीकृत नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ को नियम ३, अनुसूची-१ मा उल्लेख भए बमोजिम नेपाल सरकारको कार्यसम्पादनको लागि मिति २०७४।११।११ मा साविकमा रहेका ४ वटा मन्त्रालयहरू (कृषि विकास मन्त्रालय, भूमिसुधार तथा व्यवस्था मन्त्रालय, सहकारी तथा गरिबी निवारण मन्त्रालय र पशुपन्छी विकास मन्त्रालय) लाई एकिकृत गरी कृषि, भूमिव्यवस्था तथा सहकारी मन्त्रालय गठन भई सोही अनुसार कार्य विभाजनसमेत भएको थियो। यसै क्रममा मिति २०७५।०४।१० गते पुनः नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ को संशोधन गरी कृषि तथा पशुपन्छी विकास मन्त्रालय र भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय गठन भई हाल कृषि तथा पशुपन्छी क्षेत्रसँग सम्बन्धी सम्पूर्ण कार्यको लागि कृषि तथा पशुपन्छी विकास मन्त्रालयले कार्य गर्दै आएको छ। कृषि विकास सम्बन्धी नीति तर्जुमा एवम् कार्यान्वयन गर्ने मूल उद्देश्य बोकेको यस मन्त्रालयको लक्ष्य व्यावसायिक एवम् प्रतिस्पर्धात्मक कृषि प्रणालीबाट उच्च एवम् दिगो आर्थिक वृद्धि हासिल गरी खाद्य सुरक्षा तथा गरिबी निवारणमा योगदान पुर्याउनु रहेको छ।

## १.२ दीर्घकालीन सोच

निर्वाहमुखी कृषि प्रणालीलाई व्यावसायिक एवम् प्रतिस्पर्धात्मक कृषि प्रणालीमा रूपान्तरण गरी दिगो कृषि विकासको माध्यमबाट जीवनस्तरमा सुधार ल्याउनु यस मन्त्रालयको दीर्घकालीन दृष्टिकोण रहेको छ।

## १.३ लक्ष्य

देशको आवश्यकता र सम्भाव्यता अनुरूप कृषि विकास सम्बन्धी नीति तर्जुमा एवम् कार्यान्वयन गर्ने मूल उद्देश्य बोकेको यस मन्त्रालयको लक्ष्य व्यावसायिक एवम् प्रतिस्पर्धात्मक कृषि प्रणालीबाट उच्च एवम् दिगो आर्थिक वृद्धि हासिल गरी खाद्य सुरक्षा तथा गरिबी निवारणमा योगदान पुर्याउनु रहेको छ।

## १.४ उद्देश्य

- कृषि उत्पादन एवम् उत्पादकत्व बढाउने,
- व्यावसायिक तथा प्रतिस्पर्धात्मक कृषि प्रणालीका आधारहरूको विकास गरी क्षेत्रीय र विश्व बजारसँग प्रतिस्पर्धात्मक बनाउने,
- प्राकृतिक स्रोत, वातावरण र जैविक विविधताको संरक्षण, सम्वर्द्धन एवम् सदुपयोग गर्ने।

## १.५ रणनीति

- कृषि उत्पादनको व्यावसायिकरण, विविधीकरण, गुणस्तर प्रवर्द्धन ग्रामीण पूर्वाधारहरूको विकास र यान्त्रीकरणमार्फत उत्पादन र उत्पादकत्व बढाई आयआर्जन र रोजगारीका अवसर वृद्धि गरी खाद्य तथा पोषण सुरक्षा सुनिश्चितता गर्ने,
- उन्नत र गुणस्तरीय बीउबिजनको सुरक्षा, विषादीका असरहरूलाई न्यूनीकरण, कृषि बाली, पशुपन्छी तथा मत्स्य बीमाको माध्यमबाट उत्पादन लागत कम गरी प्रतिस्पर्धात्मक क्षमता बढाउने,

- आर्थिक तथा जनस्वास्थ्यको दृष्टिकोणले महत्वपूर्ण पशुपन्छी रोगहरूको रोकथाम, नियन्त्रण तथा उन्मुलन गरी स्वच्छ उत्पादनमा अभिवृद्धि गर्ने,
- कृषि उत्पादनलाई अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धी बनाउन गुणस्तर, मापदण्ड निर्धारण तथा अभिवृद्धि गर्ने,
- कम आयतन तथा उच्च मूल्यका बाली वस्तु उत्पादन गर्न प्रोत्साहित गरी मूल्य अभिवृद्धि हुने प्रशोधनमा आधारित कृषिजन्य उद्योगको विकासमा जोड दिने,
- खाद्य, कृषि तथा मत्स्यजन्य वस्तुहरूको गुणस्तर परीक्षण, प्रशोधन, अनुगमन र नियमनलाई स्थानीयस्तरका जनताको पहुँच हुने गरी प्रभावकारी बनाउँदै बजारीकरणलाई प्रवर्द्धन गर्ने,
- कृषिजन्य जैविक विविधताको संरक्षण सम्वर्द्धन तथा सदुपयोग गर्दै जलवायु परिवर्तनका असर न्यूनीकरण गर्न अनुसन्धानमा आधारित वातावरणमैत्री कृषि प्रविधिहरूको विकास एवम् विस्तार गर्ने,
- कृषिलाई सम्मानजनक र आकर्षक पेशाको रूपमा विकास गरी युवालाई व्यावसायिक कृषितर्फ आकर्षण गर्न प्रोत्साहित गर्दै कृषि क्षेत्रको विकास, अनुसन्धान, प्रसार र गुणस्तर परीक्षणमा संलग्न निकायहरूको सहकार्यमा प्राविधिक, कृषक र कृषि उद्यमी तथा सरोकारवालाहरूको क्षमता अभिवृद्धि गर्ने,
- कृषि शिक्षा, अनुसन्धान र प्रसारबीचको त्रिपक्षीय सम्बन्धलाई मजवुत तुल्याई अनुसन्धानबाट विकास भएका प्रविधिहरूको विस्तारमा कृषि क्षेत्रमा कार्यरत सम्पूर्ण सरकारी तथा गैह्र-सरकारी संस्थाहरूबीच अन्तर निकाय समन्वय र सहकार्य कायम गर्दै कार्यान्वयनलाई नतिजा उन्मुख बनाउने।
- आधारभूत कृषि सूचना तथा तथ्याङ्क सङ्कलन एवम् विश्लेषण प्रणालीलाई समयानुसार आधुनिकिकरण गर्दै तथ्यमा आधारित (Evidence Based) कार्यक्रम तर्जुमा, अनुगमन तथा मूल्याङ्कनलाई प्रभावकारी बनाउने,
- प्रत्येक प्रदेशहरूको विभिन्न भू-परिस्थितीय (Agro-eco Zone) क्षेत्रमा उन्नत प्रविधिहरूको प्रभावकारी अनुसरणको लागि नमुना प्रविधि गाउँ (Model Technology Village), कृषक पाठशाला (Farmers' Field School) र बाह्य अनुसन्धानलाई थप सुदृढिकरण गर्ने।

## १.६ कार्यक्षेत्र

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ (२०७५/०४/१० मा संशोधित) बमोजिम यस मन्त्रालयले सम्पादन गर्नुपर्ने कार्यहरू देहायनुसार रहेका छन्।

- कृषि तथा कृषिजन्य जैविक विविधता र जैविक प्रविधि सम्बन्धी नीति, कानुन, मापदण्ड र नियमन।
- खाद्य सुरक्षा, खाद्य अधिकार र खाद्य सम्प्रभुता, खाद्यपदार्थको गुणस्तर तथा खाद्य स्वच्छता सम्बन्धी नीति, कानुन, मापदण्ड र नियमन।
- कृषि तथा पशुपन्छीजन्य औषधी, सुक्ष्मतत्व र जैविक विषादीको उपयोग र व्यवस्थापन सम्बन्धी नीति, कानुन, मापदण्ड र नियमन।

- खाद्य क्वारेन्टाइन, पशु तथा वनस्पतीजन्य क्वारेन्टाइन सम्बन्धी नीति, कानुन, मापदण्ड, कार्यान्वयन र नियमन।
- विषादीको स्तरीकरण, सूचना सङ्कलन, वर्गीकरण, सूचना प्रवाह र नियमन।
- कृषि सम्बन्धी अन्तर्राष्ट्रिय व्यापार सहजीकरण।
- कृषि तथ्याङ्क प्रणाली, अनुसन्धान, स्रोत संरक्षण, विकास र विस्तार।
- कृषि तथा खाद्य सम्बन्धी अन्तर्राष्ट्रिय प्रत्यायन, प्रमाणिकरण, प्रयोगशाला विकास र व्यवस्थापन।
- रासायनिक तथा जैविक मल उत्पादन, आयात तथा प्रयोग सम्बन्धी नीति, कानुन, मापदण्ड, गुणस्तर निर्धारण, समन्वय र नियमन।
- कृषि, मत्स्य तथा पशुपन्छीजन्य महामारी नियन्त्रण।
- कृषि औद्योगिकीकरण, मत्स्य, पशुपन्छी उद्योग व्यवसायको अन्तर प्रादेशिक विकास, प्रवर्द्धन र समन्वय।
- बीउबिजन एवम् नश्ल सम्बन्धी राष्ट्रिय गुणस्तर निर्धारण र नियमन।
- अन्तरदेशिय चरन तथा खर्क सम्बन्धी नीति, कानुन र नियमन।
- पशुपन्छीजन्य औषधी र दानाको नीति, कानुन, मापदण्ड, गुणस्तर निर्धारण, आयात अनुमति र नियमन।
- पशु चिकित्सा सम्बन्धी राष्ट्रिय नीति, कानुन, मापदण्ड र व्यवस्थापन।
- पशु चिकित्सकको दर्ता, अनुमति, नविकरण, खारेजी र नियमन।
- दुग्ध पदार्थबाट बनेका वस्तुहरूको अनुसन्धान र विकास।
- मासु तथा मासुजन्य पदार्थ र पशु छाला तथा अन्य पदार्थ सम्बन्धी नीति, कानुन, मापदण्ड र नियमन।
- कृषि तथा पशुपन्छी बीमा सम्बन्धी नीति र मापदण्ड।
- पशु सेवा सम्बन्धी प्रयोगशालाको सम्वद्धता।
- राष्ट्रिय किसान आयोग।
- नेपाल कृषि अनुसन्धान परिषद्।
- मन्त्रालय सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थासँग सन्धि, सम्झौता, अभिसन्धि, सम्पर्क र समन्वय।
- मन्त्रालय सम्बन्धी सार्वजनिक संस्थान, प्रतिष्ठान, कम्पनी आदिको सञ्चालन र नियमन।
- नेपाल कृषि सेवाको सञ्चालन।

## १.७ मुख्य कार्यक्रमहरू

- उत्पादन तथा उत्पादकत्व वृद्धि,
- खाद्य सुरक्षा,
- गरिबी निवारण,
- वातावरण तथा जैविक विविधता संरक्षण,
- ऐन, नीति नियम, रणनीति तर्जुमा,
- जनशक्ति विकास,

## १.८ सङ्गठनात्मक संरचना

माथि उल्लिखित उद्देश्य तथा कार्यव्यवस्था नियमावलीमा उल्लेख भएका कार्यहरूको प्रभावकारी कार्यान्वयन र सक्षम व्यवस्थापनको लागि यस मन्त्रालयको कार्यक्षेत्र र सङ्गठनात्मक संरचनामा बेला बखतमा फेरबदल हुँदै आएको पाइन्छ। कृषि तथा पशुपन्छी विकास मन्त्रालयको माथि उल्लिखित उद्देश्यहरू हासिल गर्न मिति २०७५/०४/१० गते पुनः नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ परिमार्जन भई हाल कृषि तथा पशुपन्छी विकास मन्त्रालय तथा अन्तर्गत तपसिल बमोजिमका स्थायी संरचना तथा शाखाहरू रहेका छन्।

**क) कृषि तथा पशुपन्छी विकास मन्त्रालय अन्तर्गतका महाशाखा**

- कृषि विकास महाशाखा,
- योजना तथा विकास सहायता समन्वय महाशाखा,
- खाद्य सुरक्षा तथा खाद्य प्रविधि महाशाखा,
- प्रशासन महाशाखा,
- कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन महाशाखा,
- पशुपन्छी तथा मत्स्य विकास महाशाखा,
- पशु स्वास्थ्य महाशाखा।

**ख) मन्त्रालय अन्तर्गतका विभागहरू**

- कृषि विभाग,
- पशु सेवा विभाग,
- खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग।

**ग) मन्त्रालय अन्तर्गतका केन्द्रहरू**

- प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्र,
- कृषि सूचना तथा प्रशिक्षण केन्द्र,
- बीउबिजन गुणस्तर नियन्त्रण केन्द्र।

**घ) मन्त्रालयसँग सम्बन्धी आयोग, परिषद् तथा समितिहरू**

- राष्ट्रिय किसान आयोग,
- नेपाल कृषि अनुसन्धान परिषद्,
- नेपाल पशु चिकित्सा परिषद्,
- पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी परिषद्,
- कपास विकास समिति,
- कालिमाटी फलफूल तथा तरकारी बजार विकास समिति।

**ङ) मन्त्रालय अन्तर्गतका बोर्ड, संस्थान तथा कम्पनीहरू**

- राष्ट्रिय चिया तथा कफी विकास बोर्ड,

- राष्ट्रिय दुग्ध विकास बोर्ड,
- राष्ट्रिय दुग्ध विकास संस्थान,
- कृषि सामग्री कम्पनी लिमिटेड।

**च) मन्त्रालय तथा मातहतका कार्यालयबाट सञ्चालनमा रहेका आयोजनाहरू**

- प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना,
- ग्रामीण उद्यम तथा आर्थिक विकास कार्यक्रम,
- नेपाल लाईभस्टक सेक्टर इनोभेसन आयोजना,
- खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना,
- कृषि क्षेत्र विकास कार्यक्रम,
- नेपाल कृषि बजार विकास कार्यक्रम,
- रानी जमरा कुलरिया सिँचाइ आयोजना,
- पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजना।

## १.८.१ मन्त्रालय

नेपाल सरकार (मन्त्रिपरिषद्को) मिति २०७५/४/१४ को स्वीकृत कृषि तथा पशुपन्छी विकास मन्त्रालयको सङ्गठन संरचना एवम् दरवन्दी तेरिज अनुसार गठन भएका सात वटा महाशाखा तथा महाशाखा अन्तर्गत रहेका शाखाहरूको कार्यविवरण तपसिल बमोजिम रहेको छ।

### १.८.१.१ प्रशासन महाशाखा तथा मातहतका शाखाको कार्यविवरण

- मन्त्रालयको कर्मचारी प्रशासन, आन्तरिक व्यवस्थापन, जिन्सी व्यवस्थापन तथा आर्थिक प्रशासन सम्बन्धी कार्य गर्ने।
- मन्त्रालय र अन्तर्गतका निकायहरूको कानुनी तर्जुमा मस्यौदा तथा कानुनी राय, परामर्श दिने।
- मन्त्रालयस्तरबाट हुने निकायहरूका पदाधिकारीहरूको नियुक्ति तथा अवकाश सम्बन्धी कार्यहरू गर्ने।
- मन्त्रालय अन्तर्गतका कार्यालय र निकायहरूको प्रशासनिक कामकारवाहीको अनुगमन तथा मूल्याङ्कन गर्ने।
- मन्त्रालय अन्तर्गत कृषि सेवा समूह लगायतको सञ्चालन सम्बन्धी कार्य गर्ने।
- मन्त्रालय र अन्तर्गत निकायहरूको सुशासन कायम गर्ने।

**क. कृषि कर्मचारी प्रशासन शाखा**

- सङ्घीय निजामती सेवा ऐन र नियमावली अनुसार कृषि सेवा अन्तर्गतका लाईभस्टक, भेटेरिनरी र मत्स्य समूह बाहेकका कर्मचारी प्रशासन सम्बन्धी माग आकृति, नियुक्ति, पदस्थापन, सरूवा, बढुवा, विदा, अवकाश र विभागीय कारवाही सम्बन्धी कार्य गर्ने।
- मन्त्रालयबाट सञ्चालन हुने कृषि सेवा अन्तर्गतका लाईभस्टक, भेटेरिनरी र मत्स्य समूह बाहेकका समूहमा रिक्त रहेका पदहरू बढुवा तथा खुल्लाबाट पदपूर्ति सम्बन्धी कारवाही गर्ने।

- मन्त्रालय अन्तर्गत कृषि सेवा अन्तर्गतका लाईभस्टक, भेटेरिनरी र मत्स्य समूह बाहेकका कर्मचारीहरूको नियुक्ति, सरूवा, बढुवा, स्वेच्छिक अवकाश, उपदान, निवृत्तिभरण, प्रोत्साहित पुरस्कार, वृत्ति विकास, दण्ड सजाय सम्बन्धी कार्य गर्ने।
- मन्त्रालय अन्तर्गतको कृषि सेवा अन्तर्गतका लाईभस्टक, भेटेरिनरी र मत्स्य समूह बाहेकका जनशक्ति विवरण अद्यावधिक राख्ने।
- बढुवा समितिको सचिवालयले कृषि सेवा अन्तर्गतका लाईभस्टक, भेटेरिनरी र मत्स्य समूह बाहेकका सम्पादन गर्ने कार्यमा सहयोग गर्ने।
- मन्त्रालय अन्तर्गतका साविकको पशुपन्छी विकास मन्त्रालय अन्तर्गत रहेका बोर्ड, संस्थान, समिति, परिषद् बाहेकका कर्मचारी प्रशासन सम्बन्धी कार्यको अनुगमन सहयोग समन्वय गर्ने।
- मन्त्रालय मातहतमा रहेको साविकको पशुपन्छी विकास मन्त्रालय अन्तर्गत रहेका बोर्ड संस्थान समिति परिषद् लगायतको संस्थाहरू बाहेक कार्यविधि निर्देशिका लगायत कर्मचारीहरूको सम्पत्ति विवरणको अभिलेख अद्यावधिक गर्ने साथै सम्पत्ति व्यवस्थापन सम्बन्धी सम्पूर्ण कार्य गर्ने।
- कृषि सेवा अन्तर्गतका लाईभस्टक भेटेरिनरी र मत्स्य समूह बाहेकका कार्य सम्पादन मूल्याङ्कन सम्बन्धी सम्पूर्ण कार्यहरू गर्ने।
- कृषि सेवा अन्तर्गतका लाईभस्टक, भेटेरिनरी र मत्स्य समूह बाहेकका स्वदेशी तथा वैदेशिक अध्ययन तथा सात दिन भन्दा बढी अवधिको तालिम सम्बन्धी मनोनयन लगायतका सम्पूर्ण कार्यहरू गर्ने।
- कृषि सेवा अन्तर्गतका लाईभस्टक, भेटेरिनरी र मत्स्य समूह बाहेकका कर्मचारीहरूको पासपोर्ट तथा भिसाका लागि सम्बन्धी निकायमा पत्राचार गर्ने।
- कृषि सेवा अन्तर्गतका लाईभस्टक, भेटेरिनरी र मत्स्य समूह बाहेकका आयोजनाहरूको दरवन्दी सिर्जना, जनशक्ति व्यवस्थापन लगायत प्रशासनिक कामकारवाही सम्बन्धी सम्पूर्ण कार्यहरू गर्ने।
- वैदेशिक भ्रमण व्यवस्थापन निर्देशिका, २०७५ बमोजिम कृषि सेवा अन्तर्गत लाईभस्टक, भेटेरिनरी र मत्स्य समूह बाहेकका वैदेशिक भ्रमण, तालिम मनोनयन सिफारिस समितिको सचिवालयको कार्य गर्ने।
- कृषि सेवा अन्तर्गतका लाईभस्टक, भेटेरिनरी र मत्स्य समूह बाहेकका प्रशासनिक राय परामर्श सम्बन्धी कार्य गर्ने र यस विषयमा मन्त्रिपरिषद्मा प्रस्तावहरू पेश गर्ने।

**ख. आन्तरिक प्रशासन (पशुपन्छी कर्मचारी प्रशासन समेत) शाखा**

- मन्त्रालयमा कार्यरत निजामती कर्मचारीहरूको अभिलेख राख्ने।
- बजेटको परिधिभित्र रही आर्थिक प्रशासन ऐन, नियमअनुसार निर्माण, मर्मत, खरिद, जग्गा अधिग्रहण, लिलाम तथा मिनाहा गर्ने।
- मन्त्रालयको दैनिक प्रशासन सम्बन्धी कार्यहरू गर्ने।
- मन्त्रालयको सुपरीवेक्षण, सोधपुछ, जनसम्पर्क र सुरक्षाको व्यवस्था गर्ने।
- मन्त्रालय र साविकको पशुपन्छी विकास मन्त्रालय मातहत रहेका बोर्ड, संस्थान, परिषद् लगायतको संस्थाहरूको कार्यविधि निर्देशिका लगायत कर्मचारीहरूको सम्पत्ति विवरणको अभिलेख अद्यावधिक गर्ने साथै सम्पत्ति व्यवस्थापन सम्बन्धी सम्पूर्ण कार्य गर्ने।

- अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट प्राप्त र भ्रष्टाचार नियन्त्रण एवम् उजुरी, गुनासो सम्बन्धी कार्य प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र राष्ट्रिय सर्तकता केन्द्रबाट प्राप्त गुनासाहरू फछ्र्यौट गर्ने।
- मन्त्रालयमा आवश्यक सामग्री खरिद, वितरण लगायतका कार्य गर्ने।
- मन्त्रालयको सवारी साधन व्यवस्थापन र परिचालन सम्बन्धी कार्य गर्ने।
- मन्त्रालयको जिन्सी व्यवस्थापन सुरक्षा व्यवस्था सम्बन्धी कार्य गर्ने।
- मन्त्रालयमा प्राप्त चिठ्ठी पत्रहरूको अभिलेख सम्बन्धी कार्य गर्ने।
- मन्त्रालयको सरसफाइ तथा बगैंचा व्यवस्थापन सम्बन्धी कार्य गर्ने।
- सङ्घीय निजामती सेवा ऐन र नियमावली अनुसार कृषि सेवा अन्तर्गतका लाईभस्टक, भेटेरिनरी मत्स्य समूहका कर्मचारी प्रशासन सम्बन्धी माग आकृति, नियुक्ति, पदस्थापन, सरूवा, बढुवा, विदा, अवकाश र विभागीय कारवाही सम्बन्धी कार्य गर्ने।
- मन्त्रालयबाट सञ्चालन हुने कृषि सेवा अन्तर्गतका लाईभस्टक, भेटेरिनरी र मत्स्य समूहमा रिक्त रहेका पदहरू बढुवा तथा खुल्लाबाट पदपूर्ति सम्बन्धी कारवाही गर्ने।
- मन्त्रालय अन्तर्गत कृषि सेवा अन्तर्गतका लाईभस्टक, भेटेरिनरी र मत्स्य समूहका कर्मचारीहरूको नियुक्ति, सरूवा, बढुवा, स्वेच्छिक अवकाश, उपदान, निवृत्तिभरण, प्रोत्साहित पुरस्कार, वृत्ति विकास, दण्ड सजाय सम्बन्धी कार्य गर्ने।
- मन्त्रालय अन्तर्गतको जनशक्ति विवरण अद्यावधिक राख्ने।
- बढुवा समितिको सचिवालयले कृषि सेवा अन्तर्गतका लाईभस्टक, भेटेरिनरी र मत्स्य समूहका सम्पादन गर्ने कार्यमा सहयोग गर्ने।
- मन्त्रालय अन्तर्गतका साविकको पशुपन्छी विकास मन्त्रालय अन्तर्गत रहेका बोर्ड, संस्थान, समिति,
- परिषद्का कर्मचारी प्रशासन सम्बन्धी कार्यको अनुगमन सहयोग समन्वय गर्ने।
- कृषि सेवा अन्तर्गतका लाईभस्टक, भेटेरिनरी र मत्स्य समूहका कार्य सम्पादन मूल्यांकन सम्बन्धी सम्पूर्ण कार्यहरू गर्ने।
- कृषि सेवा अन्तर्गतका लाईभस्टक, भेटेरिनरी र मत्स्य समूहका आयोजनाहरूको दरवन्दी सिर्जना, जनशक्ति व्यवस्थापन लगायत प्रशासनिक कामकारवाही सम्बन्धी सम्पूर्ण कार्यहरू गर्ने।
- कृषि सेवा अन्तर्गतका लाईभस्टक, भेटेरिनरी र मत्स्य समूहका प्रशासनिक राय परामर्श सम्बन्धी कार्य गर्ने र यस विषयमा मन्त्रिपरिषद्मा प्रस्तावहरू पेश गर्ने।
- वैदेशिक भ्रमण व्यवस्थापन निर्देशिका, २०७५ बमोजिम कृषि सेवा अन्तर्गत लाईभस्टक, भेटेरिनरी र मत्स्य समूहको वैदेशिक भ्रमण, तालिम मनोनयन सिफारिस समितिको सचिवालयको कार्य गर्ने।

**ग. कानुन तथा फैसला कार्यान्वयन शाखा**

- कानुनी राय प्रदान गर्ने।
- ऐन नियम, विनियम जस्ता कानुनहरूको मस्यौदा गर्ने।
- नेपाल राजपत्रको सूचना प्रकाशन सम्बन्धी कार्य गर्ने।

- मन्त्रालय विपक्षी भएको मुद्दा मामिलामा प्रतिरक्षा गर्ने।
- कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयमा राय माग गर्ने।
- सम्बन्धी न्यायालयबाट मन्त्रालय सम्बन्धी भएका मुद्दा फैसला कार्यान्वयनको कार्यवाही गर्ने।
- मन्त्रालय मातहतका बोर्ड, संस्थान, समिति, परिषद्को विनियमावली, कर्मचारी प्रशासन शाखा र आर्थिक प्रशासन शाखासँगको समन्वयमा तर्जुमा गर्ने।

**घ. आर्थिक प्रशासन शाखा**

- साधारणतर्फको बजेट तर्जुमा तथा कार्यान्वयन गर्ने।
- बजेट निकासा गराउने र नियमित आर्थिक कारोवार सञ्चालन गर्ने।
- लेखा परीक्षण तथा बेरूजू फछ्यौट सम्बन्धी कार्य गर्ने गराउने।
- मन्त्रालय मातहतको लेखा सम्बन्धी कामको नियमित अनुगमन, मूल्याङ्कन व्यवस्था मिलाई उपयुक्त कारवाही गर्ने।
- आर्थिक प्रशासन सम्बन्धी अन्य काम गर्ने।
- नि.से. ऐन तथा नि.से.नि. अनुसार औषधी उपचार सम्बन्धी सम्पूर्ण कार्यहरू गर्ने।

### १.८.१.२ योजना तथा विकास सहायता समन्वय महाशाखा तथा मातहतका शाखाको कार्यविवरण

साविकको अनुगमन मूल्याङ्कन तथा तथ्याङ्क महाशाखा, योजना महाशाखा तथा नीति तथा अन्तर्राष्ट्रिय समन्वय महाशाखालाई एकै ठाउँमा मर्जगरी योजना तथा विकास सहायता समन्वय महाशाखा कायम गरिएको छ।

- मन्त्रालयको सङ्घीय वार्षिक कार्यक्रम र बजेट तर्जुमा एवम् समन्वय गर्ने।
- मन्त्रालय अन्तर्गत जनशक्तिको वस्तुस्थिति अद्यावधिक तथा क्षमता विकास सम्बन्धी मापदण्ड अध्ययन, अनुसन्धान र कार्यान्वयन।
- मन्त्रालय र अन्तर्गत निकायको कार्यक्रम संशोधन, रकमान्तर तथा थप निकासा सम्बन्धी।
- मन्त्रालय अन्तर्गत निकायको निक्षेपण सम्बन्धी कार्य गर्ने र अन्तरनिकाय समन्वय।
- केन्द्रीय आयोजना-कार्यक्रमहरूको सम्भाव्यता प्रक्षेपण अध्ययन, विश्लेषण समन्वय।
- परिषद्, बोर्ड, संस्थान, कम्पनी, समितिको वार्षिक कार्यक्रम-बजेट तर्जुमा र समन्वय सम्बन्धी कार्य।
- वैदेशिक सहयोगमा सञ्चालन हुने आयोजनाहरूको कार्यक्रम/बजेट तर्जुमा, कार्यक्रम संशोधन, रकमान्तर, नर्मस् तयारी सम्बन्धी कार्य र समन्वय।
- मन्त्रालय अन्तर्गतका कर्मचारीको जनशक्ति विकासका लागि नीतिगत व्यवस्था।
- मन्त्रालयसँग सम्बन्धी नीति तथा आवधिक योजनाहरूको तर्जुमा, विश्लेषण तथा परिमार्जन गरी कार्यक्रम कार्यान्वयनमा समन्वय।
- मन्त्रालयसँग सम्बन्धी आयोजनाहरूको प्रस्ताव तयारी गरी विकास साझेदार तथा वैदेशिक
- दातृसंस्थाहरूसँग कार्यगत समन्वय।
- कृषि विकास रणनीति कार्यान्वयन गर्न आवश्यक नीतिगत व्यवस्था सम्बन्धी।

- लैङ्गिक मूलप्रवाहीकरण र समावेशीकरणका सिद्धान्तलाई मन्त्रालय र अन्तर्गतका निकाय र आयोजनाहरूबाट सञ्चालन हुने कृषि कार्यक्रमहरूमा संस्थागत गरी सोको लेखाजोखा।
- लैङ्गिक तथा सामाजिक समावेशीकरण सम्बन्धी सम्पर्क विन्दुको कार्य।
- मन्त्रालय र अन्तर्गतका आयोजना तथा कार्यक्रमहरू र वैदेशिक सहायतामा सञ्चालित आयोजनाहरूको कार्यक्रम सञ्चालन तहदेखि नीतिगत तहसम्म समिक्षा अनुगमन एवम् मूल्याङ्कन।
- नियमित रूपमा (मासिक, द्वैमासिक, चौमासिक र वार्षिक) कार्य प्रगति स्थितिको समिक्षा र पृष्ठपोषण।
- कार्यक्रम तथा आयोजना सम्बन्धमा समय समयमा प्राप्त निर्देशनहरूको कार्यान्वयन र अन्तरनिकाय समन्वय गर्ने, गराउने।
- नीति कार्यान्वयनको अनुगमन तथा विश्लेषण।
- तथ्याङ्क सङ्कलन विश्लेषण एवम् सूचना प्रवाह सम्बन्धी कार्य।
- कृषि बजार, बालीनाली तथा पशुपन्छी स्थिति निरीक्षण तथा द्वैमासिक प्रतिवेदन लगायत अन्य प्रकाशन सम्बन्धी कार्य।

**क. नीति समन्वय शाखा**

- मन्त्रालय र अन्तर्गतका निकायहरूको नीतिको आवश्यकताको पहिचान, विश्लेषण तथा तर्जुमा समन्वय।
- मन्त्रालय र अन्तर्गतका निकायहरूको नीति कार्यान्वयनको अवस्था सहजीकरण।
- मन्त्रालय र अन्तर्गतका निकायहरूको नीति अनुगमन र मूल्याङ्कन तथा पृष्ठपोषण।
- अन्य मन्त्रालय तथा केन्द्रीय निकायहरूबीच नीतिगत विषयमा समन्वय।
- निजी तथा गैह्र सरकारी क्षेत्रबीच समन्वय।

**ख. बजेट तथा कार्यक्रम शाखा**

- सङ्घीय कार्यक्रम तथा बजेट तर्जुमा मार्गदर्शन तथा बजेट सिलिङ्ग सम्बन्धी कार्य।
- मन्त्रालयको कार्यक्रम तथा बजेट कम्पाइल तथा स्वीकृतिको व्यवस्था सम्बन्धी कार्य।
- नतिजामूलक बजेट तर्जुमाको नीतिगत तथा संस्थागत व्यवस्था सम्बन्धी कार्य।
- कार्यक्रम तथा बजेट कार्यान्वयन सहजीकरण र समन्वय।

**ग. विकास सहायता समन्वय शाखा**

- अन्तर्राष्ट्रिय सहयोगको मापदण्ड प्रदेशलाई समेत लागु हुने गरी तयारी र कार्यान्वयनको व्यवस्था।
- अन्तर्राष्ट्रिय सहयोगको क्षेत्र तथा आयोजना पहिचान।
- सहयोग परिचालन सहजीकरण।
- प्रोजेक्ट बैंक तयारी।

**घ. मानव संशाधन लैङ्गिक विकास तथा समावेशी शाखा**

- जनशक्ति विकास नीति, मापदण्ड।
- वैदेशिक तालिम तथा अध्ययन भ्रमणको नीति, मापदण्ड र व्यवस्था।
- लैङ्गिक मूलप्रवाहीकरण नीति, कार्यक्रम, मापदण्ड।

- कार्यक्रम समन्वय र सहजीकरण।
- लैङ्गिक उत्तरदायी बजेट कार्यान्वयनको व्यवस्था।
- समावेशी नीति, कार्यक्रम, मापदण्ड।

**ङ. अनुगन तथा मूल्याङ्कन शाखा**

- कार्यक्रम अनुगमन तथा मूल्याङ्कन नीति, मापदण्ड र प्रक्रिया।
- सङ्घीय आयोजना तथा कार्यक्रम अनुगमन तथा मूल्याङ्कन।
- आवधिक प्रगति समिक्षा र प्रतिवेदन।
- सङ्घीय संसद सम्बन्धी कार्य गर्ने।

**च. तथ्याङ्क तथा विश्लेषण शाखा**

- कृषि बजार, बालीनाली तथ्याङ्क सङ्कलन विधिको विकासका लागि निर्देशिका तयारी तथा परिमार्जन, तालिम आदि सञ्चालन गर्ने।
- कृषि बजार, बालीनाली तथा पशुपन्छी स्थिति निरीक्षण तथा द्वैमासिक प्रतिवेदन प्रकाशन गर्ने।
- अर्धवार्षिक, वार्षिक कृषि तथ्याङ्क सङ्कलन, प्रशोधन, अनुगमन, अनुमान तथा प्रकाशन गर्ने।
- वार्षिक रूपमा Statistical Information on Nepalese Agriculture पुस्तकको लागि तथ्याङ्क सङ्कलन, अनुगमन, प्रशोधन र प्रकाशन गर्ने।
- कृषि क्षेत्रसँग सम्बन्धित तथ्याङ्क सम्बन्धी सम्पूर्ण कार्यहरूको समन्वय गरी सम्पर्क विन्दुको रूपमा कार्य गर्ने।
- राष्ट्रिय महत्वको तथ्याङ्क तथा सूचना सङ्कलन तथा अद्यावधिक गरी आवधिक रूपमा प्रकाशन।

### १.८.१.३ कृषि विकास महाशाखा तथा मातहतको शाखाको कार्यविवरण

- रासायनिक तथा जैविक मल उत्पादन तथा आयात मापदण्ड, गुणस्तर निर्धारण तथा नियमन सम्बन्धी कार्य।
- स्वेदशभित्र बीउ, बिजन आपूर्ति गुणस्तर र मापदण्ड सम्बन्धी कार्य।
- आधुनिक कृषि औजार आपूर्ति प्रयोग, वितरण सम्बन्धी मापदण्ड तर्जुमा तथा विस्तारमा प्रदेशीक समन्वय सम्बन्धी कार्य।
- कृषि सामग्री अनुदान नीति मापदण्ड तथा वितरणको समुचित व्यवस्थापन सम्बन्धी कार्य।
- खाद्यान्न, नगदेबाली, फलफूल तरकारी, रेशम बालीको प्रवर्द्धन सम्बन्धी केन्द्रीय कानुन, मापदण्ड, नियमन सम्बन्धी कार्य।
- उत्पादन तथा उत्पादकत्व वृद्धिका लागि कृषि समूह, सहकारी, निजी उद्यमीलाई प्रोत्साहन सम्बन्धी कार्य।
- माटोको गुणस्तरीयता कायम गर्न माटो व्यवस्थापन सम्बन्धी राष्ट्रिय मापदण्ड।
- कृषि अनुसन्धान, शिक्षा र प्रसार सम्बन्धी राष्ट्रिय मापदण्ड तर्जुमा समन्वय र विस्तार सम्बन्धी कार्य।
- आधुनिक कृषि प्रविधिको प्रयोग, अवलम्बन परिमार्जन र समन्वय सम्बन्धी कार्य।
- स्रोत केन्द्रहरूको संरक्षण, विकास र प्रवर्द्धन सम्बन्धी कार्य।
- कृषक क्षमता विकास सम्बन्धी मापदण्ड सहयोग र समन्वय सम्बन्धी कार्य।

**क. कृषि सामग्री व्यवस्थापन तथा प्रविधि शाखा**

- रासायनिक तथा जौविक मल उत्पादन तथा आयात प्रयोग सम्बन्धी मापदण्ड तर्जुमा गुणस्तर नियम सम्बन्धी कार्य।
- बीउबिजन आपूर्ति, व्यवस्थापन, गुणस्तर र मापदण्ड सोको अनुगमन तथा नियमन सम्बन्धी कार्य।
- कृषि औजार उत्पादन तथा प्रयोग सम्बन्धी मापदण्ड तर्जुमा तथा नियमन सम्बन्धी कार्य।
- कृषि सामग्री आपूर्तिको प्रक्षेपण, विश्लेषण, अनुगमन र समन्वय सम्बन्धी कार्य।
- कृषि सामग्रीमा प्रदान गरिने केन्द्रीय अनुदान सम्बन्धी कार्य।
- मल आयात अनुमति तथा मल आयातकर्ताको अनुमति सम्बन्धी कार्य।
- एकीकृत कृषि अनुसन्धान शिक्षा र प्रसारको व्यवस्था, मापदण्ड र नियमन सम्बन्धी कार्य।
- आधुनिक तथा नविनतम प्रविधिहरूको मापदण्ड, नियमन र विस्तार सम्बन्धी कार्य।
- कृषि अनुसन्धान, शिक्षा र प्रसार कार्यमा संलग्न सरकारी तथा गैर सरकारी निकायबीच समन्वय कार्य।

**ख. कृषि उत्पादकत्व व्यवस्थापन शाखा**

- खाद्यान्न, बाली विकास तथा प्रवर्द्धन र नियमन सम्बन्धी कार्य।
- मह, च्याउ, रेशम बालीको विकास तथा प्रवर्द्धन र नियमन सम्बन्धी कार्य।
- नगदे बाली औद्योगिक बालीको विकास तथा प्रवर्द्धन र नियमन सम्बन्धी कार्य।
- तरकारी फलफूल बालीको विकास तथा प्रवर्द्धन र नियमन सम्बन्धी कार्य।
- उत्पादन वृद्धिको लागि व्यावसायिक कृषक तथा कृषक समूह एवम् सहकारीसँग समन्वय।
- जमिन र श्रमको उत्पादकत्व वृद्धि सम्बन्धी कार्य।

**ग. कृषि विकास रणनीति समन्वय शाखा**

- सम्बन्धी कार्यान्वयन निकायहरूका लागि नीति विश्लेषण तथा नीति अनुगमन र एकीकृत योजना निर्माणमा क्षमता अभिवृद्धि गर्ने।
- एडिएसको कार्यान्वयनका लागि नीति तथा नियमहरूको तर्जुमा र संशोधन गर्न सहयोग गर्ने।
- एडिएस अनुगमनका लागि एउटा प्रणाली र डाटाबेस विकसित गर्न सघाउने।
- एडिएसको कार्यान्वयनका लागि नीति तथा नियमहरूको तर्जुमा र संशोधन गर्न सहयोग गर्ने।
- एकीकृत आवधिक योजनाहरू तर्जुमा गर्न सहयोग गर्ने।
- राष्ट्रिय एडिएस कार्यान्वयन समिति, राष्ट्रिय एडिएस समन्वय समिति र संयुक्त क्षेत्रगत समिक्षा सयन्त्रको सचिवालयका रूपमा कार्य गर्ने।
- एडिएसका राष्ट्रिय र खास महत्वका कार्यक्रमहरूको सञ्चालनमा सहजीकरण गर्ने।
- एडिएसका लागि कार्यसम्पादनमा आधारित व्यवस्थापन प्रणाली विकसित गर्न र त्यसलाई संस्थागत गर्न सघाउने र एडिएसका कार्यसम्पदनमा संलग्न निकायहरूमा कार्यसम्पादनमा आधारित पद्धतिलाई संस्थागत गर्ने।

- एडिएस कार्यान्वयनका लागि आवश्यकतानुसार विद्यमान तथ्याङ्क सङ्कलन प्रणालीहरूसँगको सहकार्यमा तथ्याङ्क सङ्कलन र विश्लेषण गर्ने।
- विकास साझेदारका लगानी तथा कार्यक्रमहरूलाई एडिएस कार्यान्वयनसँग तादम्यता हुने गरी समन्वय गर्ने।
- कृषिका लागि क्षेत्रगत अवधारणाको सम्भाव्यताको मूल्याङ्कन गरी तर्जुमा र कार्यान्वयनमा सहायता गर्ने।
- एडिएस कार्यान्वयनका लागि वैकल्पिक नीतिहरूका लागत र प्रतिफलहरू विश्लेषण गर्न अध्ययनहरू गराउने (जस्तै, धान र गहुँको न्यूनतम समर्थन मूल्य)।
- बाली संरक्षण प्रविधि सम्बन्धी कानुन र मापदण्ड तर्जुमा गर्ने।
- माटो व्यवस्थापन सम्बन्धी कानुन र मापदण्ड तर्जुमा गर्ने।
- कृषि प्रसार सेवाको गुणस्तर, मापदण्ड र नियमन सम्बन्धी कार्य।
- कृषि प्रसार सेवा प्रदायकको पहिचान, प्रवर्द्धन र नियमन सम्बन्धी कार्य।
- कर सुविधामार्फत कृषिमा नवप्रवर्तन प्रवर्द्धन सम्बन्धी कार्य।
- भण्डारण, ढुवानी तथा सञ्चालन, बजारीकरण सम्बन्धी केन्द्रीय मापदण्ड गुणस्तर निर्धारण र सेवामूलक कार्यहरूको नियमन।

### १.८.१.४ कृषि तथा पशुपन्छी व्यवसाय प्रर्वद्धन महाशाखा तथा मातहतका शाखाको कार्यविवरण

- क्वारेन्टाइन सम्बन्धी कानुन, मापदण्ड तर्जुमा र कार्यान्वयनमा सहयोग र समन्वय सम्बन्धी कार्य।
- कृषि सम्बन्धी अन्तर्राष्ट्रिय व्यापार प्रवर्द्धन सहजीकरण र समन्वय।
- कृषि औद्योगिकरण प्रवर्द्धन अन्तर प्रादेशिक विकास र समन्वय।
- कृषि तथा पशुपन्छी वीमा सम्बन्धी मापदण्ड, कानुन तर्जुमा तथा सोको नियमन र समन्वय सम्बन्धी कार्य।
- कृषि वीमा अनुदान व्यवस्थापन सम्बन्धी कार्य।
- कृषि कर्जा सम्बन्धी कानुन, मापदण्ड र नियमन विश्लेषण सम्बन्धी कार्य।
- कृषि व्यवसायको प्रवर्द्धन सम्बन्धी कानुन, मापदण्ड निर्धारण।
- कृषि तथा पशुपन्छी बजार मापदण्ड निर्धारण, केन्द्रीय तथा प्रादेशिक बजार पूर्वाधारमा सहयोग।
- कृषि उपज तथा पशुपन्छीजन्य वस्तुहरूको मूल्य निर्धारण सम्बन्धी मापदण्ड तर्जुमा र कार्यान्वयन, सहजीकरण तथा समन्वय।
- आधुनिक कृषि यान्त्रिकरण सम्बन्धी कानुन, मापदण्ड तर्जुमा र नियमन।
- कृषि, खाद्य एवम् पशु सम्बन्धी प्रत्यायन प्रमाणिकरण विकास र व्यवस्थापन सम्बन्धी कानुन, मापदण्ड र नियमन कार्य।
- क्षेत्रीय अन्तर्राष्ट्रिय कृषि व्यापार सम्बन्धी कार्य।
- साना सिँचाइ विकास सम्बन्धी मापदण्ड र नियमन कार्य।

**क. कृषि कर्जा, बीमा तथा विपद् व्यवस्थापन शाखा**

- कृषि कर्जा सम्बन्धी कानुन मापदण्ड र नियमन सम्बन्धी कार्य।
- कृषि कर्जा प्रवर्द्धन तथा विश्लेषण र समन्वय।
- कृषि तथा पशुपन्छीको बीमा सम्बन्धी कानुन मापदण्ड र नियमन सम्बन्धी कार्य।
- विपद् पूर्व तयारी एवम् व्यवस्थापन सम्बन्धी कानुन मापदण्ड र नियमन।
- राहत व्यवस्थापन सम्बन्धी मापदण्ड निर्धारण एवम् परिचालन।
- विषादी एवम् राहत सम्बन्धी अनुगमन तथा समन्वय।
- कृषि क्षेत्रमा सम्भावित विपद्को आँकलन, न्यूनिकरण सम्बन्धी पूर्व तयारी सोको मापदण्ड, राहत व्यवस्थापन सम्बन्धी कार्यमा प्रादेशिक समन्वय।
- पशुपन्छीजन्य महामारी तथा प्रकोप लगायतका विपद व्यवस्थापन।

**ख. कृषि व्यवसाय तथा बजार प्रवर्द्धन शाखा**

- कृषि व्यवसाय प्रवर्द्धन सम्बन्धी कानुन, मापदण्ड निर्धारण र नियमन
- कृषि जन्य उद्योग प्रशोधनको अध्ययन विकास र विस्तार
- कृषि तथा पशुपन्छी बजार मापदण्ड निर्धारण र नियमन
- कृषि उपजहरूको मूल्य निर्धारण सम्बन्धी केन्द्रीय मापदण्ड, कानुन र नियमन
- व्यवसाय प्रवर्द्धन सहयोग तथा सहुलियत मापदण्ड सहजीकरण र समन्वय
- पशुपन्छी जन्य उद्योग व्यवसायको मापदण्ड कानुन र नियमन
- कृषि तथा पशुपन्छीजन्य उत्पादनको सङ्कलन प्रवर्द्धन, भण्डारण नियमन मापदण्ड र कानुन।
- कृषि बजारको अन्तरप्रादेशिक समन्वय।

**ग. कृषि भौगोलिक सूचना प्रविधि शाखा**

- मन्त्रालयको website development, update, management and computer system administration, network management and software development लगायतको कार्य गर्ने।
- कृषि योजना तर्जुमाको लागि संघ, प्रदेश, जिल्ला, नगरपालिका, गाउँपालिका र स्थानीयस्तरको प्राकृतिक स्रोत सम्बन्धी Digital Map तयार तथा उपलब्ध गराउने।
- आवधिक योजना तथा कृषि नीतिले परिलक्षित गरे बमोजिमका उच्च मूल्य (High Value) का बाली विशेषको पकेट क्षेत्रको पहिचान गरी सबै खालका कृषि योजना तथा कार्यक्रम तर्जुमा कार्यमा सघाउ पुर्याउने।
- कृषिसँग सम्बन्धित Spatial/Non Spatial तथ्याङ्क अद्यावधिक गर्ने तथा उक्त कार्यमा सरकारी एवम् गैर सरकारी संस्थाहरूसँग समन्वय गर्ने।
- कृषि भौगोलिक सूचना प्रणाली सम्बन्धी तालिम, गोष्ठी तथा सेमिनार सञ्चालन गर्ने र यस प्रणालीलाई समयसापेक्ष विकास गरी संस्थागत क्षमता अभिवृद्धि गर्ने।
- दैवी प्रकोप तथा अन्य वातावरणीय प्रकोपबाट भएका क्षति, नोक्सान, रिमोट सेन्सिङ (Remote Sensing) /Global Positioning system को माध्यमबाट तथ्याङ्क सङ्कलन, प्रशोधन गरी अद्यावधिक गर्ने।

- विभिन्न सरकारी तथा गैर सरकारी निकायहरूबाट प्राप्त कृषिसँग सम्बन्धित प्रविधि, अनुसन्धान तथा अन्य जानकारीहरूलाई भू-सूचना प्रणालीको माध्यमबाट प्रवाह गर्ने।

**घ. कृषि यान्त्रिकरण तथा साना सिँचाइ शाखा**

- कृषि यान्त्रिकरण सम्बन्धी कानुन मापदण्ड र नियमन सम्बन्धी कार्य।
- कृषि यान्त्रिकरण प्रवर्द्धन सम्बन्धी र विकास सम्बन्धी कानुन मापदण्ड र नियमन सम्बन्धी कार्य।
- कृषि यान्त्रिकरण सम्बन्धी प्रादेशिक समन्वय।
- साना कृषि सिँचाइ सम्बन्धी मापदण्ड, कानुन तर्जुमा तथा नियमन सम्बन्धी कार्य।

**ङ. क्वारेन्टाइन समन्वय शाखा**

- पशु, खाद्य तथा प्लान्ट क्वारेन्टाइन सम्बन्धी मापदण्ड निर्धारण निमयन तथा समन्वय।
- सिमा क्षेत्रमा पशु, खाद्य तथा कृषि सम्बन्धी क्वारेन्टाइन कार्यमा समन्वय गर्ने।
- पशुपन्छी खाद्य तथा कृषि सम्बन्धी क्वारेन्टाइन प्रक्रिया सामान्जस्यता गरी आयात प्रक्रिया व्यवस्थापनमा समन्वय।
- क्वारेन्टाइन सम्बन्धी अन्तर प्रादेशिकस्तरमा समेत क्षमता अभिवृद्धि तथा समन्वय।

### १.८.१.५ पशुपन्छी तथा मत्स्य विकास महाशाखा तथा मातहतको शाखाको कार्यविवरण

- पशुपन्छी तथा मत्स्य नश्ल सुधार सम्बन्धी राष्ट्रिय मापदण्ड तर्जुमा र गुणस्तर निर्धारण।
- पशु अनुवांशिक स्रोत व्यवस्थापन सम्बन्धी मापदण्ड निर्माण तथा नियमन।
- अन्तरदेशीय र अन्तरप्रादेशिक चरन तथा खर्क सम्बन्धी राष्ट्रिय गुणस्तर निर्धारण तथा नियमन।
- पशुपन्छी तथा माछाको दाना, सुक्ष्म पोषणतत्व तथा उत्पादन सामग्रीको राष्ट्रिय गुणस्तर निर्धारण तथा नियमन।
- दुग्ध र दुग्ध पदार्थबाट बनेको वस्तुहरूको अध्ययन तथा विकास।
- पशुजन्य उत्पादन दूध, मासु,अण्डा, छाला लगायतको मापदण्ड तर्जुमा।
- ऊन, कार्पेट र पश्मिना लगायतका उत्पादन विकास र प्रवर्द्धनको मापदण्ड निर्धारण।
- पशुपन्छी तथा मत्स्यसँग सम्बन्धी जैविकी विविधता संरक्षण सम्बन्धी राष्ट्रिय मापदण्ड तर्जुमा।
- पशु अनुवांशिक स्रोत लगायत असल उत्पादन अभ्यास सम्बन्धी क्षेत्रमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थासँग समन्वय।
- पशु उत्पादन तथा बजारीकरणमा पशु कल्याण सुनिश्चित गर्न आवश्यक कार्य।
- असल पशुपालन अभ्यास सम्बन्धी राष्ट्रिय मापदण्ड तर्जुमा र कार्यान्वयन।
- घाँसको बीउको गुणस्तर सम्बन्धी राष्ट्रिय नीति मापदण्ड तर्जुमा, नियमन तथा प्रमाणिकरण।

**क. नश्ल सुधार तथा अनुवांशिक स्रोत व्यवस्थापन शाखा**

- पशुपन्छी नश्ल सुधार सम्बन्धी राष्ट्रिय मापदण्ड तर्जुमा र गुणस्तर निर्धारण।
- पशु अनुवांशिक स्रोत व्यवस्थापन, मापदण्ड, नियमन तयारी।
- पशुपन्छी तथा मत्स्य सम्बन्धी जैविकी विविधता संरक्षण सम्बन्धी राष्ट्रिय मापदण्ड तर्जुमा।
- न्यूक्लियस हर्ड व्यवस्थापन।

- असल उत्पादन अभ्यास सम्बन्धी क्षेत्रमा कार्यरत संघ, संस्थासँग समन्वय।
- अन्तरप्रदेश पशु अनुवांशिक स्रोत केन्द्र स्थापना व्यवस्थापन।
- उच्च प्रजनन् मानका पशुहरू उत्पादन छनौट आपूर्ति व्यवस्थापन।
- तरल नाइट्रोजन, जमेको वीर्य तथा भ्रूणको गुणस्तर निर्धारण।
- Semen Bank and Gene Bank सुदृढिकरण सम्बन्धी कार्यक्रमको समन्वय।

**ख. पशुपन्छीजन्य उत्पादन तथा प्रविधि प्रवर्द्धन शाखा**

- दूध र दुग्ध पदार्थबाट बनेको वस्तुहरूको अध्ययन तथा विकास।
- पशुजन्य उत्पादन छाला लगायत सम्बन्धी मापदण्ड तर्जुमा।
- ऊन, पस्मिना, कार्पेट लगायतका उत्पादन विकास र प्रवर्द्धन।
- पशु उत्पादन तथा बजारीकरणमा पशु कल्याण सुनिश्चित गर्न आवश्यक कार्य गर्ने।
- असल पशुपालन अभ्यास सम्बन्धी राष्ट्रिय मापदण्ड तर्जुमा र कार्यान्वयन।
- निर्यातयोग्य पशुजन्य उत्पादनको गुणस्तर स्तरीकरण।
- पशुपन्छीजन्य पदार्थ र उत्पादन सामग्रीको गुणस्तर विश्लेषण निर्धारण व्यवस्थापन र नियमन।
- पशुपन्छी सम्बन्धी नविनतम् प्रविधिहरूको पहिचान, छनौट तथा परीक्षण सम्बन्धमा समन्वय तथा सहकार्य।
- पशुपन्छी सम्बन्धी परम्परागत ज्ञान, सीप, अभ्यास, प्रविधिको राष्ट्रियस्तरमा अभिलेखीकरण तथा प्रवर्द्धन।
- विश्वविद्यालय, तालिम प्रदायक संस्था तथा अन्य निकायहरूसँग प्रविधि विकास सम्बन्धी सहकार्य तथा समन्वय।

**ग. चरन तथा आहारा व्यवस्थापन शाखा**

- अन्तरदेशीय चरन खर्क उपभोग तथा व्यवस्थापन सम्बन्धी समन्वय।
- अन्तरप्रादेशिक चरन तथा खर्क सम्बन्धी राष्ट्रिय मापदण्ड निर्धारण।
- पशुपन्छी तथा माछाको दाना सुक्ष्म पोषणतत्व तथा उत्पादन सामग्रीको राष्ट्रिय गुणस्तर निर्धारण।
- घाँसेबालीको अनुवांशिक स्रोत संरक्षणको राष्ट्रिय रणनीति तर्जुमा।
- घाँसको बीउको गुणस्तर सम्बन्धी राष्ट्रिय मापदण्ड तर्जुमा नियमन तथा प्रमाणिकरण।
- चरन बीउ तथा कृषि वन प्रविधिको पहिचान, प्राथमिकरण तथा समन्वय।
- घाँसेबाली तथा पशु आहारा सम्बन्धी परम्परागत ज्ञान, सीप, अभ्यास, प्रविधिको राष्ट्रियस्तरमा अभिलेखिकरण तथा प्रवर्द्धन।

**घ. मत्स्य विकास शाखा**

- प्राकृतिक जलाशयहरू (पोखरी, नदीनाला, ताल तलैया एवम् घोल तथा सिम) मा मत्स्यपालन सम्भाव्यता अध्ययन र सर्वेक्षण सम्बन्धी कानुन, मापदण्ड र नियमन कार्य।
- प्राकृतिक जलाशयमा जलीय जैविक विविधता कायम राख्दै प्राकृतिक उत्पादन वृद्धि गर्न आवश्यक कानुन मापदण्ड र नियमन सम्बन्धी कार्य।

- प्राकृतिक जलाशयबाट प्राप्त हुने माछा तथा जलीय जीवजन्य उत्पादनमा आश्रित समुदायको सामाजिक-आर्थिक पक्षको अध्ययन गरी रोजगारी व्यवस्थापन सम्बन्धी कानुन, मापदण्ड र नियमन कार्य।
- प्राकृतिक जलाशयहरूको संरक्षण एवम् उपयोग सम्बन्धी कानुन मापदण्ड र नियमन कार्य।
- माछा तथा जलीय जीवपालन प्रवर्द्धन कानुन मापदण्ड र नियमन सम्बन्धी कार्य।
- माछा तथा जलीय जीवपालनको नवीनतम् प्रविधिहरूको मापदण्ड र विस्तार सम्बन्धी कार्य।
- मत्स्य बीज आपूर्ति, गुणस्तर, मापदण्ड र नियमन सम्बन्धी कार्य।
- माछा तथा जलीय जीवजन्य उत्पादनको पोष्टहार्भेष्ट तथा बजार सम्बन्धी मापदण्ड र नियमन कार्य।

### १.८.१.६ पशु स्वास्थ महाशाखा तथा मातहतका शाखाको कार्यविवरण

- पशु चिकित्सा सम्बन्धी राष्ट्रिय मापदण्ड निर्धारण र व्यवस्थापन।
- पशु चिकित्सा सेवाको गुणस्तर निर्धारण तथा नियमन।
- पशुपन्छी तथा पशु स्वास्थ्य सम्बन्धी प्रचलित ऐन, कानुनको कार्यान्वयन।
- पशुपन्छीजन्य औषधी, जैविक पदार्थ, खाद्य राष्ट्रिय मापदण्ड निर्धारण तथा गुण नियमन, जोखिम विश्लेषण तथा औषधी निगरानी (फर्माको भिजिलेन्स)।
- महामारी तथा सीमाविहीन रोग नियन्त्रण, अन्वेषण, इपिडेमियोलोजी सम्बन्धी (वन्यजन्तुसमेत) समन्वय तथा नीति, कानुन निर्माण र नियमन।
- पशु क्वारेन्टाइनसँग सम्बन्धी कार्यहरूमा आवश्यक समन्वय तथा सहकार्य।
- पशु स्वास्थ्य सम्बन्धी अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरू कार्यान्वयन।
- पशु स्वास्थ्य सम्बन्धी प्रयोगशालाको सम्बन्द्धता र स्तरीकरण सम्बन्धी नीति र मापदण्ड।
- भेटेरिनरी जनस्वास्थ्य, जुनोटिक रोग, एन्टिबायोटिक रेसिस्टेन्स, ड्रग रेजिड्यु लगायतका जनस्वास्थ्यका विषयमा एक स्वास्थ्य अवधारणा सम्बन्धी।
- राष्ट्रिय भेटेरिनरी गुणस्तर, पशुपन्छीजन्य पदार्थको स्वच्छता, मापदण्ड, नियम, कानुन, नीति तर्जुमा र अनुगमन।
- पशु स्वास्थ्य तथा पशु सेवा सम्बन्धी कानुन, ऐन, नियम, निर्देशिका मापदण्ड तर्जुमा र व्यवस्थापन।
- पशु स्वास्थ्यसँग सम्बन्धी प्रमाणिकरण सम्बन्धी कार्य गर्ने।
- पशुपन्छीजन्य महामारी नियन्त्रण तथा व्यवस्थापन।
- मासु तथा मासुजन्य पदार्थको राष्ट्रिय गुणस्तर निर्धारण तथा नियमन।
- पशु स्वास्थ्य संरक्षणका लागि आवश्यक दस्तावेज तर्जुमा र कार्यान्वयन।
- राष्ट्रियस्तरमा असल भेटेरिनरी अभ्यास कार्यान्वयन।
- पशु स्वास्थसँग सम्बन्धी क्षेत्रमा कार्यरत संघ, संस्थासँग समन्वय।
- Emerging तथा Re-emerging diseases नियन्त्रण सम्बन्धी रणनीति तयार तथा कार्यान्वयन।
- पशु स्वास्थ्य सम्बन्धी अनुसन्धान र विकास।
- पशु कल्याण सम्बन्धी राष्ट्रिय मापदण्ड समन्वय तर्जुमा र कार्यान्वयन।

- पशु रोग तथा अवस्था सम्बन्धी राष्ट्रिय तथ्याङ्क व्यवस्थापन तथा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रिपोर्टिङ्ग।
- मत्स्य स्वास्थ्य तथा माछाजन्य महामारी नियन्त्रण।

**क. पशु चिकित्सा तथा रोग नियन्त्रण समन्वय शाखा**

- पशुपन्छी तथा पशु स्वास्थ्य सम्बन्धी प्रचलित ऐन, कानुनको कार्यान्वयन, निर्देशिका मापदण्ड तर्जुमा र व्यवस्थापन।
- महामारी तथा सीमाविहीन रोग अन्वेषण तथा नियन्त्रण र पशु क्वारेन्टाइन सम्बन्धी समन्वय।
- पशु रोग सम्बन्धी इपिडेमियोलोजिकल सर्भिलेन्स, अध्ययन (वन्यजन्तु समेत)।
- Emerging तथा Re-emerging diseases नियन्त्रण सम्बन्धी रणनीति तयार तथा कार्यान्वयन।
- पशु रोग सम्बन्धी राष्ट्रिय तथ्याङ्क अभिलेखीकरण तथा विश्लेषण।
- पशु रोग सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रिपोर्टिङ्ग।
- महामारी तथा सीमाविहीन रोग नियन्त्रणका लागि Zoning and Compartmentalization।
- पशु चिकित्सा सम्बन्धी राष्ट्रिय मापदण्ड निर्धारण र व्यवस्थापन।
- पशु सेवा सम्बन्धी प्रयोगशालाको सम्वद्धता र स्तरीकरण सम्बन्धी नीति र मापदण्ड।
- पशु चिकित्सा सेवाको गुणस्तर निर्धारण तथा नियमन।
- विश्व पशु स्वास्थ्य सङ्गठन लगायतका निकायसँग सहकार्य तथा समन्वय।
- पशु स्वास्थ्य संरक्षणका लागि आवश्यक दस्तावेज तर्जुमा र कार्यान्वयन।
- पशु स्वास्थ्य सम्बन्धी अनुसन्धान र विकास।

**ख. भेटेरिनरी जनस्वास्थ्य एवम् पशु कल्याण शाखा**

- जुनोटिक रोग नियन्त्रणमा अन्य सरोकारवाला निकायसँग समन्वय।
- पशु तथा पशुजन्य पदार्थमा ड्रग रेसिड्यु नियन्त्रण तथा नियमन।
- भेटेरिनरी जनस्वास्थ्य, एन्टिबायोटिक रेसिस्टेन्स, ड्रग रेसिड्यु लगायतका विषयहरूमा राष्ट्रिय मापदण्ड नियमन नियन्त्रण।
- एन्टिबायोटिक रेसिस्टेन्स, ड्रग रेसिड्यु लगायतका विषयहरूमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रिपोर्टिङ्ग।
- एक स्वास्थ्य अवधारणाको राष्ट्रिय मापदण्ड तथा सूचक निर्धारण तथा आवश्यक समन्वय।
- मासु तथा मासुजन्य पदार्थको राष्ट्रिय गुणस्तर निर्धारण तथा नियमन।
- भेटेरिनरी जनस्वास्थ्य सम्बन्धी अनुसन्धान र विकास।
- जुनोटिक रोग सम्बन्धी सर्भिलेन्स अध्ययन तथा समन्वय।
- जनस्वास्थ्य संरक्षणका लागि आवश्यक दस्तावेज तर्जुमा र कार्यान्वयन।
- पशु कल्याण सम्बन्धी राष्ट्रिय मापदण्ड लगायत तर्जुमा र कार्यान्वयन।

**ग. पशुपन्छी औषधी व्यवस्थापन तथा नियमन शाखा**

- पशुपन्छीजन्य औषधीको राष्ट्रिय मापदण्ड निर्धारण।
- जैविक पदार्थ लगायतको राष्ट्रिय मापदण्ड निर्धारण तथा गुण नियमन।
- जोखिम विश्लेषण तथा औषधी निगरानी (फर्माको भिजिलेन्स)।

- राष्ट्रिय भेटेरिनरी गुणस्तर निर्धारण।
- पशुपन्छीजन्य पदार्थको स्वच्छता, मापदण्ड तर्जुमा र अनुगमनमा आवश्यक सहकार्य एवम् समन्वय।
- पशु स्वास्थ्य तथा पशु सेवा सम्बन्धी कानुन, ऐनमा सहकार्य र व्यवस्थापन।
- भेटेरिनरी औषधी जैविकीको आयात, निर्यात सिफारिस माग आपूर्ति व्यवस्थापन।
- राष्ट्रियस्तरमा असल भेटेरिनरी अभ्यास कार्यान्वयन।
- भेटेरिनरी औषधीको गुणस्तर परीक्षणको मापदण्ड निर्धारण।
- पशुपन्छीमा प्रयोग हुने खोपको गुणस्तर परीक्षणको मापदण्ड निर्धारण।

**१.८.१.७ खाद्य सुरक्षा तथा खाद्य प्रविधि महाशाखा कार्यविवरण**

- कृषि तथा कृषि जन्य जैविक विविधता र जैविक प्रविधि सम्बन्धी कानुन, मापदण्ड तर्जुमा तथा नियमन सम्बन्धी कार्य।
- खाद्य सुरक्षा र खाद्य सम्प्रभूताका लागि मापदण्ड तर्जुमा गरी सोको नियमन।
- वनस्पती तथा प्राणीजन्य खाद्य पदार्थमा गुणस्तर कायम गर्न आवश्यक मापदण्ड, कानुन तर्जुमा तथा कार्यान्वयन।
- विषादीको स्तरीकरण, सूचना सङ्कलन वर्गीकरण र नियमन सम्बन्धी कार्य गर्ने।
- कृषि तथा खाद्य सम्बन्धी अन्तर्राष्ट्रिय प्रत्यायोजन, प्रमाणिकरण, प्रयोगशालाको विकास सम्बन्धी मापदण्ड तर्जुमा र निमयन सम्बन्धी।
- खाद्य सुरक्षा विश्लेषण, अनुगमन तथा प्रक्षेपण सम्बन्धी कार्य।
- प्राङ्गारिक कृषिलाई प्रोत्साहन गर्ने मापदण्ड, कानुन तर्जुमा र नियमन।
- असल कृषि अभ्यास (GAP) र एकिकृत शत्रुजीव व्यवस्थापन (IPM) लाई प्रवर्द्धन गर्न आवश्यक कानुन, मापदण्ड तर्जुमा तथा नियमन सम्बन्धी।

**क. खाद्य तथा पोषण सुरक्षा शाखा**

- राष्ट्रिय खाद्य सुरक्षा कार्यक्रम तर्जुमा मापदण्ड कानुन र नियमन सम्बन्धी कार्य।
- लोपोन्मुख र स्थानीय एवम् रैथाने बाली एवम् कन्दमूल प्रवर्द्धन सम्बन्धी कार्य।
- खाद्य सुरक्षा विश्लेषण, अनुगमन तथा प्रक्षेपण सम्बन्धी कार्य।
- खाद्य सुरक्षा कायम गर्न आवश्यक कानुन मापदण्ड तर्जुमा र नियमन।
- खाद्यान्न जगेडा, भण्डार व्यवस्थापनमा समन्वय।

**ख. खाद्य प्रविधि एवम् स्वच्छता शाखा**

- खाद्य प्रविधि सम्बन्धी अनुसन्धान र विकासमा समन्वय।
- खाद्य वस्तु गुणस्तर मापदण्ड र नियमन सम्बन्धी कार्य।
- खाद्य प्रयोगशालाको मापदण्ड र नियमन सम्बन्धी कार्य।

**ग. कृषि जैविक विविधता तथा वातावरण शाखा**

- जैविक विविधता र जैविक प्रविधि सम्बन्धी कानुन मापदण्ड र नियमन।
- प्राङ्गारिक कृषि सम्बन्धी कानुन मापदण्ड र नियमन।

- संरक्षण कृषि, स्रोत संरक्षण प्रविधि एवम् असल कृषि अध्ययन सम्बन्धी कानुन मापदण्ड र नियमन प्राङ्गारिक नेपाल कृषि GAP, IPM, IPNS दिगो भू—व्यवस्थापन जस्ता दिगो कृषि विकासका पद्धतिहरूको प्रवर्द्धन सम्बन्धी आवश्यक कार्य गर्ने।
- कृषि वातावरण समिति र प्राङ्गारिक कृषि उत्पादन र प्रशोधन प्रणाली राष्ट्रिय समन्वय समितिको बैठक सञ्चालन।
- प्राङ्गारिक प्रमाणिकरण कार्यान्वयन कार्यविधि तथा मार्गदर्शन तयारी सम्बन्धी कार्य गर्ने।
- कृषि पशुपन्छी तथा वातावरण सम्बन्धी EIA र IEE सम्बन्धी।
- विषादी व्यवस्थापन र वातावरण सम्बन्धी आयोजना तथा अन्तर्राष्ट्रिय महासन्धि र अभिसन्धिहरूको कार्यान्वयन तथा समन्वयका लागि मन्त्रालयको सम्पर्क विन्दु (Focal Point) को रूपमा कार्य गर्ने।
- कृषि एवम् पशुपन्छी सम्वद्ध क्षेत्रहरूमा प्रयोग हुने सामानहरूको व्यवस्थापनसँग सम्बन्धी कार्य।
- Agriculture & Environment Journal र अन्य प्रकाशन सम्बन्धी।
- कृषि क्षेत्रमा जलवायु परिवर्तन असर न्यूनीकरण तथा अनुकूलन कार्य सम्बन्धी कानुन, मापदण्ड र नियमन।
- जलवायु परिवर्तनका कृषि क्षेत्रमा असरबारे अध्ययन, अनुसन्धानको व्यवस्था।
- कृषि वातावरण संरक्षण र सम्वर्द्धन सम्बन्धी कानुन मापदण्ड र नियमन।

### १.८.२ मन्त्रालय अन्तर्गतका केन्द्रहरू

### क) कृषि सूचना तथा प्रशिक्षण केन्द्र

नेपाल सरकारको निर्णय अनुसार २०७५ श्रावण महिनादेखि कृषि सूचना तथा सञ्चार केन्द्र र राष्ट्रिय कृषि अनुसन्धान तथा विकास कोषलाई एक ठाउँमा गाभी कृषि सूचना तथा प्रशिक्षण केन्द्रको रूपमा कायम गरिएको छ। कृषि सूचना तथा प्रशिक्षण केन्द्रले परम्परागत कृषि पेशालाई ज्ञानमा आधारित व्यावसायिक कृषिमा रूपान्तरण गर्न आम सञ्चार माध्यमको उपयोग गरी कृषि प्रविधियुक्त सामग्री र जानकारीमूलक सूचनाहरू कृषक, कृषि उद्यमी, प्रसारकर्ता र सरोकारवालाहरू समक्ष पुर्याउने मूख्य जिम्मेवारीका साथ वि.सं. २०२२ सालमा कृषि विभाग मातहत कृषि सूचना शाखाको नाममा कृषि सूचना तथा सञ्चार केन्द्रको स्थापना भएको थियो। आम सञ्चारका विभिन्न माध्यमहरू मध्ये वि.सं. २०१८ साल देखि वन तथा कृषि मन्त्रालयद्वारा प्रकाशन सुरू गरिएको कृषि द्वैमासिक पत्रिका लगायत अन्य पुस्तिका, फोल्डर, पोष्टर एवम् कृषि डायरी वि.सं. २०२२ सालदेखि र कृषि क्यालेण्डर आ.व. २०४५/४६ देखि नियमित रूपमा प्रकाशन तथा वितरण हुँदै आएका छन्। वि.सं. २०१८ सालमा ग्राम सेवा कार्यक्रम अन्तर्गत रेडियो कृषि कार्यक्रम प्रसारण सुरू भई वि.सं. २०२३ साल मंसिर २५ देखि रेडियो नेपालबाट नियमित रूपमा कृषि कार्यक्रम प्रसारण भइरहेको छ। वि.सं. २०४६ सालदेखि श्रव्य दृष्य कार्यक्रम अन्तर्गत भिडियो डकुमेन्ट्री तयार गरी नेपाल टेलिभिजनबाट प्रसारण गराउन सुरू भएकोमा वि.सं. २०५४ सालदेखि नेपाल टेलिभिजनबाट नियमित रूपमा कृषि कार्यक्रम प्रसारण गर्दै आएको छ।

त्यसै गरी प्रतिस्पर्धात्मक अनुदान प्रणालीमा आधारित भई कृषि क्षेत्रको समग्र विकासका लागि सरकारी, निजी र गैह्र सरकारी निकाय एवम् नागरीक समाजबाट कृषि अनुसन्धान तथा विकास सम्बन्धी

आयोजना प्रस्तावहरू माग गरी उपयुक्त एवम् प्राथमिकता प्राप्त आयोजनालाई पूर्ण वा आंशिक रूपमा अनुदान दिई सरकारी सेवाको न्यायोचित वितरणद्वारा कार्यक्रम सञ्चालन गर्ने उद्देश्य राखी कार्य सञ्चालन कोष ऐन, २०४३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकार (मन्त्रिपरिषद्) ले मिति २०५८/०८/२५ को निर्णयानुसार "राष्ट्रिय कृषि अनुसन्धान तथा विकास कोष, २०५८" स्थापना भएको हो। स्थापनाकाल देखि कृषि (बाली, वागवानी, पशुपालन र मत्स्यपालन) उत्पादन तथा उत्पादकत्व वृद्धि र खेती प्रणाली सुधार, उपयोगकर्ताको माग अनुरूप र कृषक परिवारको अतिरिक्त आयआर्जन हुने किसिमका कृषि (बाली, वागवानी, पशुपालन र मत्स्यपालन) अनुसन्धान तथा प्रसार, बिरूवा तथा पशु स्वास्थ्यमा जलवायु परिवर्तन अनुकूलन एवम् उत्पादनमा अभिवृद्धि, प्राकृतिक स्रोतको दिगो उपयोग तथा स्रोतका आधार र वातावरण संरक्षण, औषधीजन्य तथा सुगन्धित बिरूवाहरूको खेती, उत्पादन र मूल्य अभिवृद्धि, कृषि व्यापार, कृषि व्यवसाय, कृषि पर्यटन, कृषि प्रशोधन, खाद्य स्वस्थता, गुणस्तर नियन्त्रण र नीतिगत मुद्दाहरू जस्ता कोषका वृहत प्राथमिकता क्षेत्र रहेका छन्। कोषका वृहत प्राथमिकता क्षेत्रभित्र रही विभिन्न आयोजनाहरूलाई र कृषि विषयमा स्नातकोत्तर र विद्यावारिधी गर्ने विद्यार्थीहरूलाई विभिन्न विषयमा अनुसन्धान गर्न Thesis grant (थेसिस ग्राण्ट) अनुदान स्वरूप उपलब्ध गराउदै आईएको छ। केही आयोजनाहरू सम्पन्न भैसकेका छन् भने केही आयोजनाहरू सञ्चालित छन्। कृषि सेवाका विभिन्न समूहमा रही संघ, प्रदेश र स्थानीय तहमा कार्यरत अधिकृतस्तरका कर्मचारीहरूलाई कृषि र पशु विज्ञान सम्बन्धी विभिन्न विषयमा तालिम प्रदान गर्ने कार्य पनि २०७५ श्रावण १ गतेबाट यसै कृषि सूचना तथा प्रशिक्षण केन्द्रको जिम्मेवारीमा आएको छ।

वि.सं. २०६२ मा केन्द्रको वेबसाईट www.aicc.gov.np निर्माण गरी आफ्नो वेवपेजमा केन्द्रबाट प्रकाशित तथा अन्य उपयोगी सामग्रीमार्फत अनलाईन सेवा प्रदान गरिएकोमा हाल कृषि सूचना तथा प्रशिक्षण केन्द्रको वेबसाईट www.aitc.gov.np बाट सेवा प्रदान गरी राखेको छ। साठीको दशकको सुरूवात देखि नै जिल्ला स्थित एफ.एम. हरूसँगको सहकार्यमा स्थानीय परिवेश, आवश्यकता र कतिपय ठाउँमा स्थानीय भाषामा समेत कृषि कार्यक्रम उत्पादन तथा प्रसारण भईरहेका छन्।

**केन्द्रको उद्देश्य**

- आधुनिक सूचना प्रविधिको प्रयोगद्वारा कृषक, कृषि प्रसार कार्यकर्ता तथा अनुसन्धानकर्ता बीचको अन्तरसम्बन्ध बढाई ज्ञानमा आधारित कृषि प्रणाली अपनाउन कृषक समुदायलाई उन्मुख तथा अभिप्रेरित गर्ने।
- कृषि क्षेत्रमा समग्र रूपमा हासिल भएका वैज्ञानिक उपलब्धिहरू, खाद्य पोषण, कृषि बजार र कृषि व्यवसाय, सहकारी सम्बन्धी प्रविधि तथा अन्य विविध सूचना जानकारीहरूमा नीति निर्माता, सरकारी तथा गैह्र सरकारी निकायमा कार्यरत कृषि प्राविधिकहरू, कृषि वैज्ञानिकहरू, कृषि उपज प्रशोधन तथा बिक्री वितरणमा संलग्न व्यक्ति संघ संस्थाहरू, सहकारीहरू एवम् कृषकहरूको पहुँच सरल र सुलभ गराउने।

## ख) प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्र

बिरूवा तथा बिरूवाजन्य उपजको अन्तर्राष्ट्रिय व्यापारको क्रममा बिरूवा स्वस्थतामा पर्ने जाने सम्भावित जोखिमलाई नियमन गर्न र बिरूवा तथा बिरूवाजन्य उपजहरूको उत्पादन तथा उत्पादनोपरान्त लाग्ने रोग, कीरा, झारपात, चरा, मुसा आदिको क्षति नियन्त्रणका लागि आवश्यक विषादीको आयात, वितरण, उपयोग र व्यवस्थापन सम्बन्धी कार्यहरू गर्नका लागि कृषि तथा पशुपन्छी विकास मन्त्रालय अन्तर्गत प्लाण्ट क्वारेन्टाइन एवम् विषादी व्यवस्थापन केन्द्रको स्थापना भएको हो। हाल नेपाल सरकारले केन्द्रीयस्तरमा एक प्लाण्ट क्वारेन्टाइन एवम् विषादी व्यवस्थापन केन्द्र र यसको मातहतमा १५ वटा क्वारेन्टाइन कार्यालयहरू रहेका छन्। प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रको वेबसाईट www.npponepal.gov.np र इमेल ठेगाना info@npponepal.gov.np रहेको छ। प्लाण्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्र अन्तर्गत ५ वटा शाखाहरू रहेका छन्

- राष्ट्रिय बिरूवा संरक्षण सङ्गठन शाखा
- प्लाण्ट क्वारेन्टाइन नियमन तथा अनुगमन शाखा
- विषादी पञ्जीकरण तथा व्यवस्थापन शाखा
- शत्रुजीव जोखिम विश्लेषण शाखा
- सर्भे एण्ड सर्भेलेन्स शाखा

प्लाण्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्र तथा अन्तर्गतका कार्यालयहरूको कार्य विवरण (कृषि तथा पशुपन्छी विकास मन्त्रालय, सिंहदरबारको मिति २०७९/१२/२६ को (मा. मन्त्रीस्तर) निर्णयबाट स्वीकृत) निम्नानुसार रहेको छ।

**प्लाण्ट क्वारेन्टाइनतर्फ**

- बिरूवा क्वारेन्टाइन तथा संरक्षण ऐन, २०६४ र बिरूवा संरक्षण नियमावली, २०६६ को कार्यान्वयन गर्ने गराउने।
- ऐन तथा नियमावलीमा तोकिएका कार्य सम्पादनका लागि आवश्यक कार्यविधि/निर्देशिका/ मापदण्ड तथा प्रोटोकल तयार गरी स्वीकृत भए अनुसार लागु गर्ने गराउने।
- बिरूवा स्वस्थतासँग सम्बन्धी सरकारी निकाय/अनुसन्धान संस्था/ विश्वविद्यालय तथा निजी क्षेत्र लगायतका निकायहरूसँग अन्तरनिकाय समन्वयको औपचारीक संयन्त्रहरू स्थापना एवम् कार्यान्वयन गर्ने गराउने।
- बिरूवाजन्य वस्तुहरूको अन्तर्राष्ट्रिय व्यापारको क्रममा नेपालको सिमा क्षेत्रभित्र रहेका वानस्पतिक/ जैविक विविधताको स्वास्थ्यमा पर्ने सक्ने जोखिमलाई न्यूनिकरण गरी स्वस्थ वस्तुहरूको व्यापार सहजीकरण गर्ने।
- क्वारेन्टाइन सम्बन्धी नीति निर्माण गर्ने तथा राष्ट्रिय आयातका शर्तहरू तयार गरी लागु गर्ने गराउने।
- पैठारी हुने बिरूवा तथा बिरूवाजन्य वस्तुहरूको नियमित रूपमा शत्रुजीव जोखिम विश्लेषण एवम् पुनरावलोकन गर्ने।

- देशभित्र रहेका शत्रुजीवहरूको सूचि तयारी, अद्यावधिक गर्ने गराउने तथा शत्रुजीवहरूको अवस्थाबारे जानकारी राख्ने र त्यसका आधारमा निर्यात बजारको लागि आवश्यक सूचना सङ्कलन गर्ने।
- व्यापार नाकाहरूमा स्थापना भएका प्लाण्ट क्वारेन्टाइन कार्यालयहरू सञ्चालन एवम् व्यवस्थापन गर्ने।
- अन्तर्राष्ट्रिय बिरूवा संरक्षण महासन्धी (IPPC) तथा एशिया प्रशान्त क्षेत्रीय बिरूवा संरक्षण नियोग (APPPC) को Focal Point को रूपमा रही निर्दिष्ठ क्रियाकलापहरू सञ्चालन गर्ने।
- बिरूवा संरक्षण सङ्गठनका रूपमा रही उल्लिखित ऐनद्वारा तोकिएका क्रियाकलापहरूलाई कार्यान्वयन गर्ने।
- मुलुकभित्र नियमित गर्नुपर्ने नन क्वारेन्टाइन शत्रुजीवहरू पहिचान गरी तिनको आवागमन, नियन्त्रण तथा  व्यवस्थापन गर्नका लागि प्रदेश तथा स्थानीय तहहरूको माग अनुसार आन्तरिक क्वारेन्टाइन लागु गर्न प्राविधिक सहयोग गर्ने।
- Emerging Pest, Invasive Species एवम् विभिन्न Quarantine pest हरूको बारेमा सचेतना सम्बन्धी कार्यहरू गर्ने गराउने।
- केन्द्रीय बिरूवा स्वस्थता तथा निदान प्रयोगशालालाई National Reference/Referral Laboratory को रूपमा सञ्चालन गरी पैठारी हुने वस्तुहरूको बिरूवा स्वस्थताको सुनिश्चितताका लागि आवश्यक प्रयोगशाला परीक्षण, निदान, प्रमाणिकरण तथा आवश्यकता अनुसार Notification of Non Compliance जारी गर्ने।
- आवश्यकता अनुसार पोष्ट इन्ट्री सर्भे तथा क्वारेन्टाइन कार्य गर्ने गराउने।
- निकासी हुने वस्तुहरूको पैठारी हुने राष्ट्रको आवश्यकताका आधारमा बिरूवा स्वस्थता प्रमाणिकरण गर्ने।
- जैविक सुरक्षा तथा बिरूवा स्वस्थता सम्बन्धी सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने गराउने।

**विषादी पञ्जीकरण तथा व्यवस्थापनतर्फ**

- जीवनाशक विषादी व्यवस्थापन ऐन, २०७६ र नियमावली, २०५० कार्यान्वयन गर्ने गराउने।
- विषादीको आयात, वितरण, उपयोग र व्यवस्थापन सम्बन्धी ऐन तथा नियमावलीमा तोकिएका कार्य सम्पादनका लागि आवश्यक कार्यविधि/निर्देशिका/मापदण्ड तथा प्रोटोकल तयार गरी स्वीकृत भए अनुसार लागु गर्ने गराउने।
- पञ्जीकरण भएका र प्रतिवन्धित विषादीहरूको सूचना सङ्कलन र प्रवाह गर्ने।
- विषादी नियन्त्रण र व्यवस्थापनसँग सम्बन्धित अन्तर्राष्ट्रिय संघ संस्थासँग सम्पर्क, समन्वय र सहकार्य गर्ने।
- विषादीको आयात अनुमति र नियमन सम्बन्धी कार्य गर्ने।
- विषादी गुणस्तर परीक्षण प्रयोगशाला सञ्चालन गर्ने।

**क्वारेन्टाइन कार्यालयहरू**

- बिरूवाजन्य वस्तुहरूको आयातका लागि प्रवेश अनुमति पत्र जारी गर्ने।
- निर्यात गरिने कृषि तथा वनजन्य बालीवस्तुको क्वारेन्टाइन चेकजाँचका आधारमा बिरूवा स्वस्थता प्रमाण पत्र जारी गर्ने।
- कृषि तथा वनजन्य बालीवस्तुको पैठारीका लागि छोडपुर्जी जारी गर्ने।

## ग) बीउबिजन गुणस्तर नियन्त्रण केन्द्र

नेपालको अर्थ व्यवस्थामा कृषि क्षेत्रले मुख्य योगदान पुर्याउने भएकोले कृषि क्षेत्रको समग्र विकास गरी कृषि उत्पादनमा वृद्धि ल्याउनु ठूलो चुनौतीको विषय हुन गएको छ। यसका लागि उत्पादन वृद्धिमा प्रयोग गरिने सामग्रीहरू मध्ये गुणस्तरयुक्त बीउ एक आधारभूत, संवेदनशील र सस्तो सामग्री हो, जसले कृषिको प्रति एकाई क्षेत्रमा हुने उत्पादकत्व तथा आर्थिक वृद्धिमा समेत प्रभाव पार्दछ। गुणस्तरयुक्त बीउ उत्पादनको लागि गुण नियन्त्रण कार्य अति नै महत्वपूर्ण हुन्छ।

बीउबिजनमा संलग्न भई बीउबिजनको विकास, बीउबिजन नीति तथा कार्यक्रम तर्जुमा गर्न र विभिन्न निकायहरूबाट कृषक वर्गलाई उपलब्ध गराइने बीउको गुणस्तर जाँच, बीउ प्रमाणिकरण, गुणस्तर निर्धारण तथा नियन्त्रण गर्ने कार्यहरू कृषि विभागको बाली विकास निर्देशनालय अन्तर्गत रहेको यस शाखाले प्रभावकारी रूपमा काम गर्न अप्ठ्यारो भएकोले नेपाल सरकारले उक्त शाखालाई सुदृढिकरण गर्न आवश्यक ठानी आ.व. २०५८-५९ मा सोझै कृषि तथा सहकारी मन्त्रालय अन्तर्गत हरिहरभवन, ललितपुरमा रहने गरी बीउबिजन गुणस्तर नियन्त्रण केन्द्रको स्थापना गरियो।

कृषि उत्पादन वृद्धिको लागि उन्नत जातको गुणस्तरयुक्त बीउको प्रयोग अपरिहार्य छ। उन्नत जातका नयाँ बीउहरू उत्पादनको सिलसिलामा विभिन्न कारणहरूबाट समिश्रण भई बीउको गुणस्तर ह्रास हुँदै जाने हुँदा समयमै निराकरण गर्न सकिएन भने स्थानीय जात सरह भई कम उत्पादन दिने हुन्छ। तसर्थ उन्नत जातको गुणस्तरयुक्त बीउलाई ह्रास हुनबाट जोगाउन व्यवस्थित प्रणालीबाट बीउ उत्पादन कार्यक्रम सञ्चालन गरी बीउको गुणस्तर नियन्त्रण गर्न अति आवश्यक छ। कृषकलाई निरन्तर रूपमा नियमित समयमा उपयुक्त जातको उच्चकोटीको बीउबिजन आवश्यक परिमाणमा उपलब्ध गराउन सरकारी, गैह्र सरकारी र निजी क्षेत्रका व्यवसायीहरू समेत कार्यरत छन्। यसरी बीउमा संलग्न भई बीउबिजनको विकास गर्न, बीउबिजन नीति तथा कार्यक्रम तर्जुमा गर्न र विभिन्न निकायहरूबाट कृषक वर्गलाई उपलब्ध गराइने बीउको गुणस्तर जाँच गरी प्रमाणिकरण गर्न, बीउबिजन गुणस्तर निर्धारण तथा नियमित गर्नुका साथै बीउबिजनको जातीय रजिष्ट्रेशन गर्न आवश्यक छ। यसको लागि बीउबिजन गुणस्तर निकायले बीउबिजनसँग सम्बन्धी विभिन्न निकायसँग समन्वय राखी कार्य सञ्चालन गर्नु पर्दछ र हाल नेपालले विश्व व्यापार सङ्गठनको सदस्यता लिइसकेकोले बीउबिजन गुणस्तर नियन्त्रण कार्य अन्तर्राष्ट्रिय मापदण्ड अनुसार सञ्चालन गर्नु पर्ने चुनौती थपिन गएको छ। यस केन्द्रको वेबसाईट www.sqcc.gov.np र इमेल ठेगाना sqccnepal@gmail.com रहेको छ।

### मुख्य उद्देश्य

- नेपाल मुलुकभर बीउबिजन गुणस्तर नियन्त्रण पद्धति कार्यान्वयन गरी सर्वसाधारण कृषक वर्गलाई गुणस्तरयुक्त बीउ उपलब्धतामा सुनिश्चिता गराउने।

### अन्य उद्देश्यहरू

- गुणस्तरयुक्त बीउबिजन उत्पादन गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा बीउबिजन बिक्री वितरण गरी कृषकको आयआर्जनमा वृद्धि गर्न सहयोग गर्ने।
- विदेशबाट आयातित बीउबिजनको प्रतिस्थापन तथा निर्यात प्रवर्द्धन गर्ने।

- बीउबिजन बजारमा गुणस्तरयुक्त बीउबिजन उपलब्ध गराउन सहयोग गर्ने।
- बीउबिजन सम्बन्धी राष्ट्रिय नीति, ऐन र नियमावली अनुसार निर्देशिका तथा कार्यविधि तयार पारी कार्यान्वयन गर्न अन्य बीउबिजनसँग सरोकारवाला निकायहरूसँग समन्वय गर्ने तथा परामर्श दिने र लिने रहेको छ।

### १.८.३ विभागहरू

### क) कृषि विभाग

कृषि विकासका लागि संस्थागत प्रयास वि.सं. १९७८ मा कृषि अड्डाको स्थापना भएपछि सुरू भएको मानिन्छ। यस क्रममा कृषि विकासको संस्थागत प्रयासलाई गति दिन वि.सं. २००८ सालमा कृषि विभागको स्थापना भए पश्चात् कृषि विकासको योजनावद्ध विकासको थालनी भएको पाइन्छ। कृषि विकास कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने उद्देश्यले विषयगत सङ्गठनको आवश्यकता महसुस गरी वि.सं. २०२३ सालमा कृषि विभागलाई पाँच वटा विभागहरू (कृषि प्रसार, मत्स्य, बागवानी, पशु स्वास्थ्य र कृषि शिक्षा तथा अनुसन्धान विभाग) मा पुनर्गठन गरी वि.सं. २०२८ सम्म यथावत कायम राखियो। यस बीचमा कृषिको विकासमा उल्लेखनीय प्रगति भए तापनि विभागहरूबीच आपसी समन्वयको कमी महसुस भई वि.सं. २०२९ मा पाँचै विभागहरूको एकीकरण गरी पुनः कृषि विभाग कायम गरियो। यसै सिलसिलमा २०२९ सालमा कृषि बजारको संवेदनशीलता एवम् आवश्यकतालाई दृष्टिगत गरी खाद्य तथा कृषि बजार सेवा विभागको स्थापना भयो। देशमा कृषि विकास कार्यक्रमको प्रभावकारिता एवम् आवश्यकताको आधारमा समयानुकूल परिवर्तन गर्ने हेतुले वि.सं. २०३६ सालमा पुनः कृषि विभाग र पशु सेवा विभागको स्थापना भयो।

वि.सं. २०४५ सालमा कृषि विभागबाट छुट्टै वागवानी विभाग गठन गरियो तर वि.सं. २०४९ मा कृषिका निकायहरूलाई एउटै छानो मुनी राख्ने नीति अनुरूप वागवानी विभाग, बाली तथा मत्स्य विभाग, खाद्य तथा कृषि बजार सेवा विभाग, पशु स्वास्थ्य तथा पशु विकास विभाग र केन्द्रीय खाद्य अनुसन्धान प्रयोगशालालाई गाभी एउटै कृषि विकास विभागको स्थापना गरी कृषि विभागको सङ्गठनमा ठूलो परिवर्तन गरियो। वि.सं. २०५२ सालमा कृषि विकास विभागको सङ्गठनमा पुनः हेरफेर गरी तत्कालीन कृषि विकास विभागबाट कृषि विभाग, पशु सेवा विभाग र केन्द्रीय खाद्य अनुसन्धान प्रयोगशाला गरी तीन विभाग खडा गरियो। तद् अनुरूप खडा भएको कृषि विभागबाट प्रदान गर्रिदैं आएको सेवालाई प्रभावकारी एवम् समय सापेक्ष बनाउन यसको सङ्गठन स्वरूपमा वि.सं. २०५७ मा पुनः केही हेरफेर गरिएको थियो। जसअनुसार कृषि विभाग अन्तर्गतका ११ वटा प्राविधिक महाशाखाहरूलाई १२ वटा कार्यक्रम निर्देशनालयमा परिवर्तन गरिएको थियो। वि.सं. २०६१ सालमा कृषि विभागको पुर्नसंरचना गरी कृषि विभागमा एक महानिर्देशक अन्तर्गत भई रहेका दुई उपमहानिर्देशकमा एक उपमहानिर्देशक (प्रविधि विस्तार) थप गरियो र प्रविधि विस्तार तथा समन्वय शाखाको समेत व्यवस्था गरियो।

नेपालको संविधान २०७२ लागु भएसँगै देश सङ्घीय संरचनामा प्रवेश गरेको छ। त्यस सँगसँगै विद्यमान कृषि विभागको पुनः संरचना भई पहिले रहेका सबै निकायहरू खारेज भएका छन् भने हाल कृषि विभाग मातहत ६ वटा केन्द्रीय निकाय र १४ वटा विभिन्न फार्महरू रहेका छन्। कृषि विभागको

आन्तरिक संरचनामा समेत परिवर्तन गरिएको छ। जस अन्तर्गत कृषि विभाग मातहत १ महानिर्देशक, ४ उपमहानिर्देशक (योजना, अनुगमन तथा व्यवस्थापन, कृषि उत्पादकत्व, प्रविधि तथा समन्वय र केन्द्रीय आयोजना व्यवस्थापन इकाई) र ११ वटा प्राविधिक एवम् प्रशासनिक शाखाहरू रहेका छन्। यस विभागको वेबसाईट www.doanepal.gov.np र इमेल ठेगाना doa.agri2014@gmail.com रहेको छ।

हाल यसै संरचना अनुसार कृषि विभागबाट कृषि विकासको दीर्घकालीन योजना, राष्ट्रिय कृषि नीति र चालु पञ्चवर्षिय योजनाले परिलक्षित गरेका लक्ष्य तथा उद्देश्य हासिल गर्न कृषि विकासका कार्यक्रमहरू सञ्चालन हुँदै आएको छ।

**उद्देश्य**

- भौगोलिक विशेषताको आधारमा कृषि उत्पादन वृद्धि गर्ने।
- खाद्यवस्तुको आन्तरिक आपूर्ति वृद्धि गरी खाद्य सुरक्षामा टेवा पुर्याउन उत्पादन र उत्पादकत्वमा वृद्धि ल्याउने।
- कृषिमा आधारित उद्योगहरूको विस्तार गर्न आवश्यक कच्चा पदार्थको उत्पादन र उत्पादकत्वमा वृद्धि ल्याउने।
- कृषि उपजहरूको उचित बजार व्यवस्था एवम् प्रतिस्पर्धात्मक लाभका आधारमा कृषिजन्य उत्पादनको मूल्य अभिवृद्धि गर्ने।
- कृषिजन्य लघु उद्यमलाई बढावा दिई गैह्र फार्म रोजगारी वृद्धि गर्ने।
- कृषिजन्य वस्तुको आयात प्रतिस्थापन एवम् निर्यात प्रवर्द्धनमा टेवा पुर्याउने।
- सिमान्त, साना र महिला किसानहरूका लागि उत्पादनशील रोजगारीका अवसरहरू बढाई गरिबी निवारणमा टेवा पुर्याउने।
- Adaptive Research सञ्चालन गरी प्रविधि Verification गर्ने।
- कृषि विकास र वातावरण संरक्षणबीच सन्तुलन कायम राख्ने।

**कार्य क्षेत्र**

- राष्ट्रिय कृषि उत्पादकत्व वृद्धि सम्बन्धी कार्यको समन्वय।
- कृषि शिक्षा अनुसन्धान र प्रसारबीच समन्वय।
- गुणस्तरीय कृषि उत्पादन स्रोत तथा सामग्रीहरूको उपलब्धतामा समन्वय।
- कृषिको व्यावसायिकरण तथा आधुनिकीकरणको लागि नीतिगत एवम् समन्वयतात्मक कार्यहरू गर्ने।
- कृषि कर्जा एवम् बाली बीमा सम्बन्धी कार्यमा समन्वय।
- कृषि विकाससँग सम्बन्धी सरकारी गैह्र सरकारी र निजी क्षेत्रका निकायहरूबीच समन्वय कायम गर्ने।
- करार खेती प्रवर्द्धन तथा प्रसार सम्बन्धी कार्यहरू।
- कृषि बाली वस्तुमा प्रतिस्पर्धात्मकता प्रवर्द्धन सम्बन्धी कार्यहरू।
- कृषि अनुदान व्यवस्थापन सम्बन्धी कार्यहरू।

- कृषि विकास रणनीतिको कार्यान्वयन सहजीकरण र समन्वय।
- कृषियोग्य जमिनको सदुपयोग तथा गैह्न कृषिमा प्रयोग निरूत्साहन सम्बन्धी कार्यहरूको समन्वय।
- कृषि क्षेत्रको विकासका लागि आवश्यक बजेट तथा जनशक्ति प्रक्षेपण विश्लेषण तथा अध्ययन अनुसन्धानमा सहयोग र समन्वय।
- कृषि उपजहरूको मूल्य निर्धारण कार्यको समन्वय।
- कृषि तथा पशुपन्छी विकास मन्त्रालयलाई नीतिगत पृष्टपोषण गर्ने।
- कृषि वस्तुमा भन्सार छुट लगायतका व्यवस्थाका लागि मन्त्रालयमा सिफारिस गर्ने।
- मातहतका निकायहरूबाट सञ्चालित कृषि विकास कार्यक्रमहरूको अनुगमन मूल्याङ्कन तथा आवश्यक समन्वय।
- कृषि विकासका साझेदारहरूसँग सम्पर्क, समन्वय र सहकार्य सम्बन्धी कार्य।
- सङ्घीय कृषि विकास योजना नीति तथा मापदण्डको कार्यान्वयन व्यवस्था।
- कृषि विकास योजना तथा कार्यक्रम सञ्चालनमा अन्य निकायहरूसँग समन्वय।
- अन्तर्गतका निकायहरूको वार्षिक कृषि विकास कार्यक्रम मार्गदर्शन तथा समन्वय।
- प्राङ्गारिक कृषिको लागि फोकल कार्यालयको रूपमा कार्य गर्ने।
- कृषि बजार व्यवस्थापन सम्बन्धी कार्य।
- सङ्घीय कृषि फार्म र केन्द्रहरूको समग्र व्यवस्थापन।
- बाली, बागवानी, व्यावसायिक कीट विकास सम्बन्धी नीति, योजना, मापदण्डको तर्जुमा तथा कार्यान्वयन एवम् नियमनको व्यवस्था।
- कृषि पूर्वाधार तथा बजार विकास सम्बन्धी नीति, योजना, मापदण्ड, संरचना विकास, नियमन सम्बन्धी कार्य।
- केन्द्रीय रिफरेन्स प्रयोगशालाको व्यवस्थाका लागि नीति, मापदण्ड र नियमन सम्बन्धी कार्य।
- सङ्घीय कृषि विकास कार्यक्रम अनुगमन तथा मूल्याङ्कनको नीति तथा मापदण्डको कार्यान्वयन व्यवस्था।
- वैदेशिक सहयोगमा सञ्चालित कृषि विकास सम्वद्ध आयोजनाहरूसँग आवश्यक समन्वय, अनुगमन तथा मूल्याङ्कन।

### ख) खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग

खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागको सुरूवातमा कृषि खाद्य तथा सिँचाइ मन्त्रालय मातहत रहने गरी खाद्य विभागको रूपमा २०१८ सालमा स्थापना भएको थियो। वि.सं. २०२३ सालमा यसलाई विभागस्तरीय कार्यालयकै रूपमा खाद्य अनुसन्धानशाला नामाकरण गरियो। वि.सं. २०२३ सालमा खाद्य ऐन र वि.सं. २०३३ सालमा दाना ऐन लागु भयो। वि.सं. २०३७ सालपछि लामो समयसम्म यो विभाग केन्द्रीय खाद्य अनुसन्धानशालाको नामले परिचित रह्यो। वि.सं. २०५७ सालमा यसलाई खाद्य प्रविधि तथा गुण नियन्त्रण बिभागको रूपमा नामाकरण भई कृषि तथा पशुपन्छी विकास मन्त्रालय अन्तर्गतका तीनवटा विभागहरू मध्येको एक विभागको रूपमा रहेको छ। हाल यसले देशका समग्र जिल्लामा खाद्य स्वच्छता

गुणस्तर नियमन र दाना पदार्थहरूको स्वच्छता नियमन गरी आम उपभोक्ताहरूको हक हितको संरक्षण गर्दै आइरहेको छ। सोही अनुरूप उपभोक्ता एवम् व्यवसायीहरूलाई प्रयोगशाला सेवा दिई आइरहेको छ। साथै यस विभागबाट स्थानीय, उपयुक्त एवम् व्यवसायमूलक खाद्य प्रविधिहरूको विकास एवम् सीपमूलक तालिम दिई खाद्य प्रौद्योकिकरणमा टेवा पुर्याउनुको अतिरिक्त खाद्य पोषण ज्ञान विस्तार र वाल आहार विकास जस्ता क्रियाकलापहरू सञ्चालन गरी कुपोषण न्युनिकरणमा समेत सघाउ पुर्याउदै आइरहेको छ। यस विभागको वेबसाईट www.dftqc.gov.np र इमेल ठेगाना info@dftqc.gov.np रहेको छ।

खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग अन्तर्गत हाल ८ खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयहरू (बिराटनगर, जनकपुर, हेटौडा, पोखरा, भैरहवा, नेपालगञ्ज, सुर्खेत र धनगढी), २२ खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालयहरू (झापा, धनकुटा, सुनसरी, उदयपुर, सप्तरी, महोत्तरी, सर्लाही, पर्सा, सिन्धुली, धुलिखेल, नुवाकोट, चितवन, काठमाडौं, तनहुँ, बागलुङ, कपिलवस्तु, पाल्पा, दाङ, जुम्ला, डडेल्धुरा, डोटी र वैतडी) र १२ खाद्य आयात निर्यात गुण प्रमाणिकरण कार्यालयहरू (काकरभिट्टा, रानी, जलेश्वर, विरगञ्ज, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल, रसुवा, तातोपानी, बेलहिया, कृष्णनगर, नेपालगञ्ज, धनगढी, महेन्द्रनगर) रहेका छन्।

### दूरदृष्टि

आम उपभोक्ताहरूलाई स्वच्छ, गुणस्तरीय र पोषणयुक्त खाद्य तथा दाना पदार्थहरूको आपूर्तिलाई सुनिश्चितता प्रदान गर्ने।

### उद्देश्य

- खाद्य वस्तुहरूको उत्पादनस्तरदेखि बिक्री वितरण लगायत आयात/निर्यातसम्म शुद्धता कायम गर्ने।
- विश्वसनिय र भरपर्दो प्रयोगशाला सेवा दिने।
- खाद्य प्रशोधन, संरक्षण र प्याकेजिङ सम्बन्धी उपयुक्त प्रविधि विकास एवम् सीपमूलक तालिम कार्यक्रम सञ्चालन गरी खाद्य प्रौद्योगिकरणमा टेवा पुर्याउने।
- खाद्य पोषण ज्ञान विस्तार गर्ने।
- वाल आहार/पोषिलो आहार विकास तथा न्यून उपभोग एवम् अल्प प्रचलनमा रहेका कृषि तथा वनजन्य खाद्य वस्तुहरूलाई Staple food को रूपमा परिकार विकास गर्ने।

### कार्यनीतिहरू

- खाद्य वस्तुहरूमा स्वच्छता तथा गुणस्तर नियमन गर्ने।
- दाना पदार्थहरूमा स्वच्छता कायम गर्ने।
- प्रयोगशाला परीक्षण सेवा दिने।
- खाद्य वस्तुबाट हुन सक्ने सम्भाव्य जोखिम तथा चुनौति पहिचान गर्ने विशेष परीक्षण/अनुसन्धान गर्ने।
- प्रयोगशाला एक्रेडिटेशन सम्बन्धी कार्य गर्ने।
- आयात/निर्यात सहजीकरणको लागि खाद्य आयात निर्यात गुणस्तर प्रमाणिकरण कार्य गर्ने।
- एस पि एस ईन्क्वायरी प्वाईण्टमार्फत एस पि एस सम्बन्धी सेवा दिने।

- खाद्य प्रौद्योगिकरणमा टेवा पुर्याउन उपयुक्त एवम् व्यवसायमूलक प्रविधिहरूको विकास एवम् सिपमूलक तालिमहरू दिने।
- खाद्य वस्तुहरूको पौष्टिकतत्व विश्लेषण गर्ने।
- खाद्य पोषण ज्ञान विस्तार कार्यक्रम सञ्चालन गर्ने।
- बाल आहार तथा पोषिलो आहार विकास गरी प्रचार प्रसार गर्ने।
- न्यून उपभोग एवम् अल्प प्रचलनमा रहेका कृषि तथा वनजन्य खाद्य वस्तुहरूको पौष्टिकतत्व पहिचान तथा परिकार विकास गरी प्रचार प्रसार गर्ने।

## ग) पशु सेवा विभाग

नेपालको कृषि प्रणालीमा पशुपन्छीपालन व्यवसायको महत्व अनादिकालदेखि आजसम्म रही आएको छ। पशुपालन व्यवसायलाई विविधीकरण, व्यावसायिकरण, आयमूलक तथा सम्मानित पेशाको रूपमा विकास गरी राष्ट्रिय उत्पादनमा योगदान पुर्याउने पशु सेवा विभागको प्रमुख उद्देश्य हो। वि.सं. १९९६ मा पहिलो पटक काठमाडौंमा एलोप्याथिक प्रणाली अनुसार एक भेटेरिनरी डिस्पेन्सरीको स्थापना भयो र उक्त डिस्पेन्सरी वि.सं. १९९६ मा पशु चिकित्सालयमा परिणत भएको थियो। वि.सं. २०१४ सालसम्ममा १० जिल्लाहरूमा पशु अस्पतालहरूको स्थापना भयो। पशु स्वास्थ्य सेवाको आवश्यकता बढ्दै गएकोले भारत, FAO र OXFAM को सहायतामा देशव्यापी रूपमा सेवा पुर्याउन ३३ वटा अस्पताल, २१ डिस्पेन्सरी र १८ वटा चेकपोष्ट वि.सं. २०२१ सम्ममा स्थापना भए। वि.सं. २०२३ सालमा पशु विकास तथा पशु स्वास्थ्य विभागको स्थापना गरी पाँचौं पञ्चवर्षिय योजनादेखि पशु स्वास्थ्य, पशु आहारा, पशु प्रजनन् तथा पशुपालन व्यवस्थापन सेवालाई एकीकृत रूपमा कृषकहरूको घर दैलोमा पुर्याउने उद्देश्यले समन्वयात्मक पशु सेवा कार्यक्रम सञ्चालन गरियो। वि.सं. २०२९ सालमा कृषिका सम्पूर्ण कार्यहरू समन्वयात्मक रूपमा लानको लागि पशु विकास तथा पशु स्वास्थ्य विभागलाई पुनः कृषि विभागमा गाभिएको थियो।

पशुपालन व्यवसायको बढ्दो माग पूरा गर्न पशु सेवामा आएको कमीलाई महसुस गरी वि.सं. २०३६ मा पुनः पशु विकास तथा पशु स्वास्थ्य विभाग (पछि पशु सेवा विभागको नाममा) पुनर्गठन गरियो। त्यसपछि क्रमिक रूपमा ७५ वटै जिल्लाहरूमा पशु सेवा कार्यलयहरू, ग्रामीणस्तरमा सेवा केन्द्रहरू, प्रयोगशाला तथा फार्महरूको सुदृढिकरण र केही नयाँ फार्महरू स्थापना भए। वि.सं. २०४९ सालमा पुनः कृषि क्षेत्रका सबै सेवात्मक निकायहरूलाई समेटी कृषि विकास विभागको गठन भयो। तत्पश्चात व्यवस्थापन पक्षमा जटिलता र सेवामा शिथिलता आएको महसुस गरी पुनः २०५२ साल श्रावण १ गते पशु सेवा विभागको गठन भयो। यस विभागको वेबसाईट www.dls.gov.np र इमेल ठेगाना dg@dls.gov.np रहेको छ।

### उद्देश्य

पशुपालन व्यवसायलाई विविधीकरण, व्यावसायिकरण, आयमूलक तथा सम्मानित पेशाको रूपमा विकास गरी राष्ट्रिय उत्पादनमा योगदान पुर्याउने पशु सेवा विभागको प्रमुख उद्देश्य हो भने अन्य उद्देश्यहरू निम्न प्रकारका छन्।

- पशुजन्य पदार्थको उत्पादन तथा उत्पादकत्वमा वृद्धि ल्याउने र यसको सन्तुलित सेवनबाट कुपोषणको समस्या हटाउँदै लाने।
- ग्रामीण अर्थतन्त्रलाई टेवा पुर्याउन र क्षेत्रीय सन्तुलन कायम गर्न पशुपालन व्यवसायलाई विशेष ध्यान दिने।
- पशुपन्छीपालनबाट गरिब तथा सामाजिक दृष्टिकोणबाट पिछडिएका वर्ग र महिला वर्गको आर्थिक तथा सामाजिक स्थितिमा सुधार ल्याउन विशेष योगदान पुर्याउने।
- उन्नत पशुपालन पेशालाई कृषक परिवारको प्रमुख आयस्रोतको रूपमा विकास गरी वातावरण संरक्षण तथा सन्तुलन कायम गर्न सहयोग पुर्याउने।
- देशको पशुधनको सुरक्षा र जनस्वास्थ्य संरक्षणमा योगदान पुर्याउन विशेष पशु रोगहरूको नियन्त्रण
- सेवामा विस्तार गर्ने।
- आयात प्रतिस्थापन तथा निर्यातमूलक पशुपन्छी उत्पादनबाट उद्योगलाई कच्चा पदार्थ उपलब्ध गराई सहयोग पुर्याउने।
- व्यावसायिक पशुपन्छीपालन, त्यसको स्रोत विकास तथा संरक्षण सेवा तथा बजार व्यवस्थापनमा निजी क्षेत्रलाई संलग्न गराउने।
- पशुपन्छी उत्पादन क्षेत्र र सम्बन्धित उद्योग र व्यापारलाई प्रोत्साहन दिई स्वरोजगारको अवसरमा वृद्धि ल्याउने।
- पशुपन्छी उद्योग व्यवसायसँग सम्बन्धित सामग्रीहरूको गुणस्तर निर्धारण तथा नियन्त्रण सेवामा विस्तार गर्ने।

### १.८.४ परिषद्

### क) नेपाल कृषि अनुसन्धान परिषद्

यस मन्त्रालयको संरचनाभित्र रहेको यो निकायको स्थापना नेपाल कृषि अनुसन्धान परिषद् ऐन, २०४८ अन्तर्गत एक स्वायत्त संस्थाको रूपमा भएको हो। यसले कृषि अनुसन्धानमा महत्वपूर्ण स्थान रहेको प्रविधि विकास, प्रविधि प्रसार र प्रविधि उपयोगको लागि प्राविधिक सेवालाई एक अर्कासँग समन्वयात्मक रूपमा परिचालन गरी प्रविधि विकास अन्तर्गत विकसित प्रविधि प्रमाणित गर्ने, परीक्षण गर्ने र प्रमाणिकरणबाट प्राप्त नतिजाहरूको आधारमा स्थानीय आवश्यकता अनुरूप बाह्य अनुसन्धान कार्यक्रम सञ्चालन गर्दै आएको छ। प्रविधि सेवा अन्तर्गत कृषि प्रसारको क्रममा कृषकहरूलाई आवश्यक पर्ने रोग, कीरा, माटोसँग सम्बन्धी समस्याहरूको पहिचान र विश्लेषण गरी बाली संरक्षण सेवा दिने, तालिम दिने, प्रजनन् बीउ, मूल बीउ, बेर्ना र बिरूवा उत्पादन गर्ने, गुणस्तर निर्धारण गर्ने जस्ता कार्यक्रमहरू सञ्चालन हुँदै आएका छन्। कृषि उत्पादन वृद्धिको लागि उन्नत प्रविधि (उन्नत बीउ, बेर्ना र बिरूवा, उन्नत पशुपन्छी, माछा, आदि) को प्रयोगको सम्बन्धमा अध्ययन र अनुसन्धान गरी कृषकहरूको लागि उपयुक्त जातको स्रोत र उपयोगको लागि प्रविधि प्याकेज तयार गर्ने कार्य नेपाल कृषि अनुसन्धान परिषद्ले गर्दै आएको छ। यस परिषद्को वेबसाईट www.narc.gov.np र इमेल ठेगाना ednarc@ntc.net.np रहेको छ।

परिषद् अन्तर्गत अनुसन्धान कार्यक्रमहरू सञ्चालन गर्न एउटा मुख्य कार्यालय, ३ वटा बाली, बागवानी, पशु तथा मत्स्यसँग सम्बन्धी अनुसन्धान प्रतिष्ठिानहरू, ६ वटा प्रादेशकि कृषि अनुसन्धान निर्देशनालयहरू, २० वटा बाली वस्तु अनुसन्धान कार्यक्रमहरू, २० वटा राष्ट्रिय अनुसन्धान केन्द्रहरू र १३ वटा अनुसन्धान केन्द्रहरू रहेका छन्।

**उद्देश्य**

- कृषि सम्बन्धी विविध पक्षमा अध्ययन तथा अनुसन्धान गर्ने र गराउने।
- कृषि उत्पादकत्व एवम् गुणस्तर बढाउनको लागि कृषि क्षेत्रका समस्याहरू निराकरण गर्न उपायहरू पत्ता लगाउन आवश्यक प्रविधि, ज्ञान तथा सीपहरूको खोजपूर्ण अध्ययन गर्ने।
- राष्ट्रिय कृषि नीति तर्जुमाको लागि नेपाल सरकारलाई आवश्यक सहयोग पुर्याउने।
- कृषि योजना तर्जुमा, कार्यान्वयन, सुपरिवेक्षण, मूल्याङ्कन तथा अनुगमन पद्धतिलाई सबल बनाउने।

**कार्यनीति**

- अध्ययन, अनुसन्धानका प्राथमिकताहरू तोक्ने।
- प्रविधि विकासमा कृषक सहभागिताको अवधारणा राख्ने।
- प्रविधि विकास कार्यमा वातावरणीय पक्षलाई दृष्टिगत गर्ने।
- कृषि विविधीकरणका लागि मुलुकमा विद्यमान विविध कृषि परिस्थितिकीय प्रणालीको यथासम्भव सदुपयोग गर्ने।
- अनुसन्धान एवम् प्रविधि विकासको लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ र संस्था तथा व्यक्तिहरूसँग समन्वय एवम् सम्पर्क स्थापित गर्ने।
- विकास गरिने प्रविधिको गुणस्तर बढाउने।
- अनुसन्धान कार्य एवम् नतिजाहरूको अभिलेख राख्ने।
- विभिन्न सञ्चार माध्यमहरूबाट विकसित प्रविधिहरूको प्रचार प्रसार गर्ने।

**कार्य क्षेत्र तथा कार्यक्रम**

परिषद्को सङ्गठन अनुसारका निकायहरूमार्फत वा परिषद् बाहिरका संस्थाहरूलाई सहभागी गराई परिषद्ले निम्नलिखित क्षेत्रमा अनुसन्धान कार्यक्रमहरू सञ्चालन गरी प्रविधि विकास गर्ने प्रयास गरिरहेको छ।

- खाद्यान्न तथा नगदेबाली
- वागवानी
- पशुपालन तथा पशु स्वास्थ्य
- मत्स्यपालन
- चरन तथा घाँसेबाली
- एग्रो फरेष्ट्रि र फार्म फरेष्ट्रि
- कृषि इन्जिनियरिङ
- माटो तथा सिँचाइ व्यवस्थापन

## ख) नेपाल पशु चिकित्सा परिषद्

पशु चिकित्सा व्यवसायलाई प्रभावकारी बनाई व्यवस्थित गराउन, वैज्ञानिक ढङ्गले परिचालन गर्न तथा पशु चिकित्सकहरूको योग्यता अनुसार नाम दर्ता गर्ने समेतको व्यवस्था गर्न नेपाल पशु चिकित्सा परिषद् ऐन, २०५५ बमोजिम एक अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र सङ्गठित संस्थाको रूपमा वि.सं. २०५६ सालमा यो परिषद्को स्थापना भएको हो। परिषद्मा नेपाल सरकारबाट मनोनित एक जना अध्यक्ष र २ जना सदस्य, दर्तावाला पशु चिकित्सकहरू मध्येबाट निर्वाचित २ जना उपाध्यक्ष एवम् ५ जना सदस्य र नेपाल भेटेरिनरी एशोसिएसनका अध्यक्ष समेत जम्मा ११ जना दर्तावाला पशु चिकित्सकहरू पदाधिकारी रहने गरी परिषद्को गठन गरिएको छ। परिषद्को प्रशासनिक प्रमुखको रूपमा नेपाल सरकारबाट “क” श्रेणीको दर्तावाला पशु चिकित्सकलाई रजिष्ट्रारको पदमा नियुक्त गर्ने प्रावधान रहेको छ।

नेपाल पशु चिकित्सा परिषद् स्थापना भएदेखि हालसम्म पाँच पटक परिषद्को पुनर्गठन भई सकेको छ। नेपाल सरकारले विगतका कतिपय अवस्थामा मनोनित अध्यक्ष तथा सदस्यहरूलाई अर्को व्यवस्था नभएसम्मको लागि मनोनयन गर्ने र पदाधिकारीहरूको चार वर्षको अवधि नपुग्दै हेरफेर गर्ने गरेको छ। यस परिषद्को वेबसाईट www.vcn.gov.np र इमेल ठेगाना info@vcn.gov.np रहेको छ।

**परिषद्को मुख्य मुख्य काम, कर्तव्य र अधिकार**

- पशु चिकित्सा व्यवसाय सुचारू रूपबाट सञ्चालन गर्नका लागि आवश्यक नीति, योजना तथा कार्यक्रमहरू तयार गरी त्यसको कार्यान्वयन गर्ने।
- पशु स्वास्थ्य सेवा र तत्सम्बन्धी प्रणालीलाई सुव्यवस्थित, स्तरीय, मर्यादापूर्ण र प्रभावकारी बनाउन आवश्यक नीति कार्य योजना तथा कार्यक्रमहरू तर्जुमा गरी कार्यान्वयनको लागि नेपाल सरकार समक्ष पेश गर्ने।
- पशु औषधी, जैविक पदार्थ, पशुको दाना, चल्ला तथा पशु उत्पादन सामग्रीलाई गुणस्तरयुक्त बनाउन आवश्यक पर्ने मापदण्ड तयार गर्न नेपाल सरकारलाई सुझाव दिने।
- पशु चिकित्सकहरूको योग्यता निर्धारण गर्ने र त्यसरी निर्धारित योग्यता पूरा गरेका पशु चिकित्सकहरूको नाम दर्ता गरी अद्यावधिक अभिलेख राख्ने।
- दर्तावाला पशु चिकित्सकहरूले पालना गर्नु पर्ने आचार संहिता तयार गरी लागु गर्ने।
- पशु चिकित्सा शिक्षा दिने शिक्षण संस्था र त्यस्ता संस्थाहरूले प्रदान गरेका प्रमाणपत्र तथा उपाधिहरूलाई तोकिए बमोजिम मान्यता दिने।
- पशु चिकित्सा र पशु स्वास्थ्यसँग सम्बन्धी विषयमा नेपाल सरकारलाई आवश्यक परामर्श दिने।
- पशु औषधीको खोज वा आविस्कार गर्ने कार्यमा प्रयत्नशील रहने।
- अन्तर्राष्ट्रिय क्षेत्रमा हासिल गरिएका पशु चिकित्सासँग सम्बन्धी अनुसन्धान वा अनुभवहरूको आदान प्रदान गरी नेपालको लागि उपयुक्त हुने कुराहरू लागु गर्न नेपाल सरकार समक्ष सिफारिस गर्ने।
- दर्तावाला पशु चिकित्सकले आचार संहिताको पालना नगरेमा तोकिए बमोजिमको कार्यविधि पूरा गरी त्यस्तो पशु चिकित्सकको नाम परिषद्बाट हटाउने।
- परिषद्को उद्देश्य प्राप्तिको लागि आवश्यक पर्ने अन्य कार्यहरू गर्ने।

## ग) पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी परिषद्

नेपालको पशु स्वास्थ्य तथा पशु सेवाको क्षेत्रमा कार्यरत आधारभूत तहका प्राविधिक जनशक्तिदेखि विषय विज्ञसम्मका जनशक्तिलाई दर्ता र नियमन गर्ने प्रमुख उद्देश्यका साथ सङ्घीय संसदबाट पारित ऐन २०७९ साल आश्विन २३ गते सम्माननीय राष्ट्रपतिज्यूबाट प्रमाणिकरण भई पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी परिषद् ऐन जारी भएको छ। यसै ऐन अन्तर्गत रहेर यो परिषद्को गठन भएको हो। पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी परिषद् ऐन, २०७९ को परिच्छेद २ को दफा (३) ले दिएको अधिकार बमोजिम सोही ऐनको दफा (५) को उपदफा (६) बमोजिम यस परिषद्को समिति गठन नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०८० साल कार्तिक १६ गतेको निर्णयानुसार भई समितिले आफ्ना गतिविधिहरू सञ्चालन गरिरहेको छ। यस परिषद्मा नेपाल पशु चिकित्सा परिषद्मा दर्ता भएका र हुन योग्य जनशक्ति बाहेकका पशु विज्ञान, मत्स्य विज्ञान र दुग्ध विज्ञान क्षेत्रका ग्रामीण पशु स्वास्थ्य कार्यकर्तादेखि उच्च तहका विषय विशेषज्ञसम्मका सम्पूर्ण प्राविधिक जनशक्तिलाई दर्ता र नियमन गरिने व्यवस्था ऐनमा उल्लेख गरिएको छ। यस ऐनको परिधिभित्र रहेर प्रदेश कानुन वनाउने र सो कानुनले तोकेको निकायले समेत प्रदेशस्तरमा जनशक्ति दर्ता हुने प्रावधान ऐनमा राखिएको छ। प्रदेश कानुन नबनेसम्म त्यसले गर्ने सम्पूर्ण काम पनि यसै परिषद्ले गर्नु पर्ने व्यवस्था ऐनमा उल्लेख गरिएको छ। परिषद्मा दर्ता नभई पशु स्वास्थ्य तथा पशु सेवाका कुनै पनि व्यवसाय गर्न नपाइने र दर्ता नभई उक्त व्यवसाय गरेमा दण्डनीय हुने व्यवस्था ऐनमा स्पष्ट उल्लेख गरिएको छ। परिषद्मा अध्यक्ष, उपाध्यक्ष, रजिष्ट्रार र अन्य सदस्य गरी १९ जनाको कार्य समिति रहने व्यवस्था गरिएको छ। यस परिषद्को कार्यालय भेटेरिनरी कम्प्लेक्स त्रिपुरेश्वर काठमाडौंमा रहेको छ।

### उद्देश्य

पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायीहरूको सेवा र व्यवसायलाई व्यवस्थित, गुणस्तरीय एवम् मर्यादित ढङ्गले परिचालन गरी प्रभावकारी पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायको विकास गर्न ग्रामीण पशु स्वास्थ्य कार्यकर्ता र पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायीहरूको दर्ता र नियमन गर्ने मूल उद्देश्यको साथ यो परिषद्को स्थापना भएको हो।

### परिषद्का प्रमुख कामहरू

- पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायीहरूको योग्यता निर्धारण गर्ने।
- पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायीहरूको नाम दर्ता गराउनु अघि परीक्षा लिन सक्ने।
- पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी र ग्रामीण पशु स्वास्थ्य कार्यकर्ताको दर्ता र नियमन गर्ने।
- पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायीहरूको राष्ट्रियस्तरको मापदण्ड तयार गरी मन्त्रालयबाट स्वीकृत गराई लागु गर्ने।
- पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायीहरूको राष्ट्रियस्तरको आचारसंहिताको पालना गरे नगरेको सम्बन्धमा निरीक्षण, सुपरिवेक्षण र अनुगमन गर्ने।
- आचारसंहिता पालना नगर्नेको दर्ता खारेजी गर्ने।
- पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायसँग सम्बन्धी शिक्षण संस्थाको शर्त र मापदण्ड तोक्ने।

- पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायीहरूको निरन्तर शिक्षाको व्यवस्थापन गर्ने।
- परिषद्को उद्देश्य प्राप्तिका लागि आवश्यक पर्ने अन्य कार्य गर्ने।

## १.८.५ बोर्ड

### क) राष्ट्रिय चिया तथा कफी विकास बोर्ड

राष्ट्रियस्तरमा चिया तथा कफी खेती र प्रशोधन गर्ने कार्यमा सामञ्जस्यता ल्याउन, आधुनिक प्रविधिको प्रयोगद्वारा उच्च गुणस्तरको चिया तथा कफी उत्पादन गर्ने र बजार व्यवस्थापन तथा निकासी पैठारी गर्नको लागि एक ठोस नीति निर्माण गरी देशमा भएका चिया तथा कफी उद्योगको विकास सम्बन्धी योजनाहरूको तर्जुमा गरी निजी तथा सरकारी क्षेत्रमा सञ्चालित चिया तथा कफी उद्योगलाई सुव्यवस्थित, प्रभावकारी एवम् सबल बनाउन राष्ट्रिय चिया तथा कफी विकास बोर्ड ऐन, २०४९ अन्तर्गत वि.सं. २०५० सालमा राष्ट्रिय चिया तथा कफी विकास बोर्डको स्थापना भएको हो।

यस बोर्डले चिया तथा कफीको खेती र प्रशोधन गर्ने कार्यमा सामन्जस्यता ल्याउने, आधुनिक प्रविधिको प्रयोगद्वारा उच्च गुणस्तरको चिया तथा कफी उत्पादन गर्ने र बजार व्यवस्थापन तथा निकासी पैठारी गर्नको लागि ठोस नीति निर्माण गरी देशमा भएका चिया तथा कफी उद्योगको योजनावद्ध रूपमा विकास गर्ने मूल नीति लिएको छ। यस बोर्डको वेबसाईट https://teacoffee.gov.np र इमेल ठेगाना info@teacoffee.gov.np रहेको छ।

**उद्देश्य**

- चिया तथा कफी उद्योगको विकासको लागि उत्पादन प्रशोधन, बजार व्यवस्थापन तथा निकासी पैठारी सम्बन्धी नीति तर्जुमा गरी कार्यान्वयन गर्ने र गराउने।
- चिया तथा कफी खेतीमा देखा परेका समस्या समाधानका उपायहरू पत्ता लगाउने।
- चिया तथा कफी उद्योगको विकासको लागि चिया तथा कफीको उत्पादन र प्रशोधनका लागि आवश्यक पर्ने सामग्रीहरूको आपूर्तिको व्यवस्था गर्ने र गराउने।
- चिया तथा कफी उद्योगको विकासको लागि तालिम तथा अनुसन्धान केन्द्र स्थापना गरी चिया तथा कफी उद्योगमा कार्यरत व्यक्ति वा संस्थाहरूलाई आधुनिक प्राविधिक ज्ञान, प्रशिक्षण र प्राविधिक सहयोग उपलब्ध गराउने।
- चिया तथा कफी उद्योगको विकासको लागि अध्ययन अनुसन्धान गर्ने र गराउने।
- चिया तथा कफी उद्योगको क्षेत्रमा कार्यरत संस्थाहरूसँग समन्वय गर्ने।
- चिया तथा कफी उद्योगलाई सहयोग पुर्‍याउने।

**कार्य क्षेत्र**

- नेपालमा चिया तथा कफी खेतीको विस्तार तथा विकास गराउन चिया तथा कफी उद्योगको स्थापना, सुधार, प्रवर्द्धन तथा संरक्षण गर्न आवश्यक नीति तर्जुमा गरी कार्यान्वयन गर्ने र गराउने।
- चिया तथा कफी खेतीको विकास र विस्तारको लागि आवश्यक पर्ने प्राविधिक एवम् वित्तीय आधारहरू तयार पारी सोही अनुसार कार्यान्वयन गर्ने र गराउने।
- चिया तथा कफीको मूल्य सम्बन्धमा नेपाल सरकारलाई परामर्श दिने।

- चिया तथा कफी खेती गर्ने साना कृषकहरूलाई आवश्यक पर्ने ऋण, बीउ बेर्ना, रासायनिक मल, कीटनासक विषादी, औजार, इन्धन, प्राविधिक सेवा आदिको आपूर्तिको व्यवस्था गर्ने र गराउने।
- चिया तथा कफी लगाउन उपयुक्त ऐलानी सरकारी जग्गाहरू नेपाल सरकारबाट प्राप्त गरी चिया तथा कफी लगाउन लिज वा किस्ताबन्दीमा दिई चिया तथा कफी खेती गर्न लगाउने।
- बजार व्यवस्थालाई विकास गर्न समय समयमा बजार सर्भेक्षण गरी उपभोक्ताले रूचाउने खालको चिया तथा कफीको ग्रेड र किसिम आदिको यकिन गर्ने र चिया तथा कफीको गुणस्तर निर्धारण गर्ने र गराउने।
- अन्तर्राष्ट्रिय बजारमा चिया तथा कफीको माग सम्बन्धमा निर्यातकर्ताहरूलाई जानकारी गराउने।
- चिया तथा कफी उद्योगसँग सम्बन्धी व्यवस्थापन र मजदुरबीच समझदारी विकास गर्न आवश्यक कार्य गर्ने।
- चिया तथा कफी उद्योगहरूको दर्ता लगत राख्ने।
- नेपाल सरकारको स्वीकृति लिई चिया तथा कफीमा सेवा शुल्क लगाउने।

### ख) राष्ट्रिय दुग्ध विकास बोर्ड

सातौं पञ्चवर्षिय योजनाले दुग्ध क्षेत्रको विकास गर्न दश वर्षे दुग्ध विकास योजना अन्तर्गत राष्ट्रिय दुग्ध विकास बोर्डको आवश्यकता महसुस गरी सोही अनुसार वि.सं. २०४९ मा बोर्ड ऐन, २०४८ अनुसार बोर्डको स्थापना भएको हो। यस बोर्डको वेबसाईट https://nddb.gov.np र इमेल ठेगाना nddbnepal@gmail.com रहेको छ।

**लक्ष्य**

- दुग्ध क्षेत्रको विकास तथा प्रवर्द्धनको लागि नेपाल सरकारलाई नीति निर्माण गर्न सुझाव दिनु नै बोर्डको प्रमुख लक्ष्य रहेको छ।

**उद्देश्य**

- राष्ट्रियस्तरमा दुग्ध व्यवसाय सम्बन्धी नीति निर्माण र सो सम्बन्धी विकास योजना तर्जुमाको लागि नेपाल सरकारलाई आवश्यक सहयोग पुर्याउने।
- दुग्ध उद्योगको विकास गर्ने गराउने।
- दुग्ध विकासको लागि पशु विकास र पशु स्वास्थ्य क्षेत्रमा देखापरेका समस्याहरूको निराकरणका उपायहरू पत्ता लगाउने।
- देशभित्रका सम्पूर्ण निजी र सरकारी क्षेत्रका दुग्ध व्यवसायीहरूबीच सामञ्जस्यता स्थापना गर्ने गराउने।
- दुग्ध विकास सम्बन्धी उच्चस्तरीय अध्ययन तथा अनुसन्धान गर्ने गराउने।
- पशु चरनको प्रवर्द्धन गर्ने।

## १.८.६ कम्पनीहरू

### क) कृषि सामग्री कम्पनी लिमिटेड

कृषि सामग्री कम्पनी लिमिटेडको इतिहास लामो छ। नेपालमा सन् १९५० को दशकदेखि रासायनिक मलखादको प्रयोगको सुरूवात भएको देखिन्छ। सुरूको अवस्थामा केही निजी व्यापारीहरूले भारत

र तत्कालीन सोभियत संघबाट एमोनियम सल्फेट मल आयात गरी बिक्री वितरण गरेको पाइन्छ। विभिन्न प्रकारका रासायनिक मलखाद, बीउबिजनको खरिद र आयात गरी कृषकहरूलाई सहज र सर्वसुलभ तरिकाले बिक्री वितरण गर्ने उद्देश्य अनुरूप वि.सं. २०२२ सालमा कृषि सप्लाई संस्थानको नाममा यसको स्थापना भएपछि नेपालमा व्यवस्थित रूपमा मलखादको कारोवार सुरू भई क्रमशः मलखादको खपत एवम् माग बढ्दै गएको देखिन्छ। पछि वि.सं. २०२९ सालमा कृषि खरिद बिक्री संस्थानको नाममा र त्यसपछि वि.सं. २०३१ सालदेखि कृषि सामग्री संस्थानको नाममा यसले उपरोक्त क्रियाकलापहरू सञ्चालन गर्दै आएको पाइन्छ।

देशमा कृषि उत्पादन वृद्धिको लक्ष्य हासिल गर्न मलखादको प्रयोगप्रति कृषकलाई आकर्षित गर्न तथा अन्तर्राष्ट्रिय बजारमा भएको मलखादको मूल्य वृद्धिबाट कृषकहरूलाई राहत दिन आ.व. २०३०/३१ देखि मलखादमा अनुदान दिने नीति सरकारले अवलम्बन गर्यो मलखादको मूल्यमा भएको निरन्तर वृद्धि र बढ्दो आन्तरिक खपत एवम् मागको कारण वर्षेनी ठूलो रकम अनुदानमा खर्चिनु पर्ने भएकोले पछिल्लो समयमा सरकारले आवश्यक मात्रामा अनुदान रकम विनियोजन गर्न असमर्थ भई कृषि सामग्री संस्थानलाई सरकारले तिर्नु पर्ने अनुदान खर्चको भार वर्षेनी बढ्दै जानथालेपछि आ.व. २०५४/५५ बाट चरणबद्ध रूपमा अनुदानको व्यवस्था हटाउन सुरू गरी आ.व. २०५६/५७ देखि पूरै हटाइयो। यसै समयदेखि निजी क्षेत्रलाई समेत रासायनिक मलखादको कारोबारमा सहभागिता गराउन र संस्थानलाई निजी क्षेत्रसँग प्रतिस्पर्धी बनाउन नेपाल सरकारले अवलम्बन गरेको खुला बजार नीति अनुरूप मलखादको कारोबारमा रहँदै आएको कृषि सामग्री संस्थानको एकाधिकार अन्त्य गर्दै यसको संरचना सुधार गरी बीउबिजन र मलखादको कारोबारलाई दुई छुट्टाछुट्टै संस्थाबाट सञ्चालन गर्ने नीति लिए अनुरूप नेपाल सरकार (मन्त्रीपरिषद्) को मिति २०५९/०१/१९ गतेको निर्णयनुसार साविकमा कृषि सामग्री संस्थानले गरी आएको मलखादको कारोबारलाई निरन्तरता दिने गरी कम्पनी ऐन, २०५३ अन्तर्गत २०५९ साल बैशाख २५ गते कृषि सामग्री कम्पनी लिमिटेडको स्थापना भएको थियो।

त्यसै गरी कृषि सामग्री संस्थानले गर्दै आएको बीउबिजन सम्बन्धी कारोबारमा निजी क्षेत्रलाई समेत सहभागिता गराउने र संस्थानलाई निजी क्षेत्रसँग प्रतिस्पर्धी बनाउन नेपाल सरकारको मिति (मन्त्रीपिरषद्) २०५९/०१/१९ गतेको निर्णयानुसार बीउबिजनको कारोबारलाई निरन्तरता दिने गरी र कृषि उत्पादन वृद्धिको लागि आवश्यक पर्ने गुणस्तरयुक्त बीउबिजन आपूर्तिको लागि कम्पनी ऐन, २०५३ अन्तर्गत २०५९ साल बैशाख २५ गते राष्ट्रिय बीउबिजन कम्पनी लिमिटेडको स्थापना भएको थियो। यसरी कायम रहेका दुई छुट्टाछुटै कम्पनीलाई नेपाल सरकारको मिति (मन्त्रीपरिषद्) २०७५/०५/३१ को निर्णयबाट साविक कृषि सामग्री कम्पनी लिमिटेड र राष्ट्रिय बीउबिजन कम्पनी लिमिटेडलाई मर्ज गरी कृषि सामग्री कम्पनी लिमिटेड कायम गरिएको छ। यस कम्पनीको वेबसाईट https://kscl.gov.np र इमेल ठेगाना aicl.nepal@gmail.com रहेको छ। हाल कायम रहेको कृषि सामग्री कम्पनी लिमिटेडको बीउबिजन तथा रासायनिक मलखाद दुवै हेर्ने गरी तपसिल बमोजिमको उद्देश्य रहेको छ।

- राष्ट्रिय आवश्यकतानुसार विभिन्न प्रकारका रासायनिक मल, जैविक मल, कृषि चुन, प्राङ्गारिक मल र सुक्ष्म तत्व मलहरूको उत्पादन, खरिद, आयात, बिक्री वितरण तथा विभिन्न बालीका बीउबिजनको उत्पादन, खरिद, प्रशोधन, सञ्चय र आयात निर्यात तथा बिक्री वितरण गर्ने।

- रासायनिक मल उत्पादनको लागि आवश्यक कच्चा पदार्थ आयात गरी प्रशोधन, उत्पादन तथा मिश्रण (Blending) गरी बिक्री वितरण, आयात र निर्यात गर्ने,
- कृषि उत्पादनको लागि आवश्यक पर्ने मूल बीउ लगायत खाद्यान्न, तरकारी तथा अन्य बालीका उन्नत बीउको उत्पादन, खरिद, प्रशोधन, सञ्चय, बिक्री वितरण कार्य गर्ने एवम् आवश्यकतानुसार तालिम एवम् परामर्श सेवा सम्बन्धी कार्यहरू गर्ने,
- नेपाल कृषि अनुसन्धान परिषद्सँगको समन्वयमा समय सापेक्ष प्रजनन् बीउ (Breeder seed) उत्पादन गर्ने,
- निजी क्षेत्रका बीउ उत्पादक कम्पनीहरूलाई कम्पनीको आफ्नो ब्राण्डको नाममा उन्नत बीउ उत्पादन तथा बिक्री गर्न स्रोत बीउको रूपमा थोक बिक्री गर्ने,
- कृषि क्षेत्रको लागि आवश्यक पर्ने कीटनासक तथा रोगनासक कृषि रासायनिक (विषादी) र कृषि औजारहरूको कारोवार गर्ने,
- नेपाल सरकार दातृराष्ट्र एवम् राष्ट्रिय अन्तर्राष्ट्रिय संघ संस्थाबाट उपलब्ध हुने सहायता अन्तर्गतका रासायनिक मल एवम् उन्नत बीउको सञ्चित मौज्दात (Buffer Stock) को व्यवस्था एवम् परिचालन गरी रासायनिक मल तथा उन्नत बीउको आपूर्ति र बिक्री वितरणमा सुनिश्चितता ल्याउने,
- कम्पनीलाई आयआर्जन हुने औद्योगिक, व्यापारिक एवम् सेवामूलक कारोवार सञ्चालन गर्ने-गराउने।

## १.८.७ समितिहरू

### क) कपास विकास समिति

सुनियोजित ढङ्गले कपास खेतीको विकास तथा विस्तार गर्ने उद्देश्यले विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी तत्कालीन नेपाल सरकारले कपास विकास समिति (गठन) आदेश, २०३७ जारी गरी वि.सं. २०३७ साल पौष १ गते यस समितिको स्थापना गरिएको हो। समितिले नेपाल सरकारको स्वीकृति लिई आवश्यकतानुसार कर्मचारी सेवा शर्त नियमावली र आर्थिक कार्यविधि नियमावली (पहिलो संशोधन), २०६५ बनाई कार्य सञ्चालन गर्दै आएको छ। वि.सं. २०४४ देखि यस मन्त्रालय अन्तर्गत रहेको कपास विकास समितिले कपास खेतीको विकास र विस्तार गर्ने नीति अनुरूप कार्य गर्दै आएको छ। आधुनिक ढङ्गबाट कपास खेतीको विकास र विस्तार गर्ने क्रममा नेपालको तराइ र भित्री मधेशका फाँटमा कृषकहरूलाई कपास खेतीतर्फ उन्मुख गराई स्वदेशमा स्थापित कपडा र धागो उद्योगहरूलाई कच्चा पदार्थ उपलब्ध गराउने एवम् कपास खेती सम्बन्धी अध्ययन र अनुसन्धान गरी परीक्षण कार्य गराउने यस समितिको प्रमुख लक्ष्य रहेको छ।

**उद्देश्य**

- देशमा स्थापित कपडा तथा धागो उद्योगलाई चाहिने कच्चा पदार्थ उत्पादन गर्ने।
- कपासको आयात घटाउन सहयोग गर्ने।
- विशेष गरी साना कृषकहरूको आयस्तरमा वृद्धि गर्ने।
- ग्रामीण रोजगारी बढाउने।
- परियोजना क्षेत्रमा थप रोजगारी अवसर सिर्जना गर्ने।

**कार्य क्षेत्र**

- कपास खेतीप्रति कृषकहरूलाई आकर्षित गरी धागो तथा कपडा उद्योगहरूलाई आवश्यक पर्ने कच्चा पदार्थ उपलब्ध गराउने।
- कपास सम्बन्धी अनुसन्धान तथा शेयर फार्मिङ्ग कार्यक्रमलाई सक्षम र सुदृढ पार्ने।

## ख) कालिमाटी फलफूल तथा तरकारी बजार विकास समिति

**परिचय र विकास क्रम**

काठमाडौं उपत्यका तथा अन्य क्षेत्रको तरकारी तथा फलफूलहरूको बेचविखन गर्ने थलोको रूपमा रहँदै आएको कालीमाटी बजार वि.सं. २०४३ आश्विन १५ गतेदेखि तत्कालीन खाद्य तथा कृषि बजार सेवा विभाग अन्तर्गत सञ्चालनमा आएको थियो। बजार सञ्चालनको क्रममा बजार आगमन र कारोवारको स्थितिमा भएको विस्तार एवम् बजार प्रयोगकर्ताहरूको बढ्दो चापलाई मध्यनजर गरी नेपाल सरकार तथा संयुक्त राष्ट्र सङ्घीय पूँजी विकास कोष (UNCDF) बाट हालका अधिकाँश बजार संरचना निर्माण भएका हुन्। कालीमाटी बजारको निर्माण तथा व्यवस्थापनको लागि एउटा स्वायत्त निकायको आवश्यकता महसुस गरी नेपाल सरकारद्वारा विकास समिति ऐन, २०१३ अन्तर्गत वि.सं. २०५१ फागुन १ गते "कालीमाटी फलफूल तथा तरकारी थोक बजार विकास समिति (गठन) आदेश, २०५१" जारी गरिएको थियो। समितिको कार्य क्षेत्रलाई विस्तार गर्ने अभिप्रायले नेपाल सरकारले वि.सं. २०५८ चैत्र १९ गते सोही ऐन अन्तर्गत "कालीमाटी फलफूल तथा तरकारी बजार विकास समिति (गठन) आदेश, २०५८" जारी गरी सोही अनुसार सञ्चालनमा रहेको छ। नेपाल सरकारको निर्णय अनुसार सङ्घीय संरचना बमोजिम यस समितिलाई संघ अन्तर्गतको निकाय कायम गरिएको छ। नेपाल सरकारबाट निर्माण भएको कृषि उपज बजार, बालाजु २०६२ असार महिनादेखि समितिले सञ्चालन गर्दै आएको छ। समितिको स्वामित्वमा रहेको कीर्तिपुर नगरपालिका वडा नं. ६, चोभारमा करिब २२ रोपनी जग्गामा फलफूल तथा पुष्प बजार निर्माणाधीन अवस्थामा छ। यसै गरी, धादिङ नौबिसेस्थित आफ्नै स्वामित्वको करिब ४.५ रोपनी जग्गामा सङ्कलन केन्द्र स्थापना गर्ने सोच समितिले राखेको छ। यस समितिको वेवसाइट https://kalimatimarket.gov.np/ र इमेल ठेगाना kalimatimarket@gmail.com रहेको छ।

**समितिको संरचना**

"कालीमाटी फलफूल तथा तरकारी बजार विकास समिति (गठन) आदेश, २०५८" बमोजिम समितिमा देहायका पदाधिकारी रहने व्यवस्था छ।

- राजपत्राङ्कित प्रथम श्रेणीका अधिकृतहरू मध्येबाट नेपाल सरकारले तोकेको व्यक्ति - अध्यक्ष
- कृषि विभागले तोकेको अधिकारी - सदस्य
- वडा अध्यक्ष, कालीमाटी फलफूल तथा तरकारी बजार रहेको वडा, काठमाडौं महानगरपालिका - सदस्य
- नेपाल सरकारले मनोनयन गरेको कृषक प्रतिनिधि ३ जना - सदस्य

- कालीमाटी फलफूल तथा तरकारी बजारमा व्यवसाय गर्ने फलफूल तथा तरकारी व्यवसायीहरूले आफूहरू मध्येबाट निर्वाचन गरी पठाएका कम्तीमा एकजना महिला सहित ३ जना - सदस्य
- कालीमाटी फलफूल तथा तरकारी बजार विकास समिति स्वतन्त्र कर्मचारी युनियनको प्रतिनिधि - सदस्य
- कार्यकारी निर्देशक - सदस्य सचिव

**समितिको काम, कर्तव्य र अधिकार**

"कालीमाटी फलफूल तथा तरकारी बजार विकास समिति (गठन) आदेश, २०५८" बमोजिम समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेका छन्।

- बजारको भौतिक पूर्वाधारको व्यवस्था, संरक्षण, सुरक्षा, सञ्चालन र सम्भार गर्ने,
- समितिका तर्फबाट करार वा सम्झौताहरू गर्न, गराउन स्वीकृति प्रदान गर्ने,
- बिक्री स्थल, गोदाम, खानेपानी, बिजुली, टेलिफोन, शौचालय आदि सेवा सुविधा उपलब्ध गराउने,
- मिसावट भएका तथा अस्वस्थ्यकर कृषि वस्तु बजारमा बिक्री वितरण गर्न रोक्ने,
- कृषि वस्तुको ग्रेडिङ्गको स्तर निर्धारण गर्ने र ग्रेडिङ्ग तथा उपयुक्त प्याकिङ्ग भएको कृषि वस्तुहरूको खरिद बिक्रीलाई नियमित तथा प्रोत्साहित गर्ने,
- कृषि वस्तुको कारोबारमा बजार क्षेत्रभित्र उत्पन्न भएका समस्या तथा विवादको समाधान गर्ने,
- बजारभित्रको सेवा सुविधाहरूको शुल्क एवम् भाडा निर्धारण गर्ने र असूल गर्ने कार्यविधि स्वीकृत गर्ने,
- बजारको विकास तथा सम्वर्द्धनका लागि योजना तर्जुमा तथा बजेट स्वीकृत गर्ने,
- कृषि बजार सूचना प्रणाली स्थापना गर्ने,
- कृषि बजार स्थलको उपयोगको तरिका निर्धारण गर्ने,
- बजारमा हुने क्रियाकलापहरूको निरीक्षण तथा सुपरीवेक्षण गर्ने,
- कृषि वस्तुको खरिद बिक्री लिलाम पद्धतिबाट गराउन प्रोत्साहित गर्ने,
- आवश्यक कर्मचारीको नियुक्ति, पारिश्रमिक, र सेवा सुविधाको व्यवस्था गर्ने। व्यवसायी, कृषक तथा समितिका कर्मचारीहरूलाई तालिम दिने व्यवस्था गर्ने,
- आफ्नो कोषको रकमबाट जग्गा खरिद गर्ने, भवन निर्माण गर्ने, आवश्यक मेसिनरी खरिद गर्ने तथा भौतिक सुविधाहरू भाडामा दिने,
- बजार प्रवर्द्धन कार्यमा आफ्नो स्रोतबाट रकम लगानी गर्ने,
- कृषि बजार प्रवर्द्धन गर्ने कार्यको सिलसिलामा आफ्नै जमानीमा ऋण लिने,
- आफ्नो स्रोतबाट बजार सञ्चालन गर्ने उद्देश्यको लागि अन्य निकायबाट बजार संरचनाहरू भाडामा लिने वा खरिद गर्ने,
- सम्भाव्य क्षेत्रमा आवश्यकतानुसार बजारको स्थापना र सञ्चालन सम्बन्धी व्यवस्था मिलाउने,

- बजारभित्र बिक्री वितरण हुने कृषि वस्तुहरूको गुणस्तर प्रचलित कानुन बमोजिम भए नभएको सुपरीवेक्षण गर्ने,
- आवश्यकतानुसार कृषि बजार विशेषज्ञलाई सल्लाहकारको रूपमा करारमा नियुक्त गर्ने,
- बजार प्रवर्द्धन गर्ने सिलसिलामा फलफूल तथा तरकारी सङ्कलन केन्द्र, बजारको स्थापना वा नेपाल सरकार वा अन्य निकायबाट निर्मित वा सञ्चालित स-साना बजारहरूलाई सञ्चालन गर्ने अभिप्रायले आफ्नो कार्य क्षेत्र विस्तार गर्ने,
- आफ्ना मातहतमा सञ्चालन भएका विभिन्न इकाईहरूलाई आवश्यकता अनुसार एकीकृत गर्ने वा विभाजन गर्ने,
- कृषि वस्तुका खरिद बिक्रीसँग सम्बन्धी अन्य आवश्यक कार्य गर्ने।
- चन्द्रडाँगी बीउबिजन तथा दुग्ध विकास समिति तथा नेपाल उखु एवम् चिनी विकास समिति नेपाल सरकारको मन्त्रीपरिषद्को निर्णय बमोजिम आ.व. २०७६/७७ बाट खारेज भएको छ।

### १.८.८ राष्ट्रिय किसान आयोग

मुलुकको अर्थतन्त्रको मेरूदण्डको रूपमा रहेको कृषि क्षेत्रलाई आधुनिकीकरण, व्यावसायिकरण र विविधीकरण गरी किसानको हकहितको संरक्षण एवम् प्रवर्द्धन गर्न तथा कृषि सम्बन्धी ऐन, कानुन, नीति तथा योजना तर्जुमाको साथै कृषि अनुसन्धान र प्रसारलाई किसानमैत्री बनाई किसानहरूको हक हित र अधिकारको रक्षा गर्दै कृषि उत्पादनमा नेपाललाई आत्मनिर्भर बनाउनु वान्छनीय भएको तथा नेपाल सरकारबाट स्वीकृत कृषि विकास रणनीति (सन् २०१५-३५) ले परिलक्षित गरे बमोजिमका उद्देश्य एवम् अपेक्षित उपलब्धिहरू हासिल गर्न आवश्यक नीति, ऐन नियम, योजना तर्जुमा तथा नीतिगत पृष्ठपोषण गर्न नेपाल सरकारबाट मिति २०७३/१०/६ को निर्णय अनुसार जारी राष्ट्रिय किसान आयोग गठन कार्यकारी आदेश, २०७३ अनुसार "राष्ट्रिय किसान आयोग" गठन भएको छ। यस आयोगको वेवसाइट https://nfc.gov.np/ र इमेल ठेगाना nfcnepal2017@gmail.com रहेको छ।

### १.८.९ दुग्ध विकास संस्थान

नेपालमा सङ्गठित रूपमा दुग्ध व्यवसायको सुरूवात वि.सं. २००९ (ई.स. १९५३) सालमा सरकारद्वारा खाद्य तथा कृषि सङ्गठनको सहयोगमा रसुवाको लाङटाङमा याक चिज उत्पादन केन्द्रको स्थापनासँगै भएको हो। त्यसपछि काभ्रे जिल्लाको टुसालमा वि.सं. २०१० सालमा सानो प्रशोधन कारखाना स्थापना भएको थियो। देशमा सङ्गठित रूपमा दुग्ध व्यवसायलाई बढी प्रभावकारी बनाई ग्रामीण क्षेत्रका दुग्ध उत्पादक कृषकहरूबाट उत्पादित दूधको उचित मूल्यका साथ सुरक्षित बजार र शहरी क्षेत्रका उपभोक्ताहरूलाई उच्च गुणस्तरयुक्त प्रशोधित दूध तथा दुग्ध पदार्थहरू आपूर्ति गर्ने उद्देश्यका साथ कृषिमा आधारित प्रथम उद्योगको रूपमा २०२६ साल श्रावण १ गते दुग्ध विकास संस्थानको स्थापना भएको हो।

दुग्ध व्यवसायलाई आकर्षक बनाउन संस्थानले ग्रामीण क्षेत्रमा दूधको उत्पादन तथा उत्पादकत्व बढाउने, दूध तथा दुग्ध पदार्थहरूको उत्पादनलाई व्यावसायिक र प्रतिस्पर्धी बनाउँदै दूध सङ्कलन, ढुवानी व्यवस्था एवम् दुग्ध प्रशोधन उद्योगको विस्तार गर्ने, आन्तरिक बजारको सम्भाव्यताको आधारमा दुग्ध पदार्थहरूको विविधीकरण गरी आयात प्रतिस्थापन गर्ने, दूध तथा दुग्ध पदार्थहरूलाई निकासी योग्य वस्तुको

रूपमा विकास गर्न अन्तर्राष्ट्रिय मापदण्डहरू लागु गर्ने र दूध तथा दुग्ध पदार्थहरूको सुधार एवम् नियमन गरी सर्वसुलव रूपमा उपभोक्ताहरूलाई उपलब्ध गराई बढिभन्दा बढी कच्चा दूध खरिद गरी शहरदेखि ग्रामीणस्तरसम्म पूँजीको प्रवाह गरी ग्रामीण अर्थतन्त्रको विकास गर्ने नीति अवलम्बन गर्दै आइरहेको छ। यसको लागि संस्थानको २०२६ सालमै दुग्ध पदार्थ बिक्री वितरण आयोजना, २०३० सालमा काठमाडौं उपत्यका लगायत बाहिरका बिराटनगर, हेटौंडा. दुग्ध वितरण आयोजनाहरूको विस्तार गरेको पाइन्छ। त्यसै गरी संस्थानले वि.सं. २०३६ सालमा पोखरामा, २०४६ सालमा नेपालगञ्ज र लुम्बिनी दुग्ध वितरण आयोजनासँगै २०६५ मा जनकपुर र २०६६ मा धनगढी दुग्ध वितरण आयोजना स्थापना गरी संस्थानले कार्य क्षेत्र विकास गरेको छ।

**संस्थानको कार्यक्षेत्र**

| | |
|---|---|
| कोशी प्रदेश | बिराटनगर दुग्ध वितरण आयोजना। |
| मधेश प्रदेश | जनकपुर दुग्ध वितरण आयोजना। |
| बागमती प्रदेश | काठमाडौं दुग्ध वितरण आयोजना, दुग्ध पदार्थ बिक्री वितरण आयोजना लैनचौर तथा हेटौंडा, दुग्ध वितरण आयोजना तथा निजी, सहकारी र सरकारी लगानीको मोडलमा डिडिसिको ५९ प्रतिशत लगानीमा दोलखा दुग्ध उद्योग सञ्चालनमा रहेको छ। |
| लुम्बिनी प्रदेश | लुम्बिनी दुग्ध वितरण आयोजना, बुटवल तथा नेपालगञ्ज दुग्ध वितरण आयोजना, कोहलपुर। |
| सुदुरपश्चिम प्रदेश | धनगढी दुग्ध वितरण आयोजना, अत्तरिया। |

**दुग्ध व्यवसाय तथा ग्रामीण अर्थतन्त्रको प्रवर्द्धनमा संस्थानको उद्देश्य/भूमिका**

- दुग्ध उद्योगको विकास, कच्चा दूधको खरिद तथा प्रशोधित दूध तथा दुग्ध पदार्थको बजार बिक्री मूल्य उचित र स्थिर राख्न नेतृत्वकारी भूमिका खेल्ने।
- उच्च हिमाली भेगका चौरीपालक कृषकहरूबाट उत्पादित दूधको व्यावसायिक विकास गरी याक चिज उत्पादन केन्द्रहरूको सञ्चालन गर्ने।
- करिब १ लाख ८० हजार कृषक परिवारहरूको संलग्नतामा ९०० दुग्ध उत्पादक सहकारी संस्थाहरूमार्फत करिब दैनिक २ लाख लि. सम्म दूध खरिद गरी प्रति दिन करिब १ करोड रूपैयाँ ग्रामीण क्षेत्रमा प्रवाह गर्दै आएको छ।
- खपतभन्दा बढी स्थानीय सङ्कलित दूधलाई धुलो दूध कारखानाबाट धुलो दूध तथा मख्खन उत्पादन गरी मिल्क होलिडेको समस्या सामाधान र आयात प्रतिस्थापनमा भूमिका निर्वाह गर्ने।
- दुग्ध उद्योगको व्यावसायिक प्रवर्द्धन गर्न नयाँ प्राविधिको विकास र उत्पादन विविधीकरण तथा बजारीकरणमा निरन्तर प्रयास गर्ने।
- पशुपालक कृषकहरूलाई गुणस्तरीय पशु आहारा उत्पादन तथा बिक्री वितरण गर्ने।

## १.९ मुख्य आयोजनाहरू

### १. प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना (Prime Minister Agriculture Modernization Project -PMAMP)

### १.१ परिचय

स्वदेशी सोच, स्वेदेशी लगानी र आन्तरिक संस्थागत जनशक्तिबाट कृषि विकास रणनीति कार्यान्वयनको सहयोगी परियोजनाको रूपमा कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गर्ने स्पष्ट मार्ग चित्रका साथ कृषि उपजको उत्पादनका लागि आवश्यक प्रविधि तथा उत्पादन सामग्रीको व्यवस्था, बाली र वस्तु उत्पादनमा यान्त्रीकरण, प्रशोधन तथा बजारीकरणको लागि आवश्यक पूर्वाधारको व्यवस्था जस्ता क्रियाकलापमार्फत कृषि क्षेत्रको आधुनिकीकरणको परिकल्पना सहित प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना आ.व. २०७३/७४ बाट सञ्चालन भएको छ।

साना व्यावसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम (कम्तिमा १० हे.) व्यावसायिक कृषि उत्पादन केन्द्र (ब्लक) विकास कार्यक्रम (१०० हे.), व्यावसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्र जोन) विकास कार्यक्रम (५०० हे.) र वृहत व्यावसायिक कृषि उत्पादन तथा औद्योगिक केन्द्र (सुपरजोन १००० हे.) गरी ४ वटा सम्भागहरूमार्फत परियोजना सञ्चालनका लागि भूमिको वैज्ञानिक उपयोग, आधुनिक कृषि प्रविधिहरूको अवलम्बन, कृषिमा यान्त्रिकीकरण, कृषि उपजहरूको प्रशोधन तथा बजारीकरण पूर्वाधारहरूको विकास, कृषि अनुसन्धान-शिक्षा-प्रसार प्रणालीको सुदृढ समन्वय एवम् आधुनिकीकरण, प्रतिफलमा आधारित प्रोत्साहन प्रणालीको अवलम्बन, गुणस्तर नियन्त्रण तथा खाद्य स्वच्छता अभिवृद्धि तथा वातावरण परिवर्तन अनुकूलित कृषि प्रणाली अवलम्बन लगायतका रणनीतिहरू अवलम्बन गरिएको छ।

यो आयोजना नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७४/९/२६ को निर्णय बमोजिम कार्यान्वयनमा रहेको छ। कृषि तथा पशुपन्छी विकास मन्त्रालय कार्यान्वयन निकाय रहने गरी १० वर्षसम्म सञ्चालन हुने यस परियोजनाको कूल लागत १ खर्ब ३० अर्ब ७४ करोड २० लाख रहने अनुमान गरिएको छ।

### १.२ परियोजनाको सोच, लक्ष्य एवम् उद्देश्य

**सोच**

कृषिमा आधारित अर्थतन्त्रबाट कृषिजन्य उद्योगमा रूपान्तरित आधुनिक, व्यावसायिक, दिगो एवम् आत्मनिर्भर कृषि क्षेत्रको विकास गर्ने।

**लक्ष्य**

समग्र कृषि मूल्य शृङ्खलाका अवयवहरूको एकीकृत संयोजन र परिचालनमार्फत खाद्य पोषण सुरक्षा सुनिश्चित गर्दै कृषि औद्योगिकरण उन्मुख दिगो आर्थिक अवसरहरू सिर्जना गरी राष्ट्रको समग्र विकासमा टेवा पुर्याउने।

**उद्देश्यहरू**

- प्रमुख कृषि उपजहरूको विशिष्टकृत क्षेत्रहरू निर्माण गर्ने।
- निर्यातयोग्य कृषि वस्तुहरूको मूल्य अभिवृद्धि गर्दै प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्ने।

- कृषिलाई सम्मानजनक नाफामुखी व्यावसायका रूपमा विकास गर्दै रोजगारीका अवसरहरू सिर्जना गर्ने।
- बहुसरोकारवाला निकायहरूबीचको कार्यमूलक समन्वयमार्फत प्रभावकारी सेवा प्रवाहको सुनिश्चितता गर्ने।

## १.३ परियोजनाका रणनीतिहरू

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाले कृषि क्षेत्रको आधुनिकीकरणका लागि निम्न अनुसारका रणनीतिहरू सञ्चालन गर्नेछ।

१. भूमिको वैज्ञानिक उपयोग।
२. आधुनिक कृषि प्रविधिहरूको अवलम्बन।
३. कृषिमा यान्त्रिकीकरण।
४. कृषि उपजहरूको प्रशोधन तथा बजारीकरण पूर्वाधारहरूको विकास।
५. कृषि अनुसन्धान-शिक्षा-प्रसार प्रणालीको सुदृढ समन्वय एवम् आधुनिकीकरण।
६. प्रतिफलमा आधारित प्रोत्साहन प्रणालीको अवलम्बन।
७. गुणस्तर नियन्त्रण तथा खाद्य स्वच्छता अभिवृद्धि।
८. वातावरण परिवर्तन अनुकूलित कृषि प्रणाली अवलम्बन।

## १.४ परियोजनाका सम्भागहरू

१. साना व्यावसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम।
२. व्यावसायिक कृषि उत्पादन केन्द्र (ब्लक) विकास कार्यक्रम।
३. व्यावसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्र (जोन) विकास कार्यक्रम।
४. वृहत व्यावसायिक कृषि उत्पादन तथा औद्योगिक केन्द्र (सुपरजोन) विकास कार्यक्रम।

## १.५ परियोजना सञ्चालनको अवधारणा

१. कृषि योग्य जमिनको चक्लाबन्दी।
२. विशिष्टिकृत व्यावसायीकरण।
३. उन्नत प्रविधि र गुणस्तरीय पूर्वाधार विकास।
४. अन्तर्राष्ट्रिय रूपमा बजारमा प्रतिस्पर्धी कृषि औद्योगीकरण।
५. उपलब्धिमा आधारित सहजीकरण (Smart Output based Facilitation)।

## १.६ परियोजना सञ्चालन गर्ने निकाय

- नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालय।

**सहयोगी निकायहरू**

- अर्थ मन्त्रालय
- उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
- उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय
- वन तथा वातावरण मन्त्रालय
- सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

- सहरी विकास मन्त्रालय
- भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
- शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

## २. खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना (Food and Nutrition Security Enhancement Project- FANSEP)

### २.१ परिचय

Global Agriculture and Food Security Program (GAFSP) को आर्थिक सहयोगमा खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना नेपाल सरकार र आई.डी.ए. (IDA) बीच २०७५ कार्तिक २८ (14 November 2018) मा अनुदान सम्झौता भई पाँच वर्षका लागि आठ जिल्लाहरू (गोरखा, धादिङ, सिन्धुपाल्चोक, दोलखा, धनुषा, महोत्तरी, सप्तरी र सिराहा) का १६ गाउँपालिका कार्य क्षेत्र रहने गरी सञ्चालनमा आएको छ। यस आयोजनाको कूल बजेट २८.७ मिलियन अमेरिकी डलर (जस मध्ये आई.डी.ए. को २२.७ र नेपाल सरकारको ६ मिलियन अमेरिकी डलर) रहेको छ। यस आयोजनाबाट प्रत्येक जिल्लाका दुई वटा गाउँपालिका गरी कूल १६ गाउँपालिकामा प्रत्यक्ष ६५,००० कृषक परिवारहरू (लक्षितः भूकम्प र बाढी पिडित, खाद्य असुरक्षित, विपन्न, सिमान्तकृत र महिला घरमूली) लाभान्वित हुनेछन्।

### २.२ आयोजनाको सम्भागहरू

सम्भाग कः जलवायु र पोषण अनुकूल कृषि प्रविधि अनुसरण र प्रसार

सम्भाग खः बजारको पहुँच तथा जोखिम व्यवस्थापनबाट आयआर्जन र विविधीकरण

सम्भाग गः पोषण सुरक्षामा सुधार

सम्भाग घः आयोजना व्यवस्थापन, सञ्चार, अनुगमन तथा मूल्याङ्कन

### २.३ कार्यालय

यस आयोजना सञ्चालनका लागि केन्द्रमा एउटा आयोजना व्यवस्थापन एकाई र प्रत्येक क्लष्टर कार्यालयले दुई जिल्ला हेर्ने गरी चार वटा आयोजना क्लष्टर एकाइको व्यवस्था रहेको छ।

१. आयोजना व्यवस्थापन इकाई, हरिहरभवन, ललितपुर
२. आयोजना क्लष्टर एकाइ, गोरखा
३. आयोजना क्लष्टर एकाइ, सिन्धुपाल्चोक
४. आयोजना क्लष्टर एकाइ, धनुषा
५. आयोजना क्लष्टर एकाइ, सप्तरी

### २.४ लक्ष्य तथा उद्देश्य

यस आयोजनाको मूख्य लक्ष्य लक्षित साना कृषक समुदायको जलवायु समानुकूलनमा सुधार, कृषि उत्पादकत्वमा वृद्धि र पोषण अवस्थामा सुधार ल्याउनु रहेको छ।

**उद्देश्य**

- कृषि तथा पशुजन्य वस्तुको उत्पादन तथा उत्पादकत्वमा वृद्धि गरी खाद्य सुरक्षामा टेवा पुर्याउने।
- जलवायु तथा पोषण मैत्री कृषि प्रविधिहरूको अनुसरण र प्रसार गर्ने।

- साना कृषकहरूको आयआर्जनमा वृद्धि र विविधीकरणमार्फत बजारमा पहुँच बढाउने।
- सुनौला हजार दिनका आमाहरू तथा ६-२४ महिनासम्मका बच्चाहरूको पोषण स्थितिमा सुधार ल्याउने।
- कृषकहरूको क्षमता अभिवृद्धि र उत्पादन समूह तथा सहकारीहरूको संस्थागत विकास तथा सवलीकरण गर्ने।

## २.५ कार्यक्षेत्र

| क्र.सं. | जिल्ला | गाउँपालिका | कैफियत |
|---|---|---|---|
| १ | गोरखा | बारपाक सुलिकोट | गोरखा र धादिङ जिल्ला हेर्ने गरी क्लष्टर कार्यालय गोरखामा रहेको |
| | | गण्डकी | |
| २ | धादिङ | बेनिघाट रोराङ्ग | |
| | | गजुरी | |
| ३ | सिन्धुपाल्चोक | लिसङ्खु पाखर | सिन्धुपाल्चोक र दोलखा जिल्ला हेर्ने गरी क्लष्टर कार्यालय सिन्धुपाल्चोकमा रहेको |
| | | ईन्द्रावती | |
| ४ | दोलखा | तामाकोशी | |
| | | कालीन्चोक | |
| ५ | धनुषा | धनौजी | धनुषा र महोत्तरी जिल्ला हेर्ने गरी क्लष्टर कार्यालय धनुषामा रहेको |
| | | मुखियापट्टी मुसहरनिया | |
| ६ | महोत्तरी | पिपरा | |
| | | एकडारा | |
| ७ | सप्तरी | राजगढ | सप्तरी र सिराहा जिल्ला हेर्ने गरी क्लष्टर कार्यालय सप्तरीमा रहेको |
| | | विष्णुपुर | |
| ८ | सिराहा | औरही | |
| | | बरियारपट्टी | |

# ३. रानी जमरा कुलरिया सिँचाइ आयोजना, कृषि कम्पोनेन्ट (Rani Jamara Kulariya Irrigation Project- RJKIP, Agriculture Component)

रानी जमरा कुलरिया सिँचाइ प्रणाली कृषकबाट निर्माण गरी व्यवस्थापनसमेत गरिएको सबैभन्दा ठूलो सिँचाइ प्रणाली हो। यस प्रणालीको पानीको स्रोत कर्णाली नदी रहेको छ। कृषक निर्मित्त यस प्रणलीले करिब १४३०० हे. जमिनमा सिँचाइ सुविधा उपलब्ध गराउँदै आएको देखिन्छ। यस रानी जमरा कुलरिया सिँचाइ प्रणाली अन्तर्गत ३ वटा सिँचाइ कुलाहरू रानी, जमरा र कुलरिया कुलो समावेश गरी नामाकरण भएको छ। यस प्रणालीको दक्षिण भागमा सिँचाइ गर्न रानी कुलो, मध्यभागमा जमरा कुलो र उत्तरी भागमा सिँचाइ गर्न कुलरिया कुलो व्यवस्था भएको देखिन्छ। यी कुलाहरूको व्यवस्थापन गर्न आ-आफ्नो प्रणालीको जल उपभोक्ता संस्था (कुलो संस्था) रहेको र तीनै प्रणालीको संयुक्त व्यवस्थापन तथा समन्वयको लागि "रानी जमरा कुलरिया जल उपभोक्ता संस्था" रहेको छ। प्राप्त तथ्याङ्कको आधारमा

रानी, जमरा तथा कुलरिया सिँचाइ कुलाहरूको हालको सिञ्चित क्षेत्र क्रमशः ४,२२८ हे., ४,१३३ हे. र २,६०३ हे. गरी कूल १०,९६४ हे. रहेको देखिएको छ। यो आयोजना सबै सिँचाइ प्रणालीबाट आयोजनाका कार्यक्षेत्रभित्र सिँचाइ सुविधा विस्तार गर्ने उद्देश्यले विश्व बैंकको सहयोगमा सञ्चालित आयोजना हो। यस आयोजनाको प्रभाव क्षेत्रमा आधुनिक तरिकाबाट कृषि व्यवसाय सञ्चालनको लागि आयोजनाबाट कम्पोनेन्ट २ मा कृषि उत्पादन सहयोग कार्यक्रम सञ्चालन गर्ने व्यवस्था गरिएको छ। यस व्यवस्था अनुसार कृषि उत्पादन सहयोग कार्यक्रम सञ्चालनको लागि रानी जमरा कुलरिया सिँचाइ आयोजना, कृषि कार्यक्रम कार्यान्वयन इकाई, टिकापुरको रहेको छ। यो आयोजनाको निर्माण पश्चात आफ्नो कार्य क्षेत्रको १४,३०० हे. क्षेत्रफलमा सिँचाइ सुविधा पुर्याउने छ। यो आयोजनाले २५,००० घरपरिवार र १,६०,००० जनसङ्ख्यालाई प्रत्यक्ष रूपमा सेवा पुर्याउने छ। यो आयोजनाको चार वटा आयमहरू छन्।

### ३.१ आयोजनाका सम्भागहरू

सम्भाग-१ सिँचाइ पूर्वाधारहरूको आधुनिकीकरण

सम्भाग-२ (क) जल उपभोक्ता समितिको सुदृढिकरण

सम्भाग-२ (ख) कृषि उत्पादन सहयोग

सम्भाग-३ आयोजना व्यवस्थापन

### ३.२ आयोजनाको कूल लागत र स्रोतको विवरण (मिलियन अमेरिकी डलरमा)

| आयाम अनुसार आयोजनाको लागत | नेपाल सरकार | दातृ निकाय विश्व बैंक (आइ. डि. ए.) आन्तरिक/बाह्य | लाभग्राहीको लगानी | कूल लागत |
|---|---|---|---|---|
| आयाम १- सिँचाइ पूर्वाधारहरूको आधुनिकीकरण | ०.८ | ५१.३ | ०.९ | ५२.९ |
| आयाम २- कृषि उत्पादन सहयोग र जल उपभोक्ता समितिको सुदृढिकरण | ०.० | ११.३ | २.१ | १३.४ (मध्ये ACIU को १०.९१ मिलियन अमेरीको डलर) |
| आयाम ३- आयोजना व्यवस्थापन | २.१ | ३.४ | ० | ५.५ |
| **कुल लागत** | २.८ | ६६.० | ३.० | ७१.८ |

## ४. नेपाल लाईभस्टक सेक्टर इनोभेसन आयोजना (Nepal Livestock Sector Innovation Project-NLSIP)

नेपाल लाईभस्टक सेक्टर इनोभेसन आयोजना विश्व बैंकको (आ.डि.ए) ८० मिलियन अमेरिकी डलर ऋण सहयोगसहित कूल ११५ मिलियन अमेरिकी डलरको लागतमा नेपालको पशु सेवालाई सुदृढिकरण गर्दै नविन प्रविधिको माध्यमबाट उत्पादन र उत्पादकत्वको वृद्धि, मूल्य शृङ्खलाको विकासको साथै जलवायु अनुकूलन प्रविधिहरूको विकास र उपयोग गर्ने गरी तयार गरिएको आयोजना हो। यस आयोजना आ.व. २०७४/७५ देखि कार्यान्वयनमा आएको छ। आयोजनाले २८ वटा जिल्लाका २९० वटा पालिकाहरूमा आफ्ना सेवाहरू सञ्चालन र विस्तार गर्ने छ। यस आयोजनामा चारवटा सम्भाग र आठवटा उपसम्भागहरू रहेका छन् र यस आयोजनाबाट उपलब्ध गराउने अनुदान वित्तीय संस्थामार्फत गराउने नविनतम् प्रयासको सुरूवात गरिएको छ। यस आयोजनामार्फत बाख्राको मूल्य शृङ्खला विकास,

दुग्ध मूल्य शृङ्खला विकास र च्याङ्ग्रा मूल्य शृङ्खला विकासमा बीस प्रतिशत कृषकतर्फबाट, सो लगानीमा तीस प्रतिशत वित्तीय संस्थामार्फत ऋण प्रवाह र बाँकी पचास प्रतिशत आयोजनाको तर्फबाट अधिकतम एक करोडसम्म अनुदान दिने व्यवस्था गरिएको छ। छनौट गरिएका मूल्य शृङ्खला मध्ये बाख्रा र दुग्ध आयात प्रतिस्थापन र पश्मिनाले निर्यात प्रर्वद्धनमा सहयोग पुर्याउने लक्ष्य लिइएको छ।

## ४.१ उद्देश्य

पशुवस्तुहरूको उत्पादकत्व वृद्धि, पशुजन्य उत्पादनहरूको मूल्य शृङ्खला अभिवृद्धिका साथै साना पशुपालक कृषकहरू र पहिना गरिएका मूल्य शृङ्खलामा आधारित उद्यमहरूको जलवायु अनुकूलन क्षमतामा सुधार गर्ने।

## ४.२ केन्द्रीय कार्यालय

नेपाल लाईभस्टक सेक्टर इनोभेसन आयोजना, आयोजना व्यवस्थापन एकाइ, हरिहरभवन।

## ४.३ मातहतका कार्यालयहरू

विकेन्द्रित आयोजना सहयोग एकाइ, बिराटनगर

विकेन्द्रित आयोजना सहयोग एकाइ, हेटौंडा

विकेन्द्रित आयोजना सहयोग एकाइ, पोखरा

विकेन्द्रित आयोजना सहयोग एकाइ, बुटवल

## ४.४ कार्यक्षेत्र

यस आयोजना नेपालको विभिन्न पाँचवटा प्रदेशका २८ वटा जिल्लामा सञ्चालित छ। केन्द्रमा एउटा आयोजना व्यवस्थापन कार्यालय र सो आयोजना व्यवस्थापन कार्यालयलाई सहयोग पुर्याउन चारवटा विकेन्द्रित आयोजना सहयोग इकाईहरूमार्फत यो आयोजना संघ, प्रदेश र स्थानीय तहको समन्वयमा कार्यान्वयन गरिनेछ।

| क्र.सं. | जिल्ला | प्रदेश | विकेन्द्रित सहयोग इकाई रहने स्थान |
|---|---|---|---|
| १ | पाँचथर, इलाम, झापा, धनकुटा, उदयपुर, मोरङ र सुनसरी | १ | बिराटनगर |
| २ | सप्तरी, धनुषा, सिराहा, काभ्रेपलाञ्चोक, काठमाडौं, मकवानपुर र चितवन | २ र ३ | हेटौडा |
| ३ | स्याङ्जा, कास्की, मुस्ताङ, मनाङ, तनहुँ र म्याग्दी | ४ | पोखरा |
| ४ | रूपन्देही, नवलपरासी, नवलपुर, गुल्मी, अर्घाखाँची, कपिलवस्तु, पाल्पा र बर्दिया | ५ | बुटवल |

## ४.५ आयोजनाका सम्भागहरू

यस आयोजना संघ, प्रदेश र स्थानीय तहका सरकारसँगको समन्वयमा र कृषक समूह, सहकारी र निजी क्षेत्रसँगको सहकार्यमा सञ्चालन हुनेछ भने यसका सम्भागहरू Hard Investment (उत्पादनशील पूँजी, पशु सेवा र बजार पूर्वाधार विकास) का साथै Soft Investment (क्षमता अभिवृद्धि, संस्थागत र नियमन सुदृढिकरण) दुवै एक अर्कामा परिपूरक हुने गरी व्यवस्था गरिएको छ। यस आयोजनाको सम्भाग र सोमार्फत सञ्चालन गरिने कार्यक्रमहरूको उद्देश्य निम्नानुसार रहेका छन्।

| सम्भाग | विवरण | उद्देश्य |
|---|---|---|
| क. | संस्थागत तथा आवश्यक नियामक क्षमता सवलीकरण | पशु सेवा क्षेत्रको सुदृढिकरणको लागि कृषि तथा पशुपन्छी विकास मन्त्रालय र अन्तर्गतका क्षेत्रीय, पालिका र स्थानीय तहका कार्यालयको नीति, नियामक रूपरेखा तयारी, सुधार र कार्यान्वयन क्षमता सवलीकरण। |
| ख. | पशु सेवा क्षेत्रमा नविनता प्रवर्द्धन तथा पशु सेवा प्रवाहको आधुनिकीकरण | विशेष मूल्य शृङ्खला (दूध, बाखा र च्याङ्ग्रा) को उत्पादन र उत्पादकत्व वृद्धि गर्ने र उत्पादकलाई बजारीकरण गर्न योग्य परिमाण उत्पादन गर्न सहयोग गर्ने। यो अवधारणाले उत्पादनमा असर गर्ने प्रमुख तत्वहरूको (पशु स्वास्थ्य, जातीय सुधार, पोषण र बथान व्यवस्थापन) बिस्तृत एवम् उपयुक्त सन्तुलन गर्न सहयोग पुर्याउँदछ। |
| ग. | विशेष पशुजन्य उत्पादनहरूमा साना किसान समावेशी मूल्य शृङ्खला प्रवर्द्धन | आयात प्रतिस्थापन (दुग्ध उत्पादन र खसीको मासु) र निर्यात प्रवर्द्धन (च्याङ्ग्रा पश्मिना) मा सहयोग पुर्याउने उद्देश्यले वित्तीय संस्थाहरूमार्फत नविन अवधारणामा छनौट गरिएका मूल्य शृङ्खलामा अधिकतम रू. १ करोड अथवा आयोजनाको कूल लगानीको ५०% जुन कम हुन्छ सो रकम पुरक अनुदानको रूपमा उपलब्ध गराइनेछ। |
| घ. | आयोजना व्यवस्थापन तथा ज्ञान सम्बर्द्धन | आयोजनाको प्रभावकारी रणनीति, कार्यान्वयन योग्य योजना निर्माण, अनुगमन एवम् कार्यान्वयनको सुनिश्चितता गर्नुका साथै प्राप्त सहयोगको प्रभावकारी परिचालन गरी सम्भाग क, ख, ग र घ अन्तर्गत क्रियाकलापहरूका साझेदार र सरोकारवालासँग समन्वय गर्ने। आयोजनाले स्वीकृति जनाएको सुरक्षाको परिपालना, परिणाम, मध्यकालीन र अन्तिम नतिजा मूल्याङ्कन गर्नुका साथै त्यसले साना किसान र उत्पादक संस्था र कृषि उद्यमीहरूमा पार्ने प्रभाव समेत मूल्याङ्कन गर्ने। आयोजनको क्रियाकलाप, परिणाम, असल अभ्यास र सिकाइबारे विभिन्न सरकारी तथा निजी क्षेत्रसँग प्रभावकारी सञ्चार गर्ने। |

# ५. नेपाल कृषि बजार विकास कार्यक्रम (सहज) (Nepal Agricultural Market Development Programme-NAMDP)

## ५.१ कार्यक्रमको परिचय

नेपाल कृषि बजार विकास कार्यक्रम, नेपाल सरकार र स्वीस सरकारको संयुक्त कार्यक्रम हो। यो कार्यक्रम स्वीस कन्ट्याक्ट र वातावरण तथा कृषि नीति, अनुसन्धान प्रसार एवम् विकास केन्द्र (सिप्रेड) द्वारा संयुक्त रूपमा सञ्चालित छ। नेपाल सरकारको कृषि विकास रणनीतिलाई सहयोग पुग्ने किसिमले यो कार्यक्रम तय गरिएको छ। यो कार्यक्रम १२ वर्षको समय अवधिलाई ध्यानमा राखेर तय गरिएको छ। यो कार्यक्रमको प्रथम चरणको कार्यक्रम अवधि मार्च २०१६ देखि डिसेम्बर २०१९ सम्म रहेको थियो भने लागत विस्तार नगरीकन ६ महिनाको अवधि जनवरीदेखि जुन २०२० सम्म थप गरिएको छ। हाल सञ्चालनमा रहेको दोस्रो चरण डिसेम्बर २०२० देखि नोभेम्बर २०२४ सम्मको समयावधि रहेको छ।

## ५.२ उद्देश्यहरू

- सहजले आयात प्रतिस्थापन र निर्यात वृद्धिमा योगदान गर्नेछ। सहजले तुलनात्मक लाभ भएका कृषि उपजको विकासमार्फत गरिबी न्यूनीकरण गर्न योगदान गर्नेछ।
- सहजले वस्तु बजारको विकास गर्नका लागि तीनवटा मुख्य मूल्य शृङ्खला दुईवटा सहायक वस्तु बजारमा काम गर्नेछ।
- सहजले वस्तु बजारको विकास गर्नका लागि दुईवटा क्षेत्रहरू कृषि नीति र महिला तथा पछाडी पारिएको वर्गको सहभागितामा विशेष जोड दिन्छ।

- यस कार्यक्रमको दोस्रो चरण उत्पादन पश्चातका कृषिका क्रियाकलापहरूमा वृद्धि, रोजगारी सिर्जना र निजी क्षेत्रको लगानी वृद्धि गरी कृषि उत्पादनको बजारीकरण र निर्यातलाई सुदृढ गर्ने, सेवा प्रदायकहरूमार्फत कृषि क्षेत्रका साना तथा मझौला उद्योगीहरूमा केन्द्रित भई उत्पादन पश्चातका कृषि व्यवसायमा भएका अवरोधहरू हटाउन, उत्पादन पश्चातका कृषि क्रियाकलापहरू, बजारीकरण एवम् नविनतामा केन्द्रित सेवा क्षेत्रमा आधारित छ।

### ५.३ कार्यक्षेत्र

- प्रथम चरणको पहिलो खण्डमा पूर्वका रामेछाप, ओखलढुङ्गा र खोटाङ जिल्ला र पश्चिमका सुर्खेत, जाजरकोट, दैलेख, कालीकोट र अछाम जिल्लाका मूख्य सडक खण्ड र सडक सञ्जालहरू।
- प्रथम चरणको दोस्रो खण्डमा अन्य जिल्लाहरूका मूख्य सडक खण्ड एवम् सडक सञ्जाल क्षेत्रहरूमा विस्तार, यसमा तराइ क्षेत्रसमेत समावेश।
- प्रथम चरणको अन्तिम वर्षमा प्रदेश नं. १ मा केन्द्रित रहेको।

## ६. कृषि क्षेत्र विकास कार्यक्रम (Agriculture Sector Development Program)

### ६.१ परिचय

| कार्यक्रम लागत मिलियन यूयस डलरमा | |
|---|---|
| नेपाल सरकार | ११.४८ |
| ईफाड ऋण | ३८.२० |
| ईफाड अनुदान | १.८० |
| एस डी सी | ३.०० |
| पालिका | ३.४४ |
| लाभग्राही | ६.६८ |
| निजी क्षेत्र | ३.४८ |
| **जम्मा** | **६८.०८** |

कृषि क्षेत्र विकास कार्यक्रम (ASDP) कृषि विकासका लागि अन्तर्राष्ट्रिय कोष (IFAD) को आर्थिक सहयोगमा सञ्चालित कार्यक्रम हो। IFAD को आर्थिक सहयोगमा सञ्चालित उच्च मूल्य कृषि वस्तु विकास आयोजना (HVAP) र नेपालमा अन्य सरकारी तथा दातृ निकायको सहयोगमा सञ्चालित बजारमुखी कार्यक्रमहरूका अनुभव, सफलता र सिकाइहरूमा आधारित भई कृषि विकास रणनीतिका सिद्धान्तहरूलाई अवलम्बन गरी यो कार्यक्रम निर्माण गरिएको हो। गत ४ जुन २०१८ मा नेपाल सरकार र IFAD बीच हस्ताक्षर भई यो कार्यक्रम सञ्चालनमा आएको हो।

कृषि तथा पशुपन्छी विकास मन्त्रालय यस कार्यक्रमको प्रमुख कार्यान्वयन संस्था हो। ६ वर्ष अवधि रहेको यो कार्यक्रम आ.व. २०७५/७६ देखि सञ्चालनमा रहेको छ।

### ६.२ लक्ष्य

कर्णाली प्रदेशका पहाडी तथा उच्चपहाडी क्षेत्रमा बसोवास गरेका जनताहरूको गरिबी तथा पोषण असुरक्षा न्यूनिकरण गरी नेपालको दिगो विकास लक्ष्य (लक्ष्य १- शून्य गरिबी र लक्ष्य २-शून्य भोकमरी) प्राप्तिमा योगदान पुर्याउनु यस कार्यक्रमको लक्ष्य रहेको छ ।

## ६.३ उद्देश्य

छानिएका उच्च मूल्य जाने कृषि मूल्य शृङ्खला (बाली/वस्तु) हरूको व्यवसायन्मुख उत्पादन र बजारीकरण प्रणालीमा संलग्न साना किसान तथा पिछडिएका ग्रामीण समूहहरू (दलित, जनजाती, मुसलमान, युवा, भूमिहीन र अन्य समूहहरू) को आय र खाद्य सुरक्षामा दिगो सुधार ल्याई नेपालको दिगो विकास लक्ष्य-९ (उत्पादनशील रोजगार तथा सम्मानजनक काम) प्राप्तिमा योगदान पुर्याउनु यस कार्यक्रमको उद्देश्य रहेको छ।

## ६.४ प्रमुख उपलब्धि सूचकहरू

- लाभग्राही सङ्ख्याः प्रत्यक्षः ३५ हजार घरपरिवारहरू (दुई तिहाइ) महिला र एक चौथाइ सिमान्तकृत वर्ग (दलित, जनजाती, मुसलमान, युवा तथा सुकुम्बासी र अन्य)
- सार्वजनिक पूर्वाधार, वित्तीय सेवा र कृषि प्रसार सेवाको विकासबाट थप ४० हजार घरपरिवार अप्रत्यक्ष रूपमा लाभान्वित हुने।

## ६.५ कार्यक्रम क्षेत्र

कर्णाली प्रदेश अन्तर्गत छिन्चु-जाजरकोट-डोल्पा, सुर्खेत-कालिकोट-जुम्ला-मुगु, सुर्खेत- दैलेख, सल्यान- रूकुम (पश्चिम) सडक खण्ड र मध्यपहाडी राजमार्ग वरिपरिका सबै १० जिल्लाहरू) सुर्खेत, दैलेख, सल्यान, जाजरकोट, कालिकोट, जुम्ला, मुगु, डोल्पा, हुम्ला र पश्चिम रूकुम) मा यो कार्यक्रम सञ्चालन गरिनेछ।

## ६.६ साझेदार संस्था

कृषि तथा पशुपन्छी विकास मन्त्रालयको समग्र जिम्मेवारीमा यो कार्यक्रम कार्यान्वयन हुनेछ। स्वीस विकास नियोगको आर्थिक सहयोगमा हेल्भेटास-स्वीस इन्टर कोअपरेशनबाट सञ्चालित नेपाल कृषि सेवा विकास कार्यक्रम (NASDP) यस कार्यक्रमको सह-कार्यान्वयन संस्थाको रूपमा रहेको छ। अन्य साझेदार संस्थाहरू निम्नानुसार छन्।

- स्थानीय गाउँ तथा नगरपालिकाहरू,
- गैह्रसरकारी संस्थाहरू,
- वित्तीय संघ संस्थाहरू,
- विभिन्न निजी तथा सार्वजनिक संस्थाहरू।

## ६.७ कार्यक्रमका सम्भागहरू (Components)

यस कार्यक्रमका दुईवटा सम्भागहरू रहेका छन्।

### सम्भाग १ : मूल्य शृङ्खला विकास (Value Chain Development)

नाफामूलक उच्च कृषि मूल्य शृङ्खला/बाली वस्तुहरूको पहिचान र छनौट गर्ने, कृषि मूल्य शृङ्खला विकासको लागि सह–लगानी गर्ने, सामुदायिक तथा सार्वजनिक बजार संरचनाको लागि सह–लगानी, ग्रामीण वित्तीय सेवाको विकास कर्जा, पहुँचमा सहयोग, सहभागितामूलक एवम् बहुसंस्थागत प्रसार सेवा, कृषक सङ्गठनको सुदृढिकरण र महिला सशक्तिकरण तथा घरपरिवार तहको पोषण यस सम्भागको उद्देश्यहरू हुन्। यस सम्भाग अन्तर्गत ४ वटा सह–सम्भागहरू (sub-components) आयोजनाको असरहरूको रूपमा रहेका छन्।

सह-सम्भाग (असर) १: विस्तारित एवम् विविधिकृत - समावेशी र दिगो कृषि मूल्य शृङखला,
सह-सम्भाग (असर) २: क्रियाशील - बजारमुखी सार्वजनिक तथा सामुदायिक पूर्वाधार,
सह-सम्भाग (असर) ३: मूल्य शृङ्खला विकासका लागि - सुदृढ ग्रामीण वित्तीय सेवा,
सह-सम्भाग (असर) ४: मूल्य शृङ्खला विकास र नविनताको लागि - दिगो कृषि सेवा सहयोग।

**सम्भाग २ : कार्यक्रम समन्वय (Program management and Coordination)**

कार्यक्रमको समग्र व्यवस्थापनको लागि बीरेन्द्रनगर, सुर्खेतमा आयोजना समन्वय कार्यालय (PCO) रहनेछ। यस कार्यालयले केही क्रियाकलापहरू (जस्तैः ग्रामीण वित्त) प्रत्यक्ष आफैले र अन्य कार्यहरू निजी तथा सार्वजनिक क्षेत्रका सम्बन्धित संघ/संस्थाहरू (जस्तैः एमएसपी, पालिकाहरू, पाकृविसहरू (MADCs), साकृप्रसेकेहरू (CAESCs), एग्रोभेटहरू र स्थानीय स्रोत व्यक्तिहरू) मार्फत कार्यान्वयन हुनमा सहजीकरण गर्नेछ। कृषि सेवा कार्यक्रमको लागि हेल्भेटास-स्वीस इन्टरकोपरेशन सह-कार्यान्वयनकर्ता रहनेछ। यस सम्भागले समग्र कार्यक्रमको योजना तर्जुमा, नियमित अनुगमन तथा मूल्याङ्कन, सिकाइ तथा ज्ञान व्यवस्थापन कार्यहरूको संयोजन एवम् सहजीकरण गर्नेछ। आयोजनाका चारवटै सडक खण्डहरूमा फिल्ड टिम रहने गरी चारवटा फिल्ड इकाईहरू रहने छन् भने आयोजना सम्पर्क विन्दुको रूपमा काठमाडौंमा आयोजना सम्पर्क कार्यालय रहनेछ।

## ६.८ सङ्गठनात्मक ढाँचा

कृषि विकास कार्यक्रमको समग्र जिम्मेवारी कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा रहनेछ। कार्यक्रम कार्यान्वयनको सहजीकरण वीरेन्द्रनगर, सुर्खेत स्थित आयोजना समन्वय कार्यालयले गर्नेछ। कार्यक्रमको माथिल्लो तहमा समानान्तर सरकार तथा दाताहरूका सहयोग प्राप्त कार्यक्रमहरू बीच समन्वय, संयोजन एवम् सहजीकरणको लागि कार्यक्रम निर्देशन समिति (Program Steering Committee) रहनेछ। समितिको अध्यक्षमा कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सचिव रहने व्यवस्था रहेको छ भने सङ्घीय मन्त्रालयका प्रतिनिधिहरू, सम्बन्धित प्रान्तिय कृषि मन्त्रालयका सचिव, राष्ट्रिय किसान आयोग तथा सम्बन्धित निजी क्षेत्रका प्रतिनिधिहरू रहने व्यवस्था छ ।

त्यसैगरी कार्यक्रम समन्वय कार्यालयलाई प्राविधिक पक्षमा सल्लाह एवम् परामर्शको लागि सम्बन्धित प्रान्तिय कृषि मन्त्रालयका सचिव अध्यक्ष रहने गरी प्राविधिक सल्लाहकार समूह (Technical Advisory Group) रहनेछ। समितिमा सङ्घीय, प्रान्तिय एवम् पालिका तहका कृषि, पशुसेवा, वन, कृषि व्यवसायी, खाद्य प्रविधि/स्वच्छता सम्वन्धी विज्ञहरू रहने व्यवस्था छ ।

त्यसै गरी पालिका तहमा कार्यक्रमको समग्र जिम्मेवारी सम्बन्धित पालिका सभा र पालिका परिषद्मा रहनेछ। कार्यक्रम कार्यान्वयन भएका सबै पालिकाहरूमा कार्यरत कृषि तथा पशुसेवाका कर्मचारीहरूले कार्यक्रमका मोवाईल टिम र कार्यक्रम समन्वय कार्यलयका विज्ञहरूको सहयोगमा कार्यक्रम कार्यान्वयनमा सहजीकरण गर्ने छन्। सबै पालिकाहरूमा पालिकास्तर कृषि इकाई गठन गरिनेछ। जिल्ला समन्वय समितिले पालिकाहरूका कार्यक्रमहरूको अनुगमन गर्नेछ। वडा तहमा निर्वाचित वडा समिति कार्यक्रम कार्यान्वयनमा संलग्न रहनेछ। वडा तहका साकृप्रसेकेहरू समग्र कार्यक्रम कार्यान्वयन संयोजनका लागि सम्पर्क विन्दुका रूपमा रहनेछन्।

## ६.१ छनौट गरिएका वस्तु/मूल्य शृङ्खला

कार्यक्रमले नाफामूलक र जलवायु अनुकूलित मूल्य शृङ्खला/बाली वस्तुहरूलाई प्राथमिकता दिनेछ। उच्च मूल्य कृषि वस्तु विकास आयोजनाले कार्यान्वयन गरेका सात मूल्य शृङ्खला/बाली वस्तुहरूको अलावा यस अघि गरिएका अध्ययनबाट देखिएका सम्भावित थप मूल्य शृङ्खला/बाली वस्तुहरू निम्नानुसार छन्।

| | | |
|---|---|---|
| • दूध<br>• मह<br>• अमिला जातका फलफूल | • ओखर<br>• आलुको बीउ,<br>• सिमी | • चिनो<br>• फापर<br>• कागुनो |

यस आयोजनाको वेवसाइट www.asdp.gov.np र इमेल ठेगाना info@asdp.gov.np रहेको छ।

# ७. ग्रामीण उद्यम तथा आर्थिक विकास आयोजना

## ७.१ परिचय

ग्रामीण उद्यम तथा आर्थिक विकास आयोजना नेपाल सरकार र विश्व बैंक बीच २०७७ पौष ६ गते सम्झौता भई नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालयमार्फत कार्यान्वयनमा रहेको छ। ग्रामीण उद्यमशीलता विकासलाई प्रोत्साहित गर्नका लागि प्रमुख आर्थिक कोरिडोर क्षेत्रका साना कृषि उत्पादकहरू तथा खरिदकर्ताहरू बिचमा उत्पादनमूलक साझेदारी (Productive Partnership) तथा बजार सम्बन्धको विकासमार्फत बजार पहुँच सुदृढ गर्न सहजीकरण गर्नेछ। आयोजनाले आवश्यक नीतिगत खाका, आवश्यक संरचनाहरू निर्माण र क्षमता विकास लगायत अन्य सहयोगी सेवाहरूमार्फत उपयुक्त उद्यमशीलताको वातावरण निर्माण गर्न समेत सहयोग पुर्याउनेछ। उत्पादनमूलक साझेदारीलाई प्रवर्द्धन गर्ने उत्कृष्ट व्यावसायिक योजनाहरू (Business Plans) लाई पूरक अनुदान, मागमा आधारित साना कृषि बजार केन्द्रहरू निर्माण, मूल्य शृङ्खला सम्बन्धी आधारभूत संरचनाहरू निर्माण साथै प्रादेशिक बजार निर्माण यसका प्रमुख लगानीका क्षेत्रहरू हुन्।

**आयोजनाको संक्षिप्त विवरण**

| | |
|---|---|
| आयोजनाको लक्ष्य | ग्रामीण बजार पहुँच सुदृढ गर्ने, उद्यमशील वातावरण निर्माण गर्ने र कोभिड-१९ को असरबाट पुनरोत्थानका लागि रोजगारीका अवसरहरू सिर्जना गर्ने |
| आयोजना सम्झौता मिति | २१ डिसेम्बर, २०२० (२०७७ पुष, ६) |
| आयोजना प्रभावकारी भएको मिति | २१ मार्च १९ (२०७७ चैत्र, ६) |
| आयोजना समाप्ती मिति | १५ जुलाई, २०२५ (२०८२ आषाढ, ३१) |
| आयोजना अवधि | सन् २०२५ - २०२१ सम्म (५ वर्ष) |
| आयोजनाको कूल लागत (मिलियन अमेरिकी डलर) | १२० (दातृ निकायः ८०, लाभग्राहीको योगदानः ४०) |
| दातृ निकाय | विश्व बैंक |
| आयोजना कार्यान्वयन निकाय | नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालय |
| आयोजना लागु हुने प्रदेश सङ्ख्या | ६ (प्रदेश नं १, प्रदेश नं २, बागमती, गण्डकी, लुम्बिनी, सुदुरपश्चिम) |
| आयोजना कार्यान्वयन हुने आर्थिक कोरिडोर | मध्यपहाडी लोकमार्ग, हुलाकी राजमार्ग, पूर्व पश्चिम राजमार्ग, भालुवाङ-रोल्पा राजमार्ग, महाकाली राजमार्ग |
| आयोजना लागु हुने पालिका सङ्ख्या | १७१ |
| आर्थिक कोरिडोर कार्यालय सङ्ख्या/रहने स्थान | ४ (पाखीबास, बर्दिबास, बुटवल, डडेल्धुरा) |

## ७.२ आयोजनाको कार्यक्षेत्र

निम्न ५ मुख्य राजमार्गका प्रदेश नं १, प्रदेश नं २, बागमती प्रदेश, गण्डकी प्रदेश, लुम्बिनी प्रदेश र सुदुरपश्चिम प्रदेशभित्र पर्ने खण्डलाई आयोजनाको आर्थिक कोरिडोर मानी उक्त कोरिडोरले छुने १७१ स्थानीय तहहरू आयोजनाको कार्यक्षेत्र रहनेछन्। उक्त कार्यक्षेत्रमा ४ वटा आर्थिक कोरिडोर कार्यालयहरूमार्फत आयोजनाका कार्यक्रमहरू सञ्चालन हुनेछ।

| आर्थिक कोरिडोर | प्रदेश | जिल्ला सङ्ख्या | पालिका सङ्ख्या | आर्थिक कोरिडोर कार्यालय |
|---|---|---|---|---|
| मध्यपहाडी लोकमार्ग | प्रदेश नं. १ | ७ | २२ | पाखिबास |
| | बागमती | ६ | १८ | |
| मध्यपहाडी लोकमार्ग | गण्डकी | ५ | २१ | बुटवल |
| भालुवाङ-रोल्पा लोकमार्ग | लुम्बिनी | ४ | ९ | |
| हुलाकी राजमार्ग | प्रदेश नं. २ | ८ | ८४ | बर्दिबास |
| पूर्व पश्चिम राजमार्ग | | | | |
| महाकाली राजमार्ग | सुदुरपश्चिम | ५ | १७ | डडेल्धुरा |
| **जम्मा** | | **३५** | **१७१** | |

## ७.३ सम्भाग अनुसार सञ्चालन हुने मुख्य मुख्य कार्यक्रमहरू

| सम्भाग | | कार्यक्रमहरू |
|---|---|---|
| सम्भाग १ | ग्रामीण उत्पादनमूलक साझेदारीमार्फत कृषकहरूको बजार आवद्धता सुनिश्चित गर्ने | • समूहगत पहलमा व्यक्तिगत वा सामूहिक उद्यम विकासमा सहजीकरण,<br>• उत्पादनको बजार सुनिश्चितताका लागि उत्पादक संस्था र व्यापारीबीच उत्पादनमूलक साझेदारी निर्माण सहजीकरण,<br>• समूह, उद्यमी, सहकारीहरूको क्षमता अभिवृद्धि,<br>• कृषक समूह, सहकारीहरूमा उद्यम विकासका लागि पुरक अनुदान। |
| सम्भाग २ सङ्घीय संरचनामा उद्यमशीलताको वातावरण सुदृढ बनाउने। | | |
| सम्भाग २ क | प्रादेशिक तथा स्थानीय सरकार एवम् सरोकारवालाहरूको क्षमता अभिवृद्धि गर्ने | • आवश्यकता पहिचान सर्वेक्षण प्रतिवेदनको आधारमा क्षमता अभिवृद्धि,<br>• प्रादेशिक तथा स्थानीय तहका कृषि/पशुपन्छी विकास सम्वद्ध निकायहरूको क्षमता अभिवृद्धि,<br>• कृषि तथा पशुपन्छी विकास मन्त्रालय मातहतका निकायहरूको क्षमता अभिवृद्धि,<br>• प्राङ्गारिक प्रमाणिकरण तथा खाद्य सुरक्षा कार्यविधि निर्माणमा सहयोग। |
| सम्भाग २ ख | कृषिसँग सम्बन्धी संस्थाहरूको क्षमता अभिवृद्धि गर्ने | • कृषि व्यवसायमा संलग्न साना तथा मझौला उद्यम (SMEs) एवम् कृषि सूचना प्रविधि प्रवर्द्धक (Agri tech Start up) हरूलाई Business Incubation सहयोग,<br>• SMEs तथा Agri tech Start up हरूलाई Business Coaching र क्षमता अभिवृद्धि। |
| सम्भाग ३ | कोभिड १९ को असहज परिस्थितबाट अवरूद्ध खाद्य शृङ्खला तथा ग्रामीण अर्थतन्त्रको पुनर्स्थापना तथा मजवुत गर्ने | • साझेदारीमा पालिकास्तर कृषि तथा पशुपन्छी सेवा केन्द्र निर्माण,<br>• साझेदारीमा मागमा आधारित मूल्य शृङ्खला पूर्वाधार निर्माण,<br>• साझेदारीमा प्रादेशिक कृषि बजार केन्द्र तथा मूल्य शृङ्खला पूर्वाधार निर्माण,<br>• निर्माण कार्यमा कोभिड प्रभावितका लागि Cash for work पद्धतिमा कार्यक्रम सञ्चालन। |

| सम्भाग | | कार्यक्रमहरू |
|---|---|---|
| सम्भाग ४ | आयोजना व्यवस्थापन | • आयोजना कार्यालयहरू स्थापना र व्यवस्थापन,<br>• आयोजानबाट सञ्चालित कार्यक्रमहरूको अनुगमन तथा मूल्याङ्कन,<br>• आयोजना लागु भएका गाउँपालिकाहरू तथा प्रदेशहरूसँग समन्वय तथा सहकार्य,<br>• आयोजना सरोकारवाला निकायहरूसँग समन्वय,<br>• आयोजनाको प्रगति समीक्षा गोष्ठी, रिर्पोटिङ्ग तथा मिसन व्यवस्थापन,<br>• सूचना प्रविधिमा आधारित व्यवस्थापन प्रणाली (MIS) को विकास तथा सञ्चालन। |
| सम्भाग ५ | आकस्मिक आपतकालीन प्रतिकार्य | • स्वास्थ्य तथा अन्य प्राकृतिक सङ्कटकालको समयमा अन्य सम्भाग वा दातृ निकायबाट थप बजेट व्यवस्थापनका लागि राखिएको शुन्य बजेट सम्भाग |

## ७.४ आयोजनाको मूख्य नतिजा सूचकहरू

| सूचकहरू | लक्ष्य |
|---|---|
| आयोजनाका क्रियाकलापहरूबाट प्रत्यक्ष लाभान्वित कृषक (सङ्ख्या) | २४००० (कम्तीमा ९६०० महिला) |
| साना तथा मझौला उद्यम तथा कृषि प्रविधि Start Up फर्महरूको क्षमता अभिवृद्धि | १०० वटा (कम्तीमा २० महिला) |
| उत्पादक संस्थाहरूको उत्पादनशील साझेदारी अन्तर्गत बिक्रीको औसत मूल्यमा वृद्धि (%) | २० (महिला संस्थाहरूको हकमा ३५) |
| कोभिड १९ सँग सम्बन्धी कार्यक्रमहरू सञ्चालनबाट अल्पकालीन रोजगारी सिर्जना (सङ्ख्या) | ५७०० (कम्तीमा २८५० महिला) |

## ७.५ आयोजनाका लाभग्राहीहरू

आयोजनाले लक्षित गरेका समूह/सहकारी/संघहरू जस्ता उत्पादनमूलक सङ्गठनमा आवद्ध लगभग ९४० उत्पादनमूलक सङ्गठनहरू र यसमा आवद्ध करिब २४ हजार ग्रामीण उत्पादक एवम् साना कृषकहरू (३५% महिला) ले आयोजनाको साझेदारी सहयोग (५०% सुरूवाती पूँजी) प्राप्त गर्न सक्नेछन्। यसैगरी आयोजनाले मध्यस्तकर्ता संस्थामार्फत करिब १०० साना तथा मझौला कृषि उद्यमी/व्यवसायी/कृषि सूचना प्रविधि प्रवर्द्धकको क्षमता विकासमा सहयोग पुर्याउनेछ। प्रादेशिक तथा स्थानीय तहमा निर्माण हुने कृषि विकास सम्बन्धी संरचनाहरू, मूल्य शृङ्खला विकास पूर्वाधारहरूबाट समुदायका करिब ३५०० व्यक्तिहरू लाभान्वित हुनेछन् भने कोभिड-१९ प्रभावित करिब ५७०० व्यक्तिका लागि ग्रामीण रोजगारीको अवसर सिर्जना हुनेछ। आयोजना कार्यक्षेत्रका ८० वटा स्थानीय तह र ६ वटा प्रदेशहरूमा सङ्घीय संरचना अनुसार संस्थागत क्षमता विकासमा समेत आयोजनाले सहयोग पुर्याउनेछ। यस आयोजनाको वेवसाइट https://reed.moald.gov.np/ र इमेल ठेगाना reed.moald@gmail.com रहेको छ।

# ८. पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजना

## ८.१ परिचय

नेपाल सरकार, एशियाली विकास बैंक तथा विश्व कृषि तथा खाद्य सुरक्षा कार्यक्रमको लगानीमा नेपालका पहाडी क्षेत्रमा १० प्रजातिका फलफूल बालीको विकास तथा विस्तार गर्न नेपाल सरकारले पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजना सञ्चालन गरेको छ। आयोजनाको लगानी ९३.४५ मिलियन अमेरिकी डलर रहेको छ भने दातृ निकाय तथा नेपाल सरकारको देहाय अनुसारको सहलगानीमा यो योजना सञ्चालनमा रहेको छ।

| लगानीकोस्रोत | लगानी रकम (अमेरिकी डलर) |
|---|---|
| एसियाली विकास बैंकको सहुलियतपूर्ण ऋण | १ करोड |
| एसियाली विकास बैंकको अनुदान | ६ करोड |
| विश्व कृषि तथा खाद्य सुरक्षा कार्यक्रमको अनुदान | ९० लाख |
| नेपाल सरकार | १ करोड ४४ लाख ५० हजार |
| **जम्मा** | **९ करोड ३४ लाख ५० हजार** |

नेपालका मध्यपहाडी क्षेत्रमा फलफूल बालीको बगैंचा विस्तार गरी फलफूल तथा काष्ठफलको उत्पादन वृद्धि गर्दै मूल्य शृङ्खला प्रवर्द्धनमार्फत ग्रामीण रोजगारी सिर्जना गर्दै कृषकहरूको आयस्तर वृद्धि गर्ने उद्देश्यका साथ नेपाल सरकार, एसियाली विकास बैंकको सहुलियतपूर्ण ऋण तथा अनुदान सहयोग, विश्व कृषि तथा खाद्य कार्यक्रमको अनुदान सहयोग र नेपाल सरकारको सह-लगानीमा आ.व. २०७९/८० देखि २०८६/८७ सम्म सञ्चालन हुने गरी पहाडी क्षेत्रकाष्ठफल तथा फलफूल विकास आयोजना (Nuts and Fruits in Hilly Areas Project- NAFHA) लागु भएको छ।

## ८.२ उद्देश्य

यो आयोजना लक्षित १० प्रजातिका फलफूलहरूको आयात प्रतिस्थापन गर्दै आत्मनिर्भरता तथा निर्यात प्रवर्द्धन गर्न १०००० हेक्टर क्षेत्रफलमा बगैंचा विस्तार गर्ने, फलफूल बिरूवाहरूमा आत्मनिर्भर हुने, फलफूल मूल्य शृङ्खला विकास गर्ने उद्देश्यहरू हासिल गर्दै आयआर्जन प्रवर्द्धन तथा रोजगारी सिर्जनामार्फत समग्र अर्थतन्त्रको विकास गर्ने मूलभूत उद्देश्यका साथ यस आयोजनाले निम्नानुसारका तीन वटा प्रतिफल प्राप्त गर्ने लक्ष्य राखेको छ।

### क. बागवानी क्षेत्र व्यवस्थापन तथा नर्सरी क्षमताका लागि संस्थागत क्षमता अभिवृद्धि

यस लक्ष्य प्राप्तिका लागि आयोजनाले निम्नानुसारका कार्यक्रम सञ्चालन गर्ने योजना तय गरेको छ।

- निजी क्षेत्रका नर्सरीहरूको गुणस्तरीय बिरूवा उत्पादन गर्ने क्षमता वृद्धि गर्न अनुदान तथा प्रविधि सहयोग प्रदान गर्ने।
- रोग तथा अन्य जैविक समस्या रहित गुणस्तरीय बिरूवा उत्पादन गर्न निजी क्षेत्रलाई सक्षम तुल्याउने।
- नर्सरी सम्बन्धी मापदण्ड तथा कानुनी व्यवस्था तथा सोको निरीक्षण प्रणालीको विकास गर्ने।
- अन्तर्राष्ट्रियस्तरमा स्वीकार्य हुन सक्ने sanitary and phytosanitary मापदण्ड पूरा गर्न सक्ने गरी फार्म केन्द्रहरूको क्षमता विकास गर्न केन्द्र अन्तर्गत कार्यरत प्राविधिकहरूको क्षमता अभिवृद्धि गर्ने।
- निजी नर्सरीहरूमा नविन तथा उत्कृष्ट जर्मप्लाज्मको विस्तार गर्ने।
- फलफूल बालीहरूमा जलवायु परिवर्तन अनुकूल प्रविधिहरूको विकासका लागि अनुसन्धान गर्ने।
- नर्सरी प्रमाणिकरण प्रणालीको विकास गरी निजी नर्सरीहरूको प्रमाणिकरण गर्ने।
- कृषि सामग्री तथा सेवा प्रदायक निजी क्षेत्रका सेवा प्रदायक तथा सहकारीहरूको क्षमता अभिवृद्धि गर्ने।

## ख. आयोजनामा संलग्न हुने कृषकहरूको फलफूल तथा काष्ठफल बालीको उत्पादन तथा उत्पादकत्व वृद्धि

यस लक्ष्य अन्तर्गत आयोजनाले ३४ जिल्लाका १०० वटा स्थानीय तहहरूमा १० वटा फलफूल बालीहरू सुन्तला, जुनार, कागती, स्याउ, ओखर, किवी, एभोकाड़ो, पिकानट, मेकाडेमिया नट र कागजी बदामका १०००० हेक्टर क्षेत्रफलमा ३०००० कृषकहरूको सहभागितमा बगैंचा विकास गर्ने तथा १००० हेक्टर जमिनमा १०००० कृषकहरूको सहभागितामा फलफूल बगैंचा विस्तारमा सहभागी हुन नसक्ने कृषकहरूलाई तरकारी तथा अन्य रैथाने बालीका फार्म विकास गर्नका लागि निम्नानुसारका कार्यक्रमहरू सञ्चालन गर्नेछ।

- बालीहरूको खेती पद्दति, समग्र बगैंचा व्यवस्थापन, असल कृषि अभ्यास, एकीकृत रोग तथा कीरा व्यवस्थापन, उत्पादनोपरान्त प्रविधि लगायतको प्रवर्द्धन गर्ने।
- करिब ३०००० कृषकहरूलाई फलफूल बालीहरूको खेती प्रविधि सम्बन्धमा क्षमता अभिवृद्धि गर्ने।
- फलफूल बगैंचा विकास गर्न इच्छुक कृषि उद्यमी, कृषि सहकारी तथा कृषक समूहहरूलाई बगैंचा विकासका लागि कूल लागतको ५०% अनुदान प्रदान गर्ने।
- विकसित बगैंचामा लगाईएका फलफूल बिरूवाहरू हुर्काएवापत प्रति बिरूवाका हिसाबले प्रोत्साहन अनुदान प्रदान गर्ने।
- बैंकहरूमा आयोजनाको तर्फबाट ६० मिलियन अमेरिकी डलर बराबरको क्रेडिट ग्यारेन्टी फण्ड स्थापना गरी सोको व्यवस्थापनमार्फत आयोजनाका कृषकहरूको वित्तीय पहुँच अभिवृद्धि गर्ने।
- बाँझो रहेका पहाडी जमिनमा फलफूल बगैंचा विस्तार गरी सोमार्फत हुन सक्ने कार्बन कारोबारको सम्भावनाका लागि आवश्यक अध्ययन तथा अभिलेखीकरण प्रणाली विकास गर्ने।

## ग. पहाडी क्षेत्रका बागवानीजन्य उत्पादनहरूको मूल्य अभिवृद्धि

बागवानी मूल्य शृङ्खलामा कृषकहरूको प्रत्यक्ष सहभागितामार्फत नाफामूलक बजारीकरण अवसरहरूको उपयोगमा पहुँच अभिवृद्धि गर्न स्थानीय तहहरू, कृषि सहकारीहरू तथा स्थानीय सेवा प्रदायकहरूमार्फत निम्नानुसारका कार्यक्रमहरू सञ्चालन गर्नेछ।

- बालीहरूको व्यावसायिक योजना तयार गरी बाली विशेष बजारीकरणका लागि संस्थागत क्षमता विकासका लागि सहयोग गर्ने।
- कृषक सहकारीहरू तथा स्थानीय कृषक संस्थाहरूलाई असल कृषि अभ्यास, खाद्य स्वच्छता तथा अन्य मान्यता प्राप्त गुणस्तर प्रमाणिकरण पद्दतिहरूका विषयहरूमा क्षमता अभिवृद्धि गर्ने।
- खरिदकर्ता तथा उत्पादक सहकारीहरूबीच खरिद सम्बन्धी सम्झौता तथा सोको दिगोपनका लागि सहजीकरण गर्ने।
- बागवानीजन्य वस्तुको उत्पादानोपरान्त व्यवस्थापनका लागि आवश्यक प्रविधि, पूर्वाधार तथा औजार उपकरणहरूमा अनुदान सहयोग गर्ने।
- फलफूल मूल्य शृङ्खलामा उपयोगी स्थानीय पूर्वाधार विकासमा सहयोग गर्ने।

## ८.३ आयोजनाको कार्य क्षेत्र

| क्र.सं. | प्रदेश | जिल्ला सङ्ख्या | स्थानीय तह सङ्ख्या |
|---|---|---|---|
| १ | कोशी प्रदेश | ७ | २२ |
| २ | बागमती प्रदेश | ३ | ८ |
| ३ | गण्डकी प्रदेश | १० | ३४ |
| ४ | कर्णाली प्रदेश | ९ | २० |
| ५ | सुदुरपश्चिम प्रदेश | ५ | १६ |
| | **जम्मा** | **३४** | **१००** |

## ८.४ आयोजनाबाट सञ्चालन हुने मुख्य क्रियाकलापहरू

क) स्किम एकः क्रेडिट ग्यारेन्टी फण्ड (Credit Guarantee Fund)

ख) स्किम दुई- कृषक, कृषक समूह तथा कृषि सहकारीहरूलाई आंशिक अनुदान,

ग) स्किम तीन- कृषक सहकारीहरूलाई समपुरक अनुदान,

घ) स्किम चार- कृषि उद्यमीहरूलाई समपुरक अनुदान,

ङ) स्किम पाँच- स्थानीय तहहरूको सहलगानीमा मूल्य शृङ्खला पूर्वाधार विकासमा अनुदान,

च) स्किम छ- निजी नर्सरी सुदृढिकरणका लागि समपुरक अनुदान।

## ८.५ आयोजना कार्यान्वयन गर्ने निकायहरू

**केन्द्रीय आयोजना व्यवस्थापन एकाइ (Central Project Management Unit)**

- राष्ट्रिय फलफूल विकास केन्द्र अन्तर्गत यसै केन्द्रका प्रमुख (सहसचिव) को नेतृत्वमा एक केन्द्रीय आयोजना व्यवस्थापन एकाइ रहनेछन्। आयोजनाको समग्र व्यवस्थापन, वार्षिक कार्यक्रम तथा योजना, ठूला किसिमका अनुदानका कार्यक्रम सञ्चालन, स्रोत केन्द्रको विकास तथा क्षमता अभिवृद्धि, जर्मप्लाज्म खरिद तथा आयात लगायत आयोजना सम्बन्धी नीतिगत व्यवस्थापन गर्न यस एकाइले कार्य गर्नेछ।

**आयोजना कार्यान्वयन एकाई (Project Implementation Unit)**

आयोजना लागु भएका ५ वटा प्रदेशहरू कोशी, बागमती, गण्डकी, कर्णाली र सुदुरपश्चिम प्रदेशस्थित कृषि मन्त्रालय अन्तर्गतका कृषि विकास निर्देशनालयका निर्देशकको नेतृत्वमा ५ वटा आयोजना कार्यान्वयन एकाइ रहनेछन्। आयोजना लागु भएका स्थानीय तहहरूमा लक्षित बालीका बगैंचा विस्तार गर्न अनुदानका कार्यक्रम सञ्चालन तथा सोको समग्र व्यवस्थापन यी एकाइहरूले गर्नेछन्।

नेपाल कृषि अनुसन्धान परिषद् अन्तर्गत लक्षित बालीमा आवश्यक प्रविधि विकास समस्यामा आधारित अनुसन्धान तथा प्रमाणिकरण लगायत स्रोत सामग्रीको व्यवस्थापन गर्न नेपाल कृषि अनुसन्धान परिषद् अन्तर्गत एउटा आयोजना कार्यान्वयन एकाई रहनेछ। आयोजना अन्तर्गत कूल जम्मा ६ वटा आयोजना कार्यान्वयन एकाई (PIU) हरू रहेका छन्। यस आयोजनाको वेवसाइट https://ncfd.gov.np र इमेल ठेगाना cpmu.nafha@gmail.com रहेको छ।

# कृषि तथा पशुपन्छी विकास मन्त्रालयको संगठनात्मक तालिका



## प्लाण्ट क्वारेन्टिन तथा विषादी व्यवस्थापन केन्द्रको संगठनात्मक संरचना




**प्लान्ट क्वारेन्टिन एवम् विषादी व्यवस्थापन केन्द्र अन्तर्गतका क्वारेन्टिन कार्यालयहरू:**

१) क्वारेन्टिन कार्यालय (काँकडभिट्टा, विराटनगर, भैरहवा, नेपालगञ्ज र गड्डाचौकी)

२) क्वारेन्टिन कार्यालय (भण्टाबारी, मलंगवा, जलेश्वर, तातोपानी, टिमुरे र कञ्चनपुर)

३) क्वारेन्टिन कार्यालय (विरगंज र काठमाडौं)

४) क्वारेन्टिन कार्यालय (झुलाघाट बैतडी)

५) क्वारेन्टिन कार्यालय (लोमान्थुथान मुस्ता)

**जम्मा १५ क्वारेन्टिन कार्यालय**

# कृषि सूचना तथा प्रशिक्षण केन्द्रको संगठनात्मक संरचना



# बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्रको संगठनात्मक संरचना

**प्रमुख**
रा.प.प्र. (कृषि/बाली विकास)-१

**बीउ बिजन रजिष्ट्रेशन शाखा**
वरिष्ठ बाली विकास अधिकृत (रा.प.द्वि./कृषि/बाली विकास)-१
बागवानी विकास अधिकृत (रा.प.तृ./कृषि/(बागवानी)-१
प्राविधिक सहायक (रा.प.अनं.प्रा./कृषि/बाली विकास)-१

**बीउ स्वास्थ्य परीक्षण शाखा**
वरिष्ठ बाली विकास अधिकृत (रा.प.द्वि.प्रा./कृषि/(बाली विकास)-१
बाली संरक्षण अधिकृत (रा.प.तृ.प्रा./कृषि/बाली संरक्षण)-१

**प्रशासन शाखा**
ना.सु., रा.प.अनं. (प्र./सामान्य प्रशासन)-१
लेखापाल (रा.प.अनं.प्र., प्र./लेखा)-१
कम्प्यूटर अपरेटर (रा.प.अनं.प्र., विविध)-१
खरिदार (रा.प.अनं.द्वि., प्र./सामान्य प्रशासन)-१
ह.स.चा. (श्रेणी विहीन)-३
कार्यालय सहयोगि (श्रेणी विहीन)-

**बीउ प्रमाणीकरण शाखा**
वरिष्ठ बाली विकास अधिकृत (रा.प.द्वि.प्रा./कृषि/(बाली विकास)-१
बाली विकास अधिकृत (रा.प.तृ.प्रा./कृषि/बाली विकास)-१
प्राविधिक सहायक ((रा.प.अनं.प्रा./कृषि बाली विकास)-१

**योजना तथा समन्वय शाखा**
वरिष्ठ बाली संरक्षण अधिकृत (रा.प.द्वि.प्रा./कृषि/बाली संरक्षण)-१
बाली विकास अधिकृत (रा.प.तृ.प्रा/कृषि/बाली विकास)-१
प्राविधिक सहायक (रा.प.अनं.प्रा./कृषि बाली विकास)-१


नेपाल सरकार
कृषि अनुसन्धान परिषद् (१८ सदस्य)
अध्यक्ष: कृषि तथा पशुपन्छी विकास मन्त्री वा राज्यमन्त्री
कर्मचारी समिति (८ सदस्य)
अध्यक्ष: कार्यकारी निर्देशक
पदपूर्ति (५ सदस्य)
अध्यक्ष: कार्यकारी निर्देशक
पदपूर्ति समितिको कार्यालय
कार्यकारी निर्देशकको कार्यालय (१)
आन्तरिक लेखा परीक्षण महाशाखा
निर्देशक योजना तथा समन्वय
निर्देशक बाली तथा बागवानी अनुसन्धान
निर्देशक पशु तथा मत्स्य अनुसन्धान
निर्देशक आर्थिक प्रशासन
निर्देशक प्रशासन
• योजना महाशाखा
• अनुगमन तथा मूल्याङ्कन महाशाखा
• तालिम तथा छात्रवृत्ति महाशाखा
• राष्ट्रिय विषयगत अनुसन्धान केन्द्र क्रस कटिङ विषय (५)
निर्देशक राष्ट्रिय कृषि अनुसन्धान प्रतिष्ठान (१)
निर्देशक पर्वतीय कृषि अनुसन्धान प्रतिष्ठान (१)
निर्देशक राष्ट्रिय पशुविज्ञान अनुसन्धान प्रतिष्ठान (१)
राष्ट्रिय विषयगत अनुसन्धान केन्द्र (१५)
बाली/वस्तुगत अनुसन्धान केन्द्र (२०)
प्रादेशिक कृषि अनुसन्धान निर्देशनालय (६)
कृषि अनुसन्धान केन्द्र (१३)
बाह्य अनुसन्धान केन्द्र (११०)
आर्थिक प्रशासन महाशाखा
• कर्मचारी प्रशासन महाशाखा
• सामान्य प्रशासन महाशाखा
• सम्पत्ति व्यवस्थापन महाशाखा
जम्मा कार्यालय = ६३

# कृषि विभागको संगठनात्मक तालिका



# खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागको संगठनात्मक संरचना



# पशु सेवा विभाग संगठनात्मक संरचना

**महानिर्देशक**
रा.प.प्र.प्रा. लापोडेडे/भेट/मत्स्य १

## पशुपन्छी रोग अन्वेषण तथा नियन्त्रण महाशाखा
उप-महानिर्देशक
(रा.प.प्र.भेट)-१

**महामारी, रोग नियन्त्रण तथा व्यवस्थापन शाखा**
- वरिष्ठ पशु चिकित्सक रा.प.द्वि.प्रा. (भेट)-१
- पशु चिकित्सक रा.प.तृ.प्रा. (भेट)-२
- प.स्वा.प्रा. (भेट)-१

**भेटेरिनरी ईपिडेमियोलोजि शाखा**
- वरिष्ठ पशु चिकित्सक रा.प.द्वि.प्रा. (भेट)-१
- पशु चिकित्सक रा.प.तृ.प्रा. (भेट)-२
- प.स्वा.प्रा.(भेट)-१

**एकिकृत स्वास्थ्य शाखा**
- वरिष्ठ पशु चिकित्सक रा.प.द्वि.प्रा. (भेट)-१
- पशु चिकित्सक रा.प.तृ.प्रा. (भेट)-२

## पशु क्वारेन्टाईन महाशाखा
उप-महानिर्देशक
(रा.प.प्र.प्रा.भेट)-१

**जोखिम विश्लेषण शाखा**
- वरिष्ठ पशु चिकित्सक रा.प.द्वि.प्रा. (भेट)-१
- पशु विकास अधिकृत रा.प.तृ. (लापोडेडे)-१
- पशु चिकित्सक रा.प.तृ.प्रा. (भेट)-१

**आन्तरिक तथा सिमा पशु क्वारेन्टाईन व्यवस्थापन शाखा**
- वरिष्ठ पशु चिकित्सक रा.प.द्वि. (भेट)-१
- पशु चिकित्सक रा.प.तृ. (भेट)-१.

**आयात निर्यात नियमन शाखा**
- वरिष्ठ पशु चिकित्सक रा.प.द्वि.प्रा. (भेट)-१
- पशु चिकित्सक रा.प.तृ.प्रा. (भेट)-१
- प.स्वा.प्रा. (भेट)-१

## पशुपन्छी अनुवांशिक स्रोत तथा आर्थिक विश्लेषण महाशाखा
उप-महानिर्देशक
(रा.प.प्र.प्रा. लापोडेडे)-१

**पशुपन्छी तथ्याङ्क व्यवस्थापन तथा आर्थिक विश्लेषण शाखा**
- वरिष्ठ पशु विकास अधिकृत रा.प.द्वि.प्रा. (लापोडेडे)-१
- पशु विकास अधिकृत रा.प.तृ.प्रा. (लापोडेडे)-१
- पशु चिकित्सक रा.प.तृ.प्रा. (भेट)-१
- तथ्याङ्क अधिकृत रा.प.तृ.प्रा. (तथ्याङ्क)-१
- प.से.प्रा. (लापोडेडे)-१

**पशुपन्छी उद्योग व्यवसाय विकास प्रवर्द्धन शाखा**
- वरिष्ठ पशु विकास अधिकृत रा.प.द्वि.प्रा. (लापोडेडे)-१
- पशु विकास अधिकृत रा.प.तृ.प्रा. (लापोडेडे)-१
- पशु चिकित्सक रा.प.तृ.प्रा. (भेट)-१
- प.से.प्रा. (लापोडेडे)-१

**मत्स्य प्रवर्द्धन तथा संरक्षण शाखा**
- वरिष्ठ मत्स्य विकास अधिकृत रा.प.द्वि.प्रा. (मत्स्य)-१
- मत्स्य विकास अधिकृत रा.प.तृ.प्रा. (मत्स्य)-१
- प्रा.स. (मत्स्य)-१

## प्रशासन शाखा
- उप-सचिव (प्रशासन र सा.प्र.)-१
- शाखा अधिकृत (प्रशासन र सा.प्र.)-१
- लेखा अधिकृत (प्रशासन र लेखा)-१
- कानून अधिकृत (प्रशासन र कानून)-१
- लेखापाल (प्रशासन र लेखा)-१
- नायव सुब्बा (प्रशासन र सा.प्र.)-२
- ह.स.चा.-७
- का.स. (श्रेणी विहिन)-७

## योजना तथा अनुगमन शाखा
- वरिष्ठ पशु विकास अधिकृत रा.प.द्वि.प्रा. (लापोडेडे)-१
- पशु विकास अधिकृत रा.प.तृ.प्रा. (लापोडेडे)-१
- कृषि अर्थ विज्ञ रा.प.तृ.प्रा. (एग्री. ईको.)-१
- पशु चिकित्सक रा.प.तृ.प्रा. (भेट)-१
- मत्स्य विकास अधिकृत रा.प.तृ.प्रा. (मत्स्य)-१
- प.से.प्रा. (लापोडेडे)-१

## आयोजना समन्वय इकाइ
- आयेजना निर्देशक रा.प. प्रथम (लापोडेडेर भेट)-१
- ब.प.वि.अ.रा.प. द्वितीय (लापोडेडे)-१
- ब.प.चि.रा.प. द्वितीय (भेट)-१
- प.वि.अ.रा.प. तृतीय (लापोडेडे)-२
- प.चि.रा.प. तृतीय (भेट)-२
- मत्स्य विकास अधिकृत रा.प.तृ.प्रा. (मत्स्य)-१

## नेपाल पशु चिकित्सा परिषद संगठनात्मक संरचना




## राष्ट्रिय चिया तथा कफी विकास बोर्ड



# कृषि सामग्री कम्पनी लिमिटेडको संगठनात्मक संरचना

## कृषि सामग्री कम्पनी लिमिटेड




**दरबन्दी तेरीज सारांश**

| | | | |
|---|---|---|---|
| प्रवन्ध संचालक | - १ | अधिकृत प्रथम | - ६ |
| अधिकृत द्वितीय (प्रा.) | - ७ | अधिकृत द्वितीय (प्रा.) | - २ |
| अधिकृत द्वितीय (लेखा) | - १ | अधिकृत तृतीय | - १७ |
| कम्प्यूटर अधिकृत | - १ | अधिकृत तृतीय (प्रा.) | - २ |
| निर्माण अधिकृत | - १ | अधिकृत तृतीय (लेखा) | - २ |
| सहायक प्रथम | - ८ | प्राविधिक सहायक | - १ |
| कम्प्यूटर अपरेटर | - ३ | सहायक प्रथम (लेखा) | - १ |
| सहायक द्वितीय | - १ | सहायक कम्प्यूटर अपरेटर | - ३ |
| ह.स.चा. | - १ | कार्यालय सहयोगी | - १० |

## कालिमाटी फलफूल तथा तरकारी थोक बजार विकास समितिको संगठनात्मक संरचना



# कपास विकास समितिको संगठनात्मक संरचना



## दूग्ध विकास संस्थानको संगठनात्मक संरचना (केन्द्रिय कार्यालय)



परिच्छेद-२

# वार्षिक कार्यक्रम तथा विनियोजित बजेट

# वार्षिक कार्यक्रम तथा विनियोजित बजेट

## २.१ आ.व. २०८०/८१ को स्वीकृत वार्षिक कार्यक्रम तथा विनियोजित बजेट

चालु आ.व. २०८०/८१ मा कृषि तथा पशुपन्छी विकास मन्त्रालय वा अन्तर्गत संघ, प्रदेश र स्थानीय तहमार्फत सञ्चालन गरिने वार्षिक कार्यक्रमको लागि कूल रू. ५५ अर्ब ४८ करोड २१ लाख बजेट विनियोजन भएको छ। सङ्घीय निकायबाट सञ्चालन गरिने कार्यक्रम/आयोजनाको लागि रू. ५० अर्ब ५९ करोड ११ लाख, प्रदेशमा सशर्त अनुदानका रूपमा हस्तान्तरण गरिएका कार्यक्रमहरूको लागि रू. १ अर्ब ३ करोड २२ लाख र स्थानीय तहमा सशर्त अनुदानका रूपमा हस्तान्तरण गरिएका कार्यक्रमहरूको लागि रू. ३ अर्ब ८५ करोड ८८ लाख बजेट विनियोजन गरिएको छ। सङ्घीय निकायबाट सञ्चालन गरिने कार्यक्रम आयोजनाको लागि रू. ५० अर्ब ५९ करोड ११ लाख छुट्याइएकोमा चालु कार्यक्रमतर्फ ९२.५७ प्रतिशत र पूँजीगततर्फ ७.४३ प्रतिशत रहेको छ। अर्थ मन्त्रालयले विनियोजन (रातो किताब) गरे अनुसार कृषि तथा पशुपन्छी विकास मन्त्रालयको बजेट विनियोजनलाई तल उल्लेख गरिएको छ।

### २.१.१ राष्ट्रिय बजेटको तुलनामा कृषि तथा पशुपन्छी विकास मन्त्रालयको विनियोजित बजेट

| | आर्थिक वर्ष | | | |
|---|---|---|---|---|
| **विवरण** | **२०७७/७८** | **२०७८/७९** | **२०७८/७९** | **२०८०/८१** |
| राष्ट्रिय बजेट | १४७४६४५४ | १६३२८३०० | १७९३८३७३ | १७५१३१२१ |
| कृषि तथा पशुपन्छी विकास मन्त्रालयको जम्मा बजेट | ३७४०२० (२.५४) | ४५०५१६ (२.७६) | ५५८९८७ (३.११) | ५५४८२१ (३.१७) |
| सङ्घीय कृषि बजेट | २९३२७६ | ३६२६६४ | ४८१६०३ | ५०५९११ |
| (क) पूँजीगत | २६१७७४ (८९.२६) | ३२६४३७ (९०.०१) | ४४१६६० (९१.७१) | ४६८३३३ (९२.५७) |
| (ख) पूँजीगत | ३१५०२ (१०.७४) | ३६२२७ (९.९९) | ३९९४३ (८.२९) | ३७५७८ (७.४३) |

नोटः कोष्ठभित्रको सङ्ख्याले विनियोजित बजेटको प्रतिशत बुझाउँछ।



## २.१.२ स्रोत अनुसार बजेटको बाँडफाँड

कृषि तथा पशुपन्छी विकास मन्त्रालयको आ.व. २०८०/८१ मा कूल विनियोजित रू. ५५ अर्ब ४८ करोड २१ लाख मध्ये सङ्घीय कृषि बजेट रू. ५० अर्ब ५९ करोड ११ लाख रहेकोमा रू. ४३ अर्ब २२ करोड ४५ लाख नेपाल सरकार (८५.४४ प्रतिशत) र रू. ७ अर्ब ३६ करोड ६६ लाख वैदेशिक स्रोत (१४.५६ प्रतिशत) रहेको छ। वैदेशिक स्रोत अन्तर्गत रू. २ अर्ब ३३ करोड ७७ लाख वैदेशिक अनुदान (४.६२ प्रतिशत) र रू. ५ अर्ब ०२ करोड ८९ लाख वैदेशिक ऋण (९.९४ प्रतिशत) रहेको अवस्था छ। गत आ.व. २०७९/८० वैदेशिक स्रोत अन्तर्गतको बजेट ३४.८० प्रतिशत रहेकोमा चालु आ.व. २०८०/८१ मा घटेर १४.५६ प्रतिशत मात्र रहेको अवस्था छ।

बजेट रू. लाखमा

| स्रोत | आ.व. २०७९/८० | | आ.व. २०८०/८१ | |
|---|---|---|---|---|
| | बजेट | प्रतिशत | बजेट | प्रतिशत |
| १. नेपाल सरकार | ३१३४१० | ६५.२० | ४३२२४५ | ८५.४४ |
| २. वैदेशिक स्रोत | १६७२९३ | | ७३६६६ | |
| २.१ अनुदान | ३०६६३ | ६.३८ | २३३७७ | ४.६२ |
| २.२ ऋण | १३६६३० | २८.४२ | ५०२८९ | ९.९४ |

## २.१.३ बजेट उप-शीर्षक अनुसार आ.व. २०८०/८१ मा विनियोजित बजेट, खुद/अन्तिम बजेट र खर्चको विवरण

| क्र. सं. | बजेट उप-शीर्षक | कार्यक्रम/आयोजनाको नाम | बजेट | | | खर्च प्रतिशत | |
|---|---|---|---|---|---|---|---|
| | | | सुरु विनियोजन | खुद कायम | कूल खर्च रकम | सुरु विनियोजनको तुलनामा | खुद बजेटको तुलनामा |
| १ | ३१२०००११ | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | ५१७८५ | ७२०३ | १५४५ | २.९८ | २१.४५ |
| २ | ३१२००१०१ | कृषि विकास रणनीति अनुगमन तथा समन्वय कार्यक्रम | १६९७१ | ९७९८ | १९७ | १.१६ | २.०१ |
| ३ | ३१२००१०२ | विशेष कृषि उत्पादन कार्यक्रम | ३०००२८ | २८६७४७.५० | २४३७२८ | ८१.२३ | ८५.०० |
| ४ | ३१२००१०३ | बीउ प्रवर्द्धन तथा गुण नियन्त्रण कार्यक्रम | ० | ५६१ | ४४६ | | ७९.५३ |

| क्र. सं. | बजेट उप-शीर्षक | कार्यक्रम/आयोजनाको नाम | बजेट | | | खर्च प्रतिशत | |
|---|---|---|---|---|---|---|---|
| | | | सुरु विनियोजन | खुद कायम | कूल खर्च रकम | सुरु विनियोजनको तुलनामा | खुद बजेटको तुलनामा |
| ५ | ३१२००१०४ | प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन कार्यक्रम | ० | १६६१ | ११३५ | | ६८.३२ |
| ६ | ३१२००१०५ | कृषि सूचना तथा प्रशिक्षण कार्यक्रम | ९५५ | ९५५ | ७०४ | ७३.७२ | ७३.७२ |
| ७ | ३१२००१०६ | प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना | ० | २८०३३.७२ | २२४८८ | | ८०.२२ |
| ८ | ३१२००१०७ | लाइभस्टक सेक्टर इन्नोभेसन आयोजना | ९१४९ | ९१४९ | ७०४३ | ७६.९८ | ७६.९८ |
| ९ | ३१२००१०८ | खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना | ८३४६ | ८३४६ | ६२०० | ७४.२९ | ७४.२९ |
| १० | ३१२००१०९ | कृषि क्षेत्र विकास कार्यक्रम | १२४३५ | १२४३५ | ५६६७ | ४५.५८ | ४५.५८ |
| ११ | ३१२००११२ | नेपाल कृषि बजार विकास कार्यक्रम | ३७८५ | ३७८५ | ३२८५ | ८६.८० | ८६.८० |
| १२ | ३१२००११८ | ग्रामीण उद्यम तथा आर्थिक विकास कार्यक्रम | २८०४५ | २८०४५ | १०७११ | ३८.१९ | ३८.१९ |
| १३ | ३१२०१०११ | कृषि विभाग | १०२६१ | १५५४१.४९ | १४८७६ | १४४.९७ | ९५.७२ |
| १४ | ३१२०११०१ | राष्ट्रिय आलु, तरकारी तथा मसला विकास कार्यक्रम | १४४० | १४४० | ११५१ | ७९.९० | ७९.९० |
| १५ | ३१२०११०२ | राष्ट्रिय फलफूल विकास कार्यक्रम | ३०६८ | ३०६८ | २४८६ | ८१.०२ | ८१.०२ |
| १६ | ३१२०११०३ | व्यावसायिक कीट विकास कार्यक्रम | ९०२ | ९०२ | ६४२ | ७१.१४ | ७१.१४ |
| १७ | ३१२०११०४ | वाली विकास तथा जैविक विविधता संरक्षण कार्यक्रम | ० | १२५७.६० | ८२८ | | ६५.८२ |
| १८ | ३१२०११०५ | केन्द्रीय कृषि प्रयोगशाला कार्यक्रम | ० | ९१५.९१ | ६१६ | | ६७.२३ |
| १९ | ३१२०११०६ | कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रिकरण प्रवर्द्धन कार्यक्रम | २५५२ | २६८४ | १६१८ | ६३.४० | ६०.२७ |
| २० | ३१२०११०७ | रानी जमरा कुलरिया सिँचाइ आयोजना—प्रणाली आधुनिकिकरण कृषि कार्यक्रम | १४८६ | १४८६ | ७१० | ४७.७९ | ४७.७९ |
| २१ | ३१२०१११३ | पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजना | ५७९८ | ५७९८ | ४७४ | ८.१८ | ८.१८ |

| क्र. सं. | बजेट उप-शीर्षक | कार्यक्रम/आयोजनाको नाम | बजेट | | | खर्च प्रतिशत | |
|---|---|---|---|---|---|---|---|
| | | | सुरु विनियोजन | खुद कायम | कूल खर्च रकम | सुरु विनियोजनको तुलनामा | खुद बजेटको तुलनामा |
| २२ | ३१२०२०११ | पशु सेवा विभाग | ६३१६ | १६०१४ | १५६९० | २४८.४१ | ९७.९७ |
| २३ | ३१२०२१०१ | मत्स्य विकास कार्यक्रम | १८९८ | १८९८ | १४५४ | ७६.५९ | ७६.५९ |
| २४ | ३१२०२१०२ | पशु स्वास्थ्य, रोग अन्वेशण सेवा तथा क्वारेन्टाइन कार्यक्रम | ० | ६५६९.३९ | ५३८५ | | ८१.९७ |
| २५ | ३१२०२१०३ | पशुपन्छी स्रोत व्यवस्थापन तथा प्रवर्द्धन कार्यक्रम | ५१७१ | ५१८१ | ४४१२ | ८५.३२ | ८५.१५ |
| २६ | ३१२०२१०४ | पशु आहारा तथा लाइभस्टक गुण व्यवस्थापन कार्यक्रम | ३८४ | ३८४ | ३५३ | ९१.८९ | ९१.८९ |
| २७ | ३१२०३१०१ | खाद्य पोषण तथा प्रविधि कार्यक्रम | ० | ६६०६.४४ | ४८९७ | | ७४.१३ |
| २८ | ३१२२१०११ | राष्ट्रिय किसान आयोग | ० | ४३५ | ३०८ | | ७०.८० |
| २९ | ३१२३१०११ | राष्ट्रिय चिया, कफी तथा अलैंची विकास बोर्ड | १३६१ | १३६१ | १०५७ | ७७.६९ | ७७.६९ |
| ३० | ३१२३१०१२ | राष्ट्रिय दुग्ध विकास बोर्ड | ० | ५९८ | ५१९ | | ८६.७६ |
| ३१ | ३१२४१०११ | नेपाल पशु चिकित्सा परिषद् | १८५ | १८५ | १७७ | ९५.४२ | ९५.४२ |
| ३२ | ३१२४११०१ | कृषि अनुसन्धान कार्यक्रम | ३३४९० | ३३४९० | २७३२६ | ८१.५९ | ८१.५९ |
| ३३ | ३१२४११०२ | पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी परिषद् | १०० | १०० | ८८ | ८८.२२ | ८८.२२ |
| ३४ | ३१२८१०११ | कपास विकास समिति | ० | २७९ | १४३ | | ५१.२५ |
| **कूल जम्मा** | | | ५०५९११ | ५०२९११.९१ | ३८८३५७ | ७६.७६ | ७७.२२ |

नोटः सुरुमा मन्त्रालय मातहतका १० वटा बजेट उप-शीर्षकको बजेट विनियोजन शुन्य रहेको।

## २.२ प्राथमिकता प्राप्त विकास कार्यक्रम/आयोजनाहरूको बजेट तथा खर्चको विवरण

### २.२.१ आ.व. २०८०/८१ को वार्षिक विनियोजनको तुलनामा चालू तथा पूँजीगत खर्चको अवस्था

कृषि विकास रणनीतिका मूलभूत पक्षहरूलाई समेटेर पन्ध्रौं योजनाको क्षेत्रगत उद्देश्य र नीतिहरूको कार्यान्वयन गराउन योगदान पुग्ने गरी आ.व. २०८०/८१ मा प्राथमिकता प्राप्त विकास कार्यक्रम तथा आयोजनाहरूको सङ्ख्या बजेट उप-शीर्षकको आधारमा ३४ वटा रहेकोमा पहिलो प्राथमिकता प्राप्त (P1) कार्यक्रम/आयोजनाहरू २८ वटा र दोस्रो प्राथमिकता प्राप्त (P2) कार्यक्रम/आयोजनाहरू ६ वटा रहेको थियो। आ.व. २०८०/८१ मा प्राथमिकता प्राप्त विकास कार्यक्रम तथा आयोजनाहरूको संशोधित वार्षिक बजेट तथा खर्चको विवरण निम्नानुसार रहेको छ।

रू. हजारमा

| कार्यक्रम/आयोजनाहरू | संशोधित वार्षिक बजेट | | | वार्षिक खर्च विवरण | | |
|---|---|---|---|---|---|---|
| | चालु | पूँजीगत | जम्मा | चालु | पूँजीगत | जम्मा |
| पहिलो प्राथमिकता प्राप्त P1 (२८) | ४६१६५१४५ | ३७०१९७२ | ४९८६७११६ | ३६१४९६८० | २३७२०८६ | ३८५२१७६६ |
| दोस्रो प्राथमिकता प्राप्त P2 (६) | ३६२४०५ | ६१६७० | ४२४०७५ | २७०५७२ | ४४८७५ | ३१५४४७ |
| **जम्मा (P1 र P2 गरी ३४ वटा)** | ४६५२७५५० | ३७६३६४२ | ५०२९११९१ | ३६४२०२५२ | २४१६९६१ | ३८८३७२१३ |

आ.व. २०८०/८१ को वार्षिक चालु तथा पूँजीगत खर्च प्रतिशतलाई तपसिलको बार ग्राफमा देखाइएको छ।



## २.२.२ पहिलो तथा दोस्रो प्राथमिकताका कार्यक्रमहरूको आ.व. २०८०/८१ को वार्षिक बजेट (चालु र पूँजीगत) विनियोजन तथा खर्चको अवस्था

| क्र.सं. | बजेट उप-शीर्षक नम्बर | आयोजना/ कार्यक्रमको नाम | वार्षिक विनियोजित बजेट (रू. हजारमा) | | | वार्षिक खर्च (रू. हजारमा) | | | वार्षिक वित्तीय प्रगति प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | चालु | पूँजीगत | जम्मा | चालु | पूँजीगत | जम्मा | चालु | पूँजीगत | जम्मा |
| क. | P2 कार्यक्रम | | | | | | | | | | |
| १ | ३१२०११०३ | व्यावसायिक कीट विकास कार्यक्रम | ७८४०० | ११८०० | ९०२०० | ५६३२७ | ७८७० | ६४१९७ | ७१.८५ | ६६.६९ | ७१.१७ |
| २ | ३१२०११०५ | केन्द्रीय कृषि प्रयोगशाला कार्यक्रम | ६०७९२ | ३०८०० | ९१५९२ | ४१६४० | २००३६ | ६१६७६ | ६८.५० | ६५.०५ | ६७.३४ |
| ३ | ३१२२१०११ | राष्ट्रिय चिया, कफी तथा अलैंची विकास बोर्ड | १२६१०० | १०००० | १३६१०० | ९६७४९ | ८९९४ | १०५७४३ | ७६.७२ | ८९.९४ | ७७.७० |
| ४ | ३१२३१०१२ | राष्ट्रिय दुग्ध विकास बोर्ड | ५३७९२ | ६०३० | ५९८२२ | ४६३४३ | ५५५६ | ५१८९९ | ८६.१५ | ९२.१४ | ८६.७६ |
| ५ | ३१२८१०११ | कपास विकास समिति | २६२२१ | १६४० | २७८६१ | १३२४१ | १०३९ | १४२८० | ५०.५० | ६३.३५ | ५१.२५ |
| ६ | ३१२४१०११ | नेपाल पशु चिकित्सा परिषद् | १७१०० | १४०० | १८५०० | १६२७२ | १३८० | १७६५२ | ९५.१६ | ९८.५७ | ९५.४२ |
| | P2 कार्यक्रमको जम्मा | | ३६२४०५ | ६१६७० | ४२४०७५ | २७०५७२ | ४४८७५ | ३१५४४७ | ७४.६६ | ७२.७७ | ७४.३८ |
| ख. | P1 कार्यक्रम | | | | | | | | | | |
| १ | ३१२०००११ | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | ६६०२४४ | ६००५२ | ७२०२९५ | १५००३९ | ४४५७ | १५४४९६ | २२.७२ | ७.४२ | २१.४५ |
| २ | ३१२०१०११ | कृषि विभाग | १५५०१४९ | ४००० | १५५४१४९ | १४८४२५८ | ३३७३ | १४८७६३१ | ९५.७५ | ८४.३३ | ९५.७२ |
| ३ | ३१२०२०११ | पशु सेवा विभाग | १६००४०० | १००० | १६०१४०० | १५६८४६० | ४९९ | १५६८९५९ | ९८.०० | ४९.९० | ९७.९७ |
| ४ | ३१२२१०११ | राष्ट्रिय किसान आयोग | ४२५२३ | १००० | ४३५२३ | २९८४२ | ९७७ | ३०८१९ | ७०.१८ | ९७.७० | ७०.८१ |
| ५ | ३१२००१०१ | कृषि विकास रणनीति अनुगमन तथा समन्वय कार्यक्रम | ७२५९५८ | २५३८०० | ९७९७५८ | १९५०१ | १७६ | १९६७७ | २.६९ | ०.०७ | २.०१ |
| ६ | ३१२००१०२ | विशेष कृषि उत्पादन कार्यक्रम | २८६७३७५१ | १००० | २८६७४७५० | २४३७२७६९ | ० | २४३७२७६९ | ८५.०० | ०.०० | ८५.०० |
| ७ | ३१२००१०३ | बीउ प्रवर्द्धन तथा गुण नियन्त्रण कार्यक्रम | ५३७५१ | २३०० | ५६०५१ | ४२४५७ | २१२४ | ४४५८१ | ७८.९९ | ९२.३५ | ७९.५४ |
| ८ | ३१२००१०४ | प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन कार्यक्रम | १५८०३३ | ८०२० | १६६०५३ | १०६४४२ | ७०१० | ११३४५२ | ६७.३५ | ८७.४१ | ६८.३२ |
| ९ | ३१२००१०५ | कृषि सूचना तथा प्रशिक्षण कार्यक्रम | ९१२०० | ४३०० | ९५५०० | ६७६७० | २८३६ | ७०५०६ | ७४.२० | ६५.९५ | ७३.८३ |
| १० | ३१२००१०६ | प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना | २५९१९६७ | २११४०५ | २८०३३७२ | २०६३९८० | १८५५९२ | २२४९५७२ | ७९.६३ | ८७.७९ | ८०.२५ |
| ११ | ३१२००१०७ | नेपाल लाईभस्टक सेक्टर इनोभेशन आयोजना | ७५५४५९ | १५९४४२ | ९१४९०० | ५५८६३४ | १४५८३२ | ७०४४६६ | ७३.९५ | ९१.४६ | ७७.०० |
| १२ | ३१२००१०८ | खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना | ८३२६०० | २००० | ८३४६०० | ६१८०५९ | १९८५ | ६२००४४ | ७४.२३ | ९९.२५ | ७४.२९ |
| १३ | ३१२००१०९ | कृषि क्षेत्र विकास कार्यक्रम | १२३८४०० | ५१०० | १२४३५०० | ५६३४२३ | ३३०४ | ५६६७२७ | ४५.५० | ६४.७८ | ४५.५८ |
| १४ | ३१२००११२ | नेपाल कृषि बजार विकास कार्यक्रम | ३७७५०० | १००० | ३७८५०० | ३२७८७८ | ६४७ | ३२८५२५ | ८६.८६ | ६४.७० | ८६.८० |
| १५ | ३१२००११८ | ग्रामीण उद्यम तथा आर्थिक विकास कार्यक्रम | १५१६५०० | १२८८००० | २८०४५०० | २३८३२७ | ८३२८१२ | १०७११३९ | १५.७२ | ६४.६६ | ३८.१९ |
| १६ | ३१२०११०१ | राष्ट्रिय आलु, तरकारी तथा मसला विकास कार्यक्रम | ११७५०० | २६५०० | १४४००० | ९२४०८ | २२६४८ | ११५०५६ | ७८.६५ | ८५.४६ | ७९.९० |
| १७ | ३१२०११०२ | राष्ट्रिय फलफूल विकास कार्यक्रम | १६०७०० | १४६१०० | ३०६८०० | १२९२१४ | ११९३६९ | २४८५८३ | ८०.४१ | ८१.७० | ८१.०२ |
| १८ | ३१२०११०४ | बाली विकास तथा जैविक विविधता संरक्षण कार्यक्रम | ११०९०० | १४८६० | १२५७६० | ७०९१५ | ११८५१ | ८२७६६ | ६३.९४ | ७९.७५ | ६५.८१ |
| १९ | ३१२०११०६ | कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रिकरण प्रवर्द्धन कार्यक्रम | ७३८२० | १९४६०० | २६८४२० | ५०९८९ | ११०८०० | १६१७८९ | ६९.०७ | ५६.९४ | ६०.२७ |

| क्र.सं. | बजेट उप-शीर्षक नम्बर | आयोजना/ कार्यक्रमको नाम | वार्षिक विनियोजित बजेट (रू. हजारमा) | | | वार्षिक खर्च (रू. हजारमा) | | | वार्षिक वित्तीय प्रगति प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | चालु | पूँजीगत | जम्मा | चालु | पूँजीगत | जम्मा | चालु | पूँजीगत | जम्मा |
| २० | ३१२०११०७ | रानी जमरा कुलरिया सिँचाइ आयोजना | १४८४०० | २०० | १४८६०० | ७०८२१ | १९९ | ७१०२० | ४७.७२ | ९९.५० | ४७.७९ |
| २१ | ३१२०१११३ | पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजना | ४४५१०० | १३४७०० | ५७९८०० | ४५४५१ | १९८३ | ४७४३४ | १०.२१ | १.४७ | ८.१८ |
| २२ | ३१२०२१०१ | मत्स्य विकास कार्यक्रम | १३२३०० | ५७५०० | १८९८०० | १०३१७८ | ४२२०९ | १४५३८७ | ७७.९९ | ७३.४१ | ७६.६० |
| २३ | ३१२०२१०२ | पशु स्वास्थ्य रोग अन्वेषण सेवा तथा क्वारेन्टाइन कार्यक्रम | ५३६७०८ | १२०२३१ | ६५६९३९ | ४४५१३९ | ९३३५५ | ५३८४९४ | ८२.९४ | ७७.६५ | ८१.९७ |
| २४ | ३१२०२१०३ | पशुपन्छी स्रोत व्यवस्थापन तथा प्रवर्द्धन कार्यक्रम | ४२७३०० | ९०८०० | ५१८१०० | ३७००१० | ७११६० | ४४११७० | ८६.५९ | ७८.३७ | ८५.१५ |
| २५ | ३१२०२१०४ | पशु आहारा तथा लाईभस्टक गुण व्यवस्थापन कार्यक्रम | ३२८०० | ५६०० | ३८४०० | ३०५३४ | ४७५३ | ३५२८७ | ९३.०९ | ८४.८८ | ९१.८९ |
| २६ | ३१२०३१०१ | खाद्य पोषण तथा प्रविधि कार्यक्रम | ४५४७८२ | २०५८६२ | ६६०६४४ | ३४७३३५ | १४२३८४ | ४८९७१९ | ७६.३७ | ६९.१६ | ७४.१३ |
| २७ | ३१२४११०१ | कृषि अनुसन्धान कार्यक्रम | २६४८९०० | ७००१०० | ३३४९००० | २१७५४०७ | ५५७२८३ | २७३२६९० | ८२.१२ | ७९.६० | ८१.६० |
| २८ | ३१२४११०२ | पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी परिषद् | ७५०० | २५०० | १०००० | ६५४० | २४६८ | ९००८ | ८७.२० | ९८.७२ | ९०.०८ |
| | | **P1 कार्यक्रमको एकमुष्ठ** | ४६१६५१४५ | ३७०१९७२ | ४९८६७११६ | ३६१४९६८० | २३७२०८६ | ३८५२१७६६ | ७८.३१ | ६४.०८ | ७७.२५ |
| | | **मन्त्रालयको एकमुष्ठ** | ४६५२७५५० | ३७६३६४२ | ५०२९११९१ | ३६४२०२५२ | २४१६९६१ | ३८८३७२१३ | ७८.२८ | ६४.२२ | ७७.२२ |

### २.२.३ प्राथमिकता प्राप्त विकास कार्यक्रम/आयोजनाहरूको एकमुष्ठ भारित तथा वित्तीय प्रगति स्थिति

पहिलो प्राथमिकता प्राप्त २८ वटा कार्यक्रम/आयोजनाहरूको एकमुष्ठ वित्तीय तथा भारित प्रगति क्रमशः ७७.२५ प्रतिशत र ८२.७१ प्रतिशत रहेको थियो भने दोस्रो प्राथमिकता प्राप्त ६ वटा कार्यक्रम/आयोजनाहरूको एकमुष्ठ वित्तीय तथा भारित प्रगति ७४.३८ प्रतिशत र ८५.७६ प्रतिशत रहेको थियो। यसरी पहिलो र दोस्रो प्राथमिकता प्राप्त ३४ वटा कार्यक्रम/आयोजनाहरूको एकमुष्ठ वित्तीय तथा भारित प्रगति क्रमशः ७७.२७ प्रतिशत र ८२.७४ प्रतिशत भएको थियो। जसलाई तपसिलको बार ग्राफमा देखाइएको छ।

**प्राथमिकता प्राप्त विकास कार्यक्रम/आयोजनाहरूको भारित तथा वित्तीय प्रगति स्थितिः**




| प्रगति प्रतिशत वर्गीकरण | वार्षिक | | | |
|---|---|---|---|---|
| | P1 (२८) | | P2 (६) | |
| | भारित | वित्तीय | भारित | वित्तीय |
| ८० देखि १०० | २० | ११ | ५ | २ |
| ५० भन्दा माथि ८० भन्दा कम | ५ | ११ | १ | ३ |
| ५० भन्दा कम | ३ | ६ | ० | १ |
| **जम्मा** | २८ | २८ | ६ | ६ |
| **कूल आयोजना सङ्ख्या (P1+P2)** | ३४ | | | |

## २.२.४ कृषि तथा पशुपन्छी विकास मन्त्रालयको बजेट उप-शीर्षक अनुसार आ.व. २०८०/८१ को कार्यक्रम/आयोजनाहरूको वार्षिक भारित तथा वित्तीय प्रगति विवरण

पहिलो प्राथमिकता प्राप्त २८ वटा कार्यक्रम/आयोजनाहरू तथा दोस्रो प्राथमिकता प्राप्त ६ वटा कार्यक्रम/आयोजनाहरू गरी जम्मा ३४ वटा रहेका कार्यक्रम/आयोजनाहरूको एकमुष्ठ भारित तथा वित्तीय प्रगति प्रतिशत तपसिल अनुसार रहेको थियो।

| क्र. सं. | बजेट उप-शीर्षक | कार्यक्रम/आयोजनाहरू | भारित प्रगति प्रतिशत | वित्तीय प्रगति प्रतिशत |
|---|---|---|---|---|
| **पहिलो प्राथमिकता प्राप्त (P1)** | | | | |
| १ | ३१२००११ | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | २३.७४ | २१.४५ |
| २ | ३१२००१०१ | कृषि विकास रणनीति अनुगमन तथा समन्वय कार्यक्रम | १३.१२ | २.०१ |
| ३ | ३१२००१०२ | विशेष कृषि उत्पादन कार्यक्रम | ८७.०० | ८५.०० |
| ४ | ३१२००१०३ | बीउ प्रवर्द्धन तथा गुण नियन्त्रण कार्यक्रम | ९२.८६ | ७९.५४ |
| ५ | ३१२००१०४ | प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन कार्यक्रम | ८०.७० | ६८.३२ |
| ६ | ३१२००१०५ | कृषि सूचना तथा प्रशिक्षण कार्यक्रम | ९१.४२ | ७३.८३ |
| ७ | ३१२००१०६ | प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना | ८८.७८ | ८०.२५ |
| ८ | ३१२००१०७ | नेपाल लाइभस्टक सेक्टर इन्नोभेसन आयोजना | ९७.०१ | ७७.०० |
| ९ | ३१२००१०८ | खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना | ८०.३६ | ७४.२९ |
| १० | ३१२००१०९ | कृषि क्षेत्र विकास कार्यक्रम | ६३.२६ | ४५.५८ |
| ११ | ३१२००११२ | नेपाल कृषि बजार विकास कार्यक्रम | ९१.८२ | ८६.८० |
| १२ | ३१२००११८ | ग्रामीण उद्यम तथा आर्थिक विकास कार्यक्रम | ५२.८९ | ३८.१९ |
| १३ | ३१२०१०११ | कृषि विभाग | ९८.९० | ९५.७२ |
| १४ | ३१२०११०१ | राष्ट्रिय आलु, तरकारी तथा मसला विकास कार्यक्रम | ९१.२४ | ७९.९० |
| १५ | ३१२०११०२ | राष्ट्रिय फलफूल विकास कार्यक्रम | ९२.३६ | ८१.०२ |
| १६ | ३१२०२०११ | पशु सेवा विभाग | ९८.९० | ९७.९७ |
| १७ | ३१२२१०११ | राष्ट्रिय किसान आयोग | ८५.३४ | ७०.८१ |
| १८ | ३१२०११०४ | वाली विकास तथा जैविक विविधता संरक्षण कार्यक्रम | ७५.१९ | ६५.८१ |
| १९ | ३१२०११०६ | कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रिकरण प्रवर्द्धन कार्यक्रम | ६५.३४ | ६०.२७ |
| २० | ३१२०११०७ | रानी जमरा कुलरिया सिँचाइ आयोजना–प्रणाली आधुनिकिकरण कृषि कार्यक्रम | ६४.४१ | ६०.२७ |
| २१ | ३१२०१११३ | पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजना | ८.६५ | ८.१८ |
| २२ | ३१२०२१०१ | मत्स्य विकास कार्यक्रम | ९७.१२ | ७६.६० |

| क्र. सं. | बजेट उप-शीर्षक | कार्यक्रम/आयोजनाहरू | भारित प्रगति प्रतिशत | वित्तीय प्रगति प्रतिशत |
|---|---|---|---|---|
| २३ | ३१२०२१०२ | पशु स्वास्थ्य, रोग अन्वेशण सेवा तथा क्वारेन्टाइन कार्यक्रम | ८७.७३ | ८१.९७ |
| २४ | ३१२०२१०३ | पशुपन्छी स्रोत व्यवस्थापन तथा प्रवर्द्धन कार्यक्रम | ९१.३० | ८५.१५ |
| २५ | ३१२०२१०४ | पशु आहारा तथा लाइभस्टक गुण व्यवस्थापन कार्यक्रम | ९४.९३ | ९१.८९ |
| २६ | ३१२०३१०१ | खाद्य पोषण तथा प्रविधि कार्यक्रम | ८९.३१ | ७४.१३ |
| २७ | ३१२४११०१ | कृषि अनुसन्धान कार्यक्रम | ९५.३९ | ८१.६० |
| २८ | ३१२४११०२ | पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी परिषद् | ९८.०० | ९०.०८ |
| दोस्रो प्राथमिकता प्राप्त (P2) | | | | |
| १ | ३१२०११०३ | व्यावसायिक कीट विकास कार्यक्रम | ८२.६८ | ७१.१७ |
| २ | ३१२०११०५ | केन्द्रीय कृषि प्रयोगशाला कार्यक्रम | ९१.८८ | ६७.३४ |
| ३ | ३१२३१०११ | राष्ट्रिय चिया, कफी तथा अलैंची विकास बोर्ड | ८२.०० | ७७.७० |
| ४ | ३१२३१०१२ | राष्ट्रिय दुग्ध विकास बोर्ड | ९५.४६ | ८६.७६ |
| ५ | ३१२८१०११ | कपास विकास समिति | ६५.४४ | ५१.२५ |
| ६ | ३१२४१०११ | नेपाल पशु चिकित्सा परिषद् | ९७.३२ | ९५.४२ |
| **पहिलो प्राथमिकता प्राप्त (P1) र दोस्रो प्राथमिकता प्राप्त (P2) को एकमुष्ठ** | | | ८२.७४ | ७७.२२ |

## २.२.५ वैदेशिक सहयोगमा सञ्चालित आयोजना तथा कार्यक्रमहरू

| क्र. स. | आयोजना र कार्यक्रमको नाम | सुरु हुने/ पूरा हुने मिति | लागु हुने क्षेत्र | विकास साझेदार |
|---|---|---|---|---|
| १. | नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजना | सुरु मितिः २०१८ पूरा हुने मितिः ३० जुन, २०२४ | ५ प्रदेश (२८ जिल्लाहरू) का २८९ पालिकाहरू (पाँचथर, इलाम, झापा, धनकुटा, उदयपुर, मोरङ, सुनसरी, सप्तरी, धनुषा, सिराहा, काभ्रे, काठमाडौं, मकवानपुर, चितवन, स्याङ्जा, कास्की, मनाङ, मुस्ताङ, तनहुँ, म्याग्दी, रूपन्देही, ब.सु. पूर्व, ब.सु. पश्चिम, अर्घाखाची, कपिलवस्तु, गुल्मी, पाल्पा र बर्दिया) | World Bank |
| २. | ग्रामीण उद्यम तथा आर्थिक विकास आयोजना | सुरु मितिः २०२१, पूरा हुने मितिः १५ जुलाई, २०२५ | ६ प्रदेश (३५ जिल्लाहरू) का १७१ पालिकाहरू<br>१. मध्यपहाडी लोकमार्ग (कोशी, बागमती)<br>२. पूर्व पश्चिम राजमार्ग र हुलाकी राजमार्ग (मधेश प्रदेश)<br>३. मध्यपहाडी लोकमार्ग (गण्डकी)<br>४. भालुवाङ्ग-रोल्पा राजमार्ग (लुम्बिनी)<br>५. महाकाली राजमार्ग (सूदुर पश्चिम) | World Bank |
| ३. | रानी जमरा कुलरिया सिंचाइ आयोजना (कृषि कार्यक्रम) | सुरु मितिः २०१८ पूरा हुने मितिः १५ जुलाई, २०२५ | कैलाली | World Bank |

| क्र. स. | आयोजना र कार्यक्रमको नाम | सुरु हुने/ पूरा हुने मिति | लागु हुने क्षेत्र | विकास साझेदार |
|---|---|---|---|---|
| ४. | खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना | सुरु मितिः २०१८ पूरा हुने मितिः जुन २०२४ | ३ प्रदेश (८ जिल्लाहरू) का १६ पालिकाहरू सिरहा, सप्तरी, धनुषा, महोत्तरी, सिन्धुपाल्चोक, दोलखा, गोरखा र धादिङ | GAFSP |
| ५. | पहाडी क्षेत्रमा काष्ठफल तथा फलपूल आयोजना | सुरु मितिः २०२२, पूरा हुने मितिः ३१ अगष्ट २०२९ | कोशी, बागमती, गण्डकी, कर्णाली, सुदुरपश्चिम प्रदेशका ३४ जिल्लाका १०० वटा स्थानीय तहहरू | ADB |
| ६. | कृषि क्षेत्र विकास कार्यक्रम | सुरु मितिः २०१८, पूरा हुने मितिः २०२४ | कर्णाली प्रदेशका १० वटा जिल्लाहरूका ७९ पालिकाहरू (सुर्खेत, दैलेख, सल्यान, जाजरकोट, रुकुम पश्चिम, कालिकोट, जुम्ला, मुगु, डोल्पा, हुम्ला) | IFAD |
| ७. | नेपाल कृषि बजार विकास कार्यक्रम | सुरु मितिः २०२०, पूरा हुने मितिः २०२४ | प्रदेश १ का सबै जिल्लाहरू | SDC |

## २.२.६ रातो किताबमा उल्लेख नभएका (Off Budgetary) प्राविधिक सहायताको विवरण

| S.N. | Name of the Project / Programme | Starting Date / Ending Date | Major Activities | Total Amount of Assistance (USD) | Districts | Approx annual amount of assistance (USD) | Donor country / Institutions |
|---|---|---|---|---|---|---|---|
| 1 | **TCP/NEP/3901:** Promoting Large Cardamom Value Chain in Nepal under One Country One Priority Product (OCOP) framework | Sep-2022 to Sep-2024 | To increase and sustain access of Nepalese large cardamom in the international market through quality production, value addition and trade promotion. | 350,000 | Ilam And Panchthar | 150000 | FAO |
| 2 | **TCP/NEP/3902:** Support to enhancing agricultural productivity and livelihoods of farmers through Digital Village Initiative (DVI) in Nepal | Sep-2022 to Sep-2024 | To open a new horizon to transform existing agriculture and food system into a more smart, efficient, profitable, and sustainable one and improve the quality of life of rural people by addressing the existing constraints of digitalization in agriculture. | 300,000 | Dolakha, Siraha and Ilam | 100000 | FAO |
| 3 | **UNJP/NEP/078/UNJ:** Accelerating Progress towards Rural Women`s Economic Empowerment (JP RWEE) Phase II | Jul 2022 to Apr-2027 | Strengthening the economic capacity and resilience of rural women in order to address the structural barriers that preventing their social and economic inclusion, whilst also responding to the negative effects of COVID-19 and climate change. | 5,000,000 | Siraha and Saptari | 1,000,000 | UNDP Administered Donor Joint Trust Fund (UNWOMEN, IFAD, WFP, FAO) |
| 4 | OSRO/NEP/079/USA: Immediate TA for animal health system to address emerging / priority zoonotic diseases & health threat | Sept 2023 to Dec-2026 | Strengthen animal health systems to reduce the risks and impacts of emerging infectious diseases, antimicrobial resistance, and bio-threats through an inclusive One Health approach | 1,500,000 | All District of Nepal | 400,000 | USAID |
| 5 | **GCP /GLO/505/ROK:** Implementation of Codex standards to support containment and reduction of foodborne AMR | Jul-2021 to Jun-2026 | This project will aim to work at both the global and local levels to support the implementation of Codex standards, especially those related to the containment and reduction of foodborne AMR, and then to monitor the use and impact of Codex standards. | 550,000 | National Level | 200,000 | Republic of Korea |

| S.N. | Name of the Project / Programme | Starting Date / Ending Date | Major Activities | Total Amount of Assistance (USD) | Districts | Approx annual amount of assistance (USD) | Donor country / Institutions |
|---|---|---|---|---|---|---|---|
| 6 | **UNFA/GLO/092/UND** Support Programme on Scaling up Climate Ambition on Land Use and Agriculture through NDCs and NAPs (SCALA) | Jan-2022 to Sept-2025 | • Information and assessments used by national stakeholders to identify and appraise transformative climate actions to advance NDC/NAP priorities in land-use and agriculture.<br>• Climate risk-informed land-use and agriculture sector priorities integrated into National and sectoral planning, budgeting, and monitoring.<br>• Private sector engagement in climate action in land-use and agriculture increased. | 600,000 | National Level | 200,000 | UND - UNDP Administered Trust Funds |
| 7 | **TCP/NEP/3905:** TA for Achieving Transformation towards a more Sustainable, Inclusive, and Resilient Food System in Nepal. | Dec-2023 to Nov-2025 | To provide technical assistance to the implementation of Nepal's commitment to plan and implement food systems transformation activities at the local level in coordination and collaboration with provincial and federal level Governments. | 500000 | Morang, Dhanusha, Dhading, Gorkha, Kapilvastu, Jumla and Dadeldhura | 200000 | FAO |
| 8 | **TCP/RAS/3907:** Strengthening the capacities of Government counterparts and relevant stakeholders for increasing productivity and building climate resilient agriculture through nature-based solutions in Asia. | Jun-2023 to May-2025 | To enhance the capacity of the participating countries to upscale and adopt nature-based crop protection solutions and good practices for more efficient, resilient, and sustainable green food systems. | 94,374 | National Level | 50000 | FAO |
| 9 | Climate Resilient Transformation of Rice-based Farming and Food Systems in Central Nepal (CRAFT Nepal) | 2024-2025 | Project Preparation Grant administer by FAO | 200000 | Nuwakot, Parasi, Sarlahi and Mahottari | 200000 | GEF-LDCF |
| 10 | OSRO/NEP/083/USA: Food Security and Livelihoods Recovery and Enhancement of Vulnerable Earthquake affected farmers in Jajarkot and Rukum-West Districts | 2023- 2027 | To increase income of earthquake affected farmers through enhanced agricultural production and access to markets and capacity building and increased access to relevant institutions | 500,000 | Jajarkot and Rukum West | 25100 | FA0-SFERA |

| S.N. | Name of the Project / Programme | Starting Date / Ending Date | Major Activities | Total Amount of Assistance (USD) | Districts | Approx annual amount of assistance (USD) | Donor country / Institutions |
|---|---|---|---|---|---|---|---|
| 11 | TCP/NEP/4002: Empowering Youth for Agri Food System Transformtaion in Nepal | 27 March 2024- 31 March 2025 | Strengthen rural youth capacity for the use of innovative appraoches and technologies in food and agriculture. | 95,000 | National Level | | FAO |
| 12 | TCP/NEP/3907/C4 : Promoting Urban and Periurban Agriculture towards the City Regional Food System | 1st December 2023 - 30 November 2024 | Linking producers and consumers through sustainable food procurement and catering, Demand based sustainable production plan for peri-urban agriculture | 77,000 | Chitwan, Kaski and Lalitpur | | FAO |
| 13 | TFO69037 : THE PANDEMIC FUND , Strengthening Pandemic Preparedness for Early Detection in Nepal (SPEED) | 2023-2026 | Surveillance and Early Warning activities, Establishing MOUs between the MOHP and the MOALD would formalize collaboration and information sharing between public health authorities at borders and animal border quarantine check posts | 4,116,860 | All Districts of Nepal | | WORLD BANK |
| 14 | **TCP/NEP/4004** : Support to Sustainable Development of Pangasius Seed Production and Upgraded value Chain” | 2024-2026 | Introduce pure line Pangasius Seed, Develop Pangasius Hatecheries, Develop Manual/ standards and organize seires of trainings on qulaity seed production and good practices. | 300,000 | Chitwan, Bara, Parsa, Rautahat, Nawal parasi, Rupandehi, Kabilbstu, Sunsari, Sarlahi, Morang, Jhapa, Kailali, Dang and Surhet | | FAO |

## २.२.७ वैदेशिक सहयोगमा सञ्चालित आयोजना/कार्यक्रमहरूको बजेट (चालु र पूँजीगत) विनियोजन तथा खर्चको अवस्था

कृषि तथा पशुपन्छी विकास मन्त्रालय अन्तर्गत सञ्चालित ३४ वटा आयोजना/कार्यक्रमहरू मध्ये ७ वटा आयोजना/कार्यक्रमहरू वैदेशिक सहयोगमा सञ्चालनमा रहेका छन्। समष्टिगत रूपमा आ.व. २०८०/८१ को वैदेशिक सहयोगमा सञ्चालित आयोजना/कार्यक्रमहरूको भारित तथा वित्तीय प्रगति प्रतिशत क्रमशः ७२.१० प्रतिशत र ४९.३८ प्रतिशत रहेको छ। आ.व. २०८०/८१ मा वैदेशिक सहयोगमा सञ्चालित आयोजना/कार्यक्रमहरूको लागि विनियोजित बजेट तथा खर्चको विवरण तपसिल बमोजिम रहेको छ।

| क्र. सं. | आयोजना/ कार्यक्रमको नाम | वार्षिक विनियोजित बजेट (रू. हजारमा) | | | वार्षिक खर्च (रू. हजारमा) | | |
|---|---|---|---|---|---|---|---|
| | | चालु | पूँजीगत | जम्मा | चालु | पूँजीगत | जम्मा |
| १ | नेपाल लाइभस्टक सेक्टर इनोभेशन आयोजना | ७५५४५९ | १५९४४२ | ९१४९०० | ५५८६३४ | १४५८३२ | ७०४४६६ |
| २ | खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना | ८३२६०० | २००० | ८३४६०० | ६१८०५९ | १९८५ | ६२००४४ |
| ३ | कृषि क्षेत्र विकास कार्यक्रम | १२३८४०० | ५१०० | १२४३५०० | ५६३४२३ | ३३०४ | ५६६७२७ |
| ४ | नेपाल कृषि बजार विकास कार्यक्रम | ३७७५०० | १००० | ३७८५०० | ३२७८७८ | ६४७ | ३२८५२५ |
| ५ | ग्रामीण उद्यम तथा आर्थिक विकास कार्यक्रम | १५१६५०० | १२८८००० | २८०४५०० | २३८३२७ | ८३२८१२ | १०७११३९ |
| ६ | रानी जमरा कुलरिया सिँचाइ आयोजना | १४८४०० | २०० | १४८६०० | ७०८२१ | १९९ | ७१०२० |
| ७ | पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजना | ४४५१०० | १३४७०० | ५७९८०० | ४५४५१ | १९८३ | ४७४३४ |
| आयोजना/कार्यक्रमको एकमुष्ठ | | ५३१३९५९ | १५९०४४२ | ६९०४४०० | २४२२५९३ | ९८६७६२ | ३४०९३५५ |

**आ.व. २०८०/८१ मा वैदेशिक सहयोगमा सञ्चालित आयोजना/कार्यक्रमहरूको भारित तथा वित्तीय प्रगति प्रतिशत तपसिल बमोजिम रहेको छ।**



### २.२.८ बोर्ड, समिति, संस्थान, आयोग, परिषद् र कम्पनीहरूको वार्षिक प्रगति स्थिति

कृषि तथा पशुपन्छी विकास मन्त्रालयसँग सम्बन्धित र अन्तर्गत रहेका बोर्ड, समिति, संस्थान, आयोग, परिषद् र कम्पनीहरूको भारित तथा वित्तीय प्रगति (आफ्नै स्रोतबाट व्यवस्थापन हुनेसमेत) निम्न तालिका बमोजिम रहेको छ।

| क्र.सं. | कार्यालय | वार्षिक प्रगति प्रतिशत | |
|---|---|---|---|
| | | भारित | वित्तीय |
| १ | राष्ट्रिय किसान आयोग | ८५.३४ | ७०.८१ |
| २ | राष्ट्रिय दुग्ध विकास बोर्ड | ९५.४६ | ८६.७६ |
| ३ | राष्ट्रिय चिया तथा कफी विकास बोर्ड | ८२.०० | ७७.७० |
| ४ | कपास विकास समिति | ६५.४४ | ५१.५२ |
| ५ | नेपाल पशु चिकित्सा परिषद् | ९७.३२ | ९५.४२ |
| ६ | कालीमाटी फलफूल तथा तरकारी बजार विकास समिति | ७०.७७ | ४७.८३ |
| ७ | कृषि सामग्री कंपनी लि. | ९२.४७ | ९१.६१ |
| ८ | पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी परिषद् | ९८.०० | ९०.०८ |

परिच्छेद-३

# मन्त्रालयबाट सम्पादित कार्यक्रम तथा उपलब्धिहरू

# मन्त्रालयबाट सम्पादित कार्यक्रम तथा उपलब्धिहरू

## ३.१ प्राथमिकता प्राप्त कार्यक्रम/आयोजना र उपलब्धिहरू

### ३.१.१ पहिलो प्राथमिकता प्राप्त कार्यक्रम/आयोजना र उपलब्धिहरू (P1)

#### ३.१.१.१ कृषि तथा पशुपन्छी विकास मन्त्रालय (बजेट उप-शीर्षक नं. ३१२०००११३/४)

आर्थिक वर्ष २०८०/८१ मा कृषि तथा पशुपन्छी विकास मन्त्रालय बजेट उप-शीर्षक अन्तर्गतको कार्यक्रम यस मन्त्रालयको प्रशासन महाशाखाबाट सम्पादन हुने गरेको छ।सम्पादित मुख्य मुख्य क्रियाकलापहरू तपसिल बमोजिम रहेका छन्।

**प्रशासन महाशाखा**

- सङ्घीय सरकारबाट स्थानीय तह/प्रदेश सरकारमा गएका शसर्त अनुदानका कार्यक्रमहरू सञ्चालन गर्ने सम्बन्धमा विभिन्न मार्गदर्शन/मापदण्डहरू तयारीका सम्बन्धमा कानुन शाखाबाट राय/सहजीकरण गरिएको छ। मन्त्रालयका विभिन्न महाशाखाहरूबाट माग भएका फाईलहरूमा कानुनी राय प्रदान गरिएको।
- यस मन्त्रालयलाई विपक्षी बनाई अन्तिम आदेश/फैसला कार्यान्वयन सम्बन्धमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट आदेश/फैसला कार्यान्वयन गरी सोको विवरण माग भएबमोजिम सम्बन्धित निकायहरूसँग फैसला कार्यान्वयनको अवस्थाबारे पत्राचार गरिएको छ।
- मन्त्रालयलाई विपक्षी बनाई सर्वोच्च अदालत लगायत विभिन्न अदालतमा दायर भएका विभिन्न रिटको बहस पैरवीका लागि लिखित जवाफ तयार गरी पठाइएको। साथै यस मन्त्रालयलाई विपक्षी बनाई दायर भएका मुद्दामा भएको आदेश/फैसला कार्यान्वयनका लागि सम्बन्धित निकायहरूमा पठाइएको।
- नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८०।१०।२५ को निर्णयबाट कालीमाटी फलफूल तथा तरकारी बजार विकास समिति (कर्मचारी सेवा शर्त) नियमावली, २०८० स्वीकृत भई कार्यान्वयनमा आएको। कालीमाटी फलफूल तथा तरकारी बजार विकास समितिको कृषक प्रतिनिधी सदस्यमा ३ जना सदस्यहरू मनोनयन गरिएको ।
- कृषि सामग्री कम्पनी लिमिटेड, कर्मचारी प्रशासन विनियमावली, २०८०" तर्जुमाको लागि यस मन्त्रालय (माननीय मन्त्रिस्तर) को मिति २०८०।११।२० को निर्णयानुसार सहमति प्रदान गरिएको। कृषि सामग्री कम्पनी लिमिटेडको रिक्त प्रवन्ध सञ्चालक खुला प्रतिस्पर्धाबाट पूर्ति गरिएको
- नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८०।०६।२४ को निर्णयानुसार डा. बेद बहादुर क्षेत्रीलाई २ (दुई) वर्षको लागि दुग्ध विकास संस्थानको सञ्चालक समितिको अध्यक्षमा नियुक्त गरिएको। दुग्ध विकास संस्थानको सञ्चालक समितिको सदस्य दुग्ध व्यवसायी सदस्य, समितिको दुग्ध उत्पादक कृषक सदस्य र विषय विशेषज्ञ सदस्य तथा राष्ट्रिय बीउबिजन समितिका सदस्यहरू मनोनयन मनोनयन गरिएको ।

- नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८१।३।१० को निर्णय अनुसार डा. राजेन्द्र प्रसाद यादवलाई ४ (चार) वर्षको लागि राष्ट्रिय दुग्ध विकास बोर्डको कार्यकारी निर्देशकमा नियुक्त गरिएको।
- वैदेशिक अध्ययनको लागि आवेदन दिने प्रयोजनार्थ Master's Degree मा ३७ जना र Doctoral degree मा ११ जना गरी जम्मा ४८ जना कर्मचारीहरूको मनोनयन भएको ।
- नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, जावलाखेलमा संञ्चालन भएको Senior Executive Development Program (SEDP) प्रशिक्षण कार्यक्रममा राजपत्राङ्कित प्रथम श्रेणीका ३ जना, Advanced Course on Management and Development (ACMD) प्रशिक्षण कार्यक्रममा रा.प. द्वितीय श्रेणीका ३ जना र Professional Course on Management and Development (PCMD) प्रशिक्षण कार्यक्रममा ७ जना गरी जम्मा १३ जना कर्मचारीहरूको मनोनयन भएको थियो।
- नियमितरूपमा शैक्षिक योग्यता सम्वद्धता बैठक, बढुवा समितिको बैठक, कार्य सम्पादन मूल्याङ्कन बैठक, लेखा परीक्षण सहयोग तथा सहजीकरण समितिको बैठक, माग आकृति फाराम सम्बन्धी बैठक, बेरुजु बैठक, सुशासन बैठक बसी आवश्यक निर्णयहरू गरेको।
- अफिस अटोमेसनका लागि डिजिटल सिग्नेचर खरिद गरी एकिकृत कार्यालय व्यवस्थापन प्रणाली पूर्ण रूपमा सञ्चालनमा ल्याइएको।

## ३.१.२ कृषि विकास रणनीति अनुगमन तथा समन्वय कार्यक्रम (बजेट उप-शीर्षक नं. ३१२००१०१/३)

आ.व. २०७२/७३ सम्म दीर्घकालीन कृषि योजना अनुगमन तथा समन्वय कार्यक्रमको रूपमा सञ्चालित यो कार्यक्रम आ.व. २०७३/७४ देखि कृषि विकास रणनीति अनुगमन तथा समन्वय कार्यक्रमको रूपमा सञ्चालनमा रहेको छ। आर्थिक वर्ष २०८०/८१ मा कृषि विकास रणनीति अनुगमन तथा समन्वय कार्यक्रम अन्तर्गत यस मन्त्रालयको प्रशासन महाशाखा बाहेकको अन्य ६ वटा महाशाखाहरूबाट सम्पादित मुख्य मुख्य क्रियाकलापहरूको विवरणात्मक प्रगति तपसिल बमोजिम रहेका छन्।

**योजना तथा विकास सहायता समन्वय महाशाखा**

यस महाशाखाबाट आ.व. २०८०/८१ मा योजना, अनुगमन, नीति, वैदेशिक सहायता, जनशक्ति विकास तथा तथ्याङ्क सम्बन्धी तपसिल बमोजिमको कार्य सम्पादन गरिएको थियो।

- माननीय कृषि तथा पशुपन्छी विकास मन्त्रीज्यूको अध्यक्षतामा २ पटक विषयगत समितिको बैठक सम्पन्न भई संघ, प्रदेश र स्थानीय तहबीचको समन्वय तथा अन्तरसम्बन्धलाई सबल र सुदृढिकरण गर्ने प्रयास गरिएको छ। विषयगत समितिबाट अनुमोदन तथा माननीय मन्त्रिस्तरीय निर्णयानुसार संघ, प्रदेश र स्थानीय तह कृषि क्षेत्र समन्वय सम्बन्धी कार्यप्रक्रिया, २०८० कार्यान्वयनमा ल्याइएको छ।
- खाद्य स्वच्छता तथा गुणस्तर ऐन २०८१, खाद्य अधिकार तथा खाद्य सम्प्रभुता नियमावली २०८०, जीवनाशक विषादी व्यवस्थापन नियमावली, २०८१ र पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी परिषद् नियमावली, २०८१ स्वीकृत भई कार्यान्वयनमा आएका छन्।
- पशुपालन असल अभ्यास कार्यान्वयन निर्देशिका, २०८०, पशुजन्य उद्योग स्थापना, निकासी पैठारी सिफारिस र बिक्री वितरण अनुमति सम्बन्धी निर्देशिका, २०८० र व्यावसायिक पन्छी फार्म तथा ह्याचरी सञ्चालन (प्रथम संशोधन) निर्देशिका, २०८१ जारी गरिएका छन्।

- पशु कल्याण विधेयक, २०८०, पशु प्रजनन् विधेयक, २०८०, राष्ट्रिय कृषि नीति २०८१, उखु कृषकलाई अनुदान दिने सम्बन्धी कार्यविधि, २०७५ (तेस्रो संशोधन २०८१), किसान सूचीकरण निर्देशिका, २०७७ (पहिलो संशोधन २०८१), रासायनिक मल (नियन्त्रण) आदेश, २०५५ (तेस्रो संशोधन २०८१), को मस्यौदा तयार भएको छ।
- आर्थिक वर्ष २०८०/८१ मा सङ्घीय बजेट तथा कार्यक्रम र सर्शत अनुदानतर्फका कार्यक्रम सञ्चालनका लागि १७ वटा कार्यविधिहरू तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको छ।
- आ.व. २०७९/८० को चौथो त्रैमासिक तथा वार्षिक प्रगति समीक्षा र आ.व. २०८०/८१ को त्रैमासिक प्रगति समीक्षा एवम् मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठक सम्पन्न गरिएको। यसबाट कार्यक्रम कार्यान्वयनमा देखापरेका समस्या समाधानार्थ सहयोग पुगेको छ। साथै वैदेशिक सहयोगमा सञ्चालित आयोजनाहरू तथा संस्थान, समिति, परिषद्, बोर्डहरूको प्रगति समिक्षा गरी कार्य प्रगतिको विश्लेषण तथा आवश्यक पृष्ठपोषण गरिएको।
- नेपाल सरकारको बजेट वक्तव्यमा उल्लिखित यस मन्त्रालयसँग सम्बन्धित नीति तथा कार्यक्रमहरूको प्रगति विवरण एवम् मन्त्रिपरिषद्को निर्णयहरूको प्रगति विवरण मासिक रूपमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा Online web-portal हरू (एकीकृत अनुगमन प्रणाली र मन्त्रिपरिषद् निर्णय कार्यान्वयन अनुगमन प्रणाली) मार्फत पठाइएको।
- आ.व. २०८०/८१ को त्रैमासिक, अर्धवार्षिक र वार्षिक प्रगति विवरणहरू राष्ट्रिय योजना आयोगको सचिवालय, अर्थ मन्त्रालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र व्यवस्थापिका संसदको विभिन्न समितिले माग गरेका विवरणहरू समयमै पठाइएको।
- आ.व. २०८०/८१ को संघ, प्रदेश तथा स्थानीय तहहरूबाट सञ्चालन गरिने वार्षिक विकास कार्यक्रमहरू सम्बन्धी बजेट पुस्तिका तयारी तथा प्रकाशन गरिएको।
- आ.व. २०८०/८१ मा ६५४ जना कर्मचारी वैदेशिक भ्रमण, ५२ जना Online तालिमका लागि मनोनयन गरिएको साथै २० जनालाई Focal person तोकिएको।
- आर्थिक सर्वेक्षणका लागि मन्त्रालयगत प्रतिवेदन तयारी तथा संप्रेषण गरी देशको समग्र आर्थिक परिदृश्यमा कृषि क्षेत्रको योगदानबारे जानकारी गराइएको।
- Experience sharing for Agricultural Transformation in Nepal ७ वटै प्रदेशका कृषि क्षेत्र हेर्ने मन्त्रालयका पदाधिकारीहरूसँग नीतिगत विषयमा समन्वय तथा छलफल भई आ.व. २०८१/८२ को बजेट तथा कार्यक्रम तयारीमा राष्ट्रिय तथा प्रादेशिक प्राथमिकतामा सामञ्जयस्ता कायम गर्न सहयोग भएको।
- नेपालको संविधान धारा ५३ अनुसारको मन्त्रालयगत वार्षिक प्रतिवेदन तयार गरी OPMCM मा पठाइ संवैधानिक प्रावधान तथा निर्देशन पालना तथा मन्त्रालयगत नीतिगत प्रगतिको अभिलेखिकरण भएको।
- कृषि तथा पशुपन्छी विकास मन्त्रालयको आ.व. २०७९/८० को वार्षिक प्रगति प्रतिवेदन पुस्तिका, प्रकाशन गरिएको।

- कृषि तथा पशुपन्छी क्षेत्रको समग्र तथ्याङ्कीय विवरणहरूसहितको Statistical Information on Nepalese Agriculture 2078-79 (2021/22) तथा Selected Indicator of Nepalese Agriculture 2024 leaflet प्रकाशनका लागि तयार गरिएको छ।
- आ.व. २०८०/८१ को सम्पूर्ण बाली तथा पशु वस्तुहरूको वार्षिक तथ्याङ्क आँकलन गरिएको छ। साथै कृषि तथा पशुपन्छी तथ्याङ्क Validation गोष्ठी सम्पन्न गरिएको छ।
- नेपाल सरकार र चीन सरकारबीच कृषि, पशुपन्छी तथा मत्स्यपालनका क्षेत्रमा सहकार्य सम्बन्धी समझदारी पत्र तथा वनस्पतिमा आधारित औषधिजन्य सामग्री चिनियाँ औषधिको लागि नेपालबाट चीनमा निर्यात गर्ने सम्बन्धमा बिरूवा स्वस्थता (फाइटोसेनिटरी) शर्त सम्बन्धी प्रोटोकल पत्रमा हस्ताक्षर भएको छ।
- नेपाल सरकार र दक्षिण कोरिया सरकारबीच नेपालको कृषि क्षेत्रमा सहकार्य सम्बन्धी समझदारी पत्रमा हस्ताक्षर भएको छ।
- नेपाल सरकार र CIMMYT बीच आगामी १० वर्षको लागि गहुँ र मकैको अनुसन्धान र विकासमा सहकार्य गर्न समझदारी पत्रमा हस्ताक्षर भएको छ।
- FAO-Nepal को आगामी ५ वर्षका लागि तयार गरिएको Country Programming Framework मा नेपाल सरकार र FAO Nepal बीच हस्ताक्षर सम्पन्न भएको छ।
- USAID को अनुदानमा सञ्चालन हुने Global Health Security Program अन्तर्गत पशु स्वास्थ्यतर्फको ५ वर्षे कार्ययोजना तयार गरिएको छ।
- ILRI र कृषि तथा पशुपन्छी विकास मन्त्रालयबीच नेपालको पशुपन्छीको क्षेत्रमा सहकार्य गर्न समझदारी पत्रमा हस्ताक्षर भएको छ।
- ICIMOD र कृषि तथा पशुपन्छी विकास मन्त्रालयबीच नेपालको कृषि क्षेत्रको तथ्याङ्क सङ्कलन तथा व्यवस्थापन कार्यमा सहकार्य गर्न समझदारी पत्रमा हस्ताक्षर भएको छ।
- विश्व कृषि तथा खाद्य सुरक्षा कार्यक्रम (Global Agriculture and Food Security Program - GAFSP) को सहयोगमा सञ्चालित खाद्य तथा पोषण सुरक्षा सुधार आयोजनाको दोस्रो चरण (Food and Nutrition Security Enhancement Project FANSEP-II) कार्यान्वयनमा आएको छ।
- BIMSTEC Expert Group on Cooperation on Agriculture Meeting १ पटक सम्पन्न भई कृषि क्षेत्रमा बहुपक्षीय समझदारी तथा सहकार्य सुदढीकरण भएको।

## खाद्य सुरक्षा तथा खाद्य प्रविधि महाशाखा

यस महाशाखाबाट आ.व २०८०/८१ को अवधिमा लक्ष्य अनुसार सम्पादन गरिएका मुख्य मुख्य क्रियाकलापहरू तपसिल बमोजिम रहेका छन्।

- मन्त्रालयको नियमित वार्षिक प्रकाशन The Journal of Agriculture and Environment जर्नलको २५ औ Volume प्रकाशनका लागि तयारी गरिएको |
- ITPGRFA को focal point को रूपमा Germplasm Exchange Committee (GAC) मा विभिन्न बालीहरूको Germplasm अध्ययन अनुसन्धानको लागि आयात अनुमति दिइएको।
- खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी नियमावली २०८० मन्त्रिपरिषद्बाट स्वीकृत भई राजपत्रमा प्रकाशन भएको।

- खाद्य पदार्थ (Fortified Rice, Trans fat, Rolled Oats, Masyaura) को गुणस्तर मापदण्ड तोक्ने तथा राजपत्रमा प्रकाशन गर्ने कार्य भएको।
- सुपथ मूल्य पसल सञ्चालन निर्देशिकाको मस्यौदा तथा राष्ट्रिय Food Fortification रणनीति-२०८१ को मस्यौदा तयार गरिएको।
- विभिन्न साझेदार निकायहरू सँगको समन्वयमा National Food Fortification Dialogue सम्पन्न गरिएको।
- बुटवल उपमहानगरपालिका वडा नं १५ सेमलारमा निर्माण हुने भनिएको export oriented wholesale market को EIA को प्रतिवेदन वन तथा वातावरण मन्त्रालयमा पठाइएको तथा उक्त EIA वन तथा वातावरण मन्त्रालयबाट स्वीकृत भएको।
- यस मन्त्रालयमा प्राप्त विभिन्न योजनाहरूको प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन (IEE) को क्षेत्रगत कार्यसूची (TOR) तथा प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृतीका लागि ५ पटक कृषि वातावरण संरक्षण समितिमा छलफल गरी राय सुझावहरू पेश गरिएको।
- Focal Point for Food and Agro Biodiversity को रूपमा कार्य गरिएको |
- जलवायु परिवर्तनले कृषिमा परेको असरका विषयमा विभिन्न निकायहरूसँग समन्वय, छलफल तथा पृष्ठपोषण गरिएको।
- विभिन्न परियोजनाका प्रस्ताव (Project Proposals), विभिन्न MoU, विधेयक, नियमावलीहरूमा राय तथा सुझाव पेश गरेको।
- Food System Transformation Pathway कार्यान्वयनको सन्दर्भमा राष्ट्रिय योजना आयोगमा राय तथा पृष्ठपोषण प्रदान गरिएको।
- राष्ट्रिय योजना आयोगको अगुवाईमा वहुक्षेत्रीय पोषण योजना ३ को तयारी कार्यदलमा संलग्न रहेको र मन्त्रालयको राय प्रदान गरिएको।
- यस मन्त्रालयसँगको समन्वयमा सञ्चालित जलवायु परिवर्तन र कृषि प्रणाली सम्बन्धित विभिन्न आयोजनाहरू (SCALA, RIMES, ADPC) को कार्यक्रमहरूमा छलफल तथा राय सुझावहरू प्रदान गरिएको।

**पशु स्वास्थ्य महाशाखा**

यस महाशाखाको सक्रियतामा आ.व. २०८०/८१ मा तपसिल बमोजिमको कार्यहरू सम्पादन भएका छन्।

- विश्व रेविज दिवस (Sept. 28, 2023) मा सचेतनामूलक कार्य गरी रेबिज रोग नियन्त्रणका लागि सहकार्य गरेको।
- World Antimicrobial Awareness Week, 18-24 Nov. 2023 मा विभिन्न सचेतनामूलक कार्यमा सहभागिता जनाइएको र पशु स्वास्थ्यतर्फ एन्टिवायोटिक्सको समूचित प्रयोगलाई प्रोत्साहन गरिएको।
- पशुजन्य उद्योग स्थापना निकासी पैठारी सिफारिस र बिक्री वितरण अनुमति सम्बन्धी निर्देशिका, २०८० को स्वीकृति भई लागु भएको।

- पशुपालन असल अभ्यास कार्यान्वयन निर्देशिका, २०८० को तयारीमा महाशाखाको तर्फबाट राय पेश गरेको।
- पशु वधशाला तथा मासु जाँच ऐन, २०५५ बीरेन्द्रनगर र बुटवलमा लागु गर्न तथा भेटेरिनरी निरीक्षक तोक्न मन्त्रालयतर्फबाट आवश्यक सहजीकरण गरिएको।
- विश्व पशु स्वास्थ्य सङ्गठनको प्राविधिक सहयोगमा सञ्चालित Performance of Veterinary Services (PVS) Evaluation तथा IHR-PVS Bridging कार्यशालामा मन्त्रालयको तर्फबाट आवश्यक सहजीकरण गरिएको।
- जोखिममा आधारित खोरेत रोग नियन्त्रण रणनीतिको मस्यौदा सहमतिको लागि अर्थ मन्त्रालय पेश गरिएको।
- पशु सेवा विभाग र सो अन्तर्गतका कार्यालयको योजना तर्जुमामा आवश्यक राय प्रदान गरिएको।
- महामारी तथा जुनोटिक रोगबारे सचेतनामूलक कार्यक्रमहरू स्वास्थ्य मन्त्रालयको सहकार्यमा मधेश र लुम्बिनी प्रदेशमा सञ्चालन गरिएको।
- पशु स्वास्थ्य सम्बन्धी संघ, प्रदेश तथा स्थानीय निकायहरूसँग प्राविधिक विषयमा छलफल सम्पन्न गरी प्रतिवेदन पेश गरिएको।
- पशुपन्छीका रोग नियन्त्रण तथा अभियानमुखी खोप कार्य सञ्चालन गर्न सरोकारवालाबीच समन्वय र सहकार्यको लागि संघ, प्रदेश तथा स्थानीय तहबीच अन्तरनिकाय समन्वय तथा अन्तरक्रिया गरिएको।
- राष्ट्रिय रोग नियन्त्रण कार्यक्रम अन्तर्गत पशुमा लाग्ने महामारीजन्य खोरेत र पी.पी.आर. रोग नियन्त्रण कार्यक्रमको अध्ययन तथा आन्तरिक मूल्याङ्कन र प्रतिवेदनको एक चरणको तयारी गरिएको।
- पशुपन्छी तथा मत्स्यजन्य वस्तुहरूको आयात निर्यात व्यवस्थापनमा पशु स्वास्थ्यका दृष्टिकोणले आवश्यक व्यवस्थापन गरिएको र स्वदेशी उत्पादनलाई बजार पहुँच विस्तारमा सहयोग गरी आयात प्रतिस्थापनमा सहयोग गरेको।
- पशुपन्छी तथा मत्स्य सम्बन्धी विभिन्न नीति, नियम, निर्देशिका मापदण्ड, कार्यविधि आदिको समयानुकूल तर्जुमा/सुझाव/परिमार्जन गरिएको।
- पशु स्वास्थ्य क्वारेन्टाइन नियमन लगायतका कार्यक्रम अनुगमन गरिएको।
- राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा पशु स्वास्थ्यसँग सम्बन्धी विभिन्न भर्चुअल बैठकमा सहभागी भई विभिन्न विषयमा छलफल गरिएको।
- दशैं तिहार लगायतका प्रमुख चाडपर्वमा पशुपन्छी, मत्स्य तथा पशुजन्य उत्पादनको अत्याधिक माग हुने समयमा स्वस्थ्य पशुपन्छी तथा माछाको बजारीकरणका लागि आवश्यक समन्वय गरिएको र यसका लागि प्रदेश तथा स्थानीय सरकारहरूलाई समेत आवश्यक पूर्व तयारीका लागि अनुरोध गरिएको।
- पशु सेवा विभाग, आयोजनाहरूबाट सञ्चालन हुने कार्यक्रम सञ्चालनका लागि आवश्यक कार्य सञ्चालन प्रक्रिया तयार गर्न प्राविधिक पृष्ठपोषण गरिएको।

## पशुपन्छी तथा मत्स्य विकास महाशाखा

यस महाशाखाबाट आ.व २०८०/८१ मा सम्पादन गरिएका मुख्य मुख्य क्रियाकलापहरू तपसिल बमोजिम रहेका छन्।

- लोपन्मुख स्थानीय जातका माछा संरक्षण सम्बन्धी सरोकारवाला मन्त्रालय तथा निकायसँग समन्वय कार्यक्रम सम्पन्न भई In-situ तथा ex-situ संरक्षण गर्न वन मन्त्रालयमार्फत पहल गर्ने निर्णय भएको।
- जलचर संरक्षण ऐन,२०१७ को दफा २ खण्ड ग (१) ले प्राविधिक अधिकारी तोक्ने विषय रहेकोले ऐनको कार्यान्वयनको निम्ति मिति ३०/०२/२०८१ गतेको मा. मन्त्रिस्तरीय निर्णयबाट नमुनाको रूपमा केही जिल्लामा प्राविधिक अधिकारी तोकिएको।
- जलस्रोत, उर्जा तथा सिँचाई मन्त्रालय सहितको संयुक्त भ्रमण कार्यदल गठन भई संयुक्त कार्यदलको भ्रमणले जलचर संरक्षण ऐनको कार्यान्वयनको अवस्थाबारे प्रस्ट पारेको तथा जलचर संरक्षण ऐन, २०१७ अन्तर्गत गर्न पर्ने संशोधन तथा परिमार्जन कार्यमा सहयोगी हुने। साथै वन तथा वातावरण मन्त्रालय र उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयसँग जलचरको लागि गर्न पर्ने विभिन्न नीतिगत तथा समन्वयात्मक विषयहरूको बारेमा छलफल भएको।
- दुई देश Nepal–China को MOU मा मत्स्य क्षेत्रको सहकार्यको विषय समेत राखेको। यसले अहिले पुरानो हुँदै गरेको Chinese Major Carp को stock तथा अन्य aquatic genetic material exchange मा सहयोग गर्नेछ।
- BIMSTEC को fisheries and Livestock सम्बन्धी सहकार्य दस्तावेजमा Genetic material exchange र technical manpower training को विषय राखेर राय पठाइएको।
- नेपालको दुग्ध क्षेत्रमा हाल देखिएको समस्याको समाधानका लागि दूध तथा दुग्धजन्य उत्पादनहरूको सेफगार्डस, एन्टी डम्पिङ्ग तथा काउन्टरभेलिङ सम्बन्धमा अध्ययन गर्न उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमा अनुरोध गरिएको साथै अस्थायी समाधानका लागि दूध तथा दुग्धजन्य पदार्थ आयात गर्न अर्को निर्णय नभएसम्मका लागि स्थगित गर्ने नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालयको मिति २०८०/११/०२ को (मा. मन्त्रिस्तर) निर्णय भएको।
- पशुपालन असल अभ्यास कार्यान्वयन निर्देशिका, २०८० माननीय मन्त्रिस्तरबाट मिति २०८०/१०/१६ मा स्वीकृत भएको।
- कृत्रिम गर्भाधान सेवा प्रदान गर्ने व्यक्तिलाई अनुमतिपत्र प्रदान गर्ने सम्बन्धी कार्यविधी, २०८० माननीय मन्त्रिस्तरबाट मिति २०८०/१०/०२ मा स्वीकृत भएको।
- पशु कल्याण ऐन, २०८० को मस्यौदा तयारी समितिबाट पेश भई मन्त्रालयमा छलफलको क्रममा रहेको।
- राष्ट्रिय पशु पहिचान र ट्रेसबिलिटी निर्देशिका, २०८० को मस्यौदा छलफलको क्रममा रहेको।
- हेलेज/साइलेजको राष्ट्रिय मापदण्ड, २०८० को मस्यौदा तयारी अन्तिम चरणमा रहेको।
- पशुपन्छी तथा मत्स्य सम्बन्धी विभिन्न नीति, नियम, निर्देशिका मापदण्ड, कार्यविधि, आदि तर्जुमा/सुझाव/परिमार्जन गरिएको।

- हरेक वर्षको वैशाख ७ गतेलाई राष्ट्रिय याक दिवस मनाउनका लागि प्रस्ताव पठाइएको।
- Korean Rural Community Corporation (KRC), दक्षिण कोरियाको प्रतिनिधि टोलीसहित कमलामाई नगरपालिका, सिन्धुलीमा कोरियन सरकारसँगको सहकार्यमा मोडेल डेरी भिलेज स्थापना गर्ने सम्बन्धमा "Enhancing Dairy Productivity and Enhancing Dairy Value Chain" कार्यक्रमको मिति ९/१०/२०८० देखि १३/१०/२०८० सम्भाव्यता अध्ययन भई उक्त परियोजनाका लागि विस्तृत अवधारणापत्र तयार गर्ने सम्बन्धमा MoM (Minutes of Meeting) मा दुई पक्षबिच हस्ताक्षर भएको।

**कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन महाशाखा**

यस महाशाखाबाट आ.व. २०८०/८१ मा सम्पादन गरिएका मुख्य मुख्य क्रियाकलापहरू तपसिल बमोजिम रहेका छन्।

**क. बालीहरूको न्यूनतम समर्थन मूल्य निर्धारण सम्बन्धी**

- आर्थिक वर्ष २०८०/८१ को लागि मोटा धानको न्यूनतम समर्थन मूल्य प्रति क्वीन्टल रू. ३१९८/- र मध्यम धानको प्रति क्वीन्टल रू. ३३६२।- निर्धारण भएकोमा आर्थिक वर्ष २०८१/८२ को लागि मोटा धानको प्रति क्वीन्टल रू. ३४१०.५१/-, मध्यम धानको प्रति क्वीन्टल रू. ३५८०.६२/- तथा आ.व. २०८०/८१ मा पहिलो पटक चैते धानको न्यूनतम समर्थन मूल्य प्रति क्वीन्टल रू. २७०७.२८/- निर्धारण भएको।
- खाद्य व्यवस्था तथा व्यापार कम्पनीबाट ४६६१.५६ मे. टन र PMAMP बाट ३११० मे. टन गरी कूल ७७७१.५६ मे. टन धान न्यूनतम समर्थन मूल्यमा खरिद भएको।
- आ.व. २०८०/८१ का लागि गहुँको न्यूनतम समर्थन मूल्य प्रति क्वीन्टल रू. ३६५०/- र उखुको न्यूनतम खरिद मूल्य प्रति क्वीन्टल रू. ५६५/- निर्धारण भएको।

**ख. भन्सार महसुल छुट सिफारिस सम्बन्धमा**

कृषि तथा पशुपन्छी क्षेत्रमा प्रयोग हुने विभिन्न उपकरणहरूमा नियमानुसारको भन्सार महसुल तथा अन्य कर छुटका लागि सिफारिस गरिएको छ। आर्थिक वर्ष २०८०/८१ मा भन्सार महसुल छुट तथा अन्य कर छुटको सिफारिस गरिएका कृषि उद्योग, फर्म तथा सरकारी कार्यालयहरू यस प्रकार छन्।

| क्र. सं. | कार्यालय/ फर्मको नाम | सिफारिस गरिएको उपकरण | सिफारिस मिति | कैफियत |
|---|---|---|---|---|
| १ | नेपाल कृषि अनुसन्धान परिषद्, खुमलटार, ललितपुर | IAEA बाट अनुदानमा प्राप्त सामग्रीमा पैठारीको स्वीकृति सहित भन्सार छुट सिफारिस | २०८०।०५।१२ | सम्पूर्ण कर छुट / मिनाहा सुविधा सम्बन्धमा |
| २ | मेची पोल्ट्री प्रा.लि.ह्याचरी उद्योग, झापा | ह्यान्डलिङ्ग युनिट | २०८०।०६।२२ | भन्सार छुट |
| ३ | Fresh ktm Agro.Pvt. Ltd., भक्तपुर | Drop Irrigation सम्बन्धी पाईपहरू | २०८०।०७।०२ | भन्सार छुट |

| क्र. सं. | कार्यालय/ फर्मको नाम | सिफारिस गरिएको उपकरण | सिफारिस मिति | कैफियत |
|---|---|---|---|---|
| ४ | K B Agro and Research com.ltd., धादिङ | बधशालामा मासु ओसार पसार र भण्डारणका लागि आवश्यक पर्ने मेसिन/उपकरणहरू | २०८०।०८।२४ | भन्सार छुट |
| ५ | नाटेश्वरीकोल्ड स्टोर प्रा.लि., नुवाकोट | चिलर/अन्य पार्ट पुर्जा | २०८०।०८।१२ | भन्सार छुट |
| ६ | मोडर्न डेरी इण्डष्ट्रिज प्रा.लि., भक्तपुर | डेरी मेसिनरिज | २०८०।०९।१७ | भन्सार छुट |
| ७ | केन्द्रीय पशुपन्छी रोग अन्वेषण प्रयोगशाला, त्रिपुरेश्वर | IAEA बाट सहयोग प्राप्त Lab सामग्री | २०८०।०९।२२ र २०८०।१०।१६ | सम्पूर्ण कर छुट |
| ८ | प्लान्ट क्वारेन्टाइन तथा विषादी केन्द्र हरिहरभवन, ललितपुर | IAEA बाट प्राप्त ल्याव सामग्री तथा केमिकल | २०८०।१०।२५ | सम्पूर्ण कर छुट |
| ९ | सप्तभूमे इन्टरप्राइजेज प्रा.लि., रामेछाप | साईलो अन्न भण्डारका लागि आवश्यक सामग्री | २०८०।१०।०३ | पटके अनुमति |
| १० | जयश शुभसफल एग्रिकल्चर प्रा.लि., बाँके | चिलर/ अन्य पार्ट पुर्जा | २०८०।११।०६ | भन्सार छुट |
| ११ | पर्रोहा मल्टिपर्पोज अर्गानिक एग्रिकल्चर एण्ड कोल्ड स्टोरेज प्रा. लि., रूपन्देही | च्याउ खेतीका लागि संरचना निर्माण गर्न आवश्यक सामग्री | २०८०।११।२२ | भन्सार छुट |
| १२ | नवयुग प्रेरणा एग्रीकल्चर प्रा. लि., सल्यान | शीत भण्डारका लागि आवश्यक समाग्री | २०८१।२।१ | भन्सार छुट |
| १३ | लुम्बिनी डेरी मिल्क प्रा.लि., रूपन्देही | दुध/दुग्धजन्य पदार्थ भण्डारणका लागि Air Handling unit | २०८०।१२।०९ | भन्सार छुट |

### ग. क्वारेन्टाइन समन्वय सम्बन्धी प्रमुख कार्यहरू

- कृषि मन्त्रालयसँग सम्बन्धी विश्व व्यापार सङ्गठनका सम्झौता र कार्यान्यवनको समिक्षा सम्बन्धी कार्यशाला गोष्ठी सञ्चालन गरी मिति २०८०/१२/२३ गते सञ्चालन कार्यक्रममा प्रदेशमा कृषि हेर्ने मन्त्रालय लगायत विभिन्न सरोकारवालाहरूको उपस्थितिमा विश्व व्यापार सङ्गठनका कृषि क्षेत्रसँग सम्बन्धित समझौताहरूका प्रावधान, नेपालको प्रतिवद्धता, कार्यान्वयनको अवस्था, SAAFTA, BIMSTEC, Nepal-Bangladesh, सँगको सम्झौता र वार्ताहरूको तत्कालीन अवस्था सम्बन्धमा अन्तरक्रिया तथा छलफल भएको।
- National SPS Notification Authority को रूपमा कार्य गरी विश्व व्यापार सङ्गठनको Agreement on Sanitary and Phytosanitary measures अनुरूप प्रस्तावित मस्यौदाको गुणस्तर मापदण्ड र खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ को notification तयार गरी सदस्य राष्ट्रहरूलाई Notify गरेको।

- WTO Trade facilitation Agreement (TFA), Agreement on Agriculture (AOA) बमोजिम Domestic support लगायतका Notification तयारी कार्यक्रम सञ्चालन गरी विश्व व्यापार सङ्गठनको Agreement on Agriculture अनुरूप आ.व. २०७७/७८ र २०७९/८० को Notification on Domestic Support मा notification पठाउने प्रयोजनका लागि तयार गरिएको।
- SPS कार्यान्वयन कार्यविधि तयारी कार्यदलको बैठक सञ्चालन गरी कार्यविधिको मस्यौदामा परिमार्जन गरिएको।
- खाद्य, पशु तथा बिरूवा क्वारेन्टाइन सम्बन्धी विषयमा तथा समस्या समधानको लागि खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग, पशु सेवा विभाग, प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्र, भन्सार विभाग लगायतका सरोकारवालाहरूसँग नियमित रूपमा समन्वय गरेको।
- नेपालबाट चीनमा निर्यात गरिने सुन्तला/जुनार प्रोटोकलको कार्यान्वयनको लागि सरोकारवाला निकायहरूको जिम्मेवारी कार्यान्वयन प्रगति समिक्षा कार्यक्रम मिति २०८०/०७/२३ मा सञ्चालन गरी प्रोटोकल कार्यान्वयनको लागि National Preparatory Working Group ले २०७६ मा तयार गरेको Action Plan Matrix सहितको प्राविधिक प्रतिवेदन बमोजिम विभिन्न निकायलाई तोकिएको कार्यजिम्मेवारी कार्यान्वयनको अध्यावधिक अवस्था सम्बन्धमा छलफल गरी सोको प्रतिवेदन तयार गर्ने कार्य सम्पन्न भएको।
- प्लान्ट/पशु क्वारेन्टाइन तथा खाद्य आयात निर्यात गुणस्तर प्रमाणिकरण कार्यालयहरूको अनुगमन निरीक्षण गरिएको।
- व्यापार सम्बन्धी द्विपक्षीय र बहुपक्षीय वार्ताहरूका लागि एजेन्डा तयारी तथा समन्वय गरिएको। (मिति २०८१/१/६ देखि २०८१/१/७ मा नेपालको काठमाडौंमा सम्पन्न भएको नेपाल बंगलादेश वाणिज्य सचिवस्तरीय सातौं बैठकमा नेपालको तर्फबाट उठान गर्नु पर्ने कृषि क्षेत्रसँग सम्बन्धित विषय/एजेन्डा तयार गरी श्री उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय पठाएको र बैठकको निर्णय अनुसार नेपालबाट बंगलादेश निर्यात हुन सक्ने १० वटा वस्तुहरू पहिचान गरी उक्त वस्तुहरूमा लाग्ने बंगलादेशको भन्सार महसुल यसै आर्थिक वर्षदेखि नै घटाउन अनुरोध गरिएको। वि.सं. २०८१ बैशाख १४-१५ गते नेपालको काठमाडौंमा सम्पन्न भएको नेपाल तिब्बत व्यापार सहजीकरण समितिको १२औं बैठकको लागि नेपालको तर्फबाट उठान गर्नुपर्ने कृषि क्षेत्रसँग सम्बन्धित विषय/ एजेन्डा तयार गरी उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयमा पठाइएको।
- नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालय र General Administration of Customs of People's Republic of China (GACC) बीच सेप्टेम्बर २५, २०२३ मा हस्ताक्षर भएको "Protocol Of Phytosanitary Requirements For The Export Of Plant Derived Medicinal Materials For The Chinese Medicine From Nepal To China" बमोजिम नेपाली जडीबुटी चीन निर्यात गर्नका लागि यस मन्त्रालयबाट हालसम्म १५ वटा नेपाली उद्योगहरूलाई सिफारिस गरिएकोमा ५ वटा उद्योगहरू GACC मा दर्ता भइसकेको।

## घ. कृषि कर्जा, बीमा तथा विपद् व्यवस्थापन सम्बन्धी कार्यहरू

**कृषि कर्जा सम्बन्धी विवरण**

**"क", "ख", र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरूबाट प्रवाहित कर्जा तपसिल अनुसार रहेको छ।**

रकम रू. करोडमा

| क्षेत्र | असार मसान्त | | | वार्षिक परिवर्तन | | | |
|---|---|---|---|---|---|---|---|
| | २०७९ | २०८० | २०८१ | २०७९/८० | | २०८०/८१ | |
| | | | | रकम | प्रतिशत | रकम | प्रतिशत |
| कृषिसँग सम्बन्धित | ३८८२२.७ | ४१४६६.१ | ४१८५९.८ | २६४३.४ | ६.८ | ३९३.७ | ०.९ |

**बीमा सम्बन्धी विवरणः**

- कृषि तथा पशुधन बीमालाई वैज्ञानिक, व्यवस्थित र रियलटाइममा आधारित बनाउन रियलटाइम सफ्टवेरको निर्माण कार्य सम्पन्न भएको।
- बीमा कम्पनीहरूलाई पशुपन्छी बीमातर्फको (माछाबाहेक) आ.व. २०८०/८१ असोज मसान्त सम्मको र कृषितर्फ आ.व. २०७९/८० को चैत्रसम्मको आंशिक गरी आ.व. २०८०/८१ मा बीमा शुल्कमा दिइने अनुदान वापत १ अर्ब ६१ करोड भुक्तानी भएको।
- आ.व. २०८०/८१ को कृषि तथा पशुपन्छी बीमाको अवस्था तपसिल अनुसार रहेको छः

| क्र.सं. | विवरण | कृषि | पशुपन्छी | जम्मा |
|---|---|---|---|---|
| १ | बीमालेख संख्या | ९७३० | १४६३९१ | १५६१२१ |
| २ | बीमाङ्क रकम | ६५९१६२४९३९.६१ | ३५५४३८१०९४४.६९ | ४२१३५४३५८८४.३ |
| ३ | बीमाशुल्क | ४२२४२६१५३.२९ | १६०६०९६५२९.७५ | २०२८५२२६८३.०४ |
| ४ | अनुदान रकम | ३३७९०४४३९.६२ | १२७९३१९८१८.४४ | १६१७२२४२५८.०६ |

**विपद् व्यवस्थापन सम्बन्धीः**

- २०८१ सालको मनसुनजन्य विपदबाट हुन सक्ने क्षति न्यूनीकरणका लागि पूर्वतयारी तथा प्रतिकार्यका लागि कृषि तथा पशुपन्छी विकास मन्त्रालयले नेतृत्व लिएको खाद्य सुरक्षा क्लष्टरको तर्फबाट मनसुन पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना, २०८१ तयार गरी कार्यान्वयनमा रहेको।

## ङ. किसान सूचीकरण तथा कृषि भौगोलिक सूचना प्रविधि सम्बन्धी कार्यहरू

**किसान सूचीकरण सम्बन्धी**

- आ.व. २०८०/८१ को अन्त्यसम्म किसान सूचीकरण प्रणालीमा १९,२०,००० कृषक घरधुरी सूचीकृत भएका छन्।
- आ.व. २०८०/८१ वैशाख ३० र ३१ गते प्रदेशस्तरबाट प्रदेश सचिव, विभिन्न पालिका प्रमुखज्यूहरू र स्थानीय तहबाट किसान सूचीकरण प्रणाली हेर्ने कृषि प्राविधिकको उपस्थितिमा किसान सूचीकरण कार्यक्रमको कार्यान्वयन अवस्थाको समिक्षा गोष्ठी मन्त्रालयको सभाहलमा सम्पन्न गरियो।

- किसान सूचिकरण प्रणाली सञ्चालन निर्देशिका तयार गरी स्वीकृतीको अन्तिम चरणमा रहेको।
- विभिन्न स्थानीय तह (पूर्व रूकुम गाउँपालिका, चितवन, सिन्धुपाल्चोक, इच्छाकामना, नेपालगञ्ज, मोरङ, बेथानचोक गाउँपालिका, पनौती नगरपालिका, पाल्पा) बाट किसान सूचीकरण प्रणाली सञ्चालनका लागि गणक अभिमूखीकरण तथा तालिम सञ्चालनमा स्रोत व्यक्तिको रूपमा आवश्यक सहयोग गरिएको।

**कृषि भौगोलिक सूचना प्रविधि सम्बन्धी**

- ICIMOD सँगको सहकार्यमा सङ्घीयस्तरमा कार्यरत करिब २५ जना कर्मचारीलाई Satellite Imaging and Remote Sensing सम्बन्धी क्षमता अभिवृद्धि तालिम GIS सम्बन्धी तालिम प्रदान गरियो।
- गण्डकी, लुम्बिनी, कर्णाली र सुदुरपश्चिम प्रदेशमा कृषिक्षेत्रमा कार्यरत २४ जना अधिकृतस्तरको कर्मचारीलाई एक चरण नेपालगञ्जमा र कोशी, मधेश र बागमती प्रदेशका २१ जना कर्मचारीलाई दोस्रो चरण धनुषा लालगढमा GIS सम्बन्धी तालिम प्रदान गरियो।
- प्रत्येक महिना सञ्चार तथा सूचना प्रविधि मन्त्रालयलाई कृषि तथा पशुपन्छी विकास मन्त्रालय तथा मातहतका निकायसँग Digital Nepal Framework सम्बन्धी कार्यान्वयनको अवस्था तथा प्रगति विवरण सम्प्रेषण तथा विभिन्न निकायहरूबाट Digital कृषि सम्बन्धी भएका कार्यक्रमहरूमा सहजकर्ता, प्यानलिस्ट, आदिको भूमिकामा सहजीकरण गरिएको।
- अफिस अटोमेसनका लागि डिजिटल सिग्नेचर खरिद गरी एकिकृत कार्यालय व्यवस्थापन प्रणाली पूर्ण रूपमा सञ्चालनमा ल्याइएको।

**च. कृषि यान्त्रीकरण तथा साना सिँचाइ सम्बन्धी कार्यहरू**

- स्थानीय तहमा लागत सहभागितामा Buy Back Mechanism स्थापना गर्न खाद्य गोदाम घर निर्माणसहित अन्य पूर्वाधारको अधुरो कार्यको निरन्तरतातर्फ स्थानीय तहमा लागत सहभागितामा Buy Back Mechanism स्थापना गर्न खाद्य गोदाम घर निर्माणसहित अन्य पूर्वाधारको कार्यक्रम सञ्चालनको अवस्था, पूर्वाधारको भौतिक प्रगति साथै आर्थिक प्रगतिको अवस्था अवलोकनका लागि आ.व. २०८०/८१ मा, निर्माणाधीन/निर्माण सम्पन्न भएका संरचनाहरूको लागि संयुक्त अनुगमनको कार्यक्रम रहेकोमा १४ वटा स्थान मध्येका ११ वटा स्थानबाट प्रगति प्राप्त भई त्यहाँको स्थलगत अनुगमन गरिएको थियो।
- स्थलगत अनुगमनमा देखिए अनुसार ४ वटा स्थानका गोदाम घरहरू निर्माण सम्पन्न भइसकेको र बाँकी ७ वटा निर्माणाधीन अवस्थामा रहेको थियो। निर्माण सम्पन्न भइसकेका गोदाम घरहरू भने सञ्चालनमा ल्याउन पहल भइरहेको स्थानीय निकाय र सम्वद्धहरूबाट जानकारी भयो। निर्माणाधीन/निर्माण सम्पन्न गोदामघरहरूमा Standard Design, Construction Materials, Purpose आदिमा एकरूपता ल्याउन आवश्यक रहेको पाइयो।
- स्थानीय तहमा लागत सहभागितामा Buy Back Mechanism स्थापना गर्न खाद्य गोदाम घर निर्माण सहित अन्य पूर्वाधारको अधुरो निरन्तरता कार्यक्रम अन्तर्गत निर्माणाधीन ७ वटा स्थान मध्येको डुडे, नुवाकोटमा निर्माणधीन १००० मे. टनको संरचनाका लागि शसर्त अनुदानको बाँकी रकम लिखु गाउँपालिकालाई पठाउन आवश्यक देखिएकोले उक्त रकम पठाउन अर्थ मन्त्रालमा अनुरोध

गरिएकोमा आर्थिक वर्षको बीचमा रकमान्तर हुन नसकेकोले अर्को आर्थिक वर्षमा स्थानीय तहमा नै शसर्त बजेट प्रस्ताव गरियो।

- कृषि यान्त्रिकरण प्रवर्द्धन नीति, २०७१ को प्रावधान बमोजिम सञ्चालन गर्नुपर्ने कृषि यान्त्रिकरण निर्देशक समितिको बैठकको तयारी स्वरूप सोही नीतिमा व्यवस्था भएको प्राविधिक समितिको बैठक मिति २०८०/१०/१९ गते मन्त्रालयमा सञ्चालन गरी यान्त्रिकरणका प्राविधिक, नीतिगत तथा अन्य आवश्यक विषयहरूमा छलफल भएको थियो। प्राविधिक समितिको बैठकमा उठेका यान्त्रिकरणका विषयहरूमा नीतिगत निर्णय गर्न कृषि यान्त्रिकरण निर्देशक समितिको बैठक पहिलो पटक मिति २०८१/०३/२४ मा भएको थियो। उक्त बैठकमा कृषि यन्त्र परीक्षण तथा अनुसन्धान केन्द्र, नवलपुरको सञ्चालनका विषयमा, Machinery Testing गर्ने प्रक्रियालाई स्वेच्छिक, अनिवार्य वा सरकारी निकायबाट प्रदान गर्ने मेसिनरी/औजार अनुदानबाट मात्र सुरुवात गर्ने सम्बन्धमा उपयुक्तता साथै Lab Accreditation का लागि आवश्यक प्रक्रिया लगायत अन्य आवश्यक विषयहरूमा अध्ययन गर्ने र आवश्यक जानकारीहरू प्राप्त गर्ने निर्णय भएको थियो।
- कृषि यन्त्र गुणस्तर प्रवर्द्धन निर्देशिका तयारी सम्बन्धमा कृषि यन्त्र परीक्षण तथा अनुसन्धान केन्द्र, नवलपुरको सञ्चालनका लागि केन्द्रले कृषि यन्त्र गुणस्तर प्रवर्द्धन निर्देशिकाको प्रारम्भिक Draft मन्त्रालयमा प्राप्त भएको। उक्त निर्देशिका सम्बन्धित निकायहरूबीच छलफल भएको तथा यसका प्राविधिक कानुनी तथा अन्य सम्बन्धित विषयहरूको सम्बन्धमा थप कार्यको लागि कृषि यन्त्र परीक्षण तथा अनुसन्धान केन्द्र, नवलपुर तथा अन्य सम्बन्धित निकायमा अनुरोध भई निर्देशिकामा थप कार्य भइरहेको र Testing Procedure को Guidelines का सम्बन्धमा नेपाल गुणस्तर तथा नापतौल विभागबाट पारित हुने काम भइरहेको जसमा Mini Tiller र Power Tiller गरी २ वटाको Terminology, General Guidelines and Testing Methods रहेको र उक्त Machines हरूको Test Standard हाल तयार भई पारित हुने अन्तिम चरणमा रहेको।

## कृषि विकास महाशाखा

यस महाशाखाबाट आ.व. २०८०/८१ मा सम्पादन गरिएका मुख्य मुख्य क्रियाकलापहरू तपसिल बमोजिम रहेका छन्।

- ADS शाखा अन्तर्गत नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालयको नेतृत्व र Development Partners (FAO, USAID, ADB, UNDP, IFAD) हरूसँगको सहकार्यमा ADS Review & Revision को कार्य प्रारम्भ भएको।
- कृषि विकास रणनीति कार्यान्वयन सम्बन्धी वार्षिक प्रगति प्रतिवेदन (Digital) प्रकाशन गरी मन्त्रालयको Webpage मा राखिएको।
- संघ, प्रदेश र स्थानीय तहका सरकारका प्रतिनिधिहरू, विकास साझेदारहरू, निजी क्षेत्रको सहभागितामा ADS/JSR वार्षिक गोष्ठी कार्यक्रम सम्पन्न भई कृषि विकास रणनीतिको हालसम्मको प्रगति समिक्षा तथा कृषि क्षेत्रका समस्या पहिचान र समस्या समाधानका लागि कार्ययोजना तयारी गरिएको।

- कृषि विकास रणनीति कार्यान्वयन समितिको बैठक सम्पन्न भई कृषि विकास रणनीतिको आवधिक समीक्षा एवम् रणनीतिलाई नेपालको सङ्घीय संरचना अनुकूल हुने गरी परिमार्जन गर्ने र उक्त कार्यका लागि विकास साझेदारहरूबाट प्राविधिक सहायता परिचालन गर्ने निर्णय भएको।
- ADS/JSR प्राविधिक समितिका बैठकहरू विभिन्न चरणमा सञ्चालन भई ADS Review and Revision सम्बन्धमा विकास साझेदारहरूसँग सहकार्यका लागि छलफल भएको र ADS Review and Revision कार्यका लागि इच्छुक देखिएका पाँच वटा विकास साझेदारहरूको प्राविधिक सहायता परिचालन गर्ने निर्णय भएको।

### ३.१.१.३ विशेष कृषि उत्पादन कार्यक्रम (बजेट उप-शीर्षक नं. ३१२००१०२/३)

- कृषि सामग्री कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेडमार्फत कृषकहरूलाई लागत सहभागिताको आधारमा अनुदानमा रासायनिक मलको आयात तथा बिक्री वितरण गरिएको थियो।
- यस आ.व. २०८०/८१ मा विनियोजित एवम् स्रोत सुनिश्चित बजेटबाट युरिया २,५६,२९७.५४ मे.टन, डिएपि १,९४,६३२.६५ मे. टन र पोटास २१,३५६.८४ मे. टन गरी कूल जम्मा ४,७२,२८७.०३ मे. टन रासायनिक मल आयात गरिएको तथा युरिया २,५८,०५७.८ मे. टन, डिएपि १,८३,६५३.१० मे. टन र पोटास १४,२२८.८० मे. टन गरी कूल जम्मा ४,५५,९३९.७० मे. टन रासायनिक मल बिक्री वितरण भएको छ।
- रासायनिक मल आपूर्ति तथा वितरण व्यवस्थालाई प्रभावकारी बनाउन वितरण व्यवस्थामा संलग्न सरोकारवालाहरूको सहभागितामा वितरण व्यवस्था अनुगमन गरिएको।
- अनुदानको मल वितरण व्यवस्थापन निर्देशिका, २०७७ को प्रावधान अनुसार विभिन्न प्रदेशहरूले प्रदेशगत रासायनिक मलको माग सङ्घीय कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा पठाउने र प्राप्त बजेटको अधिनमा आयात गर्न सकिने मलको आधारमा सङ्घीय मन्त्रालयले प्रदेशगत कोटा निर्धारण गर्ने गरिएको छ। प्रदेशमा कृषि हेर्ने मन्त्रालयले प्रदेशभित्रको स्थानीय तहको लागि रासायनिक मलको कोटा निर्धारण गर्ने तथा स्थानीय तहले रासायनिक मलको बिक्री वितरण गर्ने सहकारी संस्था सिफारिस गर्ने तथा अन्य व्यवस्थापन गर्ने कार्य भइरहेको छ।
- गैर अनुदानित मलको आयात व्यवस्थापनको लागि निजी क्षेत्रलाई आवश्यक सहजीकरण गरिएको।

### ३.१.१.४ कृषि विभाग (बजेट उप-शीर्षक नं. ३१२०१०११-३/४)

कृषि विभागमार्फत आ.व. २०८०/८१ मा सम्पन्न मुख्य मुख्य उपलब्धिहरू तपसिल बमोजिम रहेका छन्।

- बाली बीमाको अनुदान वितरण सम्बन्धमा करिब ४८२१ बीमा लेख जारी भएको। बाली बीमातर्फ यस विभागमार्फत विनियोजित रू. १२ करोड मध्ये सबै रकम अनुदान भुक्तानीमा खर्च भएको। जसाबाट ६६३३ कृषकहरू लाभान्वित हुनुभएको। बाली बीमाको प्रमुख बालीहरूमा स्याउ, केरा, उखु, सुन्तला र खाद्यान्न बाली, बीमा गराउने प्रदेशहरूमा बागमती, मधेस, कोशी, सुदुरपश्चिम तथा जिल्लाहरूमा चितवन, बारा, सर्लाही, मोरङ, सुनसरी, कञ्चनपुर रहेका छन्। सर्वाधिक बीमा गराउने कम्पनी शिखर इन्स्युरेन्स रहेको छ।

- उखु बालीको न्यूनतम खरिद मूल्य र प्रोत्साहन अनुदान वितरणको सन्दर्भमा ८ वटा जिल्लाका भुक्तानी समितिबाट प्राप्त विवरण अनुसार आ.व. २०८०/८१ मा कूल २,०७,०३,२९८.१० क्वीन्टल उखु सम्बन्धित जिल्लाहरूका उखु उत्पादक कृषकहरूले नेपालमा सञ्चालित उखु उद्योगहरूलाई बिक्री गरेका छन्। आ.व. २०८०/८१ मा नेपाल सरकारबाट कायम भएको प्रति क्वीन्टल उखुको न्यूनतम समर्थन मूल्य रू. ५६५/- र नेपाल सरकारले अनुदान स्वरूप रू. ७० उपलब्ध गराउने व्यवस्था रहेको थियो। आ.व. २०८०/८१ मा उखु उत्पादन गर्ने करिब ६५ हजार उखु उत्पादक किसानलाई उत्पादन परिमाणका आधारमा ८ जिल्लाका को.ले.नि.का. हरूमार्फत रू. १ अर्ब ३२ करोड रकम भुक्तानी भएको छ।
- कृषकले उत्पादन लागतको आधारमा कृषि उपजको उचित मूल्य प्राप्त गर्ने व्यवस्था मिलाई कृषि व्यवसाय प्रति आम नागरिकको आकर्षण बढाउने उद्देश्यले आर्थिक वर्ष २०८०/८१ का लागि प्रमुख खाद्यान्न बाली मध्ये धान, गहुँ र उखुको न्यूनतम समर्थन मूल्य तोकिएको थियो। उखुको रू. ६३५, मोटा धानको रू. ३१९८, मध्यम धानको रू. ३३६२ र गहुँको रू ३६५०।१४ प्रति क्वीन्टल न्यूनतम समर्थन मूल्य तोकिएको।
- विभिन्न ७ कार्यविधिहरू निर्माण कार्यमा सहजीकरण गरिएको। सुन्तला नेपालको राष्ट्रिय फल घोषणाका लागि आवश्यक पूर्व तयारी गरिएको।
- ४३औं विश्व खाद्य दिवस संयुक्त राष्ट्र संघ खाद्य तथा कृषि सङ्गठनसँगको सहकार्यमा २०८० साल असोज २८ गते प्रभातफेरी तथा विद्यार्थीहरूबीच चित्रकला प्रतिस्पर्धा सहित मनाइएको।

### ३.१.१.५ पशु सेवा विभाग (ब.उ.शि.नं.३१२०२०११-३/४)

पशु सेवा विभागमार्फत आ.व. २०८०/८१ मा सम्पन्न भएका मुख्य मुख्य उपलब्धिहरू तपसिल बमोजिम रहेका छन्।

- पशुपन्छी तथा मत्स्य व्यवसाय प्रवर्द्धनका लागि पशुधन क्षति न्यूनीकरण कार्यका लागि पशुपन्छी तथा मत्स्यको बीमामा आकर्षण बढाउन बीमाङ्क रकमको बीमाशुल्कमा ८० प्रतिशत अनुदान उपलब्ध गराउने कार्यक्रम अन्तर्गत कूल १,५१,१८१ बीमालेखहरूको जम्मा रकम रू. १,१७,१७,०२,१२०.१८ प्रिमियम अनुदान बीमा प्राधिकरणलाई भुक्तानी भएको थियो।
- पशु सेवा विभागको विनियोजनबाट कूल रू. ३ अर्ब ७४ करोड ९० लाख रकम प्रदेश तथा स्थानीय तहलाई सशर्त अनुदानको रूपमा उपलब्ध गराइएको र यसाबाट पशुपन्छी उत्पादन व्यवसाय तथा पशुपन्छी रोग नियन्त्रण कार्यमा सहयोग पुगेको थियो।
- पशु सेवा विभागको सेवामूलक कार्यबाट कूल रकम रू. ११ करोड ९६ लाख ८० हजार ६ सय ३५ गैरकर राजस्व सङ्कलन भएको थियो।
- पशु सेवा विभागको पशुपन्छी बीमाशुल्क अनुदान रकम, नश्लसुधारको लागि सहुलियत दरमा जमेको वीर्य तथा तरल नाइट्रोजन सहयोग, पशुपन्छी रोगहरू नियन्त्रणमा खोप वितरण अनुदानले गर्दा मुलुकको आ.व. २०८०/०८१ मा भएको कूल निर्यात रू. १ खर्व ५२ अर्ब ४० करोडमा पशुपन्छी क्षेत्रको विकास कार्यबाट रू. १६ अर्ब १४ करोड वरावरको वस्तु निर्यात भई कूल निर्यात आम्दानीमा यस क्षेत्रले ११ प्रतिशत हिस्सा लिएको थियो।

- भेडा बाख्रामा लाग्ने पि.पि.आ. र रोग विरूद्धको खोप तथा बङ्गुरमा लाग्ने क्लासिकल स्वाइन फिभरको खोप उत्पादनमा मुलुक आत्मनिर्भर रहेको र निजी क्षेत्रमा स्थापित कम्पनीबाट मुलुक बाहिरसमेत ४ लाख हाराहारी डोज निर्यात भएको थियो।
- देशभित्र उत्पादन नहुने विभिन्न पशु तथा पशुपन्छी जन्य सामग्रीहरूको उपलब्धताको लागि सिमा नाकामा क्वारेन्टाइन जाँचलाई व्यवस्थित बनाई वैज्ञानिक आयात सिफारिस दिई देशभित्र करिब ४ लाख ३४ हजार कुखुराको प्यारेन्ट चल्ला, १० लाख ५६ हजार एक्वारियम माछा, खोप उत्पादनका लागि ३८ हजार गोटा एस.पि.एफ. (Specific Pathogen Free) अण्डा, ६५ करोड १८ लाख ८८ हजार डोज विभिन्न वायोलोजिकल आयात भएको थियो।
- विश्व पशु स्वास्थ्य सङ्गठन र पशु सेवा विभागको संयुक्त आयोजनामा Performance of veterinary services को मिसन कार्यक्रम सञ्चालन भई यस क्षेत्रको Gap analysis गर्ने कार्य सम्पन्न भएको थियो।
- राष्ट्रिय इपिडेमियोलोजिकल क्षमताको मूल्याङ्कनका लागि कृषि तथा खाद्य सङ्गठनको सहकार्यमा इपिडेमियोलोजिकल म्यापिङ्ग टुल्स मिसन कार्यक्रम सञ्चालन भएको थियो।
- पशु सेवा विभाग र हेफर इन्टरनेसनलबीच The Milky Way- Transforming Dairy Sector In Nepal परियोजना कार्यान्वयनका लागि सहमति पत्रमा हस्ताक्षर सम्पन्न भएको थियो।
- प्रदेशस्तरमा प्रदेश सरकारहरूसँग पशुपन्छी तथा पशुपन्छीजन्य उत्पादनहरूको वासलात तयारीका लागि समन्वय तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन भएको थियो।
- विभिन्न १६ वटा कार्यदलहरू गठन भई विभिन्न विषयको अध्ययन प्रतिवेदन तयार भई तालुक निकायहरूमा पेश भएको थियो।
- २६ लाख १४ हजार मे.ट. दूध, १ लाख १३ हजार मे.ट. माछा, ४ लाख ३० हजार मे.ट. मासु, १ अर्ब ६० करोड गोटा अण्डा उत्पादन भई प्रतिव्यक्ति प्रतिवर्ष आवश्यक पर्ने ९१ लि. दूध, १४ किलो ग्राम मासु, ३.३ किलो ग्राम माछा र ४८ गोटा अण्डामा क्रमशः ८९.६ लि., २१ किलो ग्राम मासु र माछासहित र ५५ गोटा अण्डाको उपलब्धता पुगेको छ।
- पशु सेवा क्षेत्रमा कार्यरत जनशक्तिहरूको क्षमता वृद्धि तथा वाह्य अवलोकन भ्रमणका लागि विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सभा गोष्ठी तथा बैठकहरू तथा अध्ययन मनोयनका क्रममा ४५४ जना जनशक्ति लाभान्वित भएको थियो।

### ३.१.१.६ खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना (बजेट उप-शीर्षक नं. ३१२००१०८-३/४)

खाद्य तथा पोषण सुरक्षा सुधार आयोजनामार्फत आ.व. २०८०/८१ मा सम्पन्न भएका मुख्य मुख्य उपलब्धिहरू तपसिल बमोजिम रहेका छन् ।

- आयोजनाबाट प्रावाहित ७० वटा पुरक अनुदान तथा ८२ वटा साना अनुदान र ३९१ वटा मागमा आधारित कार्यक्रम (कृषि तथा पशुपन्छीतर्फ) सञ्चालन भई ११९४६ जना लाभग्राहीहरू प्रत्यक्ष लाभान्वित भएका।

- आयोजनाको component C (पोषण सुरक्षा सुधार) अन्तर्गत १५६ वटा मागमा आधारित कार्यक्रम (पोषणतर्फ) सञ्चालन भई ३४३२ जना महिला लाभग्राहीहरू प्रत्यक्ष लाभान्वित भएका।
- बीउ वितरण २८.७ मे. टन खाद्यान्न र दलहनको मूल बीउ वितरण तथा ४९२३० PBS आलु दाना मूल बीउ वितरण गरिएको। ४१७.३ मे. टन खाद्यान्न दलहन तथा २१९.२ मे. टन आलु, १६.४ मे. टन जै घाँस बीउ वितरण गरिएको। १५ वटा बाख्राको Multiplier Herd र १३ वटा AI Center स्थापना भएको।
- आयोजनाको छैठौं वर्षमा हासिल PDO Indicator हरूमा भएको प्रगति मापनका लागि Annual outcome survey सम्पन भएको।
- FANSEP-II का लागि beneficiary survey मार्फत ४२००० लाभग्राही छनौट कार्य सम्पन्न भई २०१५ समूह गठन भएको।
- आयोजनाका लाभग्राहीहरूमा ३६१ हेक्टरमा सिञ्चित क्षेत्रफल विस्तार गर्नका लागि ८ वटा डीप ट्युब वेलहरू स्थापना भएको (पहिलो चरणका काम सम्पन्न)।

### ३.१.१.७ प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना (बजेट उप-शीर्षक नं. ३१२००१०६-३/४)

कृषि उत्पादनका विशिष्टीकृत क्षेत्रहरू निर्माण गरी उत्पादन र उत्पादकत्व वृद्धिमार्फत कृषि क्षेत्रको औद्योगिकीकरण गर्ने अवधारणामा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना सञ्चालनमा रहेको छ। नेपाल सरकारको पूर्ण लगानीमा सञ्चालित यस परियोजना अन्तर्गत आ.व. २०८०/८१ को अन्त्यसम्ममा निम्नानुसारका विशिष्टीकृत क्षेत्रहरू पकेट, ब्लक, जोन र सुपरजोन विकास कर्यक्रमहरू सञ्चालन गरिएका छन्।

| सम्भाग | परियोजना अवधिको लक्ष्य | आर्थिक वर्ष | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०७३/७४ | | २०७४/७५ | | २०७५/७६ | | २०७६/७७ | | २०७७/७८ | | २०७८/७९ | | २०७९/८० | | २०८०/८१ | | २०८०/८१ सम्म | |
| | | लक्ष्य | प्रगति | लक्ष्य | प्रगति | लक्ष्य | प्रगति | लक्ष्य | प्रगति | लक्ष्य | प्रगति | लक्ष्य | प्रगति | लक्ष्य | प्रगति | लक्ष्य | प्रगति | लक्ष्य | प्रगति |
| पकेट | १५००० | २१०० | १९३१ | ८४५ प्रगति | | | | १४३३ | १५९६ | १४३३ | २३२१ | १४३३ | ९६४ | १४३३ | १०५३ | १४३३ | १०५३ | १२१३१ | ८७१० |
| ब्लक | १५०० | १५० | १४३ | १९६ प्रगति | | | | १५० | २७० | १५० | ६१८ | १५० | ३६० | १५० | ० | १५० | ७७ | १३५० | १६६४ |
| जोन | ३०० | ३० | ३० | ३० | ९ | ३० | ३० | ३० | ३७ | ३० | ० | ३० | ७१ | ३० | ० | २१० | ० | २४० | १७७ |
| सुपरजोन | २१ | ७ | ७ | १ | ३ | १ | ४ | १ | २ | १ | ० | २ | ० | २ | ० | १५ | ० | १७ | १६ |

परियोजनाको आ.व २०८०/८१ को स्वीकृत वार्षिक बजेट ३ अर्ब ६३ करोड ७० लाख २७ हजार विनियोजित भएकोमा सङ्घीय निकाय अन्तर्गतका कार्यालय (सुपरजोन र जोन) का लागि २ अर्ब ६० करोड ३४ लाख र कृषि तथा पशुपन्छी उद्यमशीलता विकास कार्यक्रमका लागि १९ करोड ९९ लाख र प्रदेश सरकारमार्फत सञ्चालित ब्लकका लागि रू. १९ करोड १९ लाख विनियोजन भएको थियो भने स्थानीय तहमार्फत सञ्चालित पकेटमा रू. ६३ करोड १८ लाख ३६ हजार विनियोजन भएको थियो।

**आ.व. २०८०/८१ मा परियोजनाको वित्तीय प्रगति विवरण**

| क्र. सं. | कार्यक्रम/कार्यालय | वार्षिक विनियोजन (रू. हजारमा) | खर्च (रू. हजारमा) | खर्च प्रतिशत | भारित प्रगति प्रतिशत |
|---|---|---|---|---|---|
| १ | परियोजना व्यवस्थापन एकाइ | १०६४८० | ८१७०२ | ७६.७३ | ९०.८० |
| २ | परियोजना कार्यान्वयन एकाइ (५८) | २६९६८९२ | २१६८०४४ | ८०.३९ | ८०.७० |
| ३ | प्रदेश सरकारमार्फत सञ्चालित ब्लक | १९७५०० | १४१७११ | ७१.७५** | ७७ वटा ब्लक (नयाँ) को लागि बजेट पठाएकोमा ७७ वटा प्रगति |
| ४ | स्थानीय तहमार्फत सञ्चालित पकेट | ६३१८३६ | ४४९९४३ | ७१.२०** | १०५३ वटा पकेट (निरन्तरता लागि बजेट पठाएकोमा शतप्रतिशत प्रगति |
| | **जम्मा** | **५५८७६२७** | **४४२०९३५.३** | **७९.१२** | |

नोटः ** म.ले.नि.का. बाट प्राप्त वित्तीय प्रगतिको आधारमा

**आ.व. २०८०/८१ मा परियोजनाबाट सञ्चालित कार्यक्रमहरूको मुख्य/मुख्य उपलब्धिहरू**

- विभिन्न बाली/वस्तुका १७७ जोन र १६ सुपरजोनमा कार्यक्रम सञ्चालन भइरहेको छ।
- चक्लाबन्दी कार्यक्रम अन्तर्गत ५० देखी ८५% सम्म अनुदान सहयोग गरी ७४४ हे. मा अनुदान प्रवाह गरेको छ।
- परियोजनाले ५०% अनुदान सहयोग गरी खाद्यान्न बालीको ३१२२ हेक्टर (मकै १२२२ हेक्टर, गहुँ ६६६ हेक्टर, चैते धान ८६० हेक्टर र वर्षे धान ३४७ हेक्टर) मा क्षेत्र विस्तारको कार्यक्रम सम्पन्न भएको छ।
- परियोजनाले ५०% अनुदान सहयोग गरी फलफूल बालीको १०२६ हे. (सुन्तलाजात फलफूल ३९७ हे, स्याउ/ओखर २९६.८ हे., केरा १८० हे., आँप १५० हे. र किवी ११ हे.) मा क्षेत्र विस्तारको कार्यक्रम सम्पन्न भएको।
- परियोजनाले ५०% अनुदान सहयोग गरी तरकारी बालीको ३८४ हे. (तेह्रथुम, सुनसरी, महोत्तरी, धादिङ, तनहुँ, लमजुङ कास्की, नवलपरासी पूर्व, प्युठान, कपिलवस्तु, सल्यान र दार्चुला) र आलु बालीको २५०.४ हे. (पाँचथर, उदयपुर, सिन्धुपाल्चोक, रामेछाप, रूकुम (पूर्वी भाग), दैलेख, अछाम, बझाङ) मा क्षेत्र विस्तारको कार्यक्रम सम्पन्न भएको छ।
- अदुवा/बेसार/अलैंचीको ७३ हे. (अलैंची - ताप्लेजुङ ३५ हे., संखुवासभा २० हे., कास्की ८ हे., तथा अदुवा/बेसार १०-तेह्रथुम) क्षेत्र विस्तार सम्पन्न भएको छ।
- कफीको २९.४ हे. (स्याङ्जा, प्युठान, गुल्मी, अर्घाखाँची) मा क्षेत्र विस्तारको कार्यक्रम सम्पन्न भएको छ।
- परियोजनाले ५०% अनुदान सहयोग गरी ५३ हे. क्षेत्रफलमा (मोरङ, धनुषा, सिरहा, महोत्तरी, रूपन्देही, कपिलवस्तु र बर्दिया) मत्स्य पोखरी निर्माण सम्पन्न गरेको छ।
- जम्मा ३८९ पशु नश्ल सुधार मध्ये १२७ वटा बाख्रामा (खोटाङ, ओखलढुङ्गा, रामेछाप, बागलुङ, अर्घाखाँची), १४२ वटा भैंसीमा (सिरहा र स्याङ्जामा), १२० वटा बङ्गुरमा/च्याङ्ग्रामा (मुस्ताङ) तथा नश्ल सुधार कार्यक्रम सम्पन्न भएको छ।
- यान्त्रिकीकरणमार्फत कृषि यन्त्रको प्रयोगमा व्यापक विस्तारका लागि ५०% अनुदान सहयोग गरी ७ वटा (बारा- १, धनुषा- १, नुवाकोट २, बर्दिया- ३) कस्टम हायरिङ सेन्टरलाई विभिन्न मेसिनरी खरिदमा सहयोग गरेको छ।
- ८५% सम्म अनुदान सहयोगमा ५ वटा बीउ स्रोत केन्द्र (सर्लाही १, चितवन १, स्याङजा १, सुर्खेत १, अछाम १) स्थापनाका साथै ६१ वटा नयाँ तथा पुराना नर्सरी स्रोत केन्द्रहरूलाई (कोशी ७, मधेश प्रदेश १, बागमती १३, गण्डकी १२, लुम्बिनी ३, कर्णाली २१ र सुदुरपश्चिम प्रदेशमा ४) पूर्वाधार निर्माण तथा नर्सरी बिरूवा खरिदमा सहयोग गरिएको छ।
- ८५% सम्म अनुदान सहयोगमा कृषि उपजको बजारीकरण सहयोग, भण्डारण पूर्वाधार, प्रथामिक प्रशोधन वा प्रशोधन उद्योग स्थापना भएको छ। जस अन्तर्गत चिस्यान घर ११ वटा, सेलार स्टोर २ वटा, केरा राईपेनिङ्ग च्याम्बर ७ वटा , गोदाम घर २ वटा, भण्डारण घर तथा सङ्कलन केन्द्र

१३ वटा, रष्टिक स्टोर ११ वटा, कृषि उपज ढुवानी साधन ४ वटा, स्याउ ग्रेडिङ्ग मेसिन १ वटा, जिउँदो माछा पसल स्थापना २१ वटा, साइलेज उद्योग १ वटा, आँप प्रशोधन उद्योग १ वटा, मौरी जन्य उद्योग ५ वटा लगायतका विभिन्न प्राथमिक प्रशोधन उद्योगहरू स्थापना भएका छन्।

- सुधारिएको अलैंची भट्टी १३५ वटा (ताप्लेजुङ ६५, संखुवासभा ३३, तेह्रथुम ३३, लमजुङ ४) निर्माणको लागि ८५% सम्म अनुदान सहयोग गरेको छ।
- कृषि इन्टर्न ४७६ जना परिचालन (कृषि र वन विज्ञानव विश्वविद्यालयसँग ३२३ जना विद्यार्थी, जि.पी. कोइराला कलेज अफ एग्रीकल्चर एण्ड रिसर्च सेन्टरसँग २१ जना विद्यार्थी, महेन्द्ररत्न बहुमुखी क्याम्पससँग ५ जना विद्यार्थी, सुदुरपश्चिम विश्वविद्यालय कृषि विज्ञान संकाय कैलाली टिकापुरसँग ४० जना विद्यार्थी र नेपाल पोलिटेक्निक ईन्स्टिच्यूट चितवनसँग ३७ जना विद्यार्थी, हिमालयन कलेज अफ एग्रिकल्चरल साइन्सेज एण्ड टेक्नोलोजी (HICAST) सँग ३३, मध्यपश्चिम विश्वविद्यालयसँग १७) गरिएको छ।
- परियोजनाको समन्वयमा सहकारीहरूले ३११० मे. टन धान विभिन्न जिल्लाहरूबाट न्यूनतम समर्थन मूल्यमा खरिद गरेको छ।
- परियोजनाले ८५% सम्म अनुदान सहयोग गरी थप २३३२ वटा साना सिँचाइ कार्यक्रम सम्पन्न गरी थप ४८९७ हे. थप क्षेत्रफल सिञ्चित गरेको छ।
- परियोजनाले ३२ वटा प्राविधिक शिक्षालयलाई ८५% सम्म अनुदान सहयोग गरी थप १३७८ विद्यार्थीलाई EARN and LEARN का लागि सहयोग गरेको छ।
- २४ वटा परियोजना कार्यान्वयन एकाईमार्फत ५७४.९ हे. मा धान, ४४० हे. मा मकै, २५५.३ हे. मा आलु, २५८.४ हे. मा गहुँ र ११ हे. मा तोरीको बिज वृद्धि कार्यक्रम गरी उन्नत बीउको उपलब्धता बढाइएको छ।
- परियोजनाबाट उद्यमशीलता विकास तालिम, यान्त्रीकरण सम्बन्धी तालिम, बाली विशेष Thematic Workshop, बाली विशेष प्राविधिक वार्तालाप लगायतका विभिन्न तालिम गोष्ठीहरू सञ्चालन भएका छन्।

**परियोजनाको हालसम्मको प्राप्त प्रतिफल तल तालिकामा प्रस्तुत गरिएको छ ।**

| क्र.सं. | कार्यक्रम | एकाइ | आ.व. २०७९/८० सम्मको प्राप्त प्रतिफल | आ.व. २०८०/८१ | आ.व. २०८०/८१ सम्मको प्रतिफल |
|---|---|---|---|---|---|
| **क)** | **उत्पादन र उत्पादकत्व वृद्धिसँग सम्बन्धी** | | | | |
| १ | खाद्यान्न बाली क्षेत्रफल विस्तार | हेक्टर | २७९७२ | ३१२२ | ३१०९४ |
| २ | फलफूल बाली क्षेत्रफल विस्तार | हेक्टर | ८०२६ | १०२६ | ९०५२ |
| ३ | तरकारी बाली क्षेत्रफल विस्तार | हेक्टर | ५८६९ | ३८४ | ६२५३ |
| ४ | आलु बाली क्षेत्रफल विस्तार | हेक्टर | ३०९१ | २५० | ३३४१ |
| ५ | मसलाबाली क्षेत्रफल विस्तार | हेक्टर | २८९६ | ७३ | २९६९ |
| ६ | दालबाली क्षेत्रफल विस्तार | हेक्टर | ७७३ | २० | ७९३ |
| ७ | कफी क्षेत्रफल विस्तार | हेक्टर | २४७.६ | २९.४ | २७७ |

| क्र.सं. | कार्यक्रम | एकाइ | आ.व. २०७९/८० सम्मको प्राप्त प्रतिफल | आ.व. २०८०/८१ | आ.व. २०८०/८१ सम्मको प्रतिफल |
|---|---|---|---|---|---|
| ८ | उच्च घनत्वको स्याउ रोपण | सङ्ख्या | ११८३१७ बिरूवा (५४ हे.) | ८ (हे.) | ६२ |
| ९ | चक्लाबन्दी खेती | हे. | ६९५९ | ७४४ | ७७०३ |
| १० | साना सिँचाइ निर्माण | सङ्ख्या | १२४७० | २३३२ | १४८०२ |
| ११ | साना सिँचाइ (सिञ्चित क्षेत्रफल) | हेक्टर | २५७९७ | ४८९७ | ३०६९४ (८३ वटा सौर्य सिँचाइसहित) |
| १२ | माछा पोखरी निर्माण | हेक्टर | १७७७ | ५३ | १८३० |
| १३ | फलफूल,तरकारी, मसलाबाली र घाँसबाली बिरूवा उत्पादनका लागि नर्सरी स्रोत केन्द्र | सङ्ख्या | ४४० | ६१ | ५०१ |
| १४ | बीउ स्रोतकेन्द्र स्थापना | सङ्ख्या | ८१ | ५ | ८६ |
| १५ | पशु नश्ल स्रोत केन्द्र | सङ्ख्या | ६९ | ७ | ८६ |
| १६ | मत्स्य ह्याचरी | सङ्ख्या | ३१ | १ | ३२ |
| १७ | पशु नश्ल सुधार | सङ्ख्या | १५०९ | ३८९ | १८९८ |
| १८ | बाख्रा/भेडा/च्याङ्ग्रा/ खोर निर्माण | सङ्ख्या | ८२४ | ६८९ | १५१३ |
| १९ | भकारो सुधार | सङ्ख्या | ७०८० | ० | ७०८० |
| २० | हाइटेक ग्रिन हाउस | सङ्ख्या | १० | ० | १० |
| २१ | सेमीहाइटेक ग्रिनहाउस | सङ्ख्या | १२४ | ० | १२४ |
| २२ | प्लाष्टिक टनेल/घर निर्माण | सङ्ख्या | ५००० | ४९५ | ५४९५ |
| २३ | PBS आलु उत्पादनका लागि स्क्रिन हाउस | | ८ | ० | ८ |
| २४ | टिस्युकल्चर ल्याब स्थापना | सङ्ख्या | ४ | ० | ४ |
| २५ | किवि थाक्रा र स्याउमा ट्रेलिसिङ्ग सहयोग | हेक्टर | १७४ | ३२ | २०६ |
| २६ | प्राङ्गारिक मल/भर्मीकम्पोष्ट/ हरियो मल/ जैविक मल प्रदर्शन | सङ्ख्या | ३२४ | २० | ३४४ |
| २७ | उन्नत प्रविधि प्रदर्शन | सङ्ख्या | ४६८ | २४० | ७०८ |
| २८ | प्रतिफलमा आधारित प्रोत्साहन अनुदान | हेक्टर | ४३४६२ | ० | ४३४६२ |
| २९ | जैविक विषादी उत्पादन कारखाना | सङ्ख्या | ८ | ० | ८ |
| ३० | प्राङ्गारिक मल कारखाना | सङ्ख्या | ८ | ० | ८ |
| ३१ | Total Mixed Ration (TMR) उद्योग निर्माण तथा सञ्चालन | सङ्ख्या | २ (झापा १, दाङ १) | ० | २ |
| **ख)** | **लागत न्यूनीकरणसँग सम्बन्धित** | | | | |
| १ | कस्टम हायरिङ्ग सेन्टर | सङ्ख्या | ५९९ | ९ | ६०८ |
| २ | साना मेसिनरी औजार | सङ्ख्या | ३५००० | १९१८२ | ५४१८२ |

| क्र. सं. | कार्यक्रम | एकाइ | आ.व. २०७९/८० सम्मको प्राप्त प्रतिफल | आ.व. २०८०/८१ | आ.व. २०८०/८१ सम्मको प्रतिफल |
|---|---|---|---|---|---|
| **ग)** | **मूल्य शृङ्खला अभिवृद्धि र बजार व्यवस्थापनसँग सम्बन्धित** | | | | |
| १ | भण्डारण पूर्वाधार, पोष्टहार्भेष्ट क्षती न्युनिकरण, बजारीकरण र प्राथमिक प्रशोधन उद्योग स्थापना | | | | |
| १.१ | भण्डारण घर, तरकारी तथा फलफूल सङ्कलन घर | सङ्ख्या | २८५ | १३ | २९८ |
| १.२ | गोदाम घर | सङ्ख्या | २७ | २ | २९ |
| १.३ | चिस्यान घर | सङ्ख्या | ६४ | ११ | ७५ |
| १.४ | Rustic Store निर्माण | सङ्ख्या | ५७ | ११ | ६८ |
| १.५ | सेलार स्टोर | सङ्ख्या | २० | २ | २२ |
| १.६ | ढुवानी साधन/माछा–मासुका लागि चिलिङ्गभ्यान सहित | सङ्ख्या | १२० | ४ | १२४ (चिलिङ्गभ्यान -४ सुनसरी १, बारा २ र रूपन्देही १) |
| २ | प्राथमिक प्रशोधन उद्योग | सङ्ख्या | १२१ | १५ | १३६ |
| २.१ | आलुचिप्स उद्योग | सङ्ख्या | ८ | २ | १० |
| ३ | सुधारिएको अलैंची भट्टी | सङ्ख्या | ६२३ | १३५ | ७५८ |
| ४ | स्याउ ग्रेडिङ्ग मेसिन | सङ्ख्या | ८ | १ | ९ (मनाङ १, मुस्ताङ ३ र जुम्ला ५) |
| ५ | केरा राइपेनिङ्ग च्याम्वर | सङ्ख्या | ८ | ७ | १५ (बर्दिया २, चितवन १२ र रौतहट १) |
| ६ | जिउँदो माछा पसल स्थापना | सङ्ख्या | ४३ | २१ | ६४ |
| ७ | दुग्ध सङ्कलन केन्द्र स्थापना तथा सुदृढिकरण | सङ्ख्या | २५ | ० | २५ |
| **घ)** | **संस्थागत विकास तथा क्षमता अभिवृद्धि** | | | | |
| १ | माटो तथा बाली संरक्षण मिनिल्याब | सङ्ख्या | ६ | ० | ६ |
| २ | माटो परीक्षण मोबाइल भ्यान खरिद | सङ्ख्या | ८ | ० | ८ |
| ३ | खाद्य परीक्षण मोबाइल भ्यान खरिद | सङ्ख्या | २ | ० | २ |
| ४ | कृषि इन्टर्न परिचालन | सङ्ख्या | २३५७ | ४७६ | २८३३ |

| क्र. सं. | कार्यक्रम | एकाइ | आ.व. २०७९/८० सम्मको प्राप्त प्रतिफल | आ.व. २०८०/८१ | आ.व. २०८०/८१ सम्मको प्रतिफल |
|---|---|---|---|---|---|
| ५ | प्राविधिक शिक्षालयको समन्वय (विद्यार्थी सङ्ख्या) | सङ्ख्या | २८३ (१२३७०) | ३२ (१३७८) | ३१५ (१३७४८) |

परियोजनाका जोन/सुपरजोनतर्फका कार्यक्रममा सहभागी हुन आ.व. २०८०/८१ मा जोन/सुपरजोन क्षेत्रका तपसिलको तालिका बमोजिमका ९८६२ वटा विभिन्न प्रकारका संस्थाहरू परियोजना कार्यान्वन एकाइहरूमा सूचिकृत भएका छन्।

| प्रदेश | कृषक समूह | कृषि सहकारी | कृषि उद्यमी | अन्य | जम्मा |
|---|---|---|---|---|---|
| कोशी | १९९ | १४६ | ८३२ | ३७ | १२१४ |
| मधेस | ९३ | ९४ | ३५९ | ४१ | ५८७ |
| बागमती | १४५ | २५८ | ११२० | ३७ | १५६० |
| गण्डकी | २२८ | ७१ | ९६७ | १२ | १२७८ |
| लुम्बिनी | २३३ | २८९ | ६९८ | १८ | १२३८ |
| कर्णाली | ६७६ | १९१ | १६५३ | ३० | २५५० |
| सुदूरपश्चिम | ४३९ | ११९ | ८५७ | २० | १४३५ |
| **जम्मा** | २०१३ | ११६८ | ६४८६ | १९५ | ९८६२ |




परियोजना लागु भएका क्षेत्रहरूमा आ.व. २०८०/८१ मा १ लाख ९३ हजार ३ सय ९ जना कृषकहरू विभिन्न अनुदानका कार्यक्रमबाट लाभान्वित भएका छन्।

| लाभान्वित जनसङ्ख्या (आ.व. २०८०/८१) | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| प्रदेश | महिला | पुरुष | जम्मा | दलित | जनजाती | अन्य | युवा | कूल जम्मा |
| कोशी | ८२३० | १००४० | १८२७० | ४६५१ | ३९८१ | ९६३८ | २५४१ | १८२७० |
| मधेस | ९७२७ | ७७४२ | १७४६९ | १६५१ | २२६२ | १३५५६ | १२६०३ | १७४६९ |

| लाभान्वित जनसङ्ख्या (आ.व. २०८०/८१) | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| प्रदेश | महिला | पुरुष | जम्मा | दलित | जनजाती | अन्य | युवा | कूल जम्मा |
| बागमती | ३५९७८ | ३६०३३ | ७२०११ | ११२२० | ३०६४१ | ३०१५१ | ६८९१ | ७२०११ |
| गण्डकी | १०९६५ | १४५०९ | २५४७४ | ५०१० | ११४९५ | ८९७० | ११३९७ | २५४७५ |
| लुम्बिनी | १८३२८ | १९५०९ | ३७८३७ | २८४५ | ११८२० | १२५८९ | १०५९४ | २७२५४ |
| कर्णाली | ७२८७ | ७३८४ | १४६७१ | १०९६ | १३१४ | १२२६१ | ३१२३ | १४६७१ |
| सूदुर पश्चिम | १४१५१ | १२०८६ | २६२३७ | २१५७ | ८१०० | ७९०२ | ९१५२ | १८१५९ |
| जम्मा | १०४६६६ | १०७३०३ | २११९६१ | २८६३० | ६९६१३ | ९५०६७ | ५६३०१ | १९३३०१ |

## आ.व. २०८०/८१ मा परियोजनाबाट सञ्चालित कार्यक्रममार्फत रोजगारी सिर्जनाको अवस्था

| प्रदेश | आंशिक रोजगारी | पूर्ण रोजगारी | जम्मा |
|---|---|---|---|
| कोशी | ७९००७ | १३२३४ | ९२२४१ |
| मधेश | ३२९१० | २१७२ | ३५०८२ |
| बागमती | २६६४७ | ११५० | २७७९७ |
| गण्डकी | ९०६४ | ३५४१ | १२६०५ |
| लुम्बिनी | ३७५०५ | ३८२२ | ४१३२७ |
| कर्णाली | १६८१ | १९२ | १८७३ |
| सुदुरपश्चिम | २०२२ | ५५६ | २५७८ |
| जम्मा | १८८८३६ | २४६६७ | २१३५०३ |

## परियोजनाको सुरूदेखि हालसम्मका मुख्य उपलब्धिहरू

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको आ.व. २०७३/७४ देखि २०८०/८१ सम्मको प्राप्त प्रतिफल तल तालिकामा प्रस्तुत गरिएको छ।

| कार्यक्रम | उपलब्धि |
|---|---|
| चक्लावन्दी खेती | • परियोजनाबाट Land Consolidation र crop pooling गरी करिब ७७०३ हे. चक्लाबन्दी खेतीको सञ्चालन भएको। |
| प्राविधिक शिक्षालयको साझेदारीमा व्यावसायिक उत्पादन कार्यक्रम | • "सिक र कमाउ" मोडलमा ३१५ प्राविधिक शिक्षालयमा अध्ययनरत विद्यार्थीहरूबाट कृषि व्यवसाय सञ्चालनको व्यवहारिक ज्ञानका साथै अध्ययनरत विद्यार्थीहरूलाई आयआर्जनको अवसर प्राप्त भई हालसम्म १३७४८ विद्यार्थी लाभान्वित भएको। |
| कृषि इन्टर्न परिचालन | • जि.पी. कोइराला कलेज अफ एग्रीकल्चर एण्ड रिर्सच सेन्टर बिराटनगर, महेन्द्र रत्न वहुमुखी क्याम्पस, इलाम र कृषि तथा वन विज्ञान विश्वविद्यालय चितवन, सुदुर पश्चिम विश्वविद्यालय, कृषि विज्ञान संकाय, कैलाली, नेपाल पोलिटेक्निक ईन्स्टिच्यूट चितवन, प्राकृतिक स्रोत व्यवस्थापन कलेज, दाङ र HICAST, काठमाडौं गरी जम्मा ७ वटा अध्ययन संस्थनाबाट हालसम्म २८३३ जना विद्यार्थी विभिन्न प.का.ए., कृषि ज्ञान केन्द्र र फार्म/केन्द्रमा परिचालन गरिएको। |

| कार्यक्रम | उपलब्धि |
| --- | --- |
| भण्डारण, प्राथमिक प्रशोधन वा प्रशोधन उद्योग स्थापना | • ७५८ अलैंचीका आधुनिक भट्टी निर्माणका साथै कृषि उपज भण्डारण, प्राथमिक प्रशोधनका लागि पूर्वाधार निर्माण भएको।<br>• कृषि उपज भण्डारण प्रशोधन तथा बजारीकरणका लागि ७२४ वटा विभिन्न प्रकृतिका पोष्टहार्भेष्टसँग सम्बन्धी पूर्वाधार सहयोग गरिएको।<br>• जस अन्तर्गत २९८ सङ्कलन केन्द्र, २९ गोदाम घर, ७५ वटा चिस्यान घर, ६८ रष्टिक हाउस र २२ सेलार स्टोर स्थापना भई भण्डारण र बजारीकरणमा सहजता भएको। |
| | • १२४ वटा ढुवानी साधन (माछाको ४ वटा चिलिङ भ्यानसहित) ले ढुवानी लागत कम गराई बजारीकरणमा सहज, १५ वटा केरा राइपेनिङ च्याम्वर, स्याउ ग्रेडिङ्ग मेसिनमार्फत उपभोक्ताको माग अनुसारको केराको गुणस्तर कायम गर्न सहज भएको।<br>• हाल सम्म १३६ वटा प्राथमिक प्रशोधन उद्योग (अलैंचीको तेल, अलैंचीको धुलो, सुपारी, रवर, चामल, चिउरा, च्याख्ला, अचार, अदुवा वेसार धुलो, आलु चिप्स, मह, माछा आदि) स्थापनामा सहयोग, बर्दियामा चिउरा उद्योग, पाल्पामा अचार उद्योग, दाङमा मकै, तेल र साइलेज उद्योगको सञ्चालन भएका छन्। रूपन्देहीमा फ्रोजन ब्लाष्ट प्रविधिबाट ताजा माछाको प्राथमिक प्रशोधन उद्योग स्थापना भएको छ।<br>• नेपालमा नै पहिलो पटक स्याङ्जामा सुन्तलाको वाईन, ब्राण्डीको परीक्षण उत्पादन सफल भएको साथै १५०० के.जी. जाम तयार गरी जापान निर्यात गरिएको। |
| जुनार बगैंचा व्यवस्थापन तथा क्षेत्रगत कीरा नियन्त्रण कार्यक्रम | • सिन्धुलीमा जुनारको औंसा कीरा व्यवस्थापनका लागि क्षेत्रगत कीरा नियन्त्रण कार्यक्रम सञ्चालन भई ५६ प्रतिशतबाट ४.५ प्रतिशतमा क्षति न्यूनीकरण र सोको अन्य/छिमेकी जिल्लाहरूमा अनुसरण भएको। |
| यान्त्रिकीकरण प्रवर्द्धन/ कस्टम हायरिङ सेण्टर | • कृषि यान्त्रिकरण प्रवर्द्धनका लागि हालसम्म ६०८ वटा कस्टम हायरिङ सेन्टर स्थापना गरिएको जसबाट ट्याक्टर, रोटाभेटर, थ्रेसर, धान रोप्ने मेसिन, कम्वाइन्ड हार्भेष्टर, ड्रायर लगायतका कृषि यन्त्रको प्रयोगमा व्यापक विस्तार भई उत्पादन लागत न्यूनिकरण भई कार्यबोझसमेत घटेको। गाउँघरमा प्रचलित कृषि यन्त्रको भाडा दर घट्नाले उत्पादन लागत कम भई नाफा वृद्धि हुन गएको।<br>• हालसम्म ५४१८२ वटा मिनिटिलर, पावर टिलर, कर्न सेलर, स्प्रेयर. ज्याब प्लान्टर लगायतका अन्य साना मेसिन तथा औजार यन्त्र वितरण।<br>• विशेष गरी तराइका खाद्यान्न बालीका जोन/सुपरजोनमा साना तथा ठूला कृषि यन्त्र उपकरणहरूको बढ्दो प्रयोगबाट उत्पादन लागतमा ५०-३५ प्रतिशतले कमी आएको।<br>• जग्गा सम्याउने Land Laser Leveler को प्रयोग, मेसिनबाट धान रोपाइ, कम्वाइण्ड हार्भेष्टरको प्रयोग, चैते धान सुकाउन ड्रायरको प्रयोग केही सफल भएका प्रविधि हुन पुगेको छ। धान खेतीमा ३०-४० हजार/हे. लागत न्यून गर्न सकिएको उत्पादन लागत घटेको।<br>• मेसिनरीको बढ्दो प्रयोगबाट परियोजना क्षेत्रमा १.४५ kw/ha. उर्जा प्रयोग भइरहेको (नेपाल ०.८० kw/ha, भारत २.५ kw/ha) नयाँ प्रविधि प्रति कृषकहरूको रूचि बढ्दै गएको। प्रविधि प्रति युवा किसानहरू आकर्षित हुँदै गएको। |
| नयाँ बालीको व्यावसायिक उत्पादन | • पाल्पामा अकबरे खुर्सानी व्यावसायिक रूपमा खेती सुरू गरिएको। बाँझो जमिनको सदुपयोग, बाँदरले नोक्सानी नगरेको हुनाले वैकल्पिक बालीको रूपमा स्थापित हुन सक्ने।<br>• चाउचाउ उद्योगसँग सम्झौता गरी करार खेतीको अभ्यास सुरू भएको छ। |

| कार्यक्रम | उपलब्धि |
|---|---|
| बीउ आत्मनिर्भरताको लागि पूर्वाधार विकासमा सहयोग | • ८६ वटा बीउ स्रोत केन्द्र स्थापना कार्यक्रममार्फत जोन सुपरजोन क्षेत्रमा प्रमुख खाद्यान्न बालीको बीउ भण्डारण, प्रशोधन, प्याकेजिङ, लेवेलिङ तथा बजारीकरण कार्यमा सहयोग पुगेको छ। |
| स्याउको उच्च घनत्व रोपण प्रविधि HDP | • सोलुखुम्बु, मनाङ, मुस्ताङ, जुम्ला, मुगु र दार्चुलामा हालसम्म जम्मा ६२ हे. क्षेत्रफलमा स्याउको उच्च घनत्व रोपण प्रविधिबाट खेती गरिएको छ।<br>• सामान्य रोपणमा ३०० बिरूवा प्रति हेक्टर हुनेमा यो प्रविधिबाट ३०००-३३०० बिरूवा प्रति हेक्टर रोप्न सकिन्छ भने सामान्यमा ७ मे.ट. उत्पादकत्व छ भने यो प्रविधिमा २१ देखि २४ मे.ट. प्रति हे. उत्पादकत्व प्राप्त भएको छ।<br>• सामान्य रोपणबाट ६ वर्षमा फल लाग्छ भने HDP बाट ३ वर्षमा उत्पादन लिन सकिन्छ। |
| धान प्रर्वद्धन तथा चैते धान क्षेत्र विस्तार | • चैते धानको क्षेत्र विस्तार भई धानको उत्पादन वृद्धिमा यो परियोजना कोशेढुङ्गा बनेको छ। परियोजना लागु भएको धानका जोन तथा सुपरजोन क्षेत्रहरूमा राष्ट्रिय औषतभन्दा करिब २३% ले उत्पादकत्व बढी रहेको। परियोजनाबाट हरेक वर्ष चक्लाबन्दी र क्षेत्र विस्तार कार्यक्रममार्फत चैते धानको क्षेत्र विस्तार भई हालसम्म ११३६० हे. क्षेत्र विस्तार भएको छ। धानको न्यूनतम समर्थन मूल्यमा कृषकहरूबाट धान खरिद गरी परियोजनाबाट सहयोग प्राप्त सहकारीहरूले भण्डारण एवम् चामल प्रशोधन गरी कृषकलाई उचित मूल्य तथा उपभोक्ता मूल्यको स्थिरीकरणमा समेत सहयोग पुगेको छ। परियोजनामार्फत चैते धान प्रर्वद्धन गरिएका जिल्लाहरू झापा, मोरङ, सुनसरी, उदयपुर, धनुषा, मकवानपुर , चितवन, नुवाकोट, प्युठान, बाँके, बर्दिया, कैलाली, कञ्चनपुर रहेका छन्। |
| किसानस्तरबाट हाइब्रिड बीउ उत्पादन | • दाङ र सर्लाहीमा कृषक सहकारीले किसान स्तरबाटै स्वदेशी हाइब्रिड मकैको बीउ (रामपुर हाइब्रिड १०) उत्पादन भइरहेको। |
| सामुदायिक नर्सरीमा धान बेर्ना उत्पादन | • चितवनमा मेसिनबाट धान रोप्नको लागि सामुदायिक नर्सरीमा ट्रेमा बेर्ना उत्पादन कार्यमा सफलता प्राप्त भई कृषकस्तर प्रविधि विस्तार भएको। |
| बजारीकरण प्रवर्द्धन | • स्याउ, सुन्तला, जुनार, किवीमा प्याकेजिङ लेबलिङ गरी बजारीकरण भइरहको। |
| बृहत चक्लाबन्दी र क्षेत्र विस्तारमार्फत व्यावसायिक मत्स्यपालन | • यस परियोजनाबाट क्षेत्र विस्तार कार्यक्रमबाट हालसम्म थप १८३० हे. मत्स्य पोखरी निर्माण भई ११०८२ मे.ट. माछा थप उत्पादन भई आयत प्रतिस्थापन भएको। बाह्य देशसँगको परनिर्भरता क्रमशः हट्दै गएको। माछाको उपभोगमा वृद्धि भएको छ, जीवित माछा, फ्रोजन माछा, बोनलेस लगायत माछाको विविधीकरणसमेत बढेको।<br>• धनुषाको धनुषाधाम न.पा. को पर्वतामा १०० हेक्टर र क्षिरेश्वरनाथ न.पा. सखुवा महेन्द्रनगरमा ५० हे. लगायतका विभिन्न क्षेत्रहरू बृहत माछापालन चक्लाबन्दीको रूपमा विकास भएको। |

### ३.१.१.८ खाद्य पोषण तथा प्रविधि कार्यक्रम (बजेट उप-शीर्षक नं. ३१२०३१०१)

खाद्य ऐन, २०२३ र दाना पदार्थ ऐन, २०३३ कार्यान्वयन गर्न विभागले नियमित रूपमा स्वीकृत वार्षिक कार्यक्रम अनुरूप खाद्य स्वच्छता तथा गुण नियन्त्रण कार्यक्रम, प्रयोगशाला विश्लेषण कार्यक्रम, एसपिएस इन्क्वायरी सेवा, आयात निर्यात गुण प्रमाणिकरण कार्यक्रम, व्यावसायिक कृषि उद्यमशीलतामा आधारित प्रविधि विकास तथा रोजगार उन्मुख कार्यक्रम सञ्चालन गरी आम उपभोक्ताको स्वास्थ्य रक्षा गर्ने, विश्व व्यापार सङ्गठनको स्वच्छता र वनस्पतिजन्य स्वच्छताका मापदण्डहरू पूरा गरी स्वच्छ खाद्य व्यापारमा टेवा पुर्याउने, कृषिमा आधारित प्रशोधन प्रविधि विकास गरी कृषकलाई व्यावसायिकरणतर्फ उन्मुख गराउने र खाद्य पोषणको माध्यमबाट कुपोषण न्यूनिकरणमा टेवा पुर्याउने काम गर्दै आएको छ।

खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग र मातहतका गरी ४३ कार्यालयहरूबाट आ.व. २०८०/८१ मा सम्पन्न मुख्य मुख्य कार्यक्रमहरूको वार्षिक उपलब्धिहरूको विवरण तपसिल बमोजिम रहेको छ।

**खाद्य तथा दाना उद्योग एवम् बजार निरीक्षण अनुगमन र गुणस्तर नियमन कार्यक्रम**

- यस अवधिमा खाद्य/दाना उद्योग, बजार, होटल रेष्टुरेण्ट, हाट बजार/मेला महोत्सव, राजमार्गका होटल, अनुगमन तथा उजुरी उपर तत्काल सम्बोधन टोली (Rapid Response Team) मार्फत कारबाही लगायत जम्मा ११२०३ पटक निरीक्षण अनुगमन गरिएको।
- आर्थिक वर्ष २०८०/८१ मा खाद्य/दाना उद्योग तथा बजार निरीक्षण अनुगमन गरी ऐन नियमानुसार जम्मा ३१२५ नमुनाहरू सङ्कलन भएको र विश्लेषण परीक्षण प्रतिवेदन अनुसार ११० वटा नमुनाहरूको प्रतिवेदन प्रतिकूल पाइएको।
- यस अवधिमा खाद्य/दाना ऐन तथा नियम विपरित एवम् न्यूनस्तर तथा दूषित खाद्य पदार्थ उत्पादन तथा बिक्री वितरण गरेको कसुरमा जम्मा १७८ थान मुद्दा सम्बन्धित जिल्ला प्रशासन कार्यालय तथा जिल्ला अदालतमा दायर गरिएको।
- विभाग तथा मातहतका कार्यालयहरूबाट खाद्य स्वच्छता सर्भिलेन्स अन्तर्गत ३७१० वटा नमुनाहरू सङ्कलन गरिएको।
- आर्थिक वर्ष २०८०/८१ मा ९३३ उद्योगलाई नयाँ अनुज्ञापत्र जारी, २४३० उद्योग अनुज्ञापत्र नवीकरण तथा १४१७ नयाँ उद्योग स्थापना गर्न सिफारिस गरिएको।
- यस आ.व. मा १३३१ उत्पादन दर्ता र १६४१ नविकरण गरी कूल २,९७२ वटा आहारपूरक खाद्य पदार्थ नियमन गरिएको।

**खाद्य आयात निर्यात नियमन कार्यक्रम**

- यस आर्थिक वर्षमा खाद्य पदार्थको आयात नियमन कार्यका लागि नेपाल राष्ट्रिय एकद्वार प्रणाली (Nepal National Single Window) मा अनलाईनमार्फत सेवा प्रदान गरी जम्मा १५,६७८ आयात अनुमति जारी गरिएको र आयात अनुमतिका लागि प्राप्त निवेदन मध्ये आवश्यक कागजात पूरा नभएका विभिन्न ६१ खाद्य पदार्थका कन्साइन्मेन्टहरूको निवेदन अस्वीकृत गरिएको।
- भन्सारविन्दुमा अवस्थित १२ वटा खाद्य आयात निर्यात गुणस्तर प्रमाणिकरण कार्यालयहरूबाट जम्मा ४६,९४८ वटा खाद्य पदार्थका नमुनाहरूको गुणस्तर प्रमाणिकरण गरिएकोमा ४५ वटा नमुनाहरू आयात गर्न प्रतिकूल पाइएको।
- विभिन्न देशहरूमा निर्यात प्रयोजनका लागि दूध तथा दुग्ध पदार्थ (घ्यू, छुर्पी), मह, चिया, कफी,अचार, मसला, दाल लगायतका खाद्य पदार्थहरूको गुणस्तर प्रमाणिकरण गरी निर्यातका लागि सहजीकरण गरिएको।

**खाद्य तथा दाना पदार्थको अनिवार्य गुणस्तर मापदण्ड निर्धारण**

- पौष्टिकतत्व स्तरोन्नति गरिएको चामल (Fortified Rice) को मापदण्ड मिति २०८०/०४/०१ गते नेपाल राजपत्रमा प्रकाशन भइसकेको।
- खाद्य पदार्थमा उपस्थित हुने औद्योगिक ट्रान्स फयाट र खाद्य पदार्थको सिधा सम्पर्कमा आउने कागजको प्रयोग सम्बन्धी मापदण्ड मिति २०८०/१०/२५ गते नेपाल राजपत्रमा प्रकाशन गरिएको।

## प्रयोगशाला विश्लेषण सेवा

### क. प्रयोगशाला स्थापना तथा एक्रुटडिटेशन

- खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयहरू बिराटनगर, जनकपुर, हेटौंडा, पोखरा, भैरहवा, नेपालगञ्ज, सुर्खेतमा र धनगढीबाट नमुना विश्लेषण कार्य नियमित भएको।
- गत आ.व. सम्ममा विभागको NFFRL मा Accreditation Scope१०१ पारामिटर रहेकोमा यस आ.व. मा १८५ पारामिटर थप गरी (सुक्ष्म जैविक पारामिटर ४१ वटा र रसायनिक पारामिटर २४५ वटा) जम्मा २८६ पारामिटरमा NABL, India बाट Accreditation प्राप्त भएको।
- खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय, बिराटनगरको प्रयोगशालाले यस आ.व. मा चिया तथा मसलाजन्य लगायतका ७ वटा खाद्य पदार्थको २३ पारामिटरमा पहिलो पटक NABL, India बाट Accreditation प्राप्त गरेको।

### ख. प्रयोगशाला विश्लेषण सेवा

यस आ.व. मा विभागको राष्ट्रिय खाद्य तथा दाना रेफेरेन्स प्रयोगशाला तथा खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयहरूका प्रयोगशालाहरूबाट खाद्य/दाना ऐन तथा नियम कार्यान्वयनका क्रममा सङ्कलित नमुना, सर्भिलेन्स नमुना, खाद्य उद्योग अनुज्ञापत्रका लागि सङ्कलित नमुनाहरू लगायत सेवाग्राहीबाट अनुरोध भई आएका गरी जम्मा २६,३०७ वटा नमुनाहरू प्रयोगशाला जाँच परीक्षण गरिएको।

### ग. आयातित तरकारी तथा फलफूलमा जीवनाशक विषादी अवशेषको द्रुत परीक्षण (RBPR)

- नेपालमा आयात हुने तरकारी र फलफूलमा RBPR विधिबाट जीवनाशक विषादी अवशेषको विश्लेषण परीक्षण कार्य कृषि तथा पशुपन्छी विकास मन्त्रालयको निर्णयानुसार २०७८ कार्तिक १ गतेदेखि खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग अन्तर्गतका ७ कार्यालयहरूबाट सुचारू भएकोमा यस आ.व. देखि सो कार्य १२ वटा खाद्य आयात निर्यात गुणस्तर प्रमाणिकरण कार्यालय, खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयहरू भैरहवा, नेपालगञ्ज, धनगढी र विभागसमेत गरी १६ स्थानबाट गर्नको लागि व्यवस्था मिलाइएको। यस आ.व. मा ६३,३८३ वटा आयातित फलफूल तथा तरकारीका नमुनाहरूको जीवनाशक विषादी अवशेष परीक्षण (RBPR विधिबाट) गरिएकोमा फलफूल तरकारीका ४० वटा नमुना प्रतिकूल देखिएको।

## खाद्य प्रविधि विकास, तालिम, अध्ययन तथा पोषण सम्बन्धी प्रवर्द्धनात्मक कार्यक्रम

- पोषण परिकार विकास अन्तर्गत विद्यालयमा दिवा खाजाको रूपमा प्रयोग गर्न पोषिलो रोटी, चुकौनी, कोदो मिश्रित क्वाटी, कोदो मिश्रित आलु पराठा र कोदो मिश्रित पास्ता सम्बन्धी अध्ययन गरी रेसिपी तयार गरिएको।
- जाति विशेष खाद्य पदार्थको प्रोफाइल अध्ययनका लागि नेवारी र लिम्बु जातिका परिकारहरूको अध्ययन गरिएको।
- खाद्य प्रशोधन प्रविधि सम्बन्धी सीप विकास तालिम १२ पटक सञ्चालन गरिएको।
- कोदोको परिकार विकास अध्ययन अनुसन्धान कार्य गरिएको।

**विश्वखाद्य स्वच्छता दिवस कार्यक्रम**

"खाद्य स्वच्छतामा लगानी बढाऔं, अप्रत्याशित अवस्थाको पूर्व तयारी गरौं" भन्ने नारासहित विश्व खाद्य स्वच्छता दिवसको अवसरमा २०८१ जेठ १९ देखि २५ (1 – 7 June 2023) सम्म सप्ताहव्यापी रूपमा खाद्य स्वच्छता सम्बन्धी कार्यक्रमहरू देशैभर सञ्चालन गरी भव्यताका साथ मनाइएको।

**खाद्य स्वच्छता तथा गुणस्तर सचेतना अभिवृद्धि कार्यक्रम**

- आर्थिक वर्ष २०८०/८१ मा खाद्य तथा दाना पदार्थ उद्योगी व्यवसायीहरू र राजमार्गका होटल/रेस्टुरेन्ट व्यवसायीहरूसँग खाद्य स्वच्छता तथा गुणस्तर सम्बन्धी विभिन्न अन्तरक्रिया/गोष्ठी लगायतका कार्यक्रम ७५ पटक सञ्चालन गरिएको।
- सडक पेटीमा बिक्री हुने विभिन्न खाद्य पदार्थहरूको NFFRL बाट गरिएको सुक्ष्म जैविक अध्ययन काठमाडौं, ललितपुर, भक्तपुर, धुलिखेल, पनौति र मलेखुबाट पानीपुरी, चटपटे, फलफूल सलाद, मोमो र ससेजका १५-१५ वटा तथा तारेको माछाको १० वटा गरी जम्मा ८५ वटा नमुनाहरूमा अध्ययन भएको |

**होटल रेष्टुरेण्ट स्तरीकरण कार्यक्रम**

- आ.व. २०८०/८१ मा विभाग तथा मातहतका कार्यालयहरूबाट २७ पटक गरी जम्मा १८६ वटा होटल रेष्टुरेण्ट स्तरीकरण गरिएकोमा २५ वटा अति उत्तम, ३७ वटा उत्तम, ५४ वटा सन्तोषजनक, ७० वटा सामान्य स्तरका रहेको र ३९ वटा स्तरीकरणका नपरेका होटल रेष्टुरेण्टहरूलाई सुधारका लागि सुझाव तथा निर्देशन दिइएको।

**३.२.१.९ नेपाल लाईभस्टक सेक्टर इनोभेसन आयोजना (बजेट उप-शीर्षक नं. ३१२००१०७-३/४)**

नेपाल लाईभस्टक सेक्टर इनोभेसन आयोजना विश्व बैंकको (आ.डि.ए.) ४३ मिलियन अमेरिकी डलर (दोस्रो पुनर्संरचनाबाट) ऋण सहयोगसहित कूल ७५.०५ मिलियन अमेरिकी डलरको लागतमा नेपालको पशु सेवालाई सुदृढिकरण गर्दै नवीन प्रविधिको माध्यमबाट उत्पादन र उत्पादकत्वको वृद्धि, मूल्य शृङ्खलाको विकासको साथै जलवायु अनुकूलन प्रविधिहरूको विकास र उपयोग गर्ने गरी तयार गरिएको आयोजना हो। यस आयोजना आ.व. २०७४/७५ देखि कार्यान्वयनमा आएको छ। आयोजनाले २८ वटा जिल्लाका २८९ वटा पालिकाहरूमा आफ्ना सेवाहरू सञ्चालन र विस्तार गरेको छ।

यस आयोजनामा चारवटा सम्भाग र आठवटा उप-सम्भागहरू रहेका छन् र यस आयोजनाबाट उपलब्ध गराउने अनुदान वित्तीय संस्थामार्फत गराउने नविनतम प्रयासको सुरूवात गरिएको छ। यस आयोजनामार्फत बाख्राको मूल्य शृङ्खला विकास, दुग्ध मूल्य शृङ्खला विकास र च्याङ्ग्रा मूल्य शृङ्खला विकासमा बीस प्रतिशत कृषकतर्फबाट स्वलगानी, तीस प्रतिशत वित्तीय संस्थामार्फत ऋण प्रवाह र बाँकी पचास प्रतिशत आयोजनाको तर्फबाट अधिकतम एक करोडसम्म अनुदान दिने व्यवस्था गरिएको छ। छनौट गरिएका मूल्य शृङ्खलामध्ये बाख्रा र दुग्ध आयात प्रतिस्थापन र पश्मिनाले निर्यात प्रर्वद्धनमा सहयोग पुर्याउने लक्ष्य लिइएको छ। आ.व. २०८०/८१ मा सम्पन्न भएका क्रियाकलापहरू तपसिल बमोजिम रहेको छ।

- बुढानिलकण्ठमा BSL+2 or above प्रयोगशाला १ वटा FMD Lab निर्माण, राष्ट्रिय पशु आहारा तथा लाईभष्टक गुण व्यवस्थापन प्रयोगशालाको लागि UV- VIS Spectrophotometer १ वटा

खरिद, राष्ट्रिय पशु आहारा तथा लाईभष्टक गुण व्यवस्थापन प्रयोगशालाको लागि HPLC water generator १ वटा, घाँसेबाली आनुवांशिक स्रोत केन्द्र, रन्जितपुर, सर्लाहीमा विद्युतीय लाईन जडान (Extending of Electric Line with Transformer), VSDRL को प्रयोगशाला सुधार, NLBO नेपालगञ्जको प्रयोगशाला कक्षको सुधार, धुलो दूध कारखाना बिराटनगरको लागि खरिद भएका सामग्रीको भुक्तानी, FMD Vaccine- ३३ लाख डोज र LSD Vaccine ११ लाख डोज खरिद तथा वितरण एवम् आयोजना समापन गोष्ठी सञ्चालन गरिएको छ। यस आयोजनाको हालसम्मका प्रमुख उपलब्धिहरू सम्भाग अनुसार निम्नानुसार रहेको छः

**सम्भाग-कः संस्थागत तथा आवश्यक नियामक क्षमता सबलीकरण**

- **नीति, रणनीति, ऐन तयार गर्नेः** मन्त्रिपरिषद्बाट राष्ट्रिय पशु स्वास्थ्य नीति, राष्ट्रिय पशु प्रजनन् नीति स्वीकृत भएको, पशु सेवा विभागबाट पशु सेवामा सूचना प्रविधि प्रयोग रणनीति स्वीकृत, पशु आहारा रणनीति, पशु पहिचान रणनीति स्वीकृतिको प्रक्रियामा रहेको, मन्त्रिपरिषद्बाट संक्रामक पशु रोग नियन्त्रण ऐन र पशु कल्याण ऐन तर्जुमा गर्ने सैद्धान्तिक सहमति प्राप्त भई ऐन तयार हुने क्रममा रहेको। खोरेत र पी.पी.आर. नियन्त्रण मार्ग चित्र स्वीकृति हुने प्रक्रियामा रहेको। One health action plan, Emergency Preparedness Plan र Animal Nutrition Strategy को मस्यौदा तयार भएको।

**सम्भाग-खः पशु सेवा क्षेत्रमा नवीनता प्रवर्द्धन तथा सेवा प्रवाह आधुनिकीकरण**

- समूह, सहकारी परिचालनतर्फ १०५२ समूह र ३०४ सहकारी संस्थाहरू गरी जम्मा १३५९ संस्थाका ८७८९२ कृषक परिवारहरू प्रत्यक्ष लाभान्वित भएको।
- खोरेत रोग नियन्त्रणको लागि १ करोड ६० लाख ६९ हजार मात्रा खोप तथा आवश्यक खोप सामग्री खरिद भई पशु सेवा विभागमा हस्तान्तरण भएको।
- पी.पी.आर. रोग नियन्त्रणका लागि खोप उत्पादन प्रयोगशालालाई उपकरणहरू उपलब्ध गराएको (Lyophilizer, Double Door Horizontal Autoclave, Incinerator, Cross flow filtration system, Refrigerated Centrifuge, Deep freezer, Roller Culture System, Spectrophotometer with ELISA Reader)
- खोप भण्डारण सुविधातर्फ प्रिफ्याब कोल्ड रूम (ठूलो) ७ वटा (बिराटनगर, जनकपुर, पोखरा, सुर्खेत, चितवन, काठमाडौं र बाँके), प्रिफ्याब कोल्ड रूम (सानो) १४ वटा (कञ्चनपुर, दाङ, पर्सा, पाँचथर, झापा, सुनसरी, उदयपुर, धनकुटा, नवलपरासी पश्चिम, पाल्पा, स्याङ्जा, तनहुँ, कपिलवस्तु, र काभ्रेपलान्चोक), विभिन्न पालिकाहरू तथा क्वारेन्टाइन चेकपोष्टहरूका लागि १०० वटा फ्रिजिङ कम्पार्टमेन्ट सहितको रेफ्रिजेरेटर, भेटेरिनरी अस्पताल र पालिका पशु सेवा शाखाहरू पशु क्वोरेन्टाइन चेकपोष्टहरूका लागि २३३२ वटा खोप ढुवानी गर्ने कूल बक्स खरिद तथा निर्माण कार्य सम्पन्न भएको।
- नश्ल सुधार गर्न कृत्रिम गर्भाधान कार्यक्रमका लागि कृत्रिम गर्भाधान सामग्री (LN२ कन्टेनर, सिमेन रेफ्री, गन आदि) सहयोग, राष्ट्रिय पशु प्रजनन् कार्यालय, पोखरा र लहानमा बुल तथा बुल

मदर सेड निर्माण भएको। Semen sealing filling and printing मेसिन खरिद तथा जडान (रा.प. प्रजनन् कार्यालय, लहान र बाँके), संयुक्त राज्य अमेरिकाबाट Jersey (४) र Holstein (२) साँढे खरिद भएको तथा आधुनिक सिमेन प्रशोधन प्रयोगशाला निर्माण (रा.प. प्रजनन् कार्यालय, लहान) गरिएको।

- नश्ल सुधारको लागि वंशावलीमा आधारित अभिलेख प्रणाली अन्तर्गत ९६ वटा हर्डहरूमा करिब ५४४७ (गाई तथा भैंसी) अभिलेख प्रणालीमा समावेश भई ३५५१ वटा पशुहरूको दूधको तथ्याङ्क सङ्कलन भइरहेको साथै दूधको नमुना परीक्षणको लागि २० वटा Milk Analyzer वितरण गरेको
- दुग्ध मूल्य शृङ्खला अभिवृद्धि कार्यक्रमको लागि सहयोगतर्फ बिराटनगर र लुम्बिनीका दुग्ध विकास संस्थानहरूको सुदृढिकरण गरिएको, दूध सङ्कलन केन्द्र निर्माण ७ वटा तथा दुग्ध सहकारीको लागि ६७ वटा चिलिङ्ग भ्याट (५०० लि./१००० लि.) वितरण भएको।
- मासु मूल्य शृङ्खलाको लागि ३ वटा खसी बोका सङ्कलन केन्द्र निर्माण गरिएको।
- क्षमता अभिवृद्धि तालिम अन्तर्गत प्राविधिकतर्फ संघ, प्रदेश र स्थानीय तहका ४९४४ कर्मचारीलाई १७२ पटक तालिम सञ्चालन गरी क्षमता अभिवृद्धि गरिएको, ८८७० कृषक/व्यवसायीहरूलाई ३२७ पटक तालिम आयोजना गरी क्षमता विकास गरिएको।
- पशु आहारा सुधारका लागि २५ नर्सरी स्थापनाबाट १७ लाख बिरूवा उत्पादन भई २८१० हेक्टरमा लगाइएको, सर्लाहीको रञ्जितपुरमा २ टन/घण्टा प्रशोधन हुने घाँसको बीउ प्रशोधन केन्द्र निर्माण भएको, हिउँदे तथा वर्षे घाँस ८८५० हेक्टर क्षेत्रफलमा लगाइएको, घाँसको बीउ उत्पादनको लागि करिब ८०० हे. मा करार खेती गरी ८२६ मे.ट. घाँसको बीउ उत्पादन भएको, सहकारी संस्थालाई ३३ वटा साइलेज बनाउने मेसिन वितरण, सहकारी संस्थालाई २ वटा मिनरल मिश्रण बनाउने प्लान्ट तथा ४ वटा साना Seed Processing Plant (नवलपुर, सुनसरी, तुलसीपुर, राइजोवियम तथा घाँसेबाली बीउबिजन केन्द्र, धनुषा) वितरण भएको।
- पशु सेवा आधुनिकरणको लागि २८ वटा पशु सेवा केन्द्र भवन निर्माण, बुढानिलकण्ठमा BSL 2 + प्रयोगशाला निर्माण, सुर्खेतमा प्रादेशिक पशु सेवा तालिम केन्द्र निर्माण, नेपाल भेटेरिनरी काउन्सिल भवन निर्माण, रञ्जितपुर, सर्लाही र दुहबी, सुनसरीमा तालिम केन्द्र भवन निर्माण गरिएको।
- भेटेरिनरी अस्पताल र प्रयोगशालाहरूलाई विभिन्न उपकरण (Digital X-ray Machine- 8, Portable Color Doppler Ultrasound Machine-37, Fully Automated Hematology Analyzer-23, Fully Automated Biochemical Analyzer-5, Semen Straw filling, sealing & printing machine-1, Semen Straw Counting and Packing Machine-1, DUMAS System-1, Biosafety Cabinet-7, Refrigerated Centrifuge-1, Cross Flow Filtration System-2, Automatic Bacteria Identification Machine -1, Cow Lifter- 10, Hoof Trimmer- 16) सहयोग गरिएको।

**सम्भाग ग. पशुजन्य उत्पादनमा समावेशी मूल्य शृङ्खला प्रवर्द्धन**

- पुरक अनुदान कार्यक्रम अन्तर्गत समूह/सहकारी/संघ/निजी फार्म तथा कम्पनीहरूसँग निम्न अनुदान रकमको सम्झौता भएको।
    - सम्झौता भएका उप-आयोजनाहरूको सङ्ख्या- ६०१
    - स्वलगानीः ९३ करोड ४४ लाख ८० हजार
    - वित्तीय संस्थाबाट ऋण लगानीः २ अरब १ करोड ७७ लाख ८० हजार
    - पूरक अनुदानः २ अरब ८८ करोड ९६ लाख ६० हजार
    - जम्मा लगानीः ५ अरब ८३ करोड ९६ लाख २० हजार
- समूह/सहकारी/संघ/निजी फार्म तथा कम्पनीहरूसँग सम्झौता भएकोमा निम्नानुसार कार्य सम्पन्न भएकोः
    - कार्य सम्पन्न भएको उप-आयोजनाहरूको सङ्ख्या- ४४६
    - स्वलगानीः ७७ करोड २० लाख
    - वित्तीय संस्थाबाट ऋण लगानीः १ अरब ६४ करोड ०२ लाख
    - पूरक अनुदानः १ अर्ब ९२ करोड ३६ लाख
    - जम्मा लगानीः ४ अर्ब ३३ करोड ५८ लाख
- पशु हाटबजारको निर्माणतर्फ रङ्गेली मोरङ, रत्ननगर चितवन, सियारी रूपन्देही तथा बर्दियामा ४ वटा पशु हाट बजार निर्माण भएको।

**सम्भाग घ. आयोजना व्यवस्थापन तथा ज्ञान सम्वर्द्धन**

- आयोजनाको आवधिक IPR तयार, जलवायु मैत्री पशुपालन अभ्यासहरू पुस्तिका प्रकाशन, सफलताका कथाहरू प्रकाशन, भिडियो डकुमेन्ट्रि निर्माण तथा प्रसारण, साइलेज प्रविधि, मूल्य शृङ्खला अनुसारका असल अभ्यासहरू, पशुपन्छी बजार व्यवस्थापन, पशु प्रजनन् नीति र राष्ट्रिय पशु स्वास्थ्य नीति प्रकाशन, चौमासिक बुलेटिन प्रकाशन, किसानसँग NLSIP Television कार्यक्रम, खाद्य स्वच्छता सम्बन्धी ब्रोसरहरू, महामारीजन्य पशु रोगको लिफ्लेट, कृषक पाठशाला सञ्चालन प्रक्रिया पुस्तिका (जलवायुमैत्री दूध उत्पादन र मासु उत्पादन कृषक पाठशाला), साइलेज उत्पादन र असल उत्पादन अभ्यासको Toolkit प्रकाशन, गुणस्तरीय पश्मिनाका लागि असल उत्पादन अभ्यासहरू, गुनासो व्यवस्थापन कार्यविधि, उप-आयोजना सञ्चालन मार्गदर्शन, भेटेरिनरी प्रयोगशाला प्रविधि, पशु सेवा प्रविधि, पशु पोषणमा खनिज तत्वको महत्व र मिश्रण बनाउने विधि, पश्मिना उत्पादन असल अभ्यास तथा उप-आयोजनाहरूको सङ्गालो (Sub-Project Compendium) प्रकाशन तथा वितरण गरिएको।

### ३.१.१.१० कृषि क्षेत्र विकास कार्यक्रम (बजेट उप-शीर्षक नं. ३१२००१०९३/४)

कृषि क्षेत्र विकास कार्यक्रम (ASDP) कृषि विकासका लागि अन्तर्राष्ट्रिय कोष (IFAD) को आर्थिक सहयोगमा सञ्चालित कार्यक्रम हो। ६ वर्ष अवधि रहेको यो कार्यक्रम आ.व. २०७५/७६ देखि सञ्चालनमा रहेको छ। कर्णाली प्रदेशका पहाडी तथा उच्चपहाडी क्षेत्रमा बसोवास गरेका जनताहरूको गरिबी तथा

पोषण असुरक्षा न्यूनिकरण गरी नेपालको दिगो विकास लक्ष्य (लक्ष्य १- शून्य गरिबी र लक्ष्य २- शून्य भोकमरी) प्राप्तिमा योगदान पुर्याउनु यस कार्यक्रमको लक्ष्य रहेको छ। छानिएका उच्च मूल्य जाने कृषि मूल्य शृङ्खला (बाली/वस्तु) हरूको व्यवसाय उन्मुख उत्पादन र बजारीकरण प्रणालीमा संलग्न साना किसान तथा पिछडिएका ग्रामीण समूहहरू (दलित, जनजाती, मुसलमान, युवा, भूमिहीन र अन्य समूहहरू) को आय र खाद्य सुरक्षामा दिगो सुधार ल्याई नेपालको दिगो विकास लक्ष्य-९ (उत्पादनशील रोजगार तथा सम्मानजनक काम) प्राप्तिमा योगदान पुर्याउनु यस कार्यक्रमको उद्देश्य रहेको छ। कर्णाली प्रदेश अन्तर्गत छिन्चु–जाजरकोट–डोल्पा, सुर्खेत–कालिकोट–जुम्ला–मुगु, सुर्खेत– दैलेख, सल्यान– रूकुम (पश्चिम) सडक खण्ड र मध्यपहाडी राजमार्ग वरिपरिका सबै १० जिल्लाहरू (सुर्खेत, दैलेख, सल्यान, जाजरकोट, कालिकोट, जुम्ला, मुगु, डोल्पा, हुम्ला र पश्चिम रूकुम) मा यो कार्यक्रम सञ्चालन भएको छ। ६ वर्ष अवधि रहेको यो कार्यक्रम सुरू आ.व. २०७५/७६ देखि २०७९/८० सम्म कूल विनियोजन भएको बजेटको ५० प्रतिशत खर्च भएको छ भने यस आ.व. २०८०/८१ मा मात्र कूल विनियोजन भएको बजेटको १६ प्रतिशत खर्च भएको छ। यस कार्यक्रमबाट प्राप्त उपलब्धिहरू तपसिल बमोजिम रहेका छन्।

**सम्भाग १ : मूल्य शृङ्खला विकास (Value Chain Development)**

यस सम्भाग अन्तर्गत ४ वटा सह–सम्भागहरू (sub-components) आयोजनाको असरहरूको रूपमा रहेका छन्।

**सह-सम्भाग (असर) १: विस्तारित एवम् विविधिकृत - समावेशी र दिगो कृषि मूल्य शृङखला**

- यस सह-सम्भागमा कृषि व्यवसायीहरूका लागि प्रतिस्पर्धात्मक मूल्य शृङ्खला सहलगानी (W1) खण्ड 'क' र मूल्य शृङ्खला विकासका लागि कृषक समूह/सहकारीलाई सहलगानी (W2) खण्ड 'ख' गरी दुई प्रकारका कार्यक्रम सञ्चालनमा रहेका छन्। खण्ड 'क' तर्फ ३ वटा सेवा प्रदायक/व्यवसायीहरूलाई ४ किस्तामा रू. १६ लाख ६९ हजार भुक्तानी भएको जसमा वातावरण सुधार सहकारीले सामग्रीमा सहलगानी गरी कोल्ड स्टोर १, चिलिङ भ्याट ५०० लि १ थान, क्रिम सेपेरेटर १ थान, दूध क्यान ४० लि. १६ थान, क्यारेट २० वटा, जेनेरेटर ४० KVA १ थान, दूध क्यान ३० लि. ५ थान खरिद गरेको छ।
- खण्ड 'ख' तर्फ ४८१ वटा समूह/सहकारीहरूलाई मूल्य शृङ्खला विकासमा ५७० किस्तामार्फत रू. १९ करोड ५७ लाख ४७ हजार सहलगानी भएको छ जसमध्ये १०१ वटा दुग्ध, १८२ वटा बाख्रा, ८४ वटा रैथाने बाली, ६८ बेमौसमी तरकारी र १३ वटा बीउ आलु, १७ वटा वेसार र १६ अदुवाको मूल्य शृङ्खलामा सहलगानी देखिन्छ। सहलगानीबाट ९२५ वटा भैंसी गोठको थलो निर्माण भएको, २१०० वटा बाख्राको खोर निर्माण भएको र ४४० वटा बाँसको प्लाष्टिक घर निर्माण भएका छन्।

**सह-सम्भाग (असर) २: क्रियाशील - बजारमुखी सार्वजनिक तथा सामुदायिक पूर्वाधार**

- यस सह सम्भाग अन्तर्गत ४६ सिँचाइ कूलो (१५,३८० मिटर), २९ सिँचाइ पोखरी (११९२ घन मिटर) गरी ७५ वटा सिँचाइ संरचना निर्माण सम्पन्न भएको छ जसबाट कूल ५२६ हे. क्षेत्र थप सिञ्चित भएको देखिन्छ।

- बजारमुखी सार्वजनिक पूर्वाधार (सडक) निर्माण अन्तर्गत जाजरकोट (बैरीताल-आनापानी रोड ५ कि.मि.) सम्पन्न र (मटेला-ईवर रोड, जाजरकोट) ५ कि.मि. कृषि सडक सम्पन्न तथा सुर्खेतमा १ सम्पन्न (लामीदमार- राउटेटार ७०० मिटर) गरी जम्मा प्रगति १०.७ कि.मि. कृषि सडक निर्माण सम्पन्न भएको।
- ग्रामीण बजार पूर्वाधार विकास तथा निर्माणका लागि पूँजीगत अनुदान अन्तर्गत दैलेखको नारायण न.पा.मा ७ रोपनी क्षेत्रफलमा एकिकृत कृषि बजार (खुद्रा तथा होलसेल) निर्माणको कार्य सम्पन्न भएको।

**सह-सम्भाग (असर) ३: मूल्य शृङ्खला विकासका लागि - सुदृढ ग्रामीण वित्तीय सेवा**

- यस सह सम्भाग अन्तर्गत महिला कृषकहरूका लागि Financial education and business literacy (FEBL) तालिम कार्यक्रम अन्तर्गत १६९ नयाँ समूहहरूमा FEBL कक्षा सञ्चालन भएको। वित्तीय शिक्षा तथा व्यवसाय साक्षरता कक्षाबाट लाभान्वित महिला सङ्ख्या ४५०२ रहेको।
- पालिका तहका कृषि तथा पशुपन्छी विकास शाखाको लागि मेसिनरी तथा औजार सहयोग (Palika Resourcing)
- त्रिवेणी गापा सल्यानमा सम्पन्न भएको, जसबाट स्कूटर १, मोटरसाईकल १, ल्यापटप १, प्रयोगशाला सामाग्रि रेफ्रिजेरेटर 2, Burdizzo Castrator 3, Tagging machine 1, Bottle top dispenser 1, Nutrient deficiency color chart 1, Grafting tools 1, Munsell color chart 1, Surgical equipment, Dog catcher 1, Hoof cutter 1, Cool Box 1, Povidine iodine खरिद भएको।
- कपुरकोट गापामा माटो ल्याव स्थापना भएको।

**कृषकहरूका लागि पोषण स्कुल सञ्चालन**

- ५३४ समूह/सहकारीमा पोषण तालिम सञ्चालन भई पोषण तालिमबाट लाभान्वित महिला सङ्ख्या ४५०२ रहेको।
- पालिका तहका कृषि तथा पशुपन्छी विकास शाखाका कर्मचारी तथा कृषि विकास समितिका सदस्यहरूलाई क्षमता अभिवृद्धि सम्बन्धी ५ वटा तालिम सम्पन्न भएको।
- बाली उपचार शिविर सञ्चालन सम्बन्धी मोडयूल १ र २ को ६ दिने तालिम १ सम्पन्न भई २२ जनाले लभान्वित भएको (महिलाः ४ पुरूषः १८)।
- पशुपन्छी प्रयोगशाला व्यवस्थापन तथा रोग निदान सम्बन्धी १२ दिने तालिम १ सम्पन्न भई २१२ जनाले लभान्वित भएको (महिलाः २ पुरूषः १०)।

**सह-सम्भाग (असर) ४: मूल्य शृङ्खला विकास र नविनताको लागि - दिगो कृषि सेवा सहयोग**

- एग्रोभेट तथा स्थानीय स्रोत व्यक्तिहरूलाई विषादी खुद्रा बिक्रेता इजाजत सम्बन्धी तालिम ६ दिने १ पटक (सहभागी २३ महिलाः ७ पुरूषः १६) सम्पन्न भएको।
- सामुदायिक कृषि प्रसार सेवाकेन्द्रका कर्मचारीहरूका क्षमता अभिवृद्धि सम्बन्धी ३ दिने तालिम १ वटा सम्पन्न (सहभागी २९ महिलाः ९ पुरूषः २०) सम्पन्न भएको।
- महिला कृषकहरूको कार्यबोझ घटाउने (drudgery reduction) उपकरण तथा मेसिनरी सहयोग २३ वटा समूह/सहकारीका महिला कृषकहरूलाई कार्यबोझ घटाउने मेसिनरी औजार खरिदमा

१००% अनुदान उपलब्ध गराई कूल ३६१ वटा विभिन्न कृषि औजार वितरण भएको। Mini tiller १९, Combined mill 20, corn sheller 32, Brush cutter 41,Multi crop thresher 10, chaff cutter 7, Winnower 17, Jab planter 7, Mini weeder 7, Secateur 45, Ridge maker 4, Sprayer 25, Wheelbarrow 42, Fork 45, Digital weighing 5, Ladder 9, Gloves 25.

**सम्भाग २ : कार्यक्रम समन्वय (Program Management and Coordination)**

कार्यक्रमको समग्र व्यवस्थापनको लागि बीरेन्द्रनगर, सुर्खेतमा आयोजना समन्वय कार्यालय (PCO) रहको छ। यस कार्यालयले केही क्रियाकलापहरू (जस्तैः ग्रामीण वित्त) प्रत्यक्ष आफैले र अन्य कार्यहरू निजी तथा सार्वजनिक क्षेत्रका सम्बन्धित संघ/संस्थाहरू (जस्तैः एमएसपी, पालिकाहरू, पाकृविसाहरू (MADCs), साकृप्रसेकेहरू (CAESCs), एग्रोभेटहरू र स्थानीय स्रोत व्यक्तिहरू) मार्फत कार्यान्वयन हुनमा सहजीकरण गरिरहेको छ। यस सम्भागले समग्र कार्यक्रमको योजना तर्जुमा, नियमित अनुगमन तथा मूल्याङ्कन, सिकाइ तथा ज्ञान व्यवस्थापन कार्यहरूको संयोजन एवम् सहजीकरण गरेको छ।

### ३.१.१.११ नेपाल कृषि बजार विकास कार्यक्रम (बजेट उप-शीर्षक नं. ३१२००११२३/४)

नेपाल कृषि बजार विकास कार्यक्रम १२ वर्ष समय अवधि (सन् २०१६-सन् २०२८) ३ वटा चरणहरूमा योजना गरिएको छ। हाल सञ्चालनमा रहेको दोस्रो चरण डिसेम्बर २०२० देखि डिसेम्बर २०२५ सम्म समयावधि रहेको छ। कार्यक्रमको उद्देश्य ग्रामीण महिला र पुरूषहरू विशेषत पछाडी पारिएका समूहहरूको रोजगारीका अवसरहरू र आम्दानीमा वृद्धि हुने रहेको छ र कार्य क्षेत्र कोशी प्रदेश रहेको छ। नेपाल कृषि बजार विकास कार्यक्रमको दोस्रो चरण उत्पादन पश्चातका कृषिका क्रियाकलापहरूमा वृद्धि, रोजगारी सिर्जना र निजी क्षेत्रको लगानी वृद्धि गरी कृषि उत्पादनको बजारीकरण र निर्यातलाई सुदृढ गर्ने कुरामा केन्द्रित छ। यो कार्यक्रम सेवा प्रदायकहरूमार्फत कृषि क्षेत्रका साना तथा मझौला उद्योगीहरूमा केन्द्रित छ जसले उत्पादन पश्चात्का कृषि व्यवसायमा भएका अवरोधहरू हटाउन, उत्पादन पश्चात्का कृषि क्रियाकलापहरू, बजारीकरण एवम् नविनतामा केन्द्रित सेवा क्षेत्रमा आधारित छ। आ.व. २०८०/८१ मा प्राप्त उपलब्धिहरू तपसिल बमोजिम रहेका छन्।

- यान्त्रीकरण सेवातर्फ मेसिनरी सेवा प्रदायकद्वारा प्रदान गरिएको कस्टम हायरिङ सेवा ७१३ जना किसान र १५ प्रतिनिधि (Agent) ले प्रयोग गरिरहेको, मेसिनरी मर्मत तालिम सञ्चालन, पहाडी क्षेत्रको लागि उपयुक्त मकै प्रशोधन मेसिनरीको २ वटा डिजाइन निर्माणको काम सम्पन्न, बोइलर सिस्टममा रहेको मकै सुकाउने प्रविधिलाई विद्युतीय ड्रायरमा परिमार्जन गरी सञ्चालनको तयारी, साथै प्रदेश सरकारको साझेदारीमा गोदाम सेट निर्माण कार्य सम्पन्न भएको। तरकारी तथा फलफूललाई ग्रेडिङ गर्ने ग्रेडिङ मेसिनको नमुना विकास र व्यावसायिक उत्पादन सुरू भएको। अलैंचीको पुच्छर काट्ने प्रविधि विकासको लागि पूर्वाञ्चल इन्जिनियरिङ क्याम्पससँग सम्झौता गरी कार्यक्रमहरू सञ्चालन भइरहेको। मेकाट्रोनिक्स इन्जिनियरिङ प्रा.लि. द्वारा १५१ कृषि व्यवसायलाई प्राविधिक परामर्श, ८ कृषि व्यवसायीहरूलाई २.८ करोड बराबरको प्राविधिक सेवाको लागि सम्झौता पश्चात प्राविधिक सेवा प्रदान गरिरहेको।
- डिजिटलाईजेशन सेवातर्फ कोशी प्रदेशमा कृषि मूल्य सूचना प्रणाली https://ampis.gov.np/ सञ्चालन, ६ कृषि बजार र अन्य प्रदेशको ३ बजारहरूले प्रयोगगरी रहेका। खाद्य तथा

गुण नियन्त्रण कार्यालयले खाद्य तथा दाना उद्योगहरूको अनुमति-पत्र जारी तथा नविकरणका लागि “नेपाल फुड एण्ड फिड लाईसेन्सीङ प्रणाली” https://neffils.dftqc.gov.np तथा रौतामाई गाउँपालिकाले किसान लक्षित गरी एग्रीपोर्टल सञ्चालनमा https://rautamaikrishi.gov.np/ सञ्चालनमा ल्याएको। आधुनिक खेती एप निर्माण गरिएको जसमा ८९७ जना किसानले दर्ता गरी सेवा लिएको। आर.भि.एम (RVM) १८ कृषि उद्यमीहरूले प्रविधि मैत्री ढुवानी सेवा प्रयोग, २६ वटा शीत भण्डारलाई ७७ आइ.व.टि (Internet of Things-IoT) र १० वटा यातायात सेवा प्रदायकमा ५६ जी.पी.एस जडान। ७ वटा शीतभण्डार गृहमा आइ.व.टि. (IoT) उपकरणहरू जडान (शीत गृहको तापक्रम र आर्द्रता मोबाइल एपको माध्यमबाट निगरानी) गरिएको।

- वस्तु विकास र विविधीकरणतर्फ दुग्ध पदार्थको विविधीकरण र बजारीकरणलाई प्रवर्द्धन गर्न सहज च्यालेन्ज फन्ड राउण्ड-३ को बिजेताहरूले मेसिन खरिद, SEC Expert-Walter Grob द्वारा चेडार र गौडा चीज प्रशोधन गर्न प्राविधिक तालिम, किसानहरूलाई स्वच्छ दूध उत्पादन सम्बन्धी अभिमुखिकरण तालिम सञ्चालन भएको। बटर स्कच (Butter Scotch) र केशर फ्लेवर मिल्क ८४,७८९ बोटल मिल्क तथा १८,९०५ बोटल लस्सी (२०० मि.लि.) उत्पादन तथा बिक्री गरेको।
- व्यवसाय विकास सेवा र वित्तीय पहुँच सेवातर्फ ९२४ कृषि उद्यमीहरूलाई कर, लेखा तथा व्यवसाय दर्तासँग सम्बन्धी अभिमूखीकरण, ९६ जनाले शुल्कसहितको सेवा लिएको १२ कृषि उद्यमीले विभिन्न बैंकबाट वित्तीय पहुँच प्राप्त गरेको छन्। कोशी प्रदेशमा कृषि उद्यमी कर्जा वृद्धि गर्ने उद्देश्यले प्रभु बैंक लि. सँग साझेदारी, सानिमा बैंकको १६ शाखाबाट ४५ वटा कृषि कर्जा वितरण तथा कृषि उद्यमी तथा कृषकहरूलाई कृषि कर्जामा ३ वटा अभिमुखिकरणका साथै कृषि कर्जामा आकर्षित गर्नको लागि विभिन्न सूचनामूलक प्रचार सामग्री निर्माण र प्रचार गरिएको।

### ३.१.१.१२ ग्रामीण उद्यम तथा आर्थिक विकास आयोजना (बजेट उप-शीर्षक नं. १२००११८-३/४)

आयोजनाले आ.व. २०८०/८१ को वार्षिक अवधिमा हासिल गरेका उपलब्धिहरू कार्यालय अनुसार देहाय अनुसार रहेको छ।

**उत्पादनशील साझेदारीमार्फत साना किसानहरूको लागि बजार सम्बन्धन विकास कार्यक्रम**

- खरिदकर्ताको माग बमोजिमका कृषि तथा पशुजन्य उपजको उत्पादन तथा प्रशोधन गर्ने कृषक समूह, सहकारी तथा उत्पादक संस्थामा आवद्ध किसानलाई स्टार्टअप अनुदान सहयोग कार्यक्रम (आयोजनाको सम्भाग १) अन्तर्गत आयोजनाबाट प्रवाह हुने अनुदानका लागि प्रकाशित सूचना अन्तर्गत कृषक समूह/सहकारीहरूबाट प्रथम कलमा प्राप्त भएको कूल १९०८ संयुक्त प्रस्तावहरू र दोस्रो कलमा प्राप्त भएका कूल ३५५ वटा प्रस्तावहरूको मूल्याङ्कन पश्चात उपयुक्त प्रस्तावहरूको व्यावसायिक योजनाहरूको तयारी भई जम्मा २८८ वटा व्यावसायिक योजना तथा उप आयोजना प्रस्तावहरू स्वीकृत भई कूल रू. १ अर्ब २८ करोड ५२ लाख ८५ हजार अनुदान प्रदान गर्ने सम्बन्धी सम्झौता सम्पन्न भइसकेको। सञ्चालित उप आयोजनाहरूमा ४९ प्रतिशत महिलासहित जम्मा ८२३१ कृषक घरधुरी लाभान्वित हुने छन्।

**सङ्घीय संरचनामा उद्यमशीलताको वातावरण सुदृढ बनाउने**

- आयोजनाको सम्भाग २ क अन्तर्गत आयोजना कार्यक्षेत्र भएका स्थानीय तहका कृषि/पशुपन्छी प्रसार सम्बन्धी प्राविधिकहरू विभिन्न विषयमा क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गर्नका लागि यस आ.व. का लागि स्वीकृत कूल १३ वटा तालिमको लक्ष्य रहेकोमा १३ वटा तालिम कार्यक्रमहरू सम्पन्न भएको। हालसम्म जम्मा ९४ वटा तालिम कार्यक्रमहरू सञ्चालन गरिएकोमा १८७५ जना लाभान्वित भएका छन्।

**उद्यमशील वातावरण निर्माणका लागि कार्यक्रम सञ्चालन**

- आयोजनाको सम्भाग २ ख अन्तर्गत साना तथा मझौला उद्यमीहरूको लागि Business Incubation सञ्चालनका Pilot Phase को रूपमा Small and Medium Scale Enterprises (SMEs) लाई Business Coaching र Growth Potential २५ जना SMEs लाई In-depth Business Incubation गर्ने र यस Pilot Phase को प्रभावकारिताका आधारमा Scale-up कार्यक्रम सञ्चालन गर्ने गरी Design भएको। जस अनुसार पहिलो चरणमा Pilot Phase का लागि छनौट भएको परामर्शदाता फर्म Development Vision Nepal Pvt. Ltd. ले कास्की जिल्लामा २५ जना SMEs हरूलाई In-depth Business Incubation गरी कार्य सम्पन्न गरिसकेको अवस्था छ र Pilot Phase को रिपोर्ट अनुसार यो कार्यक्रम निकै प्रभावकारी भएको र यस कार्यक्रममा SMEs हरूको उत्साहजनक र सक्रिय सहभागिता रहेको पाइयो। Scale-up का लागि यस चालु आर्थिक वर्षमा बजेट विनियोजन त गरिएको तर आयोजनाको अब बाँकी रहेको अवधि र परामर्शदाता फर्म छनौट प्रक्रियामा लाग्ने समयलाई मध्यनजर गर्दा प्रभावकारी ढङ्गले यो कार्य सम्पन्न गर्न नसकिने अवस्था रहेको।

**पालिकास्तरीय कृषि तथा पशुपन्छी सेवा केन्द्र निर्माण**

- उत्पादनमा संलग्न कृषकहरू लक्षित सेवा कृषि तथा पशुपन्छी सम्बन्धी रोग कीरा व्यवस्थापन, उपचार सेवा, उत्पादकत्व सुधार लगायतका सेवा पालिका तहमा नै सुनिश्चित गर्न आवश्यक उपकरण जडित कृषि प्रयोगशाला, पशुपन्छी अस्पताल तथा प्रशिक्षण हलको सुविधासहितको एकिकृत कृषि तथा पशुपन्छी सेवा केन्द्र निर्माण गरी स्थानीय तहलाई हस्तान्तरण गर्ने कार्यक्रम अन्तर्गत (आयोजनाको सम्भाग ३) आयोजनाको कार्यक्षेत्र रहेका स्थानीय तहहरूमा पालिकास्तर कृषि तथा पशुपन्छी सेवा केन्द्र स्थापनाको लागि ३८ वटा निर्माण सम्पन्न भई हस्तान्तरणको चरणमा रहेको तथा ३७ वटा निर्माणाधीन रहेको छ।

**प्रचार सामग्रीहरू तयारी**

- आयोजनाको विशेषत सम्भाग १ का बारेमा लाभग्राहीहरूलाई जानकारी उपलब्ध गराउनका लागि प्रभावकारी सञ्चार अभियान सञ्चालनका लागि आवश्यक प्रचार प्रसारका सामग्रीहरू जस्तै आयोजनाको भिडियो डकुमेन्ट्रीका साथै आयोजनाको जानकारीमूलक हाते पुस्तिकाहरू तयारीको कार्यहरू सम्पन्न भएको।

### ३.१.१.१३ रानीजमरा कुलरिया सिँचाइ आयोजना (बजेट उप-शीर्षक नं. ३१२०११०७(३/४)

रानीजमरा कुलरिया सिँचाइ आयोजना मूलतः कैलाली जिल्लाको टिकापुर नगरपालिका, जानकी गाउँपालिका, लम्किचुहा नगरपालिका (वडा नं ३ को तल्लोभुरूवा र ब्यवस्थितनगर, वडा नं ५ को थापापुर र वडा नं ७ को हरढनि र चाँगावारी) मा हाल कर्णाली नदीबाट भइरहेका परम्परागत सिँचाइ प्रणालीमा सुधार गरी सिँचाइ सुविधा विस्तार गर्ने उद्देश्यले विश्व बैंकको सहयोगमा सञ्चालनमा रहेको छ। आयोजनाको प्रभाव क्षेत्रमा आधुनिक तरिकाबाट कृषि व्यवसाय सञ्चालनको लागि कम्पोनेन्ट ३ मा कृषि उत्पादन सहयोग कार्यक्रम सञ्चालन गर्ने व्यवस्था गरिएको छ। यस आयोजना अन्तर्गत आ.व. २०८०/८१ मा सञ्चालन भएका मुख्य क्रियाकलाप तथा उपलब्धिहरू तपसिल बमोजिम रहेको छ।

- १६९ जना कृषकहरूले ४८ हेक्टर क्षेत्रफलमा ११०० मे. टन आलु उत्पादन गरेका। बसन्ते मकै खेती ८४ हेक्टर क्षेत्रफलमा, १५ हेक्टर क्षेत्रफलमा चैते धान खेती र मुङ्गमास १२ हेक्टर क्षेत्रफलमा खेतीका लागि सहयोग उपलब्ध गराइएको।
- १०६ कृषक समूह/व्यक्तिगत कृषि उद्यमी/कृषकहरूले ५४ क्षेत्रफलमा तरकारी खेती गरी १२००० मे. टन तरकारी उत्पादन गरेका।
- ६०८ हेक्टर क्षेत्रफलमा गहुँ, तोरी, मकै र धान बीज वृद्धि खेती कार्य भएको सोबाट अनुमानित २००० मे. टन बीउ उत्पादन हुने।
- केराको थामबाट रेसा उत्पादन गरी प्रशोधनका लागि उद्योग स्थापना सहयोग कार्यक्रम सञ्चालनबाट खेर गएको केराको थामबाट रेशा उत्पादन भई आयआर्जन तथा स्वरोजगारमा वृद्धि हुनुका साथै नविनतम प्रविधिको उपयोग भएको।
- ६७ जना कृषकहरूलाई ३६ वटा पावरटिलर, ६ वटा रिपर, १० वटा रोटाभेटर, ८ वटा धान थ्रेसर र ७ वटा इलेक्ट्रिक च्याफ कटर गरी ६७ वटा विभिन्न ५ प्रकारका कृषि यन्त्रहरू वितरण भएको।
- २ वटा सहकारी संस्थाले बीउ प्रशोधन र भण्डारण पूर्वाधार निर्माण गरेको र १ वटा सहकारी संस्थाले बीउ प्रशोधनका लागि खल्यानको निर्माण कार्य सम्पन्न गरेका।
- ४६ वटा कृषक तथा समूहमार्फत ५७ हेक्टर क्षेत्रफलमा पशु आहाराको लागि वर्षे घाँस खेती र ३ वटा फर्मले ६ हेक्टर क्षेत्रफलमा वर्षे घासको बीउ उत्पादन स्रोतकेन्द्र स्थापना कार्यक्रम सञ्चालन भएको।
- ६० जना मुक्त कमैया कृषकहरूले व्यावसायिक रूपमा च्याउ खेती र १४ जना तरकारी खेतीका लागि सहयोग प्राप्त गरी खेती कार्य गरेका।
- ५९ जना कृषकहरूले ५१.१२ मे. टन च्याउ उत्पादन गरी अनुमानित ४४.११ मे. टन च्याउ बिक्री वितरण गरेका।
- व्यावसायिक पशुपन्छी फर्मलाई निशुल्क जुकाको औषधी, मिनिरल, भिटामिन सहयोग र ६ वटा १ दिने निशुल्क पशु स्वास्थ्य शिविर सञ्चालन।

### ३.१.१.१४ बीउ प्रवर्द्धन तथा गुण नियन्त्रण कार्यक्रम (बजेट उप–शीर्षक नं. ३१२००१०३–३/४)

देशभर बीउको गुणस्तर नियन्त्रण र नियमन पद्धति कार्यान्वयन गरी सर्वसाधारण कृषकहरूलाई गुणस्तरयुक्त बीउ उपलब्ध गराई खाद्यान्न उत्पादनमा वृद्धि गर्ने, गुणस्तरीय बीउबिजन उत्पादन गरी कृषकको आयआर्जनमा वृद्धि गर्न सहयोग गर्ने, बीउबिजनको आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धन गर्ने उद्देश्य अनुरूप सञ्चालन गरिएको यस केन्द्रबाट आ.व. २०८०/८१ मा सञ्चालन भएको वार्षिक स्वीकृत कार्यक्रमको मूख्य उपलब्धि तपसिल बमोजिम रहेको छ।

**क. विभिन्न बालीका जातहरूको सूचीकरण**

- राष्ट्रिय बीउबिजन समितिको ६६औं बैठकबाट धान बालीका १ वटा, लसुनको २ वटा, प्याजको १ वटा, रायो सागको १ वटा, आलुको २ वटा, बदामको १ वटा, सुन्तलाको १ वटा र जौको १ वटा गरी जम्मा १० वटा जातहरू उन्मोचन र पञ्जिकरणका लागि अनुमोदन भएको।
- बीउबिजन (दोस्रो संशोधन) ऐन, २०७९ को दफा ११ को उपदफा ११.२ बमोजिम कृषि तथा पशुपन्छी विकास मन्त्रालयको (माननीय मन्त्रिस्तर) को मिति २०८०/०७/१६ गतेका निर्णय अनुसार मकै बालीका ८ वटा वर्णशङ्कर जातहरू पञ्जिकरण भई व्यावसायिक कारोबारको लागि खुला भएको।

**ख. बीउबिजन नियमावली (पहिलो संशोधन, २०८०), २०६९ को मस्यौदा नेपाल सरकारबाट स्वीकृतार्थ मन्त्रालयमा पेश गरिएको**

- प्रदेश मन्त्रालय तथा स्थानीय तहहरू, नेपाल बीउ व्यवसायी संघ, फ्लोरिकल्चर एशोसियशन नेपाल, नेपाल कृषि अनुसन्धान परिषद् अन्तर्गतका विभिन्न निकायहरूसँग प्रस्तावित बीउबिजन नियमावली (पहिलो संशोधन, २०८०), २०६९ मस्यौदाको सम्बन्धमा अन्तरक्रिया तथा छलफल कार्यक्रम सञ्चालन गरी विभिन्न क्षेत्रहरूबाट प्राप्त पृष्ठपोषणण तथा सुझावहरू समावेश गरी बीउबिजन नियमावली (पहिलो संशोधन, २०८०), २०६९ को मस्यौदा नेपाल सरकारबाट स्वीकृतार्थ मिति २०८०/०९/२९ गते मन्त्रालयमा पेश भएको।

**ग. DESIS (Digitally Enabled Seed Information System) विद्युतीय प्रणालीमार्फत हिउँदे बालीको बीउबिजन वासलात (Seeb Balance Sheet) तयार गरिएको**

- चालु आ.व. २०८०/८१ मा हिउँदे बालीको बीउ उत्पादनका लागि यस प्रणालीमार्फत स्रोत बीउको माग गर्ने बीउ उत्पादकलाई गहुँ, तोरी, मुसुरो र मकै बालीको क्रमशः ११४७.५, ७.९५, ४.५२ र ३७.८८ मे. टन गरी ११९७.८५ मे. टन स्रोत बीउ आपूर्तिको सुनिश्चितता वासलातबाट भएको।
- यस डिजिटल प्रणालीमा दर्ता भई धानको विभिन्न स्तरका ४५५.२ मे. टन बीउ माग गर्ने ५९ वटा निकायहरूलाई डिजिटल वासलातमार्फत प्रजनन्, मूल र प्रमाणित स्तरका बीउबिजन क्रमशः १०.२, २८१.४ र ८४.८ मे. टन गरी जम्मा ३७६.४ मे. टन आपूर्तिको सुनिश्चितता गरी धानबालीमा DESIS कार्यान्वयन गरिएको।

**घ. DESES (Digitally Enabled Seed Management System) प्रणालीको सञ्चालनमार्फत बीउबिजन उत्पादन, आपूर्ति तथा व्यवस्थापन निर्देशिका, २०७८ को कार्यान्वयन**

- बीउबिजन उत्पादन, आपूर्ति तथा व्यवस्थापन निर्देशिका, २०७८ को उद्देश्य नेपालमा विकास भएका विभिन्न बालीका जातहरूको बीउ उत्पादन चक्रलाई व्यवस्थित गरी गुणस्तरीय बीउबिजनमा कृषकको पहुँच अभिवृद्धि गर्नु रहेको छ। यसका लागि सङ्घीय सरकारले DESES (Digitally Enabled Seed Management System) विद्युतीय प्रणालीको विकास गरी संघ, प्रदेश र स्थानीय सरकारबाट सञ्चालन हुने व्यवस्था गरेको छ। यस विद्युतिय प्रणालीमार्फत स्रोत बीउ उत्पादक, उन्नत बीउ उत्पादक र उन्नत बीउ प्रयोगकर्तालाई क्रमशः सङ्घीय, प्रादेशीक तथा स्थानीय सरकारबाट प्रोत्साहन अनुदान उपलब्ध हुने गरेको छ। आ.व. २०७८/७९ देखि चालु आ.व. २०८०/८१ को यस अवधिसम्म यस प्रणालीमार्फत धान र गहुँबालीको उन्नत बीउको आपूर्ति क्रमशः ४७४५ मे. टन र २७००.५ गरी जम्मा ७४४५.५ मे. टन भएको छ। यस निर्देशिकाको कार्यान्वयनबाट नेपालमा विकास भएका बीउबिजनमा प्रदान हुने अनुदान प्रणालीलाई सहज, पारदर्शी र एकद्धार प्रणालीमार्फत व्यवस्थित गर्न ठूलो टेवा पुगेको छ।

**ङ.** DESIS 2.0 **सफ्टवेयरको विकास र सञ्चालन**

- नेपालमा बीउबिजनको आयात, बीउबिजन निरीक्षक र विश्लेषकको अनुमतिपत्रको नविकरण, बीउबिजनको दर्ता तथा बीउबिजनको प्रमाणिकरण प्रणालीलाई डिजिटाइज गर्ने उद्देश्यका साथ CIMMYT/NSAF को आर्थिक सहयोग र बीउबिजन गुणस्तर नियन्त्रण केन्द्रको प्राविधिक सहयोगमा DESIS 2.0 सफ्टवेयरको विकासका लागि आवश्यक कार्यहरू भइरहेको छ। यस सफ्टवेयरको सञ्चालन पश्चात नेपालमा बीउबिजनको सूचना प्रणाली पूर्णतया कागजरहित प्रणालीमा रूपान्तरण भएको हुनेछ। DESES 2.0 सफ्टवेयर अन्तर्गतको बीउबिजनको आयात, बीउबिजन निरीक्षक र विश्लेषकको अनुमतिपत्रको नविकरण, बीउबिजनको दर्ता तथा बीउबिजनको प्रमाणिकरणसँग सम्बन्धित कम्पोनेन्टहरू लागि तयार भएको Digital Workflow को सरोकारवालाहरूको उपस्थितिमा Validation Workshop को आयोजना गरी पृष्ठपोषण प्राप्त गरी उक्त प्रणालीमा थप सुधारहरू गरिएको।

**च. क्षमता अभिवृद्धि कार्यक्रमको सञ्चालन**

- बीउबिजन गुणस्तर नियन्त्रण केन्द्र तथा USAID-Agricultural Inputs को संयुक्त आयोजनामा Seed Inspector and Analyst लाई लक्षित गरी २ पटक Seed Inspector and Seed Analyst Training सञ्चालन गरी १०४ जना बीउबिजन निरीक्षक तथा बीउबिजन विश्लेषकको क्षमता अभिवृद्धिमार्फत बीउबिजन प्रमाणिकरण कार्यको लागि योग्य बनाइएको।
- मूल बीउ उत्पादन अनुमतिपत्र लिएका संस्थामा कार्यरत २९ जना प्राविधिक कर्मचारीहरूलाई बीउबिजन प्रमाणिकरणसँग सम्बन्धी क्षमता अभिवृद्धि तालिम सञ्चालन गरी गुणस्तरीय बीउबिजनको उत्पादन तथा आपूर्ति व्यवस्थालाई सुदृढ गरिएको।
- Training on Seed quality control and certification for seed producers following TL System १ पटक सञ्चालन गरी यथार्थ सङ्केतपत्र पद्धतिमार्फत बीउबिजनको उत्पादन गर्ने संस्थाका ४० जना

प्राविधिकहरूलाई बीउबिजनको उत्पादन, खेत निरीक्षण, नमुना सङ्कलन तथा प्रमाणिकरण सम्बन्धमा क्षमता अभिवृद्धि गरिएको।

- ☞ यस केन्द्रको वार्षिक स्वीकृत कार्यक्रम एवम् कृषि व्यवसाय प्रवर्द्धन तथा तालिम केन्द्र, कृषि ज्ञान केन्द्रहरू तथा कृषि विकास कार्यालय, प्रदेश बीउबिजन प्रयोगशाला, गण्डकी, लुम्बिनी र हेटौडा, PMAMP/PIU, IDE/ Nepal र नेपाल पुष्प व्यवसायी संघको आयोजना र यस केन्द्रको प्राविधिक सहयोगमा बीउबिजन नियमावली प्रतिवेदन अवधिसम्म बीउबिजन उत्पादन तथा व्यवस्थापन तालिम ३३ पटक सञ्चालन गरी १२३८ जना उद्यमीहरूलाई बीउबिजन बिक्रेता अनुमतिपत्र लिनका लागि योग्य बनाइएको।
- ☞ सातै प्रदेशको बीउबिजन प्रयोगशालाले यस केन्द्रको प्राविधिक सहयोगमा सञ्चालन गरेको DESIS/ DESES सम्बन्धी क्षमता अभिवृद्धि तालिममार्फत कृषि ज्ञान केन्द्र र स्थानीय निकायमा कार्यरत १८१ जना प्राविधिक कर्मचारीहरूको क्षमता अभिवृद्धि गरिएको।

**छ. बीउबिजन प्रमाणिकरणसँग सम्बन्धी कार्य**

- ☞ राष्ट्रिय बाली विज्ञान अनुसन्धान केन्द्र, खुमलटार, ललितपुरको गहुँ, मुसुरो, धान र भटमास बालीको मूलबीउ प्रमाणिकरणका लागि क्रमशः ६,३,६ र १ वटा गरी जम्मा १६ वटा बीउबिजन नमुना सङ्कलन गरी सम्पूर्ण विश्लेषणको निमित्त केन्द्रीय कृषि प्रयोगशामा पठाइएको। यस कार्यबाट गहुँबालीको ५ वटा जातको ८.४७५ मे.टन, मुसुरो बालीको ३ वटा जातको ०.१८० मे.टन, धान बालीको ६ वटा जातको २२.५५ मे. टन र भटमास बालीको १ वटा जातको ०.४५५ मे. टन गरी जम्मा ३१.६६ मे. टन मूल बीउको प्रमाणिकरण कार्यलाई अघि बढाइएको।

**ज. अन्य कार्यक्रम**

- ☞ तरकारी बालीको ५६१ मे.टन, खाद्यान्न बालीको ५९८८ मे.टन, र घाँसे बाली १८३ मे. टन गरी जम्मा ६७३३ मे. टन (रू. ३ करोड १९ लाख) बीउबिजन आयातका लागि अनुमतिपत्र जारी गरिएको।

### ३.१.१.१५ प्लाण्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन कार्यक्रम (बजेट उप-शीर्षक नं. ३१२००१०४-३/४

प्लाण्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्र अन्तर्गत आ.व. २०८०/८१ को कूल वार्षिक बजेट १६ करोड ६० लाख रहेकोमा सञ्चालित कार्यक्रमहरूको समग्र वित्तीय प्रगति ८०.७० र भारित प्रगति ६८.३२ रहेको थियो। यस केन्द्रबाट सञ्चालित विभिन्न कार्यक्रमहरूबाट आ.व. २०८०/८१ को वार्षिक उपलब्धिहरूको विवरण तपसिल बमोजिम रहेको छ।

- आयात इजाजत पत्र वितरण (EP) ७८,७४४ र बिरूवा स्वस्थताको प्रमाणपत्र वितरण (PC) २२,०९० वितरण भई आयात निर्यात सहजीकरणमा सहयोग तथा ४ करोड ३७ लाख ९० हजार राजश्व सङ्कलन भएको।
- विभिन्न ८ ठाउँमा पोष्ट ईन्ट्री क्वारेन्टाइन निरीक्षण भएको जसले गर्दा बिरूवा र बिरूवाजन्य पदार्थ आयात पश्चात भित्रिन सक्ने रोग तथा कीराहरूको बारे नियमन भएको।
- बिरूवा स्वस्थता नियमन तथा आयात निर्यात सहजीकरण कार्य कागजरहित प्रक्रियाबाट नेपाल राष्ट्रिय एकद्वार प्रणालीबाट सञ्चालन भइरहेको।

- बिरूवा स्वस्थता नियमनका मापदण्ड अनुरूप अनुसन्धान तथा शैक्षिक पाठ्यक्रमको लागि प्राथमिकता निर्धारण गरिएको (NARC /DPR तथा विश्विविद्यालयसँग परामर्श तथा अन्तर्क्रियासमेत गरिएको)
- Risk based inspection को लागि वायोसेक्युरीटी रिस्क टार्गेटिङ प्रोफाइल तथा इन्स्पेक्सन डिजाइन स्किमको तयारी भइरहेको।
- हेलेज तथा जडीबुटी र तरकारीको बीउ निर्यातको लागि आवश्यक सर्भे गर्नुपर्ने शत्रुजीवहरू पहिचान गरिएको।
- स्क्वासको बीउ भारत निर्यातका लागि Market Access Submission Document पठाइएको। स्कुस तथा स्याउ निर्यातको लागि टेक्निकल नेगोसिएसन (two way PRA) अन्तिम चरणमा पुर्याइएको।
- नयाँ क्वारेन्टाइन शत्रुजीवहरूको नोटिफीकेसनको ड्राफ्ट अन्तिम चरणमा पुर्याइएको।
- अवैध रूपमा भित्रीएको ५ लाख २० हजार केराको बेर्ना नष्ट गरी सम्बन्धित (नवलपरासी, कन्चनपुर रौतहटमा) लाई कारवाही गरिएको।
- बिरूवा संरक्षण सङ्गठनको कार्यसञ्चालन प्रक्रियाका लागि कार्यविधिको अन्तिम मस्यौदा तयार गरी मन्त्रालयमा पेश गरिने चरणमा पुर्याइएको।
- पोष्ट इन्ट्री क्वारेन्टाइन निर्देशिका एवम् शत्रुजीव जोखिम विश्लेषण निर्देशिकाको मस्यौदा मन्त्रालयमा पेश गरिएको।
- चीन निर्यात हुने जडीबुटीहरूको प्रोटोकल बमोजिम कार्य गर्न कार्ययोजना तयार पारी मन्त्रालयमा पेश भएको र ति जडीबुटीहरूको आयातलाई नियमन गर्न PRA work flow को पाइलटिङ सुरू गरिएको।
- HS code को पहुँच प्राप्त गरी कानुन बमोजिम क्वारेन्टाइन नियमनका लागि विगतदेखि भोगिरहेको समस्यालाई समाधान गर्न समाधानको मस्यौदा प्रस्ताव पेश गरिएको।
- NITDB को आगामी ICP निर्माण सम्बन्धी कार्यसम्पादनको लागि क्वारेन्टाइन संरचनामा आवश्यक हुने न्यूनतम सुविधाहरूसहित डिजाइन गर्ने विषय संस्थागत हुने गरी समन्वय गरिएको।
- APPPC को सहकार्यमा Management and Application of Bio-pesticides सम्बन्धी अन्तर्राष्ट्रिय गोष्ठी मिति March 18-22,2024 मा सम्पन्न भएको।
- बाली उपचार शिविर सञ्चालन कार्यविधि २०८१ स्वीकृत भएको।
- भेँडेखुर्सानीको invasive Thrips कीरा *T. parvispinus* र अकबरे खुर्सानीको फल कुहाउने झिँगा *Bactrocera latiforns* को पहिचान गरिएको।
- २०८१/०३/१९ देखिमिति २०८१/०३/२१ गतेसम्म SPS Laboratory, हरिहरभवन, ललितपुरमा प्रादेशिक प्रयोगशाला, केन्द्रीय प्रयोगशाला तथा केही क्वारेन्टाइन कार्यालयका प्राविधिकहरूलाई "Survey and Surveillance सम्बन्धी तालिम सम्पन्न भएको।
- कफी र गोलभेँडा बालीको रोगकीराको सर्भे सर्भेक्षण कार्य सम्पन्न गरिएको।

- विषादी व्यवस्थापनका लागि ५ मापदण्डहरू (जीवनाशक विषादी व्यवस्थापन ऐन र नियमावली कार्यान्वयनका लागि विषादी पञ्जीकरण/पुनःपञ्जीकरण/नविकरण सम्बन्धी मापदण्ड, जीवनाशक विषादी भण्डारण सम्बन्धी मापदण्ड, जीवनाशक विषादी विसर्जन सम्बन्धी मापदण्ड, जीवनाशक विषादी सूचक पत्र सम्बन्धी मापदण्ड र जीवनाशक विषादी व्यवस्थापन ऐन र नियमावली कार्यान्वयनका लागि जीवनाशक विषादी फिर्ता लैजाने सम्बन्धी मापदण्ड) को मस्यौदा तयारी गरिएको।
- जफत गरिएको म्याद नाघेका जीवनाशक विषादी राख्न भण्डारण गृह निर्माणका लागि सम्भाव्यता अध्ययन सम्बन्धी कार्यक्रम गरिएको।
- चितवन र काभ्रेमा प्लाण्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्र, प्रदेशको कृषि ज्ञान केन्द्र, स्थानीय पत्रकार, सुरक्षाकर्मी लगायतको संयुक्त अनुगमन निरीक्षण ५ जीवनाशक विषादी खुद्रा बिक्रेता पसल सिल, ६ को इजाजतपत्र र प्रमाणपत्र जफत र बाँकी १९ लाई तुरून्त पसल व्यवस्थापन गर्न निर्देशन दिइएको।
- एक स्वास्थ्य रणनीति अन्तर्गत काठमाडौं, नुवाकोट, धनगढी क्षेत्रमा जीवनाशक विषादीले वातावरण र मानव स्वास्थ्यमा पार्ने असरबारेमा अन्तरक्रिया
- नेपाल सरकार मन्त्रिपरिषद्बाट मिति २०८१/०२/२४ गते जीवनाशक विषादी व्यवस्थापन नियमावली २०८१ स्वीकृत भई मिति २०८१/०३/२४ गते नेपाल राजपत्रमा प्रकाशित भई कार्यान्वयनमा आएको।
- १२१५ विषादी खुद्रा बिक्रेता इजाजत पत्र नविकरण, ५१७ इजाजतपत्र नयाँ जारी भएको, २२२२ विषादी पञ्जीकरण तथा नविकरण भएको, ४ वटा विषादी छर्कने व्यवसायी, १ वटा विषादी संश्लेषण इजाजतपत्र नविकरण तथा २८ वटा विषादीको सुरक्षित प्रयोग तथा व्यवस्थापन तालिम सञ्चालन एवम् ९३६ वटा विषादीको सुरक्षित प्रयोग तथा व्यवस्थापन प्रमाणपत्र जारी भएको जसले गर्दा विषादी नियमन तथा व्यवस्थापनमा सहयोग पुगेको।

### ३.१.१.१६ कृषि सूचना तथा प्रशिक्षण कार्यक्रम (बजेट उप–शीर्षक नं. ३१२००१०५-३/४)

कृषि सूचना तथा प्रशिक्षण केन्द्रको आ.व. २०८०/८१ को वार्षिक स्वीकृत बजेट रू. ९ करोड ५५ लाख मध्ये रू. ७ करोड ५ लाख ६ हजार रकम खर्च भई वित्तीय प्रगति ७३.८३% र भारित प्रगति ९१ प्रतिशत रहेको थियो। यस केन्द्रबाट सञ्चालित विभिन्न कार्यक्रमहरूबाट आ.व. २०८०/८१ को वार्षिक उपलब्धिहरूको विवरण तपसिल बमोजिम रहेको छ।

- यस कृषि सूचना तथा प्रशिक्षण केन्द्रको उत्पादनमा रेडियो नेपाल र नेपाल टेलिभिजनबाट प्रत्येक साँझ ६:४०-६:५५ सम्म समय सापेक्ष कृषि प्रविधियुक्त जानकारीहरू समावेश गरिएको कृषि कार्यक्रमबाट किसानहरू लाभान्वित भएका छन्।
- कृषि तालिम अन्तर्गत राजपत्रांकित तृतीय आधारभूत सेवाकालीन तालिम (२३ जना सहभागी), राजपत्राङ्कित द्वितीय आधारभूत सेवाकालीन तालिम (१९ जना सहभागी), Procurement Management तालिम स्थानीयस्तरका प्राविधिकहरूका लागि (४४ जना सहभागी) अधिकृतस्तर सेवा

प्रवेश तालिम-२ महिना (२५ जना सहभागी), अधिकृतस्तर Procurement Management तालिम (२३ जना सहभागी), अधिकृतस्तर Kiwi Training Pruning तालिम र अधिकृतस्तर प्रशिक्षक प्रशिक्षण तालिम (TOT) सम्पन्न भयो। त्यसैगरी पशुपन्छी तालिम अन्तर्गत अधिकृतस्तर प्रयोगशाला प्रविधि तालिम (१३ जना सहभागी), Livestock Data Analysis तालिम (२१ जना सहभागी), सहायकस्तर कृत्रिम गर्भाधान तालिम (१२ जना सहभागी), अधिकृतस्तर Veterinary Epidemiology तालिम २ हप्ते (१९ जना सहभागी) र पशुपन्छी तथा मत्स्य अनुवांशिक स्रोत केन्द्रहरूमा अभिलेख व्यवस्थापन तथा विश्लेषण तालिम-१ हप्ते (२४ जना सहभागी) मार्फत क्षमता अभिवृद्धि भएको छ।

- कृषि तथा पशुपन्छी विकास मन्त्रालय र अन्तर्गतका निकायहरूबाट तथ्याङ्क एवम् विवरण सङ्कलन गरी १२,००० सङ्ख्यामा कृषि डायरी प्रकाशन गरी वितरण गरियो। कृषि पशुपन्छी र मत्स्य क्षेत्रका विज्ञहरूबाट अध्ययन अनुसन्धान रिपोर्ट एवम् लेख सङ्कलन गरी कृषि त्रैमासिक पत्रिका (५००० थान), प्राविधिक पुस्तिका (१२००० थान) साथै Journal Of Agriculture Development (२०० थान) तयार गरी प्रकाशन तथा वितरण भएको छ।
- किसान कल सेन्टरमार्फत प्रत्येक हप्ताको आइतबारदेखि शुक्रबारसम्म बिहान ११ बजेदेखि दिउँसो ४ बजे सम्म आ.व. २०८०/८१ मा १४६९ जना कृषकहरूले विभिन्न विषयमा राखेका जिज्ञासा एवम् कृषिमा भोगिरहेका समस्याहरूको सम्बोधन भएको छ।
- NTC सँगको सहकार्यमा कृषिसँग सम्बन्धी विभिन्न उपयोगी जानकारीहरू (कृषि प्रविधि तथा मौसम सम्बन्धी जानकारी) Mobile SMS मार्फत २४००० कृषकहरूलाई १९ लाख पटक SMS मार्फत सूचना प्रवाह भएको छ।
- आ.व. २०८०/८१ को अन्त्यसम्म १९ लाख १९ हजार ५ सय किसानहरूको किसान सूचीकरण कार्य सम्पन्न भएको छ।
- प्रदेशस्तरमा किसान सूचीकरण सम्बन्धी समन्वय गोष्ठी र स्थानीयस्तरमा किसान सूचीकरण सम्बन्धी तालिम सञ्चालन (सङ्ख्या ७) भएको छ।

### ३.१.१.१७ राष्ट्रिय किसान आयोग (बजेट उप-शीर्षक नं ३१२२१०११-३/४)

राष्ट्रिय किसान आयोगको बजेट उप-शीर्षक नं. ३१२२१०११ अन्तर्गत आर्थिक वर्ष २०८०/८१ का लागि नेपाल सरकारको स्रोतबाट पूँजीगततर्फ १० लाख र चालुतर्फ ४ करोड २५ लाख २३ हजार गरी वार्षिक जम्मा रू. ४ करोड ३५ लाख २३ हजार बजेट विनियोजन रहेको र वार्षिक रूपमा जम्मा ३ करोड ८ लाख १३ हजार रकम खर्च भई वित्तीय प्रगति जम्मा ७०.८१ प्रतिशत हुन गएको साथै एकमुष्ट भारित प्रगति जम्मा ८५.३४ प्रतिशत हासिल भएको। आर्थिक वर्ष २०८०/८१ मा सञ्चालन भएका मुख्य कार्यक्रम र उपलब्धिहरू देहाय अनुसार रहेका छन्।

- किसान सूचीकरण कार्यक्रमको कार्यान्वयनका सम्बन्धमा आयोगको सभाहलमा केन्द्रीयस्तरको र लुम्बिनी प्रदेश र सुदुरपश्चिम प्रदेशमा प्रदेशस्तरको छलफल तथा अन्तरक्रियामा स्थानीय तहलाई किसान सूचीकरणको औचित्य र महत्वबारे जानकारी गराइएको र आगामी दिनमा स्थानीय तहबाट किसान सूचीकरण कार्यक्रमलाई विशेष महत्त्व दिई यथाशीघ्र सूचीकरण कार्य सम्पन्न

गर्ने प्रतिवद्धता व्यक्त भएको थियो। किसान सूचीकरण कार्यक्रमलाई प्राथमिकताका साथ सम्पन्न गर्नका लागि आयोगबाट समेत नेतृत्वदायी भूमिका निर्वाह गरिने गरी कार्यक्रम तर्जुमा गरिएको।

- कर्णाली प्रदेशको सुर्खेत र कोशी प्रदेशको सुनसरीमा किसानका हक, हित र अधिकार सुनिश्चितताका सम्बन्धमा सञ्चालन गरिएको बहस कार्यक्रममा उपस्थित नेपालका प्रमुख राजनीतिक दलका जनप्रतिनिधि तथा सेवा प्रदायक निकायका प्रमुखले सार्वजनिक निकायबाट नीति कार्यक्रमहरू तर्जुमा गर्दा प्रत्यक्ष रूपमा किसानमा प्रवाह हुने गरी थप प्रभावकारी ढङ्गले सञ्चालन गर्ने र आर्थिक वर्ष २०८१/८२ को कार्यक्रम तर्जुमा गर्दा कृषि क्षेत्रलाई विशेष प्राथमिकता दिई किसानका हक, हित र अधिकार संरक्षण एवम् प्रवर्द्धन हुने गरी कार्यक्रम तर्जुमा गरिने प्रतिवद्धता व्यक्त भएको थियो।
- कृषि क्षेत्रको समसामयिक विषय तथा किसानहरूले भोग्नु परेका समस्याका सन्दर्भमा दूध उत्पादक किसानले बिक्री गरेको दूधको भुक्तानी नपाएको विषयमा, कृषि कर्जामा किसानको कम पहुँच, मौरीपालक र बङ्गुरपालक किसानका समस्याका विषयमा सरोकारवाला निकाय सम्मिलित अन्तरक्रियात्मक छलफल कार्यक्रमबाट प्राप्त महत्त्वपूर्ण सुझावहरू कार्यान्वयनका लागि आयोगको सिफारिससहित सम्बन्धी मन्त्रालय र निकायमा पठाइएको। दूध उत्पादक किसानहरूको बक्यौता रकम भुक्तानीका लागि नेपाल सरकारबाट आंशिक रकमसमेत निकासा भएको तथा मौरीजन्य पदार्थको व्यापारमा सहजताका लागि नेपाल सरकारबाट केही समयका लागि आयातमा प्रतिवन्धसमेत लगाइएको थियो।
- नेपालमा विद्यमान कृषि उपज बजारमा किसानहरूको पहुँच वृद्धिका लागि संघ, स्थानीय तह र सहकारीबाट सञ्चालित बजार, कालिमाटी फलफूल तथा तरकारी बजार र निजी बजारहरूमा सरोकारवाला निकायसँग स्थलगत अवलोकन तथा अन्तरक्रिया गरी प्राप्त सुझावहरूलाई आयोगमा कृषि बजारसँग सम्बन्धित सरोकारवाला तथा बजार विज्ञहरूसँग छलफल तथा परामर्श कार्यक्रम सञ्चालन गरी कृषि बजारमा किसानको पहुँच वृद्धिको समस्या पहिचान र समाधानका उपायहरू सहितको सिफारिस प्रतिवेदन तयार गरिएको।
- कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट तयार गरिएको राष्ट्रिय कृषि नीति, २०८० को मस्यौदामा किसानका हक, हित र अधिकार संरक्षण एवम् प्रवर्द्धन सम्बन्धमा आवश्यक सुझाव समावेशका लागि कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा पठाइएको।
- नेपाल सरकारको आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रममा आयोगको तर्फबाट कृषि विकासको क्षेत्रमा अपनाउनु पर्ने नीति र कार्यान्वयन गर्नुपर्ने कार्यक्रमका सम्बन्धमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र कृषि तथा पशुपन्छी विकास मन्त्रालयलाई लिखित सुझाव प्रदान गरिएको र आ.व. २०८१/८२ को नीति तथा कार्यक्रममा केही कार्यक्रमहरू समावेश पनि भएको।
- कृषि तथा पशुपन्छी विकास मन्त्रालय अन्तर्गत सञ्चालित विभिन्न कृषिसँग सम्बन्धी आयोजना/ परियोजनाहरूको अनुगमन गरी आयोजनाहरूले अपेक्षित उपलब्धि हासिल गर्न नसक्नुको मुख्य

कारण पहिचानका लागि छुट्टै विशेष सघन अध्ययन तथा आवधिक समिक्षाको आवश्यकता औल्याइएको।

- किसान संघ/सङ्गठन/महासंघ/सञ्जालहरूसँग कृषिसँग सम्बन्धित विभिन्न मुद्दाहरूमा छलफल तथा अन्तरक्रिया गरी आएको सुझावहरू कार्यान्वयनका लागि आयोगको सिफारिससहित सम्बन्धित निकायमा पठाइएको।
- किसान संघ/सङ्गठन/महासंघ/सञ्जालहरूसँग किसानका हक, हित र अधिकारका सन्दर्भमा किसान संघ/सङ्गठनका नेता/कार्यकर्ता र उत्पादक किसानहरूलाई किसानहरूका अधिकारका विषयमा प्रशिक्षण र सशक्तिकरण गरिएको।
- नेपाल सरकारबाट आर्थिक वर्ष २०८०/८१ का लागि निर्धारण गरिएको धानको न्यूनतम समर्थन मूल्यको कार्यान्वयन अवस्थाको अनुगमन गर्दा अधिकाँश किसानले कम्तिमा तोकिएको न्यूनतम समर्थन मूल्य बराबरको मूल्य पाएको पाइयो। खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडको भण्डारण क्षमता बढाउनु पर्ने पाइएको थियो।
- कृषि विकासको क्षेत्रमा प्राप्त विभिन्न गुनासाहरूलाई सम्बन्धित विभिन्न निकायहरूमा पठाएर समाधानको प्रयास एवम् पहलकदमी गरिएको।
- विभिन्न समसामयिक मागसहित कालिमाटी फलफूल तथा तरकारी बजार विकास समितिमा आन्दोलनरत संघ/सङ्गठनको जायज माग सम्बोधन तथा दुई पक्षबीच वार्ताको वातावरण निर्माणमा आयोगले नेतृत्वदायी भूमिका निर्वाह गरेको र आयोगको बोर्ड बैठकबाट आयोगको सिफारिससहित देहायका सुझाव कार्यान्वयनका लागि कालिमाटी फलफूल तथा तरकारी बजार विकास समितिमा पठाइएको।

**सुझावहरूः**

- कालिमाटी थोक बजारमा अवस्थित स्टल वितरण गर्दा वैज्ञानिक र पारदर्शी ढङ्गले वितरण गर्ने व्यवस्था मिलाई नयाँ कृषक र व्यवसायीहरूलाई प्रवेश हुने वातावरण मिलाउन आवश्यक पहल गरिनु पर्ने,
- कालिमाटी फलफूल तथा तरकारी बजार विकास समितिको मातहतमा रहेका स्टलहरूको भाडा सम्झौताको म्याद सकिँदै रहेको अवस्थामा हाललाई पुराना व्यवसायीहरूको स्टललाई तीन महिनाको नवीकरण गरी यथाशक्य विद्यमान बजार विकास समितिको गठन आदेश, नियमावली, कार्यविधि समय सापेक्षरूपमा संशोधन गरी खुला प्रतिस्पर्धाबाट स्टलहरू भाडामा लगाउने व्यवस्था मिलाउने,
- बजार विकास समितिले उत्पादक किसानलाई संरक्षण गर्नुका साथै तरकारीको बजार मूल्यलाई नियमन गर्न उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय अन्तर्गतको वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागसँग नियमित समन्वय गर्ने।

- नेपाल सरकारबाट प्रत्येक वर्ष तोकिने उखुको खरिद मूल्य अनुसार समयमै उखु उत्पादक किसानले भुक्तानी नपाउने र नेपाल सरकारबाट उपलब्ध हुने प्रोत्साहन भत्तासमेत समयमा निकासा नहुँदा

किसानहरू मर्कामा परेको विषयलाई आयोगको तर्फबाट नेपाल सरकारबाट उपलब्ध गराइने भत्ता यथासक्य समयमै निकासाका लागि अर्थ मन्त्रालयमा पहलकदमी लिइएको।

- विभिन्न जिल्लाहरूमा गाई, भैंसीमा फैलिएको लम्पी स्किन महामारी रोगको नियन्त्रण कार्यलाई थप प्रभावकारी बनाउन प्रत्येक स्थानीय तहमा विज्ञहरू खटाई महामारी नियन्त्रण गर्न साथै हालसम्म मरेका पशु चौपायाको किसानलाई राहत प्रदान हुन, निरोगी पशुहरूमा खोप लगाउने व्यवस्था हुन एवम् बीमा गरिएका पशुहरूको बीमा दाबी भुक्तानी यथाशीघ्र हुने व्यवस्थाका लागि अर्थ मन्त्रालय र कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा पत्राचारसहित पहल गरिएको।

### ३.१.१.१८ राष्ट्रिय आलु तरकारी तथा मसलाबाली विकास कार्यक्रम (बजेट उप-शीर्षक नं. ३१२०११०१-३/४)

आ.व. २०८०/८१ मा सम्पन्न राष्ट्रिय आलु, तरकारी तथा मसलाबाली विकास केन्द्र लगायत मातहतका फार्म केन्द्रबाट सम्पादित मुख्य मुख्य क्रियाकलापहरू तपसिल बमोजिम रहेको छ।

**राष्ट्रिय आलु, तरकारी तथा मसला विकास कार्यक्रम, कीर्तिपुर**

पी.बी.एस. बीउआलु उत्पादन तथा प्रमाणिकरणसँग सम्बन्धित सरोकारवालाहरूको केन्द्रस्तर अन्तरक्रिया कार्यक्रम, तन्तु प्रजनन् प्रविधि सम्बन्धी प्राविधिक/अधिकृतस्तरीय तालिम, उच्च प्रविधी प्रयोग गरी संरक्षित संरचनामा तरकारी उत्पादन सम्बन्धी हुने प्राविधिकहरूको लागि अधिकृतस्तर तालिम, तरकारी बीउ उत्पादन तथा प्रमाणिकरणसँग सम्बन्धित सरोकारवालाहरूको केन्द्रस्तर अन्तरक्रिया कार्यक्रम, संरक्षित संरचनामा तरकारी खेती प्रविधि, मोरिङ्गा खेती प्रविधि, हाईड्रोपोनिक्स खेती प्रविधि लगायतका प्राविधिक पुस्तिका प्रकाशन तथा वितरण, आलु, तरकारी तथा मसलाबाली बीउ उत्पादन क्षेत्र पहिचान गरी inventory तयार भएको, मुख्य मुख्य तरकारीको प्रजनन् मूल तथा उन्नत बीउको उत्पादन तथा आवश्यकता अध्ययन, तरकारी बालीहरूको उपभोग, आयात तथा निर्यात स्थिति सम्बन्धी अध्ययन तथा सामग्री प्रकाशन भएको, निर्यात जन्य बाली अलैंचीको बगान डढ्ने र ह्रास हुने समस्याको समाधानको लागि विज्ञसँग स्थलगत अध्ययन तथा समस्या समाधान तथा बीउबिजन प्रमाणिकरणका लागि बीउबिजन गुणस्तर नियन्त्रण केन्द्र, राष्ट्रिय आलु तरकारी तथा मसलाबाली विकास केन्द्र र राष्ट्रिय कृषि अनुसन्धान परिषद्को फार्म केन्द्रमा संयुक्त अनुगमन गरिएको।

**आलुबाली विकास केन्द्र, निगाले**

आलुको पि.बि.एस. ५६ हजार ८२० दाना, बेसिक आलु बीउ २२.९७ मे. टन र टि.पि.एस. ३२ के.जी. उत्पादन भएको, केन्द्रको टिस्यु कल्चर प्रयोगशालामा तयार भएका करिब ६,५०० विभिन्न जातका Invitro जारहरू बिक्री तथा केन्द्रमा पि.बि.एस. उत्पादन गर्न प्रयोग भएको। यस फार्ममा चाईनिज जातहरू Long potato 7, Long potato 10, Long potato 14, LK99, Yun potato 105, Yun potato 603, Ziyun 1, Mira, Qing potato 9, Emma 1, Emma 2 तथा अन्य जातहरू निगाले सेलेक्शन, आरू आलु, ल्याण्ठे, रोजिटा, शैलुङ्ग १, शैलुङ्ग २, छोइताङ्गे स्थानीय, हेलम्बु स्थानीय, शैलुङ्ग सेतो, ब्रिटिस, कोट स्थानीय, जिरी सेतो, शैलुङ्ग निलो, किर्ने रातो, डाँडापाखर सेतो, एन. पी. आई. १०६, निलप्रसाद सेतो, गाँजल, मिरा, जिरी चक्रे, तुने लोकल, मुस्ताङ् लोकल सेतो, थोतेकाली खिम्ती, धुन्चेडाँडा स्थानीय, पेरीकोली, खुमल रातो, निलप्रसाद रातो, मेलुङ सेतो, लाप्चाने रातो, निगाले सेतो, विगु लोकल, कार्डिनल जातका जर्मप्लाजम संरक्षण गरिएको।

**अलैँची बाली विकास केन्द्र, ईलाम**

तन्तु प्रजनन् प्रयोगशाला सञ्चालनमा रहेको, रामसाई, गोलसाई, भर्लाङ, जिर्मले जातका १,२८,००० बेर्ना उत्पादन तथा बिक्री वितरण भएको, DAS ELIZA माध्यमद्वारा भाइरस परीक्षणको लागि कीट खरिद, microarray reader खरिद, लेमिनार एयर फ्लो (LAF) खरिद गरी प्रयोगशालाको स्तरोन्नतीको कार्यहरू भएको, अलैंची खेती सम्बन्धी कृषकस्तरीय तालिम सञ्चालन गरिएको, अलैंचीका रामशाई, गोलशाई, भर्लाङ, जिर्मले, डम्बरशाई, साउने जातहरू तथा अन्य मसलाबाली: अदुवा, अकबरे खुर्सानीको जर्मप्लाज्म फार्ममा संरक्षण गरिएको।

**तरकारी बाली विकास केन्द्र, खुमलटार**

विभिन्न तरकारी बालीहरूका ३४ लाख २३ हजार ४९० बेर्ना उत्पादन गरी बिक्री वितरण गरिएको,१२ के.जी. सिर्जना जातको गोलभैंडाको वर्णशङ्कर बीउ उत्पादन गरी ८.३७ के.जी. बिक्री गरिएको (बिक्रीमा अघिल्लो आ.व. को समेत गरी),१३३०० जना सेवाग्राहीहरूलाई प्रत्यक्ष रूपमा बीउ बेर्ना तथा प्राविधिक सेवाटेवा लगायतका सेवाहरू उपलब्ध गराइएको तथा ५० जना कृषकहरू तालिममार्फत लाभान्वित भएको।

**तरकारी बीउ उत्पादन केन्द्र, रूकुम**

काउली (काठमाडौं लोकल), मुला (मिनो अर्ली), रायो (खुमल चौडा पात), केराउ (सिक्कीमे), केराउ (आर्केल), प्याज (रेडक्रियोल), सिमी (चौमासे) लगायत तरकारी बालीहरूको कूल १६६४.०५ के.जी. मूल बीउ उत्पादन भएको। सिमी (त्रिशुली), भिण्डी, बोडी (मालेपाटन), धनिया (स्थानीय), चम्सुर (स्थानीय), स्वीसचार्ड (फोर्डहुक जायन्ट), सीमी (कन्टेण्डर), गोलभैंडा (मनप्रेकस) लगायत तरकारी बालीहरूको कूल ४३३ के.जी. उन्नत बीउ उत्पादन भएको, १७०० के.जी. गाँनो प्याज उत्पादन तथा भण्डारण गरिएको, गोलभैंडाको वर्णशङ्कर जात सृजनाको २.०२ के.जी. बीउ उत्पादन भएको छ।

### ३.१.१.१९ राष्ट्रिय फलफूल विकास कार्यक्रम (बजेट उप-शीर्षक नं. ३१२०११०२-३/४)

राष्ट्रिय फलफूल विकास कार्यक्रम अन्तर्गतका सञ्चालित मुख्य क्रियाकलापहरू तथा मुख्य उपलब्धि तपसिल बमोजिम रहेको छ।

**राष्ट्रिय फलफूल विकास केन्द्र**

विश्वविद्यालयका विद्यार्थीहरू परिचालन गरी मधेश प्रदेशको फलफूल सम्बन्धी तथ्याङ्क अद्यावधिक गरिएको, फार्म केन्द्रहरूमा Field Gene Bank स्थापनाका गरिएको, सुन्तला फलको Geographical indications सम्बन्धी अध्ययन सम्पन्न भएको र बैशाख १२-१३ गते सञ्चालन भएको सुन्तला सम्बन्धी बागवानी सम्मेलनमा सोको प्रतिवेदन प्रस्तुत गरिएको, सबै फार्म केन्द्रहरूमा रहेका फलफूलका जातहरू दर्ताका लागि १३ वटा मुख्य फलफूलहरूको variety characterization का लागि Descriptors datasheet तयार गरी प्रकाशन गरिएको, उष्ण प्रदेशीय बागवानी केन्द्र, सर्लाहीको Master plan निर्माणको अध्ययन सम्पन्न भई प्रतिवेदन तयार भएको, नर्सरीधनीहरूलाई ओखर कलमी सम्बन्धी तालिम सञ्चालन भएको र विदेशी विज्ञमार्फत Citrus greening सम्बन्धी तालिम सञ्चालनका लागि USAID को F-F कार्यक्रम अन्तर्गत MoU हस्ताक्षर हुने चरणमा रहेको। फलफूल नर्सरी निरीक्षक सम्बन्धी तालिम सम्पन्न भएको।

**उष्ण प्रदेशीय वागवानी केन्द्र, नवलपुर**

आँप, लिची, कटहर, अम्बा, अनार, केरा आदिको जम्मा १ लाख ५० हजार ६०० कलमी बिरूवा उत्पादन भएको र फलफूल रूटस्टक २ लाख उत्पादन भएको। हालसम्म तरकारीका बेर्ना ३ लाख ०८ हजार ५५६ तथा आलङ्कारिक बिरूवा २० हजार ५ सय र तरकारी स्रोत बीउ १२४.८ के.जी. उत्पादन भएको। साथै हालसम्म ३२ हजार ८८२ वर्षे फलफूल बिरूवा तथा ३ लाख ६१८ तरकारी बेर्ना बिक्री वितरण भएको। फलफूल बगैंचामा सिँचाइ प्रणाली विस्तार भएको, ५५ हे. मा फलफूल बगैंचा स्याहार सम्भार, १०० हेक्टर क्षेत्रफलमा आँपमा टेण्ट क्याटरपिलर तथा मधुवा कीरा व्यवस्थापन गरिएको।

**समशीतोष्ण वागवानी केन्द्र, कीर्तिपुर**

यस आ.व. मा जम्मा २१ हजार ८१४ वटा फलफूलका बिरूवा वितरण गरिएको। गड्यौला २.९५ कि.ग्रा. तथा गड्यौला मल १८३२ के.जी. उत्पादन गरी बिक्री वितरण भएको। सुन्तलाजात फलफूल र पतझड फलफूलका जर्मप्लाज्म संरक्षण तथा सम्वर्द्धन गरी आइएको। विभिन्न सरोकारवालाहरूको सहभागितामा ६२औं फार्म स्थापना दिवस मनाइएको। केन्द्रको सूचना प्रसारण गर्ने डिजिटल डिस्प्ले वोर्डबाट प्राविधिक सुझाव प्रसारण भएको। फलफूल बगैंचामा निकास नाला निर्माण भएको। टिस्यु कल्चर ल्याब सञ्चालन तथा व्यवस्थापन भइरहेको। PCR परीक्षण कार्य नियमित रूपमा भइरहेको। यस अवधिमा सुन्तलाजात फलफूलको Citrus Greening रोग पहिचानका लागि ३६३ वटा PCR परीक्षण गरिएको, CTV पहिचानका लागि ९७ वटा ELISA परीक्षण गरिएको।

फलफूल बगैंचामा अन्तरबाली प्रदर्शन, स्क्रीन हाउसभित्र रोपिएका सुन्तला माउबोट संरक्षण तथा सम्वर्द्धन आदि भएको। फार्ममा दैनिक ज्यालादारीमा कार्यरत श्रमिकहरूसँग अन्तर्क्रिया कार्यक्रम सम्पन्न भई गुनासो सम्बोधन भएको। गोल्डेन किवीको Performance study को लागि फिल्ड तयार भई बिरूवा रोपण कार्य पनि सम्पन्न भई रेखदेख हुँदै। निजी नर्सरी र फलफूल बगैंचाहरूको अवलोकन तथा भ्रमण गरी कृषकहरूलाई प्राविधिक सल्लाह प्रदान गरिएको। नुवाकोटको विदुर र काभ्रेको पनौतीमा प्लान्ट क्लिनिक सञ्चालन भई कृषकहरूले भोग्दै आएका फलफूलका रोगकीराहरूको समस्या निदान गर्न प्राविधिक सल्लाह सुझाव प्रदान भएको। साथै ४१ जनाभन्दा बढी विद्यार्थीहरूले कार्यगत अनुभव प्राप्त गरेका छन्।

फिल्ड जीन बैंकको स्थापना भएको छ। एभोकाडोको बिरूवा हुर्काउनका लागि सेन्सरसहितको हाइटेक प्लाष्टिक घर निर्माण भएको। फार्मबाट बिक्री हुने बिरूवा तथा अन्य सामग्रीहरूको विवरण सोको लागि तयार भएको सफ्टवेरमा राखिएको छ। यसले गर्दा चाहिएको समयमा disaggregated data उपलब्ध हुने भएको छ।

**शीतोष्ण वागवानी विकास केन्द्र, मार्फा**

पूँजीगततर्फको ल्यापटप खरिद, केन्द्रमा कर्मचारी आवास भवन निर्माण गरिएको, टिस्युकल्चर ल्यावको लागि लेमिनार फ्लो हुड, अग्नि नियन्त्रक खरिद तथा जडान गरिएको, गत आ.व. मा बाढी पहिरोको कारण क्षति भएको केन्द्रको बी र सी ब्लकको माटो हटाउने कार्यका साथै पर्खाल निर्माण गरिएको, Chromameter, Acid Brix meter, DA meter, Spectrophotometer and Spectrometer खरिद तथा जडान गरिएको साथै कालीगण्डकीले कटान गरेको क्षेत्रको तटबन्ध निर्माणको कार्य सम्पन्न भएको र केन्द्रको ए, बी, सि र डी ब्लकमा गह्रा सुधार गर्ने कार्य सम्पन्न भएको। चालुतर्फ करिब ७.७०३ टन

ताजा स्याउ उत्पादन तथा बिक्री वितरण भएको, तरकारी बिरूवा उत्पादन तथा बिक्री वितरण अन्तर्गत २ लाख ७० हजार ९९४ बेर्ना बिक्री र फलफूल बेर्ना ९ हजार ६०४ वटा उत्पादन तथा बिक्री वितरण भएको, फलफूल प्रशोधनतर्फ ५३४.९ के.जी. जाम बिक्री गरिएको, स्याउ तथा खुर्पानी सुकुटी ११४.७८ के.जी. र १९३८.६ लि. ब्रान्डी, साइडर तथा वाइन बिक्री गरिएको र तरकारी बीउ ७२७.५ के.जी. बिक्री गरिएको साथै हिउँदे फलफूलको नर्सरी व्यवस्थापन र बगैंचा व्यवस्थापन सम्बन्धी अगुवा कृषक तालिम सम्पन्न गरिएको र मुस्ताङ जिल्लाका ४ स्थानमा बाली उपचार शिविर सम्पन्न गरिएको।

**सुन्तलाजात फलफूल विकास केन्द्र, तानसेनः**

कागती ६४२० (बिजु कागती- सुनकागती-१ २०२७ वटा, सुनकागती-२ १० वटा, स्थानीय-१४३३, कलमी सुनकागती-१ १४०६, सुनकागती-२ २८२, स्थानीय-१२६१, ट्राइफोलिएट-१), सुन्तला-१६८७२(बिजु स्थानीय १४६२९, कलमी स्थानीय-१४६५, उन्सु २८१, किन्नो १५, खोकु ४८२), जुनार-४१५, स्क्रिन हाउसको सुन्तला-६७४ गरी जम्मा २४३८१ वटा सुन्तलाजात फलफूल बिरूवा बिक्री वितरण भएको। सुन्तला बिजु ४५ हजार, कागती बिजु ३५ हजार, रूटस्टक बिरूवा १३० हजार, कागती कलमी ५ हजार सुन्तला कलमी ५ हजार, जुनार २ हजार उत्पादन भएको, ६९.६५ के.जी. मूलाको बीउ बिक्री वितरण, ल्याब सञ्चालनका लागि रसायन तथा अन्य सुरक्षात्मक सामग्री खरिद भएको, ल्याब सञ्चालनका लागि स्टेरियो/डाइसेक्टिङ्ग माइक्रोस्कोप खरिद भएको, तालिम हलसहित २ वटा ल्याब कोठा निर्माण, टिस्यु कल्चर ल्याबका छतमा ट्रस राखी पार्टिसन गर्ने कार्य, १०५ मीटर Trail निर्माण ले गर्दा आवतजावत तथा सामग्री ढुवानीमा सहजता भएको, कम्पोष्ट खाडल निर्माण भएको, बिरूवा हार्डेनिङ्ग तथा पोली ब्याग भर्नको लागि १५.३*४.३ मि. को सेड हाउस निर्माण भएको, गह्रा सुधारको निर्माण भएको, पाल्पा, अर्घाखाँची, गुल्मी र बागलुङ जिल्लाका २१ जना कृषि प्राविधिकहरू, २१ जना व्यावसायिक सुन्तलाजात खेती गर्ने अगुवा कृषकहरूलाई तालिम दिइएको र स्थलगत रूपमा नै सैद्धान्तिक एवम् व्यवहारिक प्राविधिक ज्ञान सीप हस्तान्तरण गरिएको।

**कफी विकास केन्द्र, गुल्मीः**

६० हजार कफी बिरूवाको प्रथम नर्सरी निर्माण गरी दोस्रो नर्सरीको कार्य भएको। ५ रोपनीमा कफीको जर्मप्लाज्म सङ्कलन तथा सम्वर्द्धनका लागि बीउ रोपण गरिएको। फार्मको नयाँ प्राप्त जमिनमा कफी बिरूवा रोपण गरी बगैंचा स्थापना तथा व्यवस्थापन गरिएको। कफी बगानमा छाहारीमा प्रयोग हुने रूख (डाडव र किम्बु) हरूको नर्सरी स्थापना गरिएको, सिँचाइ कुलो, उकालो बाटो ढलान, अधुरो सेक्युरिटी भवन र फार्मभित्रको बाटोमा नाला निर्माण सम्पन्न भएको। बेर्ना ४० हजार वटा बिक्री भएको, Roaster machine खरिद गरिएको, ७ हे. जग्गामा बगैंचा व्यवस्थापन, २ हे. मा varietal block व्यवस्थापन, प्रशासनिक भवन निर्माणको म्याद थप भई सार्वजनिक खरिद नियमावली १३औं संशोधन बमोजिम म्याद थप गरी निर्माण कार्य निरन्तर रूपमा भइरहेको।

### ३.१.१.२० बाली विकास तथा जैविक विविधता संरक्षण कार्यक्रम (बजेट उप-शीर्षक नं. ३१२०११०४-३/४)

बाली विकास तथा जैविक विविधता संरक्षण केन्द्रबाट सञ्चालित यस कार्यक्रमको मुख्य उपलब्धि तपसिल बमोजिम रहेको छ।

- अनुमति प्राप्त स्रोत बीउ उत्पादकहरूलाई बीउ बिक्रीको आधारमा प्रोत्साहन अनुदानको लागि कूल जम्मा रू. ८८,६३,७१५/- रकम अनुदान रकम दिइएको। जसमा गहुँ बालीतर्फ १४ वटा बीउ उत्पादक संस्थाहरूलाई कूल २७८.३८२ मे.ट. बीउका लागि रू. ६९,५८,०००/- अनुदान भुक्तानीको गरिएको। मकै बालीतर्फ ३ वटा संस्थाहरूलाई कूल ६.५१ मे.ट. बीउका लागि रू. १,९५,३००/- अनुदान रकम भुक्तानी भएको। धान बालीतर्फ ९ वटा बीउ उत्पादक संस्थानहरूलाई कूल ८५.५७ मे.ट. बीउका लागि रू. १७,१०,४१५/- अनुदान रकम भुक्तानी गरिएको।
- आ.व. २०७७/७८ मा १०६, आ.व. २०७८/७९ मा २४५, आ.व. २०७९/८० मा २६३ र आ.व. २०८०/८१ मा २४३ स्थानीय तहमा यस केन्द्रबाट सङ्घीय शसर्त वित्तीय हस्तान्तरण भई कार्यक्रमहरू सञ्चालन भएका थिए। स्थानीय तहका कृषि प्राविधिक तथा कृषकहरूको क्षमता अभिवृद्धि गर्ने उद्देश्यले विभिन्न तालिम कार्यक्रमहरू (मकै हाइब्रिड तथा खुला सैंचित बीउ उत्पादन एवम् बजारीकरण तालिम, रैथाने बाली उत्पादनको परिकार विविधीकरण सम्बन्धी प्रशिक्षक प्रशिक्षण तालिम, कृषि जैविक विविधता सर्भेक्षण तथा अभिलेखिकरण तालिम) सञ्चालन गरिएको।
- राइस मिल मोडल कार्यान्वयन अवस्थाको समिक्षा तथा भावी कार्यदिशा तयारी, धान/चामल, मिलहरू र सरोकारवालहरूबीच मसिना तथा वासनादार खरिद तथा प्रवर्द्धन सम्बन्धी कार्याशाला गोष्ठी, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाका बाली सम्वद्ध जोन तथा सुपरजोन इकाईहरूसँग फिल्ड तहमा पहिचान भएका समस्याहरू तथा सिकाइ आदान प्रदान सम्बन्धी कार्यशाला गोष्ठी, निजी तथा गैरसरकारी क्षेत्रबाट भएका कृषि जैविक विविधता संरक्षण तथा रैथाने बाली प्रवर्द्धनका प्रयास तथा उपलब्धिबारे अन्तरक्रिया गोष्ठी, बीउ चक्र सुदृढिकरणका लागि बीउ व्यवसायी तथा सरोकारवालाबीच अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको।
- मकै लगायतका बालीहरूमा Aflatoxin उपस्थिति र सम्भावित नकरात्मक असरबारे सचेतना, कृषि जैविक विविधता संरक्षणबारे सचेतना कार्यक्रम, रैथाने तथा कोदोजन्य बालीहरूको महत्वबारे सचेतना कार्यक्रम सञ्चालन गरिएको।
- स्थानीय तहका प्राविधिक तथा कृषि विकास फार्ममा कार्यरत प्राविधिकहरूको लागि अनुभव तथा सिकाइ आदान प्रदान गर्नको लागि विभिन्न स्थानमा ३ वटा (Cross learning) भ्रमण सञ्चालन गरिएको र स्थानीय तहका प्राविधिकहरूलाई रैथाने बाली कार्यक्रम र सर्शत अनुदान कार्यक्रम कार्यान्वयनको अवस्था सम्बन्धमा क्रस लर्निङ्ग भ्रमण सञ्चालन गरी प्रतिवेदन तयार भएको। Museum का लागि रैथाने बाली तथा प्रविधि सङ्कलन गरी अध्यावधिक गरिएको।

- कृषि जैविक विविधता संरक्षणका असल अभ्यास स्रोत पुस्तिका, बाली सम्वद्ध नविनतम् प्रविधिहरूबारेको जानकारी सङ्कलन तथा प्रकाशन अन्तर्गत चैते धान खेती प्रविधि-१००० प्रति, छरूवा धान खेती प्रविधि-५०० प्रति, नेपालमा प्रचलनमा रहेका धान बालीका प्रमुख जातहरू तथा तिनको जातीय गुण एवम् विशेषताहरू-४०० प्रति, नेपालमा तराइ, मध्य र उच्चपहाडको लागि सिफारिस गरिएका प्रचलित गहुँका जात र जातीय विशेषताहरू-५०० प्रति, नेपाल कृषि जैविक विविधता बुलेटिन प्रकाशन भएको।
- यस वर्षका लागि कृषि जैविक विविधता, हाम्रो अमूल्य सम्पदा, संरक्षण एवम् दिगो उपयोग, हाम्रो प्रतिवद्धता भन्ने नारा तय गरी माघको पहिलो हप्ताभर कृषि जैविक विविधता संरक्षण र दिगो उपयोगबारे जनचेतनामूलक कार्यक्रमहरू आयोजना गरिनुका साथै प्रादेशिक निकायहरू, स्थानीय तह लगायत सरकारी र गैर सरकारी संस्थाहरू र निजी क्षेत्राबाट पनि जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन भएको थियो।
- रैथाने बालीको जात दर्ता सहजीकरण तथा सूचीकरणः जनवातावरण बहुउद्देश्यीय सहकारी संस्था कैलारी गाउँपालिका कैलालीबाट (धान बालीको झुम्का जात), लगनशील महिला कृषक समूह छायानाथ रारा नगरपालिका मुगुबाट (रायो बालीको कालो भाजी जात) र जैविक विविधता संरक्षण कृषि सहकारी संस्था लि. घण्टेश्वर सामुदायिक बीउ बैंक जोरायल गाउँपालिका डोटीबाट (धान बालीको जोरायल बास्मती जात) दर्ता गर्नको लागि सहजीकरण गरिएको।
- कृषि जैविक विविधता संरक्षण तथा प्रवर्द्धनका क्षेत्रमा काम गर्ने विभिन्न संस्थाहरूको सहकार्यमा रैथाने बाली एवम् अन्य कृषि जैविक विविधता संरक्षण कार्यक्रम सञ्चालनः सन्तानेश्वर महादेव कैलाश पर्वत संरक्षण सम्वर्द्धन सेवा संघ र जीन बैंकको सहकार्यमा रैथाने केराका जात रोपी कदली (केरा) पद मार्ग निर्माण कार्यक्रममा गुल्मी, पाल्पा, काभ्रेपलान्चोक, धादिङ, ललितपुर, नवलपुर, उदयपुर, अर्घाखाँची जिल्लाबाट सङ्कलित ३२ जातका ६२ केराको बिरूवा र स्थानीय समुदाय प्राप्त करिब २४ बिरूवा गरी ८६ बिरूवा रोपण गरियो। फार्म केन्द्रहरूमा फिल्ड जीन बैंक स्थापनाबारे अभिमूखीकरण गोष्ठीमा सरकारी फार्म केन्द्रहरूमा कार्यरत कृषि प्राविधिकहरूलाई फिल्ड जीन बैंक स्थापनाबारे जानकारी गराउने, प्रत्येक सरकारी फार्म केन्द्रहरूमा एक/एक वटा फिल्ड जीन बैंक स्थापना गर्न कृषि प्राविधिकहरूलाई उत्प्रेरित गर्ने उद्देश्यले मिति २०८१/०२/०६ गतेका दिन बागवानी विकास केन्द्र, दामन, मकवानपुरमा गोष्ठी सञ्चालन गरिएको थियो।
- USAID Agricultural Direct Financing Project अन्तर्गत रैथाने बालीको विभिन्न परिकार विविधीकरणमार्फत मागमा वृद्धि गरी बजार प्रवर्द्धनमा सघाउ पुर्याई राष्ट्रिय खाद्य सुरक्षा एवम् पोषणमा टेवा पुर्याउने उद्देश्यले मिति २०८१/०३/०७ देखि २०८१/०३/१० गतेसम्म रैथाने बाली उत्पादनको परिकार विविधीकरण तथा उद्यमशीलता सम्बन्धी तालिम राष्ट्रिय खाद्य अनुसन्धान केन्द्र, खुमलटार, ललितपुरमा सञ्चालन गरिएको थियो। गुणस्तरीय बीउ तथा अफ्लाटोक्सिन सचेतना तथा कोदोजन्य बालीहरूको महत्वबारे सचेतना कार्यक्रम सम्बन्धी

रेडियो जिङ्गल निर्माण गरी विभिन्न रेडियो स्टेशनमार्फत प्रसारण गरिएको। विभिन्न रैथाने बालीसँग सम्बन्धित प्रविधि पुस्तिका तथा फोल्डरहरू (रैथाने बाली खेती प्रविधि पुस्तिका-५०० प्रति, कोदो, चिनो, कागुनो, फापर र लट्टेहरूको फोल्डर-१०००/१०००) प्रकाशन गरी सचेतना फैलाउनको लागि यी प्रकाशनहरूलाई कृषक तथा प्राविधिकस्तरमा वितरण गरिएको थियो।

- कृषि विकास फार्म, चन्द्रडाँगीमा ५ हेक्टरमा हर्दिनाथ १ र चैते ५ धान (चैतेतर्फ) तथा ९ वटा जात (वर्षे धानतर्फ) धानको स्रोत बीउ उत्पादन, कटानी तथा भण्डारण गरिएको। २५ हेक्टरमा गहुँका ४ जातहरू र १० हेक्टरमा मकैका रामपुर कम्पोजिट उत्पादन गरी प्रशोधन गरिएको। प्रगति जातको तोरी बाली उत्पादन गरी प्रशोधन गरिएको। २.५ हेक्टरमा खायन माछा उत्पादन गरी बिक्री गरिएको। १ हेक्टरमा खजुरा मुसुरो २ तथा २ हेक्टरमा ढैंचाको स्रोत बीउ उत्पादन गरी प्रशोधन गरिएको। फार्मभित्र सिँचाइ कुलो RCC गरेर मर्मत, फार्मभित्रको बाटो ग्राभेल, अधुरो Threshing floor को निर्माण पूरा, पोखरी भित्ता तथा डिल निर्माण र फार्म जग्गामा नदी कटान रोक्न तटबन्धन निर्माण गरिएको।
- कृषि विकास फार्म, सुन्दरपुरमा उत्पादित धानको बीउ विभिन्न बीउ उत्पादकहरूलाई ४१४०५ के.जी. बिक्री वितरण गरिएकोमा उक्त बीउले ८२८ हेक्टरमा स्रोत बीउ उपलब्ध भएको। फार्ममा १३ हेक्टरमा विभिन्न जातहरूको धानको स्रोत बीउ उत्पादनका लागि रोपिएको। गहुँ स्रोत बीउ उत्पादनतर्फ २६२३४ के.जी. विभिन्न जातको गहुँ स्रोत बीउ बिक्री वितरण गरिएकोमा १८७ हेक्टरमा बीउ उपलब्ध हुने। मसुरोको बीउ उत्पादनतर्फ ११५६ के.जी. बीउ बिक्री गरिएकोमा २९ हेक्टरमा स्रोत बीउ उपलब्ध भएको। मकै बीउ उत्पादनतर्फ ८४९ के.जी. मकै बीउ बिक्री गरिएकोमा ४२ हेक्टरमा मकैको स्रोत बीउ उपलब्ध भएको। तोरी बीउ उत्पादनतर्फ १११०.५ के.जी. तोरीको बीउ बिक्री गरिएकोमा १११ हेक्टरमा स्रोत बीउ उपलब्ध भएको। धान र गहुँ बालीका नयाँ उन्मोचन भएका जातहरू कृषक माझ प्रसारण भएको। फार्म परिसरमा सुरक्षाको लागि १८० मिटर कम्पाउण्ड वाल निर्माणको काम भएको जसले गर्दा फार्मको सुरक्षा भई बीउ उत्पादन प्रभावकारी हुने।

### ३.१.१.२१ कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रीकरण प्रवर्द्धन कार्यक्रम (बजेट उप–शीर्षक नं. ३१२०११०६–३/४)

यस कार्यक्रम अन्तर्गत आ.व. २०८०/८१ मा सञ्चालन भएका मुख्य क्रियाकलाप तथा उपलब्धिहरू तपसिल बमोजिम रहेका छन्।

- संघ अन्तर्गत रहेका कृषि उपज थोक बजार स्थलहरूमा RBPR Lab को सुविधा विकासको लागि सङ्घीय कृषि बजार सुर्खेत, कावासोती, र लालबन्दीमा RBPR Lab निर्माण गरियो।
- संघ अन्तर्गत रहेका कृषि उपज थोक बजार स्थलहरूको पूर्वाधार विस्तार तथा स्तरोन्नती अनुसार २ वटा सङ्घीय बजार पोखरा र लालबन्दीमा बजार सेड निर्माण गरियो।
- संघ अन्तर्गत रहेका कृषि उपज बजार व्यवस्थापन समितिको १३ जना व्यवस्थापकहरूलाई कृषि बजार व्यवस्थापन सम्बन्धी तालिम प्रदान गरिएको।

- स्थानीय तहमा कार्यरत २१ जना कृषि प्राविधिकहरूलाई व्यावसायिक योजना तयारी सम्बन्धी ४ दिने तालिम प्रदान गरियो।
- कृषि यान्त्रिकरणको प्रवर्द्धनको लागि कृषि यन्त्र मर्मत गर्ने जनशक्ति विकास गर्न केन्द्रबाट ४ स्थानमा गरी जम्मा ९४ जनालाई ५ दिने कृषि यन्त्र मर्मत सम्बन्धी तालिम प्रदान गरियो साथै नेपाल कृषि मेसिनरी व्यावसायी संघसँग सहकार्यमा २३ जनालाई १४ दिन कृषि यन्त्र मर्मत तालिम प्रदान गरियो।
- सङ्घीय कृषि बजारको कारोबारको तथ्याङ्क सम्बन्धी पुस्तिका तथा साना कृषि यन्त्र/उपकारणहरू सम्बन्धी प्राविधिक पुस्तिका प्रकाशन गरियो।
- कृषि अर्थशास्त्र समाजको सहकार्यमा एशियामा अदुवाबालीको व्यापार प्रवर्द्धन गोष्ठी सम्पन्न गरियो।
- देशको तराइ क्षेत्रको विभिन्न १२ स्थानमा डिप ट्युबवेल निर्माण काम सम्पन्न भई ४८० हे. क्षेत्रफलमा सिँचाइ सुविधा थप भएको।

### ३.१.१.२२ मत्स्य विकास कार्यक्रम (बजेट उप-शीर्षक नं. ३१२०२१०१-३/४)

मत्स्य विकास कार्यक्रमको उद्देश्य प्राकृतिक तथा कृत्रिम जलस्रोत क्षेत्रको समुचित व्यवस्थापन गरी माछा लगायत जलचरहरूको उत्पादन र उत्पादकत्वलाई बढाई व्यावसायिकरणको माध्यमबाट खाद्य तथा पोषण सुरक्षामा योगदान पुर्याउन सो सम्बन्धी नीतिगत तथा संरचनागत व्यवस्था, समन्वय, स्रोत साधन र सूचना एवम् तथ्याङ्क व्यवस्थापनका लागि कार्यान्वयन गर्ने रहेको छ। मत्स्यपालनमा संलग्न कृषकहरूलाई विभिन्न प्रकारका मत्स्य बिजहरू (ह्याचलिङ्ग, फ्राई तथा फिङ्गरलिङ्ग) उत्पादन गरी वितरण गर्ने, तालिमहरू सञ्चालन गरी प्राविधिक सेवा प्रदान गर्ने, समय समयमा अनुगमन गर्नुका साथै निजीस्तरका नर्सरी तथा ह्याचरीकर्ताहरूलाई समेत तालिम तथा प्राविधिक सेवा टेवा पुर्याइँदै आएको छ। मत्स्य विकास कार्यक्रम अन्तर्गत आ.व. २०८०/८१ मा सञ्चालन भएका मुख्य क्रियाकलाप तथा उपलब्धिहरू तपसिल बमोजिम रहेका छन्।

- सरकारी फार्महरूबाट व्यावसायिक खेतीका लागि, शुद्ध नश्लका र सौन्दर्य माछाका गरी कूल ६ करोड १ लाख विभिन्न जातका भुरा उत्पादन भई बिक्री वितरण भएको थियो।
- मुलुकभित्र माछाको भुराको सहज र नियमित आपूर्ति व्यवस्थापनका लागि पशु सेवा विभागको अगुवाईमा ५२ जना सफल मत्स्य ह्याचारी सञ्चालकहरूको सञ्जाल निर्माण गरी अभिलेखीकरण कार्य सम्पन्न भएको थियो।
- प्राकृतिक जलाशय मत्स्य प्रवर्द्धन तथा संरक्षण केन्द्र, हेटौडामा स्थानीय प्रजातिको गर्दी र सहर माछाको सफल प्रजनन् भई करिब १ लाख भुरा उत्पादन भई वृद्धि विकासको अनुसन्धान सुरू भएको छ।
- भविष्यको माउ माछाको लागि शुद्ध नश्ल माउ माछा उत्पादन तथा बिक्री वितरणका लागि ट्याङ्गिग प्रणालीलाई व्यवस्थित पारिएको छ।
- राष्ट्रिय मत्स्य विकास नीति, २०७९ पारित भई सोको जनचेतना तथा सफल कार्यान्वयनका लागि विभिन्न प्रदेशहरूमा अन्तरक्रिया कार्यक्रममार्फत जानकारी दिने कार्य भएको थियो।

- कार्प ह्याचरी सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड तयारी भएको थियो।
- ६० वटा विभिन्न स्थानीय जातको माछाहरूको म्युजियम तयार गरिएको थियो। जसमा २५ प्रजातिका जिउँदो माछाको म्युजियम तयार भएको छ ।
- मत्स्य प्रवर्द्धन तथा विकासका लागि बजारमा उपलब्ध विभिन्न १४२ वटा फिस फिडको नमुनाहरूको जेल डाल विधिबाट परीक्षण कार्य भएको थियो।

### ३.१.१.२३ पशु स्वास्थ्य रोग अन्वेषण सेवा तथा क्वारेन्टाइन कार्यक्रम (बजेट उप-शीर्षक नं. ३१२०२१०२-३/४)

पशु स्वास्थ्य रोग अन्वेषण सेवा तथा क्वारेन्टाइन कार्यक्रम अन्तर्गत आ.व. २०८०/८१ मा सञ्चालन भएका मुख्य क्रियाकलाप तथा उपलब्धिहरू तपसिल बमोजिम रहेका छन्।

- मुलुकभित्र सरकारी खोप उत्पादन प्रयोगशालामा विभिन्न पशुपन्छी रोग विरूद्ध ११ थरिका खोपहरू सफलता साथ उत्पादन भइरहेकोमा आ.व. २०८०/०८१ मा भेडा बाख्रामा हुने इन्टेरोटोक्सेमिया रोग विरूद्धको खोप उत्पादनका लागि समेत सफल परीक्षण सम्पन्न भएको छ।
- प्रयोगशालालाई अन्तर्राष्ट्रियस्तरमा समेत मान्यता प्रदानका लागि खोप उत्पादन प्रयोगशालामा प्रयोग भएका मेसिनरी औजारहरूको क्यालिब्रेशन गर्ने कार्य सम्पन्न भएको छ।
- देशभरि पशुपन्छीको रोग तथा महामारीहरूको एकत्रित तथ्याङ्क सङ्कलन तथा अन्तर्राष्ट्रिय संस्थाहरू लगायत विश्व पशु स्वास्थ्य सङ्गठनमा प्रतिवेदन सम्प्रेषण गर्नका लागि National Animal Health Information System software तयारी तथा त्यसको सफल प्रयोगका लागि अभिमूखीकरण कार्यहरू क्रमिक रूपमा सुरू भएको थियो।
- आ.व. २०८०/०८१ मा विभिन्न किसिमका ४ करोड ५० लाख खोपहरू उत्पादन भई खोप अभियान कार्यक्रममार्फत विभिन्न स्थानीय तहलाई वितरण भई महामारी रोगको प्रकोपमा न्यूनिकरण भएको पाइएको थियो।
- सन् २०३० सम्म शुन्य मानव रेविज अभियानलाई सफल पार्न एक स्वास्थ्य रणनीतिको अवधारणा अनुरूप छाडा कुकुरको सङ्ख्या नियन्त्रण गर्न विभिन्न कार्यक्रममार्फत २४५५ वटा कुकुरहरूको वन्ध्याकरण गरिएको थियो।
- पशुपन्छीहरूको रोग पहिचान गरी वैज्ञानिक उपचार पद्धतिलाई बढावा दिनका लागि कूल ६१ हजार ९ सय पशुपन्छीको नमुनाहरू परीक्षण भएको थियो।
- देशभित्र उत्पादित तथा आयातित विभिन्न खोपहरूको प्रभावकारिता परीक्षणका लागि कूल १५ हजार ५ सय रगत नमुनाहरू सङ्कलन तथा परीक्षण गरिएको थियो।
- पशुपन्छी उपचारका क्रममा हुने अनियन्त्रित जीवाणु विरूद्धको औषधिहरूको प्रयोगको अवस्थालाई न्यूनीकरण गर्न तथा अवशेष अवस्थाबारे अध्ययन गर्नका लागि १ हजार ४ सय दूध तथा मासुका नमुनाहरू सङ्कलन गरी परीक्षण भएको थियो।
- जनहितमा जनजेतनाको लागि प्रतिजैविक सप्ताह, विश्व रेविज दिवस सप्ताह तथा भेटेरिनरी दिवस जस्ता समारोहहरू मनाई कार्यक्रमहरूमार्फत सर्वसधारणमा सूचना प्रवाहको कार्यहरू भएको थियो।

### ३.१.१.२४ पशुपन्छी स्रोत व्यवस्थापन तथा प्रवर्द्धन कार्यक्रम (बजेट उप–शीर्षक नं. ३१२०२१०३/४)

पशुपन्छी स्रोत व्यवस्थापन तथा प्रवर्द्धन कार्यक्रम अन्तर्गत आ.व. २०८०/८१ मा सञ्चालन भएका मुख्य क्रियाकलाप तथा उपलब्धिहरू तपसिल बमोजिम रहेका छन्।

- स्थानीय पशुपन्छीको नश्लको स्रोत संरक्षण तथा दीगो उपयोग का साथ साथै व्यावसायिक पशुपन्छी उत्पादनका लागि शुद्ध नश्लको ११३४ वटा भविष्यको माउ उत्पादन भई व्यावसायिक फार्महरूलाई बिक्री वितरण भएको थियो।
- कृत्रिम गर्भाधानमार्फत पशु प्रजनन् सेवा तथा नश्ल सुधार कार्यको लागि गाई, भैंसी र बाख्राको कूल १२ लाख ७ हजार डोज जमेको वीर्य तथा सोको भण्डारण, संरक्षण र प्रयोग हुने स्थलसम्म सुरक्षित ढुवानी कार्यको लागि ३ लाख ६७ हजार लिटर तरल नाइट्रोजन उत्पादन भई प्रयोग भएको थियो।
- उत्पादित वीर्य र नाईट्रोजन सहुलियत दरमा प्रदेश तथा स्थानीय तह लगायत दर्तावाल कृत्रिम गर्भाधान कर्ताहरूलाई वितरण भई कूल ७ लाख ४० हजार पशुवस्तुमा कृत्रिम गर्भाधान कार्य सम्पन्न भएको थियो।
- पशुपालन असल अभ्यास निर्देशिका, २०८० जारी भई सोको सफल अभिमूखीकरण कार्यक्रमहरू सञ्चालन गरिएको छ।
- गाई आनुवांशिक केन्द्र, जिरीलाई गाई तथा बङ्गुरपालनका लागि Excellence center को रूपमा परिचय बनाउने गरी कार्यको थालनी गरिएको छ।
- विभाग अन्तर्गतका फार्महरूबाट ६ लाख ८६ हजार सेट्स विभिन्न बहुवर्षे घाँसका बेर्नाहरू सहुलियत दरमा बिक्री वितरण भएको थियो।
- आ.व. २०८०/०८१ मा घाँस आनुवांशिक स्रोत केन्द्रहरूबाट ३५ हजार के.जी. हिउँदे र वर्षे घाँसको बीउ उत्पादन भई सहुलियत दरमा पशुपालक कृषकहरूलाई उपलब्ध गराएको थियो।

### ३.१.१.२५ पशु आहारा तथा लाईभस्टक गुण व्यवस्थापन कार्यक्रम (बजेट उप–शीर्षक नं. ३१२०२१०-३/४)

पशु आहारा तथा लाईभस्टक गुण व्यवस्थापन कार्यक्रम अन्तर्गत आ.व. २०८०/८१ मा सञ्चालन भएका मुख्य क्रियाकलाप तथा उपलब्धिहरू तपसिल बमोजिम रहेका छन्।

- नेपाल कृषि अनुसन्धान परिषद्को सहकार्यमा ४२० के.जी. जै घाँसको फाउण्डेसन बीउ उत्पादन भई जै घाँसको उत्पादन चक्रमा सहयोग पुगेको छ।
- आगामी दश वर्षे घाँसेबाली बीउ उत्पादन मार्गचित्र तयारी गरिएको छ।
- घाँसेबाली बीउ परीक्षण तथा पशु आहारा प्रयोगशालाको ISO/IEC 17050 accreditation का लागि १२ जना अधिकृत कर्मचारीहरूलाई क्षमता अभिवृद्धि तालिम प्रदान गरी प्रतिवेदनहरू प्राप्त भएको थियो।
- पशु आहारामा प्रयोग हुने दाना तथा दाना पदार्थहरूको गुणस्तर परीक्षणका लागि ४०९२ वटा नमुनाहरूको परीक्षण कार्य सम्पन्न भएको थियो।

- ५११ वटा पशुपन्छीजन्य आहाराको नमुनामा प्रतिजैविकी औषधिको अवशेष तथा युरिया मिसावट पत्ता लगाउन परीक्षण गरिएको थियो।
- आयातका लागि प्रयोगशालामा दर्ता भएका जम्मा ७५ वटा फिड सप्लिमेन्टसहरू मध्ये ११ वटा मापदण्ड पूरा भएकालाई आयात सिफारिस गरिएको थियो।
- ११ लाख ६२ हजार ७०० पशुपन्छी दाना, उद्योगलाई चाहिने कच्चा पदार्थ सप्लायर्सलाई आवश्यक पर्ने फिड सप्लिमेन्टसहरू क्वारेन्टाइन प्रक्रियाको मापदण्ड पूरा भई आयात सिफारिस गरिएको थियो।

### ३.१.१.२६ कृषि अनुसन्धान कार्यक्रम (बजेट उप-शीर्षक नं. ३१२४११०१-३/४)

नेपाल कृषि अनुसन्धान परिषद् ऐन, २०४८ अन्तर्गत स्थापित यो संस्था कृषि तथा पशुपन्छी विकास मन्त्रालय अन्तर्गतको एक महत्वपूर्ण स्वायत्त निकाय हो। यसका मुख्य उद्देश्यहरू कृषि सम्बन्धी उच्चस्तरीय अध्ययन तथा अनुसन्धान गर्ने गराउने, कृषि क्षेत्रका समस्याहरूको निराकरणका उपायहरू पत्ता लगाउने र कृषि सम्बन्धी नीति तर्जुमाको लागि नेपाल सरकारलाई आवश्यक सहयोग गर्ने रहेका छन्। कृषि अनुसन्धानका गतिविधिहरूमा केन्द्रित रही यो संस्थाले विभिन्न बालीनाली, पशुपन्छी र मत्स्यका जात/नश्ल र प्रविधि विकास, तिनको स्रोत सामग्री उत्पादन तथा वितरण, जैविक विविधता संरक्षण, सामाजिक-आर्थिक तथा नीतिगत सुझाव र प्रविधि हस्तान्तरण तथा सेवाजन्य कार्यहरू गर्दै आएको छ । उच्चस्तरीय अध्ययन तथा अनुसन्धानलाई प्रवर्द्धन गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय शैक्षिक एवम् अनुसन्धान संस्थाहरूसँग सहकार्य गर्दै आएको यस संस्थाले विकसित प्रविधिहरूलाई कृषि उद्यमी तथा कृषकहरूसम्म पुर्याउन कृषि प्रसारमा संलग्न केन्द्रीय, प्रादेशिक र स्थानीय निकायमा अवस्थित सरकारी तथा गैरसरकारी संस्थाहरूसँग साझेदारी गर्दै आएको छ। आ.व. २०८०/८१ मा सञ्चालित कृषि अनुसन्धान कार्यक्रमको वार्षिक उपलब्धिहरूको विवरण तपसिल बमोजिम रहेको छ।

**१. जातीय विकास**

- यस आ.व. मा धानको ५, मकैको १६, रायोसागको २, भन्टाको १, काँक्रोको १ गरी जम्मा २५ वटा नयाँ जातहरू उन्मोचन तथा पञ्जीकरण गरिएका छन्।
- त्यसै गरी विगतका वर्षहरूका अनुसन्धानमार्फत विकास भई आ.व. २०८०/८१ मा धानको २, गहुँको २, कोदोको १, जुटको २, अदुवाको २, हलेदोको १, उखुको २, काउलीको २, जुनारको १, भेडेखुर्सानीको १, केराउको १ र गोलभेंडाको २, गरी जम्मा १९ वटा नयाँ जातहरूको उन्मोचन तथा पञ्जीकरण लागि प्रस्ताव लेखन कार्य थालनी भएको छ जुन जातहरू आगामी वर्ष उन्मोचन तथा पञ्जीकरण हुने अपेक्षा गरिएको छ।

**२. प्रविधि विकास**

विगत केही वर्षहरूमा सञ्चालन गरिएका अनुसन्धानको प्रतिफल स्वरूप बाली सम्बन्धी ७, बागवानी सम्बन्धी ५, मत्स्यपालन सम्बन्धी ५, पशुपालन सम्बन्धी ५, कृषि यन्त्रीकरण सम्बन्धी ३ र खाद्य सम्बन्धी ३ गरी जम्मा २८ वटा निम्न बमोजिमका कृषि प्रविधिहरू किसान तथा कृषि उद्यमीहरूको प्रयोगका लागि यस आ.व. मा सिफारिस गरिएका छन् ।

**बाली प्रविधि**

- जुटको लागि मलखाद व्यवस्थापन प्रविधि,
- उखुको लागि मलखाद व्यवस्थापन प्रविधि,
- मकैमा गवारो कीरा व्यवस्थापन प्रविधि,
- मध्यपहाडमा धान खेतीमा प्राङ्गारिक खाद्यतत्व व्यवस्थापन प्रविधि,
- मकैको बीउमा सुक्ष्म खाद्यतत्व लेपन प्रविधि,
- तोरीमा अल्टरनेरिया डढुवा रोग व्यवस्थापन प्रविधि,
- मकैमा अमेरिकन फौजी कीरा व्यवस्थापन।

**बागवानी प्रविधि**

- अमिलोजात फलफूलमा औंसा कीरा व्यवस्थापन प्रविधि,
- भिंडीमा लाग्ने फड्के कीरा व्यवस्थापन प्रविधि,
- भिंडीमा मलखाद व्यवस्थापन प्रविधि,
- द्रूत गतिमा स्याउको रूटस्टक उत्पादन गर्ने प्रविधि,
- अकवरे खुर्सानीमा छापो व्यवस्थापन प्रविधि।

**मत्स्यपालन प्रविधि**

- बायोफ्लक माछापालन प्रविधि,
- पंगास माछाको ह्याचलिङ मृत्युदर कम गर्ने प्रविधि,
- ट्राउट माछाको भुराको लागि दाना व्यवस्थापन प्रविधि,
- पंगास माछामा जीवाणुजन्य रोगको नियन्त्रण प्रविधि,
- माछा पोखरीमा बायोचरको प्रयोग प्रविधि।

**पशुपालन प्रविधि**

- रैथाने साकिनी कुखुराको नश्ल सुधार,
- बाख्राको मलको गुणस्तर वृद्धि गर्ने प्रविधि,
- भैंसीको पाडीमा छिटो बाली जानको लागि आहारा व्यवस्थापन प्रविधि,
- भैंसीमा ऋतुकाल मिलान प्रविधि,
- प्रोबायोटिक प्रयोगमार्फत गाईको दूध उत्पादन वृद्धि गर्ने प्रविधि।

**कृषि यन्त्रीकरण प्रविधि**

- तीनपाते सुन्तलाको बीउ निकाल्ने स्वचालित मेसिन,
- सिट्रस ग्रेडरको विकास,
- मेकेडेमियानटको फल फुटाउने हाते मेसिन।

**खाद्य प्रशोधन प्रविधि**

- च्याउ सुकाउने विधि,
- एक्सट्रुडेड र हाइब्रिड खाद्य प्रविधि,
- सानन बाख्राको दूधबाट हार्ड तथा सफ्ट चिज उत्पादन गर्ने प्रविधि।

### ३. आनुवांशिक स्रोत संरक्षण

- बीउ बैंक, फिल्ड जीन बैंक, तन्तु बैंक, डी.एन.ए. बैंक, सामुदायिक बीउ बैंक, पोखरी/ताल जीन बैंक, पशुधन जीन बैंक, क्रायो बैंक आदिमार्फत विभिन्न बालीनालीको आनुवांशिक स्रोत संरक्षण भइरहेको।
- छोटो, मध्यम र लामो अवधि (१०० वर्षसम्म) बीउ संरक्षण/भण्डारण गर्न सकिने।
- हाल संरक्षित कूल सङ्ख्याः ३०० बालीको १८,००० भन्दा बढी जिनोटाइप संरक्षित रहेको
- आ.व. २०८०/८१ मा जीन बैंकमा विभिन्न बालीनालीका ९१४, तन्तु बैंकमा १२५ र डी.एन.ए. बैंकमा ३२५ एक्सेसनहरू थप भएको।
- २००० एक्सेसनको पासपोर्ट डाटा तयार भएको।
- १७ वटा फिल्ड जीन बैंक, स्व-स्थानीय बीउ बैंक सञ्चालनमा सहजीकरण गरिएको।
- जीवित जीन बैंकको अवधारणा अनुसार पशुवस्तुका (गाई, भैंसी, बाख्रा, भेडा, कुखुरा, सुङ्गुर आदि) का रैथाने जातहरू संरक्षण तथा प्रवर्द्धन भइरहेको।
- उन्नत पशुबस्तुको वीर्य जीन बैंकमा सुरक्षित राखी उपयोग भइरहेको।

### ४. स्रोत सामग्री उत्पादन

| स्रोत सामग्री | इकाई | परिमाण |
|---|---|---|
| स्रोत बीउ | मे.टन. | ७५० |
| आलुको प्रिबेसिक बीउ | सङ्ख्या | ६४३३० |
| फलफूल, अलैंची र कफीको बेर्ना/बिरूवा | सङ्ख्या | ५६३५५१ |
| पशुवस्तुको पाठा-पाठी/पाडा-पाडी | सङ्ख्या | १४१६ |
| कुखुराको चल्ला | सङ्ख्या | २९९०५ |
| माछा भुरा | सङ्ख्या | २ करोड |

### ५. प्रविधि हस्तान्तरण, सेवा, परामर्श, सामाजिक-आर्थिक अध्ययन तथा अन्य

- १०४ पटक रेडियो/टि.भी. कार्यक्रम प्रसारण गरिएको।
- २०० जना किसानलाई आवासिय व्यावसायिक कृषि तालिम प्रदान गरिएको ।
- ५२ अङ्क कृषि मौसम सल्लाह बुलेटिन साप्ताहिक रूपमा प्रकाशन गरी नार्क कृषि मोवाइल एपमा सारांश अपलोड गर्ने गरिएको, संघ तथा प्रदेश कृषि मन्त्रालयहरू र ७५३ स्थानीय तहहरूमा नियमित रूपमा इमेलमार्फत पठाउने गरिएको । यसमा साप्ताहिक मौसम भविष्यवाणी, सम्भावित जोखिम र समाधानका उपायहरू समावेश गरिएको हुन्छ ।
- करिब ८००० किसानलाई ४८ लाखभन्दा बढी कृषि प्रविधि तथा मौसम सल्लाहजन्य एस.एम.एस. सूचना प्रवाह गरिएको ।
- ४३ हप्ता टोल-फ्री टेलिफोन परामर्श गरिएको । यस्तो सेवा हरेक हप्ता ४-६ बजेसम्म सञ्चालन हुने। यस आ.व. मा करिब १००० भन्दा बढी किसानले यस्तो सेवा प्राप्त गरेको ।

- आ.व. २०८०/८१ मा नार्क अन्तर्गतका कार्यालयहरूले करिब १७२६० किसानलाई परामर्श प्रदान गरेका, ८ घुम्ती शिविर सञ्चालन गरेका, १६९२ पशु-वस्तुलाई उपचार सेवा प्रदान गरिएको, ३ वटा कृषि प्रविधि प्रदर्शनी कार्यक्रम सञ्चालन गरिएको ।
- नार्क अन्तर्गतका कार्यालयहरूमा १५३५ विद्यार्थीले ओं.जे.टि./इन्टर्नसीप सम्पन्न गरेका, ५०,७३० किसानले अवलोकन भ्रमण गरेका र ४,४०९ (४५% महिला) किसानलाई तालिम प्रदान गरिएको ।
- ५००० प्रति माटो स्वास्थ्य प्रमाणपत्र (soil health card) कृषकहरूलाई वितरणको लागि माटो जाँच प्रयोगशाला, सुरूङ्गालाई वितरण गरिएको ।
- सुन्तलालाई राष्ट्रिय फल घोषणा गर्ने कार्यमा प्राविधिक सहयोग तथा सहजीकरण गरिएको।
- एफ.ए.ओ. सँगको सहकार्यमा सन् २०२३ लाई अन्तर्राष्ट्रिय कोदो वर्षको रूपमा मनाइएको । यसै सन्दर्भमा Millets Traditions, Science and Technology in Nepal पुस्तक प्रकाशन गरिएको ।
- डिजिटल स्वयल म्यापमा थप नमुना समावेश गर्न नमुना सङ्कलन र विश्लेषण गरिएको । म्यापमा हालसम्म ७७ जिल्लाका ३०,५४८ नमुनाको सूचना रहेको ।
- बाँदरले बालीनालीमा पुर्याएको क्षति सम्बन्धी प्रारम्भिक अध्ययन गरी Strategies for Managing Monkey-Related Challenges in Nepal's Agriculture Sector को मस्यौदा Working Report तयार गरिएको ।
- १३औं राष्ट्रिय पशु तथा मत्स्य अनुसन्धान कार्यशाला र दुई वटा अनुसन्धान-प्रसार अन्तरक्रिया (Research Extension Interface) कार्यक्रम सम्पन्न गरिएको।
- लम्पी स्किन रोग (LSD) ले पुर्याएको क्षति सम्बन्धी अध्ययन गरिएको।
    - हिमाली, पहाडी र तराइका १६ जिल्लाहरूमा ६०० घरधुरी सर्वेक्षण गरिएको (जम्मा सङ्ख्याः १८८२ गाईगोरू र ८१५ राँगाभैंसी)।
    - उक्त सर्वेक्षणबाट गाईगोरूमा ४८% र भैंसीराँगामा १७% संक्रमित भएको पाइयो।
    - प्रारम्भिक अनुमानित क्षतिको आँकलन गर्दा करिब ६४ अर्ब क्षति भएको पाइयो।
- पश्मिना उत्पादन र गुणस्तर सम्बन्धी अध्ययन गरिएको।
    - पश्मिना उत्पादनमा बाख्राको लिङ्गले र गुणस्तरमा भौगोलिक अवस्थाले उल्लेखनीय फरक पार्ने।
    - नेपाली बाख्राको पश्मिना विश्वमा उत्पादन हुने पश्मिनाहरू मध्ये उत्तम खालको रहेको (औषत लम्बाई ४६ मिलिमिटर र गोलाई १५.५ माईक्रोमिटर)।
    - सेतो रङ्गको च्याङ्ग्रा (बाख्रा) को छनौट र जातीय विकास गर्न सिफारिस गरिएको।

### ३.१.१.२७ पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजना (बजेट उप–शीर्षक नं. ३१२०१११३-३/४)

नेपालका मध्यपहाडी क्षेत्रमा फलफूल बालीको बगैंचा विस्तार गरी फलफूल तथा काष्ठफलको उत्पादन वृद्धि गर्दै मूल्य शृङ्खला प्रवर्द्धनमार्फत ग्रामीण रोजगारी सिर्जना गर्दै कृषकहरूको आयस्तर वृद्धि

गर्ने उद्देश्यका साथ नेपाल सरकार, एसियाली विकास बैंकको सहुलियतपूर्ण ऋण तथा अनुदान सहयोग, विश्व कृषि तथा खाद्य कार्यक्रमको अनुदान सहयोग र नेपाल सरकारको सहलागानीमा आ.व. २०७९/८० देखि २०८६/८७ सम्म सञ्चालन हुने गरी पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजना (Nuts and Fruits in Hilly Areas Project- NAFHA) लागु भएको छ। यस आ.व. मा आयोजनाको ८.६५ प्रतिशत भारित प्रगति तथा ८.१८ प्रतिशत वित्तीय प्रगति भएको थियो। यस आयोजनाबाट आ.व. २०८०/८१ मा सम्पन्न भएका क्रियापलापहरू तपसिल अनुसार रहेको छः

- आयोजनाको प्रतिफल २ मा सहयोग पुर्याउन आयोजना सञ्चालन हुने १०० स्थानीय तहका १०००० कृषक घरधुरीलाई कृषक पोषण पाठशाला सञ्चालन तथा तरकारी, पोषणयुक्त बाली तथा फलफूल उत्पादनमा सहयोग पुर्याउन GAFSP को TA मार्फत ३ मिलियन USD बराबरको कार्यक्रम सञ्चालनका लागि अर्थ मन्त्रालयको सहमतिमा कृषि तथा पशुपन्छी विकास मन्त्रालय र विश्व खाद्य कार्यक्रम, नेपालबीच मिति २०८०/०८/१७ मा Implementation agreement भएको।
- गुनासो व्यवस्थापन कार्यविधि, २०८० र कृषक समूह, सहकारी तथा कृषि उद्यमीहरूका लागि अनुदान व्यवस्थापन कार्यविधि, २०८१ स्वीकृत भएको।
- कृषक समूह, सहकारी तथा कृषि उद्यमीहरूबाट सुन्तलाजात फलफूल बालीको नयाँ बगैंचा स्थापना तथा विस्तारका क्रियाकलापहरू सञ्चालन भएको।
- ५ वटा प्रदेशबाट छुट्टाछुट्टै Farmers group and cooperative facilitation परामर्श सेवा खरिदको कार्य अघि बढेको। केन्द्रीय आयोजना व्यवस्थापन एकाइबाट Project Implementation Support Consultant खरिदको लागि प्राविधिक मूल्याङ्कन सम्पन्न गरी छनौटको क्रममा रहेको।
- पहिलो ब्याचमा वर्षे फलफूल बालीको नयाँ बगैंचा स्थापना तथा विस्तारको लागि कर्मचारी परिचालन भएको।
- निजी फलफूल नर्सरी सुदृढिकरण कार्यक्रम सञ्चालन कार्यविधि, फलफूल बिरूवा उत्पादन तथा व्यवस्थापन प्राविधिक मापदण्ड, २०८१ तथा अगुवा कृषक परिचालन कार्यविधि, २०८१ को मस्यौदा तयार गरी मन्त्रालयमा स्वीकृतिको क्रममा रहेको।
- आयोजना लक्षित फलफूल बालीहरूको Package of Practice (PoP) तयारीको लागि विज्ञहरूको छनौट गरिएको।

### ३.१.१.२८ पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी परिषद् (बजेट उप–शीर्षक नं. ३१२४११०२–३/४)

यस परिषद्बाट आ.व. २०८०/८१ मा सम्पन्न भएका क्रियापलापहरू तपसिल अनुसार रहेको छः

- शिक्षण संस्था र विश्वविद्यालयका प्राज्ञिकहरूसँग पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी परिषद् ऐन, २०७९ कार्यान्वयन सम्बन्धी अन्तरक्रिया/छलफल कार्यक्रम सम्पन्न भएको जसमा ५५ जना विश्वविद्यालयका प्राज्ञिक सहभागी भएको र ऐन कार्यान्वयनको लागि महत्वपूर्ण रायसुझाव प्राप्त भएको।

- नयाँ दर्ता हुने पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायीलाई अभिमुखिकरण गर्ने कार्यक्रम सात प्रदेशमा सात पटक भएको जसमा १५२७ जना लाभान्वित भएका छन्। उक्त कार्यक्रममा गण्डकी, बागमती प्रदेशमाबाहेक माननीय प्रदेश मन्त्रीज्यूहरूको सहभागिता भएको थियो।
- सरोकारवालासँग ऐन, नीति, नियम, कानुन, मापदण्ड तयारी छलफल कार्यक्रम ५ पटक सम्पन्न भई ऐन, नीति, नियम, कानुन, मापदण्ड तयारीका लागि महत्वपूर्ण सुझाव तथा code of Ethics तयारीको लागि डकुमेन्ट तयार भएको।
- परिषद्को नियमावली तयार भई नेपाल सरकार मन्त्रिपरिषद्को बैठकबाट स्वीकृत भई जारी भएको।
- पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायीहरूको दर्ता प्रक्रिया Online प्रक्रियाबाट सुरू भएको।
- विभिन्न स्वदेश तथा बिदेशमा क्रियाशील पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायीसँग सम्पर्क र समन्वय भएको।
- विश्वविद्यालय तथा सिटिइभिटीसँग पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायीहरूको लागि निरन्तर शिक्षाको लागि पहल भएको।

## ३.१.२ दोस्रो प्राथमिकता प्राप्त कार्यक्रम/आयोजना र उपलब्धिहरू (P2)

### ३.१.२.१ कपास विकास समिति (बजेट उप-शीर्षक नं. ३१२८१०११- ३/४)

कपास विकास समितिमार्फत आ.व. २०८०/८१ मा सम्पन्न मुख्य मुख्य उपलब्धिहरू तपसिल बमोजिम रहेका छन्।

- Ginning, Delinting and Baling तर्फ दाङ र बाँके जिल्लाका २०५ जना कपास खेतीमा संलग्न कृषक परिवारहरूबाट १९.४ मे.टन. बीउसहितको कपास (Seed cotton) खरिद भएको जसबाट प्रशोधन (Ginning and delinting) पश्चात ६.१ टन कपास रेशा (Fibre), २७७ के.जी. फज (Fuzz) कपास र ९.६७ टन वीयाँ (अप्रशोधित बीउ) र ३.१२५ प्रशोधित बीउ प्राप्त गरिएको छ। ६.१ मे टन कपास रेसा बेलिङ भएको। साथै करिब ६.१ टन कपास रेशा, २७७ के.जी. फज कपास र ४३ टन अप्रशोधित कपास बीउ बिक्रीका लागि मूल्य निर्धारण गर्न फाइल तयार भएको।
- ११० हेक्टरको कपास खेतीको लागि ३५० भन्दा बढी कृषकहरू माझ करिब २००० के.जी. कपास बीउ ५० प्रतिशत अनुदानमा बिक्री भएको।
- विषादी तथा सुक्ष्मतत्व करिब ७८९ के.जी. र स्प्रेर ट्याङ्क ४५ थान ५० प्रतिशत अनुदानमा वितरण भएको।
- आ.व. २०८१/८२ को लागि अनमोल जात- १.५ हे. (स्थानः जमुनी फार्म, बर्दिया) र सुफलम जात- १ हे. (स्थानः तारातال, बर्दिया र टरीगाउँ फार्म, दाङ) मा बीउ उत्पादन कार्यक्रम सञ्चालनमा रहेको छ।

### ३.१.२.२ नेपाल पशु चिकित्सा परिषद् (बजेट उप-शीर्षक नं. ३१२४१०११- ३/४)

नेपाल पशु चिकित्सा परिषद्मार्फत आ.व. २०८०/८१ मा सम्पन्न मुख्य मुख्य उपलब्धिहरू तपसिल बमोजिम रहेका छन्।

- तीन पटक पशु चिकित्सकको नाम दर्ता परीक्षा सञ्चालन गरी २१९ जनाको नाम दर्ता गरी २१९ जना नयाँ दर्तावाल पशु चिकित्सकलाई अभिमूखीकरण गरिएको।
- सात वटा प्रदेशहरूमा ७८१ जना दर्तावाल पशु चिकित्सकहरूलाई आचारसंहिता कार्यान्वयन सम्बन्धी अभिमूखीकरण गरिएको।
- ७६ जना विशेषज्ञ पशु चिकित्सकको नाम दर्ता गरिएको।
- लम्पिस्किन रोग र अफ्रिकन स्वाइन फिवर रोग जस्ता महामारी नियन्त्रण गर्न भेटेरिनरी सेवाको कानुनी पुन संरचनाको लागि नेपाल सरकारलाई परामर्श दिइएको।
- तीनवटै भेटेरिनरी शिक्षण संस्थाको न्यूनतम मापदण्ड स्वीकृत गरी कार्यान्वयन गर्न आवश्यकता अनुसार अनुगमन निरीक्षण गरिएको।
- उजुरी छानविन ३५ वटा, नो अव्जेक्सज जारी ८५ वटा, ईथिकल एप्रूभल ३७ जना र प्रदेशसँगको सहकार्यमा १८९ जना पशु चिकित्सकलाई तालिम प्रदान गरिएको।
- डिजिटल काउन्सिल (VCOS) र पुस्तकालयको उद्घाटन तथा परिषद्ले प्राप्त गरेको ISO ९००१:२०१५ प्रमाणपत्रको लोकार्पण कार्यक्रम माननीय कृषि तथा पशुपन्छी विकास मन्त्रीबाट सम्पन्न भएको।

### ३.१.२.३ राष्ट्रिय चिया तथा कफी विकास बोर्ड (बजेट उप-शीर्षक नं. ३१२३१०११- ३/४)

राष्ट्रिय चिया तथा कफी विकास बोर्ड अन्तर्गत आ.व. २०८०/८१ मा सञ्चालन भएका मुख्य क्रियाकलाप तथा उपलब्धिहरू तपसिल बमोजिम रहेका छन्।

- राष्ट्रिय चिया प्रदर्शनी तथा टि टेस्टीङ कार्यक्रम २०८० माघ २६ र २७ गते नारायणी नदी किनार, चितवनमा पहिलो पटक "स्वदेशमा उत्पादित चियाको सेवन गरौं, स्वस्थ, समृद्ध र आत्मनिर्भर बनौं, भन्ने मूल नाराका साथ नेपालमा उत्पादित चियाको देशभित्रै खपत बढाउने र यसका फाइदाहरूको विषयमा जानकारी दिने साथै चियाको सही रूपमा सेवन गर्न चिया सँस्कृतिको विकास गर्ने उद्देश्यले बृहत राष्ट्रिय चिया प्रदर्शनी तथा टि टेस्टीङ्ग कार्यक्रम आयोजना गरियो। सो कार्यक्रममा चियाका मुख्य जिल्लाहरू झापा, इलाम, धनकुटा, तेह्रथुम, भोजपुर, संखुवासभा, पाँचथर, सिन्धुपाल्चोक, ललितपुर, कास्कीदेखि पश्चिमसम्म उत्पादित चियाको ३२ वटा स्टलमार्फत प्रदर्शन गरिएको कार्यक्रमको १०००० भन्दा बढी चिया पारखीहरूले अवलोकन गरेका थिए।
- नेपाल टि सेक्टर डेभलपमेन्ट रणनीतिको ड्राफ्ट तयार गरिएको छ भने नेपालबाट चिया निर्यातका लागि सम्भाव्य १० वटा अन्तर्राष्ट्रिय मुलुक पहिचान गरिएको छ।
- देशका विभिन्न क्षेत्रहरूमा चिया/कफी कृषक/उद्योगी/व्यवसायीहरूले भोगिरहेका विविध समस्याहरूको सहजीकरणको लागि तथा चिया र कफीको प्रवर्द्धनका लागि स्थानीय सरकार, प्रदेश सरकार तथा सङ्घीय सरकारका सम्बन्धित निकायहरूसँग समन्वयका लागि स्थानीय तथा प्रदेश सरकार र चिया/कफी सरोकारवालाहरूसँगको समन्वय बैठक (कोशी, कर्णाली, बागमती र सुदुरपश्चिम प्रदेशस्तरीय प्रादेशिक समन्वय गोष्ठी) तथा सुदुरपश्चिम प्रदेशस्तरीय चिया कफी समन्वय गोष्ठी सम्पन्न भएको छ।

- नेपालको चियाको दीर्घकालीन अन्तर्राष्ट्रिय बजार विस्तार गर्ने क्रममा पाकिस्तानमा राम्रो मूल्यमा चिया बिक्री गर्न सकिने र तत्कालै ३५ देखि ४० हजार के.जी. चिया पाकिस्तान निर्यात गर्ने क्रममा रहेको छ। नेपालले वार्षिक रूपमा ३ करोड चिया उत्पादन गर्दै आएकोमा १ करोड ६५ लाख चिया निर्यात गर्दै आएको छ।
- चिया खेती गर्ने कृषकहरूलाई गुणस्तरीय चिया उत्पादनको लागि NISTEP परियोजनासँग सहकार्य गरी ईलाममा ७ दिने चिया Tipping र Plucking सम्बन्धी तालिम ६४ स्थानमा सञ्चालन गरिएको जसबाट ३१०८ भन्दा बढी चिया कृषकहरू लाभान्भित भएका छन् भने तालिमबाट स्पेसियालटि चिया उत्पादनमा सहयोग पुग्नेछ।
- नेपालको चियाको आफ्नै क्लोन विकास गर्नको लागि नेपाल कृषि अनुसन्धान परिषद्सँग भएको सम्झौता बमोजिम प्राविधिक समिति गठन गरी कार्य सुरू भएको जसले समग्र चियामा विकास गर्न सकिने क्लोनको विषयमा आवश्यक अध्ययन/अनुसन्धान पश्चात् नेपालमा आफ्नै क्लोंन विकास भई भौगोलिक सङ्केत चिन्ह प्राप्त गर्न सहज हुनेछ।
- राष्ट्रिय चिया तथा कफी विकास बोर्डबाट NISTEP परियोजना अन्तर्गत Traceability Software System का लागि २३ वटा प्रशोधन कारखानाहरूलाई ल्यापटप २३ थान, कम्प्युटर ५६ थान, प्रिन्टर २३ थान, QR Scanner २३ थान लगायत यस system लाई लागु गर्न प्रथम र दोस्रो चरणमा गरी २३ वटै प्रशोधन केन्द्रबाट परिचालित प्रतिनिधि लगायत बोर्डका प्राविधिकहरूलाई चियामा ट्रेसेविलिटि सिस्टम सम्बन्धी तालिम प्रदान गरियो।
- विभिन्न जिल्लाहरूमा चिया/कफीको प्राङ्गारिक उत्पादन प्रविधि, असल कृषि अभ्यास कृषक पाठशाला तथा उत्पादन र प्रशोधन, गुणस्तर व्यवस्थापन प्रविधिबारे तालिमहरू सञ्चालन गरिएको छ जसबाट १०२५ जनाभन्दा बढी कृषकहरू प्रत्यक्ष रूपमा लाभान्वित भएका छन् भने चिया तथा कफी प्रशोधन उद्योगहरूको अनुगमन, मापदण्ड तयार लगायतका कार्यहरू पनि सञ्चालन भएको छ।
- मिति २०२३ सेप्टेम्बर २५-२९ सम्म भारतको बेंगलोरमा भएको International Coffee Organization (ICO) को १३६औं सम्मेलनमा राष्ट्रिय चिया तथा कफी विकास बोर्डबाट कार्यकारी निर्देशक डा. विष्णु भट्टराईज्यूको संयोजकत्वमा बोर्डबाट ३ सदस्यीय टोली उपस्थिति जनाई नेपाली कफीको वर्तमान अवस्था र अवसरहरूबारे विस्तृत जानकारी दिई नेपालमा कफी क्षेत्रको विकासका लागि प्रविधि तथा अनुसन्धानमा सहयोग गर्न अन्तर्राष्ट्रिय कफी सरोकारवालाहरूसँग अपिल गरिएको।
- आ.व. २०८०/८१ को लागि कृषकस्तरमा उत्पादन हुने काँचो कफीको न्यूनतम मूल्य (फ्रेस चेरी कफी ग्रेड A रू. १००।-, ग्रेड B रू. ९०।- प्रति केजी, पार्चमेन्ट कफी ग्रेड A रू. ५००।-, ग्रेड B रू. ४५०।- प्रति केजी, ड्राइ चेरी ग्रेड A रू. २००।- ग्रेड B रू. १५०।- प्रति के.जी.) निर्धारण गरिएको।
- आ.व. २०७९ को कफी तथ्याङ्क १९औं राष्ट्रिय कफी दिवसको अवसरमा शुभकामना आदानप्रदानसँगै "कफी क्षेत्रको प्रवर्द्धन र संरक्षण, दिगो उत्पादनमा महिला र युवालाई प्रोत्साहन"

नाराका साथ कफीको तथ्याङ्क सार्वजनिकीकरण गरी मनाइयो। हाल नेपालमा ३१२.६५ हेक्टरमा कफीको खेती गरिँदै आएको छ जसबाट ३९४.४ मेट्रिक टन कफी उत्पादन भएको छ।

- चक्लावन्दीमा कफी क्षेत्र विस्तार कार्यक्रम (५० रोपनी जग्गा चक्लाबन्दी गरी कफी क्षेत्र विस्तार गर्ने फर्मलाई) र ५० हजार कफी नर्सरी स्थापना गर्न इच्छुक नर्सरी कर्तालाई ५०% अनुदान प्रदान गर्ने गरी प्रस्ताब आह्वान सम्बन्धी सूचना सम्बन्धित बोर्ड मातहतका कार्यालयहरूद्वारा प्रकाशन गरी आवेदन सङ्कलनमार्फत फिल्ड अनुगमन कार्य सम्पन्न गरी छनौट परेका आवेदकहरूसँग सम्झौता गरी फिल्ड व्यवस्थापनको कार्य चलिरहेको छ। यस वर्षको कार्यक्रमबाट ४५० रोपनीमा कफी विस्तार हुनेछ भने आगामी वर्षको लागि २ लाख ५० हजार बिरूवा उत्पादन गर्ने लक्ष्य राखिएको छ।
- चिया विस्तार कार्यक्रम (नर्सरी स्थापना, बिरूवा रोपण तथा मेसिन औजार सहयोग) का लागि प्रस्ताव आह्वान सम्बन्धी सूचना बोर्ड मातहतका कार्यालयहरूद्वारा प्रकाशन गरी आवेदन लिई फिल्ड अनुगमनको कार्य सम्पन्न गरिएको र छनौट गरी सम्झौतासमेत भइसकेको र फिल्ड व्यवस्थापकीय कार्य चलिरहेको छ। यो कार्यक्रमबाट करिब ७५० रोपनीमा चिया विस्तार हुनेछ भने ३ लाख चिया नर्सरी बिरूवा तयार हुनेछन्।
- कफी चेरी प्रशोधनका लागि आवश्यक कफी पल्पर मेसिन ५० प्रतिशत अनुदानमा कफी पल्पर मेसिन २४ वटा संघ/संस्था/समूह/सहकारीलाई वितरण गरिएको छ।
- राष्ट्रिय चिया तथा कफी विकास बोर्डको नियमित कार्यक्रम अन्तर्गत ८ वटा चिया विस्तार योजना कार्यालयबाट सामूहिक रूपमा सञ्चालित चियाको काटछाँट सम्बन्धी प्रयोगात्मक तालिमबाट ६ जिल्लाका ८०० जना चिया कृषकहरू लाभान्वित भएका छन्। प्रत्येक सञ्चालन गरिने काटछाँट तालिमबाट प्रत्येक वर्ष चियाको गुणस्तरीय हरियो पत्तिको उत्पादन तथा गुणस्तरमा १०-१५% वृद्धि हुनेछ ।

### ३.१.२.४ व्यावसायिक कीट विकास कार्यक्रम (बजेट उप-शीर्षक नं. ३१२०११०३-३/४)

व्यावसायिक कीट विकास कार्यक्रम आ.व. २०८०/८१ मा सञ्चालन भएका मुख्य क्रियाकलाप तथा उपलब्धिहरू तपसिल बमोजिम रहेका छन्।

- काठमाडौंको भृकुटीमण्डपमा सञ्चालन भएको ५ दिने मह मेलामा २ लाख ५० हजारभन्दा बढी दर्शकले अवलोकन गरेका, करिब २५०० के.जी. मह लगायत अन्य मौरीजन्य उत्पादनहरूको बिक्री वितरण भएको। मौरीपालन प्रविधि, विभिन्न प्रजातिको मह लगायत विभिन्न मौरीका उत्पादनहरूको ३० वटा स्टलमार्फत प्रदर्शनी भएको।
- मौरीको रानुमा कृत्रिम गर्भाधान (Instrumental Insemination) तालिममार्फत विभिन्न विश्व विद्यालयका प्राध्यापक, नेपाल कृषि अनुसन्धान परिषद्का वैज्ञानिक, मौरीको क्षेत्रमा कार्यरत कर्मचारी र व्यावसायिक कृषक गरी २१ जनालाई गुणस्तरीय रानुको आवश्यकता र ॥ queen उत्पादन गर्न सक्ने सीप प्रदान गरिएको।
- च्याउ उत्पादन, प्रशोधन तथा बजारीकरण सम्बन्धी प्रशिक्षक प्रशिक्षण (१५ दिने अधिकृतस्तर र १५ दिने सहायकस्तर) स्थानीय तह र प्रदेश तहमा कार्यरत १४ जना अधिकृतहरू र १७

जना सहायकस्तरका कृषि प्राविधिकहरूलाई प्रशिक्षण गरी प्रादेशिक प्रशिक्षकको रूपमा विकास गरिएको।

- देश भरिका १५० भन्दा बढी रेडियो स्टेशनमार्फत सूचना प्रसारण भई आम उपभोक्ता माझ महको गुणस्तर सम्बन्धी सचेतना अभिवृद्धि भएको।
- राष्ट्रिय च्याउ मेला आयोजना २०८० पौष १५ गते ललितपुरको जावलाखेलमा सञ्चालन भएको १ दिने च्याउ मेलामा ५००० भन्दा बढी दर्शकले अवलोकन गरेका, च्याउ उत्पादनको नवीनतम प्रविधि, विभिन्न प्रजातिको च्याउ र च्याउबाट बनेको परिकारहरूको प्रदर्शन भएको, ३० वटा स्टलमार्फत प्रदर्शन भएको।
- रेशम विकास केन्द्र खोपासी फार्ममा रहेका किम्बुको बगैंचामा जात अनुसारको Tagging गरिएको।
- रेशम कीरापालन सम्बन्धी सात दिने अधिकृतस्तर तथा सहायकस्तर १५ दिने प्रशिक्षक प्रशिक्षण तालिममार्फत कृषि ज्ञान केन्द्र, रेशम फार्म तथा स्थानीय तहको सिफारिसमा १८ जना अधिकृत र १७ जना सहायकस्तर कर्मचारीलाई रेशम कीरापालनसँग सम्बन्धित ज्ञान, सीप, क्षमता अभिवृद्धि गरिएको।
- पकेट क्षेत्रमा रेशम कीरापालन तथा कोकन उत्पादन तालिम ६ वटा पकेटका कृषकहरूलाई प्रदान गरी सीप तथा क्षमता अभिवृद्धि गरिएको।
- रेशम कीराको मातृस्रोत संरक्षणतर्फ ३२ जातको Bivoltine र १ जातको Multivoltine गरी ३३ जातका शुद्ध मातृस्रोत संरक्षण तथा वर्णशङ्कर फुल उत्पादन र वितरण भएको।

**३.१.२.५ केन्द्रीय कृषि प्रयोगशाला कार्यक्रम (बजेट उप-शीर्षक नं. ३१२०११०५-३/४)**

केन्द्रीय कृषि प्रयोगशाला कार्यक्रम अन्तर्गत आ.व. २०८०/८१ मा सञ्चालन भएका मुख्य क्रियाकलाप तथा उपलब्धिहरू तपसिल बमोजिम रहेका छन्।

- सुक्ष्म जीवजन्य जैविक विषादी (Trichoderma) आदिको Mother culture संरक्षण, उत्पादन तथा वितरण कार्यक्रम अन्तर्गत विभिन्न प्रयोगशालाहरू र IPM स्रोत केन्द्रहरूलाई विभिन्न प्रजातिका Trichoderma को mother culture उपलब्ध गराइएको। गहुँ, मकै र कोदोमा culture गरिएका १५० प्याकेट (२५० ग्राम) Trichoderma कृषकहरूलाई वितरण गरिएको तथा सोको उपयोगिता र प्रयोग सम्बन्धी जानकारी प्रदान गरिएको।
- धरान, सिन्धुली, ढल्केबार कावासोती र सुर्खेतमा केन्द्रीय कृषि प्रयोगशालाबाट प्रयोगशाला उपकरणहरू खरिद तथा जडान, प्रयोगशाला सामग्री लगायत कार्यालय व्यवस्थापन र करारमा एक एक जना कृषि प्राविधिक र कार्यालय सहयोगीको व्यवस्था गरी धरान, सिन्धुली र ढल्केबारमा पूर्व परीक्षण कार्य (Trial Operation) सुरू भएको र सुर्खेत तथा कावासोतीमा सुरू हुने क्रममा रहेको।
- नयाँ स्थापना हुने RBPR प्रयोगशालाका नियुक्त प्राविधिक कर्मचारीहरू साथै सङ्घीय, प्रादेशिक तथा स्थानीयस्तरमा स्थापना भएका RBPR प्रयोगशालाका कर्मचारीहरूको लागि विषादी अवशेष द्रूत विश्लेषण सम्बन्धी ४ दिने तालिममा १८ जना सहभागीहरूलाई कार्वामेट र अर्गानोफस्फेट

समूहका विषादीहरूको अवशेष विश्लेषण कार्यमा प्रशिक्षित गरिएको र नयाँ RBPR प्रयोगशाला एकाइहरूमा परीक्षण कार्य testing phase मा सुरूवात भएको।

- २३६ वटा माटोका नमुनाहरूको विभिन्न तत्वहरू प्राङ्गारिक पदार्थ, पिएच, नाइट्रोजन, फस्फोरस, पोटास विश्लेषण कार्य सम्पन्न गरिएको छ। यसै गरी ८ वटा रासायनिक मल, ४० वटा प्राङ्गारिक मल र ४ वटा कृषि चुनको गुणस्तर परीक्षण गरिएको र ४८ वटा माटोका नमुनाहरूमा सुक्ष्म खाद्यतत्त्व (जीक, आईरन, कपर, म्याग्निज) विश्लेषण कार्य सम्पन्न भएको। साथै ६२८ वटा बीउ नमुना परीक्षण भएकोमा क्रसचेक परीक्षण जम्मा ३९१ वटा नमुना, सेवाग्राही नमुना परीक्षण जम्मा ११८ वटा, Trend Analysis अन्तर्गत २७ वटा नमुना परीक्षण, ISTA बाट प्राप्त मध्यस्थ नमुना ९ वटा, विभिन्न सङ्घीय, प्रादेशिक तथा निजी प्रयोगशालामा ३ पटकमा जम्मा ९ वटा नमुना परीक्षण. अनुगमनबाट प्राप्त ३२ वटा नमुना परीक्षण, मूल बीउमा ४ वटा नमुनामा भिगर परीक्षण र ३८ वटा गार्ड नमुना परीक्षण कार्य सम्पन्न गरिएको। त्यसै गरी सात वटा विषादी अवशेष द्रुत विशेषण प्रयोगशाला एकाइ (RBPR) हरूबाट ८५६० वटा ताजा तरकारी तथा फलफूलका नमुनाहरूमा कार्वामेट र अर्गानोफस्फेट समूहका कीटनाशक विषादीहरूको अवशेष परीक्षण गरिएकोमा ८४८८ वटा नमुनाहरू उपभोग योग्य देखिएको, २६ वटा नमुनाहरू क्वारेन्टिन गर्नु पर्ने र ४६ वटा नमुनाहरू उपभोग अयोग्य देखिएकोले नष्ट गरिएको छ।
- बाली संरक्षण समिति नेपालसँगको सहकार्यमा बायो-सेक्युरिटी विषयमा अन्तर्राष्ट्रियस्तरमा भई गरेका प्रयोगबारे जानकारी लिने र सो अनुरूप नेपालको क्वारेन्टिन र बायो-सेक्युरिटी प्रणालीलाई थप सबल, सुदृढ र प्रभावकारी बनाउन सम्बन्धित राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय विज्ञहरूको अनुभव र विज्ञताको experience sharing कार्यक्रम (Technical Talk Program) सञ्चालन गरिएको।
- विभिन्न सङ्घीय तथा प्रादेशिक बीउबिजन प्रयोगशालामा कार्यरत ९ जना प्राविधिक कर्मचारीलाई बीउबिजन नमुना सङ्कलन एवम् विश्लेषण, प्रयोगशाला उपकरण क्यालीब्रेसन एवम् आन्तरिक अडिट विषयहरूमा सीप र ज्ञानको विकास, क्षमता अभिवृद्धि कार्य गरी प्रयोगशालाको परीक्षण कार्यमा गुणस्तरीयता र एकरूपता कायम गर्न सहयोग पुगेको।
- आ.व. २०७९/८० मा निर्माण गरिएको “तन्तु प्रजनन् प्रयोगशाला सञ्चालन सम्बन्धी मापदण्ड” उपर आवश्यक संशोधन गर्न प्राविधिक समिति गठन गरी “तन्तु प्रजनन् प्रयोगशाला सञ्चालान सम्बन्धी मापदण्ड” एवम् “Standard Operating Procedure of Commercial Plant Tissue Culture Laboratory” तयार गरिएकोमा मिति २०८१/०३/२१ गते कार्यशाला गोष्ठी सञ्चालन गरी Validate गरिएको।
- विभिन्न सङ्घीय तथा प्रादेशिक बीउबिजन प्रयोगशाला तथा निजीस्तरमा सञ्चालन भएका अनुमति प्राप्त प्रयोगशालाहरूबाट ३९१ नमुनाको क्रसचेक कार्य सम्पन्न गरी रिपोर्टिङ गरिएको।
- विभिन्न सरोकारवालामार्फत प्राप्त बीउबिजनका नमुनाहरूको सङ्कलन तथा परीक्षण गरी बीउबिजन प्रमाणिकरण प्रक्रियामा सहयोग पुगेको।

**३.१.२.६ राष्ट्रिय दुग्ध विकास बोर्ड (बजेट उप-शीर्षक नं. ३१२१७५-३/४)**

राष्ट्रिय दुग्ध विकास बोर्ड अन्तर्गत आ.व. २०८०/८१ मा सञ्चालन भएका मुख्य क्रियाकलाप तथा उपलब्धिहरू तपसिल बमोजिम रहेका छन्।

- दुग्ध सूचना प्रणाली प्रयोगबारे अभिमूखीकरण कार्यक्रमतर्फ सहकार्यमा दुग्ध सहकारी तथा उद्योगहरूलाई प्रदेशस्तरीय राष्ट्रिय सूचना प्रणाली (Apps) प्रयोगको बारेमा अभिमूखीकरण कार्यक्रम ललितपुर जिल्लाको चापागाउँमा मिति २०८१ बैशाख २५ गते र तनहुँमा वि.सं. २०८१ असार १ गते सम्पन्न गरिएको छ। कार्यक्रममा सहकारी संस्था, फर्म र उद्योगबाट ५९ जना सहभागी थिए।
- अनौपचारिक क्षेत्रका दूध औपचारिक क्षेत्रमा ल्याउन अभिमूखीकरण कार्यक्रमतर्फ राष्ट्रिय दुग्ध विकास नीति, २०७८ मा औपचारिक क्षेत्रले सङ्कलन, प्रशोधन तथा बिक्री गर्ने १७ प्रतिशत दूधलाई अबको २० वर्षमा ६० प्रतिशत (वि.सं. २१००) पुर्याउने लक्ष्य लिइएको छ। त्यस अनुरूप कार्यान्वयनका लागि बोर्डले नुवाकोट तथा मोरङमा अनौपचारिकतर्फको दूध औपचारिकतर्फ ल्याउन सरोकारवाला निकायहरूका १७१ जना सहभागीहरूबीच अभिमूखीकरण अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको थियो।
- अध्ययन तथा अनुसन्धानतर्फ बोर्डले Study on Reviewing Fat and SNF Pricing system under Dual Axis Milk Pricing Regime, दुग्ध उद्योगले दूध तथा दुग्ध पदार्थको प्रशोधन तथा ढुवानी गर्दा लाग्ने लागतको अध्ययन, दूध उत्पादकहरूलाई प्रदेश सरकार र स्थानीय तहबाट प्रदान गरिएको अनुदानको प्रभावकारिता सम्बन्धी अध्ययन, दूधको लागत मूल्य र लागत घटाउने उपाय सम्बन्धी अध्ययन गरिएको थियो।
- दूध तथा दुग्धजन्य पदार्थ ढुवानी गर्ने सवारी साधनमा प्रतिक चिन्ह (लोगो) प्रयोग गर्ने सम्बन्धी कार्य विधि, २०७७ जारी गरेको छ। लोगोको प्रयोग गरी विना रोकटोक एम्वुलेन्स सरह प्राप्त अधिकारलाई दुग्ध उद्योगहरूले प्रयोग गर्न उद्योगहरूबीच एक दिने गोष्ठी ४२ जना सरोकारवाला निकायहरूबीच सम्पन्न गरेको छ।
- उपभोक्ता वर्गमा दूधको महत्व, गुणस्तर तथा स्वच्छ दूधको प्रयोग गर्न बोर्डले ३० सेकेण्डको जनचेतनामूलक विज्ञापन तयार पारी सर्वसाधारणसम्म पुर्याउन टेलिभिजन, एफ.एम. तथा रेडियोमार्फत प्रचार प्रसार गर्ने गरेको छ।
- विश्व दूध दिवस कार्यक्रम "दूध तथा दुग्ध पदार्थको सेवन दुग्ध व्यवसायको प्रवर्द्धन" नारासहित बोर्डका नि. कार्यकारी निर्देशक डा. बालक चौधरीको अध्यक्षता एवम् कृषि तथा पशुपन्छी विकास मन्त्री ज्वाला कुमारी साहको प्रमुख आतिथ्यमा मूल समारोहका साथ विभिन्न कार्यक्रमहरू गरी सम्पन्न भएको छ। सरोकारवाला निकायहरू मिली वर्षौंदेखि मनाउदै आइरहेकोमा यसपाली उद्योग, कृषि तथा सहकारी मन्त्रालय, कोशी प्रदेशका डेरी उद्योग एवम् दुग्ध व्यवसायीहरू कोशी प्रदेश व्यवस्थापनमा कोशी प्रदेश झापाको एनएमसी एग्रोफर्म मेचीनगर १४, दुआगडीमा मनाइएको थियो।

- पशु फार्म, घाँस खेती, दुग्ध उद्योग तथा दुग्ध सहकारी संस्थाहरूमा प्रयोगमा आएका नविनतम प्रविधिहरू तथा दुग्धपदार्थ विविधीकरणका नौलो आयामहरूको जानकारी दिने उद्देश्यले आ.व. २०८०/८१ मा एक वटा कृषकस्तरको (२२ जना) र एक वटा उद्योगस्तरका (१८ जना) गरी जम्मा ३० जनालाई दुई वटा अवलोकन भ्रमण कार्यक्रम सम्पन्न भयो।

## ३.२ अन्य संस्थान समितिहरू

### १. दुग्ध विकास संस्थान

दुग्ध विकास संस्थानको आ.व. २०८०/८१ को वार्षिक लक्ष्य तथा प्रगति विवरण तपसिल बमोजिम रहेको छ।

**आ.व. २०८०/८१ को वार्षिक लक्ष्य तथा प्रगति (हजारमा)**

| क्र.सं. | विवरण | एकाइ | लक्ष्य | प्रगति | प्रगति प्रतिशत | गत आ.व. को प्रगति | गत आ.व. को तुलनामा घटी/बढी % |
|---|---|---|---|---|---|---|---|
| १ | कच्चा दूध सङ्कलन | लि. | ४९४३२ | ४५१७३ | ९१.३८ | ३५५८८४ | +२६ |
| २ | प्रशोधित दूध बिक्री | लि. | ३५६७० | २६२२५ | ७३.५२ | २९४८५ | -११ |
| ३ | धुलो दूध उत्पादन | के.जी. | ६३९ | १३५३ | २११.७४ | ४४६ | +२०३ |
| ४ | मख्खन उत्पादन | के.जी. | १३६५ | १०९४ | ८०.१५ | ४४७ | +१४४ |
| ५ | पनिर उत्पादन | के.जी. | २४५ | ११७.४ | ४७.९२ | ८१ | +४४ |
| ६ | याक चिज उत्पादन | के.जी. | ६६ | ५३.३ | ८०.७६ | ६० | -११.१७ |
| ७ | कंचन चिज उत्पादन | के.जी. | ८२ | ५९.५ | ७२.५६ | ५६ | +६.२५ |
| ८ | मोजरेला चिज उत्पादन | के.जी. | ३० | १६ | ५३.३३ | २८ | -४२.८६ |
| ९ | घ्यू बिक्री | लि. | ५८६ | २९१.६ | ४९.७६ | १९७ | +४८.०२ |
| १० | पशु आहारा दाना बिक्री | के.जी. | ३५२० | ४०११ | ११३.९५ | ३२०० | +२५.३४ |
| ११ | दही बिक्री | लि. | २९६० | १६२२ | ५४.८० | १९३१ | -१६ |

### २. कालीमाटी फलफूल तथा तरकारी बजार विकास समिति

कालीमाटी फलफूल तथा तरकारी बजार विकास समिति अन्तर्गत आ.व. २०८०/८१ मा सञ्चालन भएका मुख्य क्रियाकलाप तथा उपलब्धिहरू तपसिल बमोजिम रहेका छन्।

**आम्दानी तथा खर्च स्थिति**

- आम्दानीतर्फ रू. १९,९९,५२,०००।- अनुमान गरिएकोमा रू. २१,१२,११,६४१।११ (बहाल करसहित) प्राप्त भएको र खर्चतर्फ रू. १९,९९,५२,०००।- अनुमान गरिएकोमा रू. ९,५६,२४,८५८।५८ खर्च भएको।

**बजार आगमन स्थिति**

- वार्षिक अवधिसम्ममा कालीमाटी बजार क्षेत्रमा कृषि वस्तुहरूको आगमन परिमाण २,२४,१८३ मे. टन रहेको जुन अघिल्लो आ.व. को सोही अवधिको आगमन परिमाण २,७०,९३६ मे.टनको तुलनामा १७.२५% कम रहेको।

### बजार सञ्चालन, व्यवस्थापन र अनुगमन

- समिति अन्तर्गतको कालीमाटी बजार र बालाजु बजार दैनिक र नियमित रूपमा सञ्चालन भएको। बजार सञ्चालन र व्यवस्थापनलाई बढी प्रभावकारी बनाउन बजार सञ्चालन र व्यवस्थापनतर्फका कर्मचारीहरूलाई विशेषतः कारोबारको मुख्य समय बिहानको सिफ्टमा विशेष क्रियाशील गराइएको थियो।

### बजार सरसफाइ र व्यवस्थापन

- बजार क्षेत्रभित्र उत्पन्न हुने फोहरमैला सङ्कलन र व्यवस्थापन गर्ने कार्य दैनिक तथा नियमित रूपमा भएको। बजार सरसफाइ तथा सचेतना अभियान कार्यक्रम सम्पन्न भएको। बजार क्षेत्रभित्र उत्पन्न हुने फोहरमैलालाई सड्ने र नसड्ने छुट्याई वर्गीकरण कार्यको थालनी भएको।

### बजार सूचना सेवा

- बजार क्षेत्रभित्रको आगमन परिमाण, थोक तथा खुद्रा मूल्य सङ्कलन गरी सफ्टवेयरको प्रयोगद्वारा सूचनाहरू प्रशोधन गरी समितिको वेवसाइट www.Kalimatimarket.gov.np र Kalimati Market APP मा दैनिक तथा नियमित रूपमा अद्यावधिक गर्ने गरिएको। बजार सूचनाहरूलाई Email र नोटिस वोर्ड सेवा माध्यमबाट समेत प्रवाह गर्ने व्यवस्था मिलाइएको। थोक बजार प्रवेशद्वारमा १०x१२ को LED Display Board जडान गरी सञ्चालनमा ल्याइएको छ।

### बजार निर्माण तथा मर्मत सम्भार

- कालीमाटी थोक बजारतर्फ जीर्ण माछा बजारको छाना फेर्ने, बजारको जीर्ण ४६ सेड निर्माण सुधार, चमेना गृह सुधारको कार्य, बालाजु बजारमा बागमती प्रदेशको बजेट कार्यक्रम अन्तर्गत संघ प्रदेश पूर्वाधार विकास कार्यक्रम इकाई, काठमाडौं महानगरपालिकाबाट उपभोक्ता समितिमार्फत सञ्चालित बाँकी कार्य, सभा कक्ष सुधार गर्ने कार्य सम्पन्न भएको। कालीमाटी बजारको ३८ सेड निर्माण सुधारको लागि सम्झौता भई कार्य चालु रहेको। नौबिसे केन्द्रमा सिमा पर्खाल निर्माण कार्यको लागत अनुमान कार्य सम्पन्न भएको। कालीमाटी बजार तथा बालाजु बजार क्षेत्रभित्र विविध निर्माण मर्मत सुधारका कार्यहरूका लागि लागत अनुमानका कार्यहरू भएको छ।

### स्टल वितरण र पुनः सम्झौता र संरचना सदुपयोग

- समितिको मिति २०८०।३।२६ गतेको निर्णयानुसार कार्यरत व्यवसायीहरूको २ वर्ष म्याद शर्त पूरा गरेको अवस्थामा थप्ने निर्णय भए अनुसार सूचना प्रकाशन गरिएको र समितिको निर्णयानुसार सम्झौता अवधि थपका लागि आवेदनहरू माग गरी छानबिनको प्रतिवेदन प्राप्त भई प्रक्रिया पुगेका व्यवसायीहरूसँग सम्झौता गर्ने कार्य भएको। कालीमाटी तथा बालाजु बजार क्षेत्रका रिक्त विभिन्न बन्द प्रकृतिका सटरहरू सञ्चालन, चमेना गृह, भोजनालय सञ्चालनका लागि बोलपत्र आह्वान गरी सम्झौता गर्ने कार्य भएको।

### व्यवसायीहरूसँगको मुद्दा मामिला सम्बन्धमा

- समितिलाई विपक्षी बनाई उच्च अदालत र सर्वोच्च अदालतमा ६ वटा उत्प्रेषण र परमादेशका मुद्दाहरू विचाराधीन रहेकोमा ४ वटा मुद्दाको फैसला भएको।

- Online Payment/ SMS Alert System: समितिको बजार क्षेत्रभित्र कार्य गर्ने व्यवसायीहरूले बुझाउनु पर्ने भाडा तथा शुल्क Online मार्फत बुझाउन सकिने र समितिको बजार क्षेत्रभित्र आगमन हुने कृषि उपज सम्बन्धी जानकारी तत्काल सम्बन्धित व्यवसायीहरूलाई जानकारी गराउनका लागि SMS Alert System कार्यान्वयनमा आएको।

**अन्तरक्रिया/अध्ययन अनुगमन**

- बजार सरोकारवाला, व्यवसायीहरू तथा विज्ञहरूको उपस्थितिमा कृषि उपजमा VAT कार्यान्वयन सम्बन्धमा तथा चाडपर्व विशेष बजार अनुगमन र मूल्य स्थिति सम्बन्धी, बिल बिजक प्रयोग, पोष्टहार्भेष्ट सुधार, बजार सम्पर्क विकास तथा विषादी न्यूनीकरण सम्बन्धी फिल्डस्तरीय अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको। कार्यरत सहकारी/कृषक समूहको स्थलगत अनुगमन लगायतका कार्यक्रमहरू सम्पन्न भएको। कृषकसँग कालीमाटी बजार कार्यक्रम अन्तर्गत ललितपुरको महाँकाल, चितवनको केरूङ्गा र मकवानपुरको मनहरी र पालुङ्गमा क्रेट हस्तान्तरण र बीउबिजन वितरणसहितको कार्यक्रम सम्पन्न भएको। समितिका पदाधिकारी, कर्मचारी र व्यवसायी प्रतिनिधि सम्मिलित २ वटा भ्रमण टोलीबाट कम्बोडिया राष्ट्रको कृषि उपज बजार र उत्पादन क्षेत्रहरूको अध्ययन अवलोकन गर्ने कार्य सम्पन्न भएको। अन्य कृषि उपज बजारहरूसँगको सम्बन्ध र समन्वय विकासका लागि समितिका पदाधिकारी र कर्मचारीहरूबाट धरान, बिर्तामोड, ढल्केबार, लालबन्दी, हेटौंडा, पोखरा लगायतका बजारमा स्थलगत अन्तरक्रिया र अध्ययन अवलोकन कार्यक्रम सम्पन्न भएको।

**उप समितिहरूको गठन**

- समितिको काम कारबाही र निर्णय प्रक्रियालाई सहज र प्रभावकारी बनाउन चमेना गृहको भाडा दर पुनर्मूल्याङ्कन गर्न, माछा बजारको वातावरण सुधार र स्थान्तरणको सुझाव पेश गर्न, समितिका पुराना समानहरू लिलाम सिफारिस गर्न, आ.व. २०८१।८२ वार्षिक कार्यक्रम बजेट तयार गर्न, व्यवसायी प्रतिनिधि निर्वाचन गर्न लगायतका कार्यहरूका लागि उप समितिहरू गठन भई प्रतिवेदन प्राप्त भएको।

## ३.३ वार्षिक अवधिमा प्रगति कम हुनाको मुख्य मुख्य कारणहरू

- रासायनिक मल खरिदमा स्वीकृत टेण्डर अनुसार आपूर्तिकर्ताले मल आपूर्ति गर्न नसकेको।
- विभिन्न निकायहरूमा आ.व. को सुरूवातमा शून्य बजेट भई वार्षिक बजेट विस्तृतिकरण तथा कार्यान्वयनमा ढिलाई भएको।
- जनशक्ति अभाव तथा सार्वजनिक खरिदको पूर्व तयारी र कार्यान्वयन चरणमा ढिलाई भएको।
- जनशक्तिको उपलब्धता र क्षमताभन्दा बढी महत्वाकाँक्षी भई बजेट तथा कार्यक्रम प्रस्ताव गरिएको।
- कार्ययोजनाको पालना हुन नसक्दा साउनमा सुरू हुने क्रियाकलाप पुस-माघसम्म पनि सुरू नभएको।
- मन्त्रालयमा रू. ४७ करोड रकम USAID अनुदान कार्यक्रम On budget off treasury प्रणालीमा रहेकोले वित्तीय प्रगति कम देखिएको।

- कार्यक्रम कार्यान्वयन कार्यविधि तर्जुमा तथा स्वीकृतिमा ढिलाई हुनु तथा परामर्श सेवा खरिद र No objection प्राप्तिमा प्रक्रियागत ढिलाई भएकाले। (NAFHA)
- दातृ निकायहरूबाट वार्षिक स्वीकृत कार्यक्रममा समावेश केही क्रियाकलाप सञ्चालन नगर्न तथा हाललाई स्थगन गर्ने सुझाव। (REED and ASDP)

परिच्छेद-४

# बेरूजु फछ्र्योटको प्रगति अवस्था

# बेरूजु फछर्यौटको प्रगति अवस्था

## ४.१ आ.व. २०८०/८१ को वार्षिक अवधिमा कृषि तथा पशुपन्छी विकास मन्त्रालय र मन्त्रालय अन्तर्गतका निकायहरूको एकमुष्ठ बेरूजु फछर्यौटको प्रगति अवस्था

आ.व. २०८०/८१ को वार्षिक अवधिमा कृषि तथा पशुपन्छी विकास मन्त्रालय र मन्त्रालय अन्तर्गतका निकायहरूको एकमुष्ठ बेरूजु फछर्यौटको प्रगति अवस्था यस प्रकार रहेको छ।

रकम रू. हजारमा

| निकाय | कूल बेरूजू (रू. हजारमा) | फछर्यौट रकम (रू. हजारमा) | फछर्यौट प्रतिशत | मन्त्रालयमा फछर्यौटका लागि तयारी अवस्थामा रहेको बेरूजु अङ्क | फछर्यौटको लागि तयारी अवस्थामा रहेको बेरूजु फछर्यौट भएमा हुने फछर्यौट प्रतिशत |
|---|---|---|---|---|---|
| सरकारी निकायतर्फ | ९३१४७७० | ० | ० | ५२६२३२८ | ५६.४९ |
| समितितर्फ | १७३४८९ | ५३० | ०३१ | ० | ० |
| **जम्मा** | ९४८८२५९ | ५३० | ०.०१ | ५२६२३२८ | ५५.४६<br>(कागजात तयारी अवस्थामा रहेको) |

## ४.२ सरकारी निकायतर्फको बेरूजु र बेरूजु फछर्यौट विवरण

आ.व. २०८०/८१ को वार्षिक अवधिमा कृषि तथा पशुपन्छी विकास मन्त्रालय र अन्तर्गत रहेका सरकारी निकायहरूको एकमुष्ठ बेरूजु रकम तथा बेरुजु फछर्यौट प्रतिशत यस प्रकार रहेको छ।

रकम रू. हजारमा

| क्र. सं. | सरकारी निकायको नाम | २०८१ आषाढ मसान्तसम्मको बेरूजुको प्रगति | | | | मन्त्रालयमा फछर्यौटका लागि तयारी अवस्थामा रहेको बेरूजु अङ्क | फछर्यौटको लागि तयारी अवस्थामा रहेको बेरूजु फछर्यौट भएमा हुने फछर्यौट प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | | लगत अङ्क | फछर्यौट अङ्क | फछर्यौट प्रतिशत | बाँकी | | |
| १ | कृषि तथा पशुपन्छी विकास मन्त्रालय (क+ख+ग+घ) कूल जम्मा | ६५५१३४९ | ० | ०.०० | ६५५१३४९ | ५०३८४१५ | ७६.९१ |
| क | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | ५९२०४५९ | ० | ०.०० | ५९२०४५९ | ५०३८४१५ | ८५.१० |
| ख | कृषि तथा खाद्य सुरक्षा आयोजना | १८२६७८ | ० | ०.०० | १८२६७८ | ० | ०.०० |
| ग | व्यावसायिक कृषि तथा व्यापार आयोजना | १८०५६३ | ० | ०.०० | १८०५६३ | ० | ०.०० |
| घ | किसानका लागि उन्नत बीउबिजन कार्यक्रम | २६७६४९ | ० | ०.०० | २६७६४९ | ० | ०.०० |
| २ | कृषि विभाग | ४९४७१५ | ० | ०.०० | ४९४७१५ | ० | ०.०० |
| ३ | पशु सेवा विभाग | १०१७३८२ | ० | ०.०० | १०१७३८२ | २०८० | ०.२० |
| ४ | खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग | १६११६७ | ० | ०.०० | १६११६७ | ० | ०.०० |

| क्र. सं. | सरकारी निकायको नाम | २०८१ आषाढ मसान्तसम्मको बेरूजुको प्रगति | | | | मन्त्रालयमा फछर्यौटका लागि तयारी अवस्थामा रहेको बेरूजु अङ्क | फछर्यौटको लागि तयारी अवस्थामा रहेको बेरूजु फछर्यौट भएमा हुने फछर्यौट प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | | लगत अङ्क | फछर्यौट अङ्क | फछर्यौट प्रतिशत | बाँकी | | |
| ५ | कृषि सूचना तथा प्रशिक्षण केन्द्र* | २३०७५ | ० | ०.०० | २३०७५ | ० | ०.०० |
| ६ | कृषि क्षेत्र विकास कार्यक्रम ASDP | ८०६२९ | ० | ०.०० | ८०६२९ | ० | ०.०० |
| ७ | नेपाल लाईभस्टक सेक्टर इनोभेशन आयोजना NLSIP | १५५६१३ | ० | ०.०० | १५५६१३ | ६६९२३ | ४३.०१ |
| ८ | प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना PMAMP | ६४७२४१ | ० | ०.०० | ६४७२४१ | ३९४१ | ०.६१ |
| ९ | राष्ट्रिय किसान आयोग | ० | ० | ०.०० | ० | ० | ०.०० |
| १० | बीउ प्रवर्द्धन तथा गुण नियन्त्रण केन्द्र | १८१ | ० | ०.०० | १८१ | ० | ०.०० |
| ११ | प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्र | २५६१ | ० | ०.०० | २५६१ | ० | ०.०० |
| १२ | खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना FANSEP | १७६११३ | ० | ०.०० | १७६११३ | १५०८१८ | ८५.६४ |
| १३ | ग्रामीण उद्यम तथा आर्थिक विकास आयोजना REED | ४७४४ | ० | ०.०० | ४७४४ | १५१ | ३.१८ |
| | **जम्मा** | ९३१४७७० | ० | ०.०० | ९३१४७७० | ५२६२३२८ | ५६.४९ |

# ४.३ समितितर्फको बेरूजु र बेरूजु फछर्यौट विवरण

आ.व. २०८०/८१ को वार्षिक अवधिमा कृषि तथा पशुपन्छी विकास मन्त्रालय अन्तर्गत रहेका विभिन्न परिषद्, समिति, बोर्ड, कम्पनी, कोषतर्फको एकमुष्ठ बेरुजु रकम, बेरुजु फछर्यौट रकम तथा बेरुजु फछर्यौट प्रतिशत देहाय अनुसार रहेको छ ।

| क्र.सं. | समिति तर्फ | २०८१ आषाढ मसान्तसम्मको बेरूजुको प्रगति | | | | मन्त्रालयमा फछर्यौटका लागि तयारी अवस्थामा रहेको बेरूजु अङ्क | फछर्यौटको लागि तयारी अवस्थामा रहेको बेरूजु फछर्यौट भएमा हुने फछर्यौट प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | | लगत अङ्क | फछर्यौट अङ्क | फछर्यौट प्रतिशत | बाँकी | | |
| १ | कपास विकास समिति | ४८३२ | ० | ०.०० | ४८३२ | ० | ०.०० |
| २ | नेपाल कृषि अनुसन्धान परिषद् | १२११३४ | ० | ०.०० | १२११३४ | ० | ०.०० |
| ३ | कालीमाटी फलफूल तथा तरकारी बजार विकास समिति | ५०१० | ० | ०.०० | ५०१० | ० | ०.०० |

| क्र.सं. | समिति तर्फ | २०८१ आषाढ मसान्तसम्मको बेरूजुको प्रगति | | | | मन्त्रालयमा फछर्यौटका लागि तयारी अवस्थामा रहेको बेरूजु अङ्क | फछर्यौटको लागि तयारी अवस्थामा रहेको बेरूजु फछर्यौट भएमा हुने फछर्यौट प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | | लगत अङ्क | फछर्यौट अङ्क | फछर्यौट प्रतिशत | बाँकी | | |
| ४ | राष्ट्रिय चिया तथा कफी विकास बोर्ड | ११३०५ | ० | ०.०० | ११३०५ | ० | ०.०० |
| ५ | चन्द्रडाँगी बीउबिजन तथा दुग्ध उत्पादन समिति | २५६९ | ० | ०.०० | २५६९ | ० | ०.०० |
| ५ | नेपाल उखु तथा चिनी विकास समिति | १७५ | ० | ०.०० | १७५ | ० | ०.०० |
| ६ | कमर्सियल एलाईन्स | २६४१ | ० | ०.०० | २६४१ | ० | ०.०० |
| ७ | राष्ट्रिय दुग्ध विकास बोर्ड | २९३२ | ५३० | १८.०८ | २४०२ | ० | ०.०० |
| ९ | पशु विकास फार्म | ७०३ | ० | ०.०० | ७०३ | ० | ०.०० |
| १० | मत्स्य विकास फार्म | १६ | ० | ०.०० | १६ | ० | ०.०० |
| ११ | कृषि चुन उद्योग | १४०६३ | ० | ०.०० | १४०६३ | ० | ०.०० |
| १२ | कृषि औजार कारखाना | ८१०९ | ० | ०.०० | ८१०९ | ० | ०.०० |
| | **जम्मा** | १७३४८९ | ५३० | ०.३१ | १७२९५९ | ० | ०.०० |
| | **कूल जम्मा सरकारी निकाय र समितिसमेतको** | ९४८८२५९ | ५३० | ०.०१ | ९४८७७२९ | ५२६२३२८ | ५५.४६ |

परिच्छेद-५

# नीति तथा कार्यक्रमहरूको प्रगति

# बजेट वक्तव्यमा समावेश भएका कृषि क्षेत्रसँग सम्बन्धित बुँदाहरूको प्रगति विवरण

| बजेट वक्तव्य बुँदा नं. | बजेट वक्तव्यको व्यहोरा | प्रगति |
|---|---|---|
| ८४ | राष्ट्रिय अर्थतन्त्रको प्रमुख आधारको रूपमा रहेको कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न जोड दिइनेछ। कृषि क्षेत्रको आधुनिकीकरण र व्यावसायीकरण तथा कृषि उपजको भण्डारण र बजारीकरणको समुचित प्रबन्ध मिलाइनेछ। खाद्य तथा पोषण सुरक्षालाई उच्च प्राथमिकता दिई कार्यक्रम सञ्चालन गरिनेछ। | • खाद्यान्न बालीको (धान गँहु मकै-३१२२ हेक्टर, स्याउ/ ओखर २९६.८ हे., तरकारी बालीको ३८४ हे., सुन्तला ३९७ हे., आँप १५० हे., केरा १८० हे., अदुवा बेसार १० हे., अलैंची ६३.१४ हे, आलु २५०.४ हे., मत्स्य पोखरी ५३ हे., कफी २९.४ हे. र किवी ११ हे. गरी कूल ४ हजार ९ सय १९ हेक्टरमा विभिन्न बालीको क्षेत्र विस्तार भएको।<br>• कृषि क्षेत्र विकास कार्यक्रममार्फत कर्णाली प्रदेशका १० जिल्लामा ३ वटा सेवा प्रदायक/व्यवसायीहरूलाई तरकारी, दूध, फलफूल तथा प्राङ्गारिक कृषि उत्पादनको वृद्धिका लागि करिब ४९६ वटा समूह/सहकारीहरूमा उक्त बाली/वस्तुको मूल्य शृङ्खला विकासका लागि रू. १९ करोड ५७ लाख ४७ हजार सहलगानी भएको।<br>• १०१ वटा दुग्ध, १८२ वटा बाखा, ८४ वटा रैथाने बाली, ६८ बेमौसमी तरकारी र १३ वटा बीउ आलु, १७ वटा वेसार र १६ अदुवाको मूल्य शृङ्खलामा सहलगानी भई ९२५ वटा भैंसी गोठको थलो निर्माण भएको, २१०० वटा बाखाको खोर निर्माण भएको र ४४० वटा बाँसको प्लाष्टिक घर निर्माण भएको।<br>• खाद्य तथा पोषण सुरक्षा सुधार आयोजनाबाट पुरक अनुदानका ७० वटा तथा साना अनुदानका ८२ वटा र मागमा आधारित कार्यक्रम ३९१ वटा उपआयोजनाहरू सञ्चालन भई ११००० लाभग्राही प्रत्यक्ष लाभान्वित भएका। कृषि तथा पशुपालनका विविध विधामा व्यावसायीकरण सुरूवात हुनाको साथै पोषण सुधारका १५६ वटा उपआयोजनाहरूबाट लगभग ३००० महिलाहरू प्रत्यक्ष लाभान्वित भई पोषण सुधार तथा महिलाहरूको कार्यबोझमा न्यूनिकरण भएको। |
| ८५ | उत्पादन साथमा अनुदान हातमा भन्ने नाराका साथ कृषि अनुदानलाई उत्पादनमा आधारित बनाइनेछ। बीउ खरिद, रासायनिक मल, बीमा र यान्त्रिकीकरणमा दिइँदै आएको अनुदानबाहेकका सबै प्रकारका कृषि अनुदानलाई उत्पादनमा आधारित बनाइनेछ। यस बमोजिम अनुदान प्रणालीलाई व्यवस्थित र पारदर्शी बनाउन आगामी साउन मसान्तभित्र नँया मापदण्ड र कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ। यसबाट कृषिमा प्रदान गरिँदै आएको अनुदान सदुपयोग नभएको भन्ने आम गुनासो सम्बोधन हुने र वास्तविक किसान लाभान्वित भई कृषि उत्पादन बढाउन सघाउ पुग्ने अपेक्षा गरेको छु। प्रदेश तथा स्थानीय तहले समेत उत्पादनमा आधारित कृषि अनुदान प्रणाली अवलम्बन गर्ने विश्वास लिएको छु। | • उखु प्रवर्द्धन खर्च वापत गत आर्थिक वर्षमा कञ्चनपुर, सुनसरी, सिराहा, महोत्तरी, रौतहट, सर्लाही, नवलपरासी तथा बारा गरी ८ जिल्लाका ६५ हजार कृषकहरूबाट उत्पादन भएको १ करोड ८९ लाख ६७ हजार क्वीन्टल उखुका लागि प्रति क्वीन्टल रू .७० का दरले चालु आर्थिक वर्षमा कूल १ अर्ब ३२ करोड ७७ लाख रकम अनुदान उपलब्ध गराइएको।<br>• कृषकहरूबाट उत्पादित धान खरिदका लागि सहकारीहरू मार्फत् नेपाल सरकारले तोकेको धानको न्यूनतम समर्थन मूल्यमा PMAMP मार्फत सहकारीहरूको सहयोगमा ३११० मे. टन रू. ११२ प्रति क्वीन्टलका दरले व्यवस्थापन खर्च वापत धान खरिद गर्ने सहकारीहरूलाई प्रोत्साहन अनुदान दिइने गरेको) तथा खाद्य व्यवस्था तथा व्यापार कम्पनीमार्फत ४५०० गरी कूल ७६१० मे. टन धान न्यूनतम समर्थम मूल्यमा खरिद भएको।)<br>• दूधको न्यूनतम समर्थन मूल्य तोकि दूधमा फ्याटको मात्रा अनुसार बिक्री मूल्य उपलब्ध गराइएको।<br>• स्थानीय तहहरूमा सर्शत अनुदानमा सञ्चालनमा रहेको धानबाली प्रवर्द्धन कार्यक्रम अन्तर्गत चैते धानबाली खेती गर्ने कृषकहरूलाई क्षेत्रफल र उत्पादनका आधारमा प्रोत्साहन अनुदान उपलब्ध गराइदै आइएको।<br>• खाद्य सुरक्षा मिसन कार्यक्रम अन्तर्गत कृषकहरूले उत्पादन गरेको धान, मकै र रैथाने बालीहरूको उत्पादन परिमाण अनुसार कृषकहरूलाई प्रति केजी दुई रूपैयाँ अनुदान उपलब्ध गराउने व्यवस्था रहेको।<br>• कृषि क्षेत्रमा सञ्चलित कार्यक्रमहरूको कानुनी आधार तय गर्न तथा अनुदान प्रणालीलाई व्यवस्थित गर्न कृषि ऐनको मस्यौदा तयार भई सहमतिका लागि कानुन मन्त्रालयमा रहेकाले सो अनुसार अनुदान प्रणालीलाई थप व्यवस्थित गर्ने गरी कार्यविधि तर्जुमा कार्यलाई अघि बढाउने प्रक्रिया अघि बढेको। |

| बजेट वक्तव्य बुँदा नं. | बजेट वक्तव्यको व्यहोरा | प्रगति |
|---|---|---|
| ८६ | प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत सञ्चालित १६ वटा सुपरजोन र १७७ वटा जोनमा प्रविधि विस्तार, यान्त्रीकरण, इन्टर्न परिचालन र सिक्दै कमाउँदै लगायतका कार्यक्रम सञ्चालन गरिनेछ। प्रदेशमा सञ्चालित ६६० ब्लक र स्थानीय तहमा सञ्चालित १ हजार ५३ पकेट क्षेत्रमा कार्यक्रम सञ्चालन गरिनेछ। प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको लागि रू. ३ अर्ब २२ करोड विनियोजन गरेको छु। | • १६ वटा सुपरजोन १७७ वटा जोन, १६६४ ब्लक र ८७१० पकेटहरू निर्धारण भई सञ्चालनमा रहेको।<br>• चक्लाबन्दी कार्यक्रम अन्तर्गत ५० देखि ८५% सम्म अनुदान सहयोग गरी ७४४ हे. मा अनुदान प्रवाह गरेको छ।<br>• परियोजनाले ४७६ जना बिएस्सी कृषिका अन्तिम वर्षका विद्यार्थीहरूलाई कृषि इन्टर्नको रूपमा संघ, प्रदेश र स्थानीय तहमा परिचालन गरेको।<br>• ६१ वटा नर्सरी स्रोत केन्द्र स्थापना, ७ ठाउँमा कस्टम हायरिङ सेण्टर स्थापना, १९१८२ वटा कृषि यान्त्रिकीकरण सहयोग , २३३२ सङ्ख्यामा साना सिँचाइ उपआयोजनामार्फत करिब ४८९७ हे. सिञ्चित क्षेत्रफल विस्तार, १५३९.६८ हे. (५७४.९ हे. धान, ४४० हे. मकै, २५५.३ हे. आलु, २५८.४ हे. गहुँ र ११ हे. तोरी) मा बिज वृद्धि कार्यक्रम कार्यक्रम सञ्चालन भएको।<br>• खाद्यान्न बालीको (धान गँहु मकै-३१२२ हेक्टर, स्याउ/ ओखर २९६.८ हे., तरकारी बालीको ३८४ हे., सुन्तला ३९७ हे., आँप १५० हे., केरा १८० हे,. अदुवा बेसार १० हे., अलैंची ६३.१४ हे, आलु २५०.४ हे., मत्स्य पोखरी ५३ हे., कफी २९.४ हे. र किवी ११ हेक्टरमा क्षेत्र विस्तार भएको।<br>• पशु नक्ष सुधार ३८९, पशु नक्ष स्रोत केन्द्र स्थापना ७, खोरगोठ निर्माण ६८९, प्लाष्टिक घर निर्माण ४९५, लेबलिङ्ग प्याकेजिङ सहयोग २१ सङ्ख्या, बजारीकरण सहयोग ३३, भण्डारण पूर्वाधार विकास २०, प्राथमिक प्रशोधन सहयोग ३९ वटा सम्पन्न भई यस परियोजनाबाट कृषिको आधुनिकीकरण, व्यावसायिकरण र औद्योगिकीकरणमा टेवा पुगेको। |
| ८७ | गुणस्तरीय बीउबिजन आपूर्तिमा मुलुकलाई आत्मनिर्भर बनाउँदै लगिनेछ। गुणस्तरीय बीउबिजनको जातीय अनुसन्धान तथा विकासमा निजी क्षेत्रलाई प्रोत्साहित गरिनेछ। गुणस्तरीय र धेरै उब्जनी हुने बीउ उत्पादकबाट किसानले खरिद गरेमा लागतको ५० प्रतिशत रकम सम्बन्धित स्थानीय तहमार्फत अनुदान उपलब्ध गराउन रू .४० करोड विनियोजन गरेको छु। | • अन्नबालीको स्रोत बीउ ७५० टन, आलुको प्रिबेसिक बीउ ६४ हजार दाना र तरकारी तथा फलफूलको बेर्ना २ लाख २२ हजार उत्पादन भएको।<br>• राष्ट्रिय बीउबिजन समितिमा ७ वटा बालीका ३९ वटा जातहरू सूचिकृत वा पञ्जिकृतका लागि छलफल भएकोमा १९ वटा जातहरू सिफारिस भएको। साथै २ वटा जातहरू उन्मोचन तथा १७ वटा जातहरू पञ्जिकरणको लागि राष्ट्रिय बीउबिजन समितिलाई सिफारिस भएको।<br>• २९ वटा मूल बीउ उत्पादक संस्थाका ३० जना प्राविधिकहरूको बीउ प्रमाणिकरण सम्बन्धी क्षमता अभिवृद्धि गरिएको।<br>• DESIS 2.0 डिजिटल प्रणालीमार्फत Digital Seed Import/Export, Digital License Renewal of Seed Inspector and Seed Analyst, Digital Variety Notification System, Digital Seed Certification System र Seed Tracking Management System को विकास अघि बढाइएको।<br>• बीउबिजन गुणस्तर नियन्त्रण केन्द्रबाट ६९ जनालाई बीउबिजन व्यवसाय सञ्चालन अनुमति पत्र लिनका लागि क्षमता अभिवृद्धि र १०४ जना बीउबिजन विश्लेषक तथा निरीक्षक तयार गरी बीउ उत्पादन गुणस्तर नियमनका लागि परिचालित गरिएको।<br>• सशर्त विनियोजन भएको ४५ करोड मध्ये करिब २५ करोड बराबरको १६६७ मे. टन बीउ DESES मार्फत् उपलब्ध गराइएको। |

| बजेट वक्तव्य बुँदा नं. | बजेट वक्तव्यको व्यहोरा | प्रगति |
|---|---|---|
| ८८ | रैथानेमा गर्व गरौं भन्ने नाराका साथ परम्परागत र प्राकृतिक तथा पोषणयुक्त रैथाने खाद्यान्न बालीको बीउ संरक्षण गरी खेती विस्तार गरिनेछ। जुम्लाको मार्सी धान, पाल्पा र सल्यानको अदुवा, गुल्मीको कफी, मुस्ताङको आलु लगायतका उत्पादनको ब्राण्डिङ गरी उत्पादन र बजारीकरणमा सहयोग गरिनेछ। कर्णाली प्रदेश लगायत विभिन्न स्थानका मार्सी, कागुनो, कोदो, फापर, जौ, लट्टे, सिमी लगायतका रैथाने बालीको उत्पादन खाद्य तथा व्यापार कम्पनीमार्फत खरिद गरिनेछ। | • विभिन्न बाली तथा पशुका जीन बैंक, तन्तु बैंक र डिएनए गरी १३६४ आनुवांशिक स्रोत संरक्षण गरिएको।<br>• २०८० माघ १ गते दोस्रो राष्ट्रिय कृषि जैविक विविधता दिवस र माघ पहिलो हप्ताभर रैथाने बालीहरूको प्रवर्द्धन र कृषि जैविक विविधताको संरक्षण सम्बन्धी विविध जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिएको।<br>• कोदोजन्य बालीको अन्तर्राष्ट्रिय सम्मेलन सम्पन्न गरिनुका साथै रैथानी बाली सम्बन्धी प्रदर्शनीहरू सम्पन्न भएको।<br>• रैथाने बाली प्रवर्द्धन कार्यक्रमका लागि १३३ पालिकामा ६ करोड ८९ लाख रकमा सशर्त हस्तान्तरण भएको। यस्तै कृषि जैविक विविधता संरक्षण कार्यक्रमका लागि ३५ पालिकामा १ करोड ७५ लाख बजेट सशर्त वित्तीय हस्तान्तरण भएको। उक्त कार्यक्रमहरूमार्फत चिनो, कागुनो, लट्टे, कोदो, फापर, जौ, भटमास, पीडालु, सिमी जस्ता रैथाने बालीका स्थानीय जातको बीउ वितरण, रैथाने बाली सचेतना, खेती प्रविधि एवम् परिकार विविधीकरण तालिम, खाद्य परिकार मेला, विद्यालयमा दिवा खाजामा रैथाने उपजको उपभोगमा सहयोग, रैथाने बालीको प्रशोधनको लागि मेसिनरीमा सहयोग, रैथाने बालीको ब्राण्डिङ प्याकेजिङ र बजारीकरणमा सहयोग, सामुदायिक बीउ बैंक स्थापना र सहयोग, सामुदायिक बीउ बैंक सुदृढिकरण कार्यक्रम, जैविक विविधता डाईभरसिटि ब्लक स्थापना लगायतका क्रियाकलाप सञ्चालन भएको।<br>• खाद्य तथा व्यापार कम्पनीमार्फत देशका विभिन्न स्थानमा उत्पादित रैथाने बालीहरूको बिक्री वितरण भएको। |
| ८९ | किसानलाई रासायनिक मलमा अनुदान दिन रू. ३० अर्ब विनियोजन गरेको छु। रासायनिक मल खरिद प्रक्रियामा सुधार गरी समयमा नै आपूर्ति सुनिश्चित गरिनेछ। मल आपूर्ति र वितरण प्रक्रियालाई व्यवस्थित र पारदर्शी बनाइनेछ। स्वदेशमा नै रासायनिक मल कारखाना स्थापना गर्न विस्तृत परियोजना प्रतिवेदन तयार गरी सार्वजनिक निजी साझेदारीमा लगानी बोर्डमार्फत काम अगाडि बढाइनेछ। | • रकमान्तर पश्चात रासायनिक मल खरिदका लागि कायम भएको २७ अर्ब ९० करोड बाट कूल ६ लाख मे. टन रसायनिक मल आयातका लागि टेण्डर आव्हान भएकोमा कृषि सामग्री कम्पनी लिमिटेडबाट २ लाख ७५ हजार २ सय १६ मे. टन र साल्ट टेड्रिङ्गबाट १ लाख ९४ हजार २ सय ५५ मे. टन मल गरी कूल ४ लाख ७२ हजार २ सय ८७ मे. टन मल आयात भई अघिल्लो आर्थिक वर्षको मौज्दातसमेत गरी जम्मा ४ लाख ५५ हजार ९ सय ३९ मे. टन मल बिक्री वितरण भएको। साथै आर्थिक वर्ष ०८०/८१ मा जी.टु.जी. मार्फत २५ हजार मे. टन डि.ए.पी. मल आयात भएको।<br>• अनुदानमा वितरण हुने रासायनिक मलको वितरण प्रक्रियालाई पारदर्शी र प्रभावकारी बनाउन मल वितरक कम्पनीहरूमार्फत फर्टिलाईजर म्यानेजमेन्ट डिस्ट्रिब्यूशन सिस्टम (Fertilizer Management Distribution System) सफ्टवेयर कार्यान्वयनमा ल्याइएको।<br>• स्वदेशमा नै रासायनिक मल कारखाना स्थापना सम्बन्धमा लगानी बोर्डबाट आवश्यक गृहकार्य भएको। |
| ९० | खेतबारीमा प्राविधिक सेवा उत्पादनमा भन्ने नाराका साथ हरेक स्थानीय तहमा कृषि एवम् पशुपन्छी विषयका स्नातक जनशक्ति व्यवस्थापन गर्न रू. ४७ करोड विनियोजन गरेको छु। यसबाट किसानले खेतबारीमा नै प्राविधिक सेवा प्राप्त गर्ने विश्वास लिएको छु। | • ७३६ वटा स्थानीय तहमा कृषि विषयका स्नातक र १६१ वटा स्थानीय तहमा भेटेरिनरी डाक्टर व्यवस्थापनका लागि आवश्यक बजेट रू. ४७ करोड सर्शत वित्तीय हस्तान्तरण भई हरेक स्थानीय तहमा कृषि एवम पशुपन्छी विषयका स्नातक जनशक्ति व्यवस्थापन तथा प्राविधिक सेवाको विस्तार गरिएको। |

| बजेट वक्तव्य बुँदा नं. | बजेट वक्तव्यको व्यहोरा | प्रगति |
|---|---|---|
| ९१ | धान र आलुमा आत्मनिर्भर हुन एक सय स्थानीय तहमा धान र आलु खेती विस्तार गरिनेछ। हाइब्रिड जातको धानको विकास र चैते धान खेतीको विस्तार गर्न उत्पादनमा आधारित अनुदान उपलब्ध गराइनेछ। | • ६७ वटा स्थानीय तहमा धानबालीका लागि र ८ वटा स्थानीय तहमा आलुबालीका लागि सर्शत वित्तीय हस्तान्नतरण भई कार्यक्रम सञ्चालन भएको।<br>• चालु आर्थिक वर्षमा पहिलोपटक चैते धानको न्यूनतम समर्थन मूल्य प्रति क्वीन्टलको रू. २७०७.२८ तोकिएको। |
| ९२ | प्राङ्गारिक कृषि उत्पादन र उपयोगलाई प्रवर्द्धन गरिनेछ। प्राङ्गारिक गर्न कार्यक्रम सञ्चालन र प्राकृतिक खेती गर्ने किसानलाई उत्पादनमा अनुदान दिने व्यवस्था मिलाइनेछ। प्राङ्गारिक कृषि उत्पादनको प्रमाणिकरण तथा ब्राण्ड प्रवर्द्धन गरी बजारीकरणमा सहयोग गर्नुका साथै निर्यात गर्न प्रोत्साहन गरिनेछ। समुदायस्तरमा प्राङ्गारिक तथा गड्यौंले मल उत्पादन गर्न सहयोग गरिनेछ। | • कृषि विभागमार्फत कर्णाली प्रदेशका विभिन्न १० वटा स्थानीयतहहरूमा प्राङ्गारिक खेती प्रवर्द्धनका लागि १ करोड बजेट सशर्त अनुदानका रूपमा वित्तीय हस्तान्तरण गरिएको।<br>• प्राङ्गारिक मल उत्पादन तथा वितरण कार्यलाई प्रदेश सरकारमार्फत कार्यान्वयन गर्ने गरी व्यवस्था भएको। नार्क, कृषि विभाग अन्तर्गतका फार्म र प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनामार्फत प्राङ्गारिक मल प्रयोग सम्बन्धी प्रदर्शन क्रियाकलापहरू सञ्चालनमा भएको। |
| ९३ | मल तथा किटनाशक विषादीको प्रयोग विना नै गरिने प्राकृतिक खेतीलाई प्रवर्द्धन गर्न कार्यक्रम सञ्चालन गरिनेछ। सरकारी कृषि फार्ममा नमुनाको रूपमा प्राकृतिक खेती सुरूवात गरिनेछ। यसबाट माटोको प्राकृतिक उर्वरा शक्ति ह्रास नहुने, गुमेको उर्वरा शक्ति पुन प्राप्त हुने र न्यून उत्पादन लागतमा स्वस्थ कृषि उपज प्राप्त हुने विश्वास लिएको छु। | • प्राकृतिक खेतीलाई प्रवर्द्धन गर्न सरकारी कृषि फार्ममा नमुनाको रूपमा कार्यक्रम सञ्चालन गरिएको।<br>• गड्यौला मल उत्पादन प्रदर्शन सञ्चालनमा रहेको।<br>• रैथाने बालीहरूको प्रदर्शन ब्लक स्थापना गरिएको। |
| ९४ | माटो परीक्षणका लागि प्रदेश तहका प्रयोगशालाको स्तरोन्नति जनशक्ति व्यवस्था र क्षमता विकास गर्न सशर्त अनुदान हस्तान्तरण गरिनेछ। खेतीयोग्य जमिनको अम्लियपना नियन्त्रणका लागि कृषि चुन र प्राङ्गारिक मलको प्रयोगलाई प्रोत्साहित गरिनेछ। | • सात वटै प्रदेशहरूमा माटो परीक्षणका लागि प्रदेश तहका प्रयोगशालाको स्तरोन्नति जनशक्ति व्यवस्था र क्षमता विकास गर्न DSM update को लागि माटो नमुना सङ्कलन तथा परीक्षण क्रियाकलाप प्राविधिक तालिम, Soil Health Card छपाई एवम् वितरण तथा DSM माटो विश्लेषणको तथ्याङ्क व्यवस्थापन, प्रतिवेदन तयारी र प्रकाशन र प्राङ्गारिक कृषि प्रवर्द्धन कार्यक्रम सञ्चालनका लागि कृषि विभागमार्फत सशर्त अनुदान हस्तान्तरण भएको।<br>• केन्द्रीय कृषि प्रयोगशाला र प्रादेशिक प्रयोगशालाहरूबाट माटो जाँचको कार्य भई माटो गुणस्तरको यकिन तथा कृषकलाई आवश्यक सल्लाह सुझाव प्रदान गरिएको।<br>• चालु आ.व. को चैत्र मसान्तसम्ममा ३० हजार ५ सय ४२ वटा माटोको नमुना परीक्षणको विवरण प्रविष्ट गरी Digital Soil Map अद्यावधिक गरिएको। |

| बजेट वक्तव्य बुँदा नं. | बजेट वक्तव्यको व्यहोरा | प्रगति |
|---|---|---|
| ९५ | कृषि, फलफूल, तरकारी, पशुपालन लगायतका क्षेत्रमा उदाहरणीय काम गरेका अगुवा किसानको अनुभव र ज्ञान कृषि उद्यम गर्न चाहने व्यक्तिलाई हस्तान्तरण गर्न उत्प्रेरित गरिनेछ। कृषि ज्ञान केन्द्रले यस्ता किसानलाई गुरू किसानको पहिचान दिई कृषि प्रसार एजेन्टको रूपमा परिचालन गर्ने छन्। कृषि पेशालाई थप सम्मानित र आकर्षक बनाउन प्रदेश सरकारसँगको समन्वयमा राष्ट्रपति उत्कृष्ट किसान पुरस्कार प्रदान गरिनेछ। | • आ.व. २०८०/८१ मा राष्ट्रपति उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम सञ्चालन कार्यविधि, २०८० फाल्गुन मसान्तमा मात्र स्वीकृत भएकाले कार्यविधि बमोजिम जेठ मसान्तभित्र सबै प्रदेशबाट २ जना उत्कृष्ट कृषकको नाम सिफारिस गर्न प्रदेशस्थित कृषि क्षेत्र हेर्ने मन्त्रालयहरूमा पत्राचार भएकोमा ढिलो गरी कृषकहरूको नाम सिफारिस भएकाले छनौट भएका कृषकहरूलाई पुरस्कृत गर्न नसकिएको। चालु आ.व.मा राष्ट्रपति उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम कार्यान्वियन गर्ने आवश्यक तयारी भइरहेको। |
| ९६ | उखु खेतीको प्रवर्द्धन र जातीय विकासलाई प्राथमिकता दिइनेछ। किसानलाई उखु उत्पादन प्रवर्द्धन खर्च उपलब्ध गराउन रू. ८० विनियोजन गरेको छु। | • चालु आ.व. मा उखुको न्यूनतम खरिद मूल्य प्रति क्वीन्टल रू. ५ सय ६५ र सरकारको प्रवर्द्धन खर्चवापत प्रति क्वीन्टलको रू. ७० अनुदान सहित रू. ६ सय ३५ तोकिएको।<br>• उखु प्रवर्द्धन खर्च वापत गत आर्थिक वर्षमा कञ्चनपुर, सुनसरी, सिराहा, महोत्तरी, रौतहट, सर्लाही, नवलपरासी तथा बारा गरी ८ जिल्लाका ६५ हजार कृषकहरूबाट उत्पादन भएको १ करोड ८९ लाख ६७ हजार क्वीन्टल उखुका लागि प्रति क्वीन्टल रू. ७० का दरले चालु आर्थिक वर्षमा कूल १ अर्ब ३२ करोड ७७ लाख रकम अनुदान (गत आ.व. वापतको चालु आ.व. मा भुक्तानी भएको) प्रवाह भएको। |
| ९७ | "पोषणयुक्त घाँसेबालीको विकास गरौं पशुजन्य उत्पादन बढाऔं" भन्ने नाराका साथ एक सय वटा स्थानीय तहमा जै, नेपियर, मेन्डुला, वर्सिम लगायत जातका घाँसे बाली विकास तथा पोषण सुधारका कार्यक्रमहरू सञ्चालन गरिनेछ। स्थानीय तह मार्फत घाँसे बालीको बीउ उत्पादनका कार्यक्रम सञ्चालन गरिनेछ। पशु आहाराको गुणस्तर मापन तथा मूल्य नियमनलाई प्रभावकारी बनाइनेछ। | • पशु आहारा मिसन अन्तर्गत साइलेज प्रवर्द्धन कार्यक्रमका लागि पशु सेवा विभागमार्फत स्थानीय तहमा सशर्त अनुदानका रूपमा वित्तीय हस्तान्तरण भएको।<br>• दशवर्षे घाँसेबाली बीउ उत्पादन मार्गचित्र तयारी गरिएको।<br>• घाँसेबाली बीउ परीक्षण तथा पशु आहारा प्रयोगशालाको ISO/IEC 17050 accreditation का लागि १२ जना अधिकृत कर्मचारीहरूलाई क्षमता अभिवृद्धि तालिम प्रदान गरिएको।<br>• पशु आहारामा प्रयोग हुने दाना तथा दाना पदार्थहरूको गुणस्तर परीक्षणका लागि ४०९२ वटा नमुनाहरूको परीक्षण कार्य तथा ५११ वटा पशुपन्छीजन्य आहाराको नमुनामा प्रति जैविकी औषधिको अवशेष तथा युरिया मिसावट पता लगाउन परीक्षण गरिएको।<br>• आयातका लागि प्रयोगशालामा दर्ता भएका जम्मा ७५ वटा फिड सप्लिमेन्टसहरू मध्ये ११ वटा मापदण्ड पूरा भएकालाई आयात सिफारिस गरिएको।<br>• नेपाल कृषि अनुसन्धान परिषद्को सहकार्यमा ४२० के.जी. जै घाँसको फाउण्डेसन बीउ उत्पादन भई जै घाँसको उत्पादन चक्रमा सहयोग पुगेको। |

| बजेट वक्तव्य बुँदा नं. | बजेट वक्तव्यको व्यहोरा | प्रगति |
|---|---|---|
| ९८ | कृषि एवम् पशुजन्य व्यवसायमा युवा जनशक्तिलाई आकर्षित गरी उद्यमशीलता विकास गर्न स्थानीय तहसँगको सहकार्यमा युवा स्टार्ट अप अनुदान कार्यक्रम सञ्चालनका लागि रू .१ अर्ब २० करोड विनियोजन गरेको छु। साना किसान उद्यम विकास कार्यक्रमलाई सबै स्थानीय तहमा क्रमशः विस्तार गरी वित्तीय पहुँच र उद्यमशीलताको विकासमार्फत युवा जनशक्तिलाई कृषि क्षेत्रमा अभिप्रेरित गरिनेछ। | • ग्रामीण उद्यम तथा आर्थिक विकास आयोजनामार्फत स्टार्ट अप अनुदानका सहयोगका लागि व्यावसायिक योजना तयार भएका ३०० वटा उप आयोजनाहरूसँग सम्झौता प्रक्रिया अघि बढेको। स्थानीय तहहरूमा एकीकृत कृषि तथा पशुपन्छी सेवा केन्द्र निर्माणको लागि निर्माण सम्झौता भएका ३८ वटा एकीकृत सेवा केन्द्रहरूको निर्माण सम्पन्न भएको। थप ३२ वटा एकीकृत कृषि तथा पशुपन्छी सेवा केन्द्र निर्माण कार्य अघि बढेको।<br>• साना तथा मझौला कृषि उद्यमीको क्षमता अभिबृद्धीतर्फ Pilot Phase अन्तर्गत कास्की जिल्लाका २५ जना SMEs लाई Business Incubation Services प्रदान गरिएको। |
| ९९ | भूमिको चक्लावन्दी गरी खेती गर्न प्रोत्साहित गरिनेछ। करार खेतीका लागि कानुनी आधार तयार गरिनेछ। मुलुकभर रहेको बाँझो जमिनलाई स्थानीय तहको समन्वयमा मापदण्ड बनाई करार र सामुहिक खेती गर्न उपयोग गरिनेछ। यस कार्यक्रमका लागि रू ३० करोड विनियोजन गरेको छु । | • PMAMP मार्फत Land Consolidation र Crop Pooling गरी थप १८०० हेक्टर जमिनमा चक्लाबन्दीमार्फत खेती गरिएको।<br>• बाँझो जमिनलाई स्थानीय तहको समन्वयमा कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा कार्यविधि तर्जुमा भएको तर स्वीकृत हुन नसक्दा कार्यान्वयन हुन नसकेको। |
| १०० | आगामी आर्थिक वर्ष २ लाखभन्दा बढी किसानको बाली तथा पशुधन बीमाको प्रिमियममा अनुदान उपलब्ध गराउन रू. ९५ करोड विनियोजन गरेको छु । | • कृषकहरूलाई प्रदान गरिने बाली तथा पशुधनको बीमा प्रिमियममा अनुदान वापत कूल रू. १ अर्ब ५६ करोड ९८ लाख बीमा प्राधिकरणमार्फत बीमा कम्पनीहरूलाई भुक्तानी भएको। बीमालेख जारी सङ्ख्या १ लाख ६१ हजार रहेको। कृषि तथा पशुधन बीमालाई वैज्ञानिक, व्यवस्थित र रियलटाइममा आधारित बनाउने सफ्टवेयर निर्माण भएको। |
| १०१ | कृषि बालीमा हात्ती, बाँदर, बँदेल, निलगाई जस्ता जङ्गली जनावरले पुर्याई रहेको क्षतिको रोकथाम तथा न्यूनीकरणका लागि प्रदेश र स्थानीय तहसँगको सहकार्यमा तारवार लगायतका उपाय अपनाइनेछ। | • बाँदरको बन्ध्याकरण प्रविधिको लागि प्रदेशमा कार्यरत पशु चिकित्सकहरूलाई भारत सरकारबाट तालिम प्रदान गरी क्षमता विकास गरिएको।<br>• रातो बाँदरलाई कृषि हानिकारक जन्तुका रूपमा कानुनी सूचीमा कायम गर्न कानुन संशोधनको कार्य अघि बढेको।<br>• प्रदेश र स्थानीय तहहरूबाट आवश्यकता अनुसार बाँदर लगायतका वन्यजन्तुबाट हुने हानी नोक्सानी नियन्त्रणका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिएको। |

| बजेट वक्तव्य बुँदा नं. | बजेट वक्तव्यको व्यहोरा | प्रगति |
|---|---|---|
| १०२ | कृषि उपजको बजार व्यवस्थाका लागि स्थानीय तहसँगको सहकार्यमा कृषि उपज बजारस्थल, शीत भण्डारण गृह र खाद्य भण्डारण गृह जस्ता संरचना निर्माण गर्न बजेट व्यवस्था गरेको छु। चोभारमा फलफूल तथा तरकारी बजारको निर्माण सम्पन्न गर्न बजेट छुट्याएको छु। रूपन्देहीको कर्साघाटमा कृषि उपज निर्यात बजारको पूर्वाधार निर्माण सुरू गरिनेछ। मोरङको रङ्गेली, कपिलवस्तुको बाँणगंगा, काठमाडौंको कागेश्वरी मनोहरा र बुढानिलकण्ठ तथा महोत्तरीको बर्दिवास लगायतका कृषि थोक बजार निर्माण सम्पन्न गर्न बजेट छुट्याएको छु। | • विभिन्न ४१ वटा स्थानीय तहमा कृषि उपज सङ्कलन केन्द्र तथा कृषि उपज हाट बजार स्तरन्नोतिको लागि सशर्त अनुदानका रूपमा कार्यक्रम हस्तान्तरण गरिएको।<br>• चोभारमा फलफूल तथा तरकारी बजारको निर्माण सम्पन्न गर्न २०८१भाद्र मसान्त सम्म म्याद थप गरीएतापनि थप भएको समयमा समेत निर्माण व्यवसायीबाट समयमै पूर्ण काम सम्पन्न हुन नसकेको।<br>• रूपन्देहीको कर्साघाटमा आधुनिक कृषि बजार निर्माणका लागि वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृत भई जग्गा प्राप्तिको सन्दर्भमा राष्ट्रिय योजना आयोगबाट प्राथमिकता प्राप्त आयोजना छनौटका लागि प्रतिवेदन पेश भएको। मोरङको रङ्गेली र बुढानिलकण्ठमा बजार निर्माणको काम ८० प्रतिशत सम्पन्न भएको। |
| १०३ | किसानलाई आफ्नो उत्पादनको उचित मूल्य प्राप्त गर्ने अवस्था सिर्जना गर्न धान, गहुँ लगायतका प्रमुख खाद्यान्न बाली भित्र्याउनु पूर्व नै समर्थन मूल्य तोकिनेछ। किसानले उचित मूल्य पाउने गरी कृषि उपजको उत्पादनदेखि बजारसम्मको आपूर्ति श्रृङखलामा सुधार गरिनेछ। | • बाली लगाउने सिजन अगावै धान र गहुँ को न्यूनतम समर्थन मूल्य तोकिएको। उखुको खरिद मूल्य पनि तोकिएको। आर्थिक वर्ष २०८०/८१ मा धान (मोटा), धान (मध्यम) र गँहुको न्यूनतम समर्थन मूल्य प्रति क्वीन्टल क्रमश: रू .३१९८.०, ३३६२.० र ३६५०.१४ तोकिएको।<br>• पहिलोपटक चैते धानको न्यूनतम समर्थन मूल्य प्रति क्वीन्टलको रू. २७०७.२८ तोकिएको।<br>• प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको सहजीकरणमा सहकारीहरूमार्फत ३ हजार १ सय १० मे. ट नर खाद्य व्यवस्था तथा व्यापार कम्पनीबाट ४ हजार ५ सय मे.टन गरी कूल ७ हजार ६ सय १० मे. ट नधान न्यूनतम समर्थन मूल्यमा खरिद भएको। |
| १०४ | कृषि उपजको सङ्कलन, भण्डारण र बजारसम्म पहुँच विस्तारका लागि कृषि सहकारीलाई प्रवर्द्धन गरिनेछ। यस्ता सहकारीलाई ढुवानी साधन खरिदमा राजस्व छुट दिनुका साथै सङ्कलन केन्द्र निर्माणमा सहयोग उपलब्ध गराइनेछ। | • प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनामार्फत बजारीकरण सहयोग ३३ वटा, भण्डारण पूर्वाधार विकास २० वटा, प्राथमिक प्रशोधन निर्माण सहयोग ३९ वटा सम्पन्न भएको।<br>• कृषि तथा पशुपन्छी क्षेत्रमा प्रयोग हुने विभिन्न उपकरणहरू (Drip Irrigation) सम्बन्धी पाईपहरू, दूध तथा दुग्धजन्य पदार्थ भण्डारणका लागि Air Handling unit, पोल्ट्री ह्याचरी सम्बन्धी ह्यान्डलिङ्ग युनिट भण्डारणका लागि आवश्यक सामग्री साईलो अन्न भण्डारका लागि आवश्यक सामग्री, बधशालामा मासु ओसार पसार र भण्डारणका लागि आवश्यक पर्ने मेसिन/उपकरणहरू, डेरी मेसिनरिज, च्याउ खेतीका लागि संरचना निर्माण गर्न आवश्यक सामग्रीमा (जम्मा १३ वटा कृषि उद्योग, फर्म तथा सरकारी कार्यालयहरूका लागि नियमानुसारको भन्सार महसुल तथा अन्य कर छुटका लागि सिफारिस गरिएको। |
| १०५ | औषधिजन्य प्रयोगको लागि गाँजा खेतीको सम्भाव्यता अध्ययन गरिनेछ। | • गृह मन्त्रालयका श्रीमान् सहसचिवज्यूको नेतृत्वमा गाँजा खेतीको सम्भाव्यता अध्ययन सम्बन्धी समिति गठन भई प्रतिवेदन तयार भएको। |

| बजेट वक्तव्य बुँदा नं. | बजेट वक्तव्यको व्यहोरा | प्रगति |
|---|---|---|
| १०६ | धरान, सिन्धुली, धनुषा, कावासोती र सुर्खेत गरी थप पाँच स्थानका कृषि उपज थोक बजारस्थलमा विषादी अवशेष द्रूत परीक्षण प्रयोगशाला सेवा विस्तार गरिनेछ। खाद्य आयात निर्यात गुणस्तर प्रमाणिकरण कार्यालयबाट ४६,९४८ वटा नमुनाहरू, आयातका लागि प्राप्त फलफूल तरकारीमा विषादी अवशेष परीक्षणतर्फ जम्मा ६३,३८३ नमुनाहरू गरी कूल जम्मा १,३६,६३८ वटा नमुना परीक्षण गरिएको। | • कृषि उपज थोक बजारस्थल कावासोती, सुर्खेत र लालबन्दीमा विषादी अवशेष द्रूत परीक्षण प्रयोगशाला निर्माण कार्य सम्पन्न भएको।<br>• खाद्य/दाना पदार्थको नमुना परीक्षणतर्फ खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागबाट २६,३०७ वटा नमुना, भन्सार नाकाहरूमा रहेका खाद्य आयात निर्यात गुणस्तर प्रमाणिकरण कार्यालयबाट ४६,९४८ वटा नमुनाहरू, आयातका लागि प्राप्त फलफूल तरकारीमा विषादी अवशेष परीक्षणतर्फ जम्मा ६३,३८३ नमुनाहरू गरी कूल जम्मा १,३६,६३८ वटा नमुना परीक्षण गरिएको।<br>• वार्षिक अवधिमा ११, २०३पटक खाद्य तथा दाना बजार, उद्योग, होटेल/रेष्टुनेन्ट, हाट बजार, मेला/महोत्सव, पसल एवम् गुनासो उजुरी सम्बोधनका लागि रेपिड रेस्पोन्स मोडालिटिबाट अनुगमन निरीक्षण गरिएको। खाद्य तथा दाना पदार्थको ३१२५ वटा ऐन बमोजिम नमुना सङ्क नलगरिएको, अनुगमनका क्रममा खाद्य तथा दाना पदार्थ ऐन बमोजिम सङ्कलित खाद्य तथा दाना पदार्थको २६५९ वटा नमुना परीक्षण हुँदा ११० वटा प्रतिकूल पाइएकोले कारवाहीको प्रक्रिया अगाडी बढाइएको तथा खाद्य तथा दाना ऐन प्रतिकूल रहेका १ ७८वटा उत्पादन/व्यवसाय उपर मुद्दा दायर गरिएको।<br>• खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागको राष्ट्रिय खाद्य तथा दाना रिफरेन्स प्रयोगशाला (NFFRL) नेपालको पहिलो अन्तर्राष्ट्रिय मान्यता प्राप्त (Accredited lab , ISO/IEC १७०२५:२०१७) खाद्य तथा दाना प्रयोगशालाको रूपमा रहेको छ। २०८०/८१ मा भएको अडिटबाट एक्रेडिटेशनको निरन्तरता प्राप्त भएको। |
| १०७ | पशुपन्छीको महामारी नियन्त्रणका लागि खोप कार्यक्रम सञ्चालन गरिनेछ। आगामी आर्थिक वर्ष विभिन्न रोगका करिब ५ करोड ६० लाख डोज भ्याक्सिन स्वदेशमै उत्पादन गर्न आवश्यक रकम विनियोजन गरेको छु। पशु नश्ल सुधारमार्फत उत्पादन र उत्पादकत्व वृद्धि गर्न आगामी वर्ष उन्नत जातको राँगा, साँढे तथा वोयर बोकाको ६ लाख डोज सिमेन उत्पादन गरी सबै स्थानीय तहमा कृत्रिम गर्भाधान सेवा विस्तार गरिनेछ। | • पशुपन्छीका विभिन्न संक्रामक रोगहरू विरूद्ध प्रयोगका लागि विभिन्न प्रकारका ४ करोड ५० लाख मात्रा खोप उत्पादन तथा वितरण गरिएको।<br>• उन्नत नश्लका गाई, भैंसी, बाख्राबाट १२ लाख ७ हजार डोज जमेको वीर्य उत्पादन, ३ लाख ६७ हजार लिटर तरल नाईट्रोजन उत्पादन तथा वितरण गरी जम्मा ७ लाख ४० हजार गाई भैंसीमा कृत्रिम गर्भाधान सेवा प्रदान गरिएको।<br>• भारत सरकारबाट प्राप्त पशु नश्ल सुधारका लागि प्राप्त शुद्ध नश्लको १५ वटा मुर्रा राँगाको सरकारी फार्ममा व्यवस्थापन गरिएको। खाद्य तथा पोषण सुरक्षा सुधार आयोजनाबाट १३ वटा कृत्रिम गर्भाधान केन्द्र स्थापना भएको जसबाट नश्ल सुधार कार्यमा टेवा पुग्नाको साथै १५ वटा बोयर बाख्राको मल्टिप्लायर हर्डमा २९वटा बोयर बोका वितरण भई बाख्राको नश्ल सुधार भइरहेको। |
| १०८ | राष्ट्रिय कृषि अनुसन्धान परिषदबाट धान, स्याउ, मकै, कोदो, जौ, सूर्यमुखी, जुनार र अदुवा लगायतका नयाँ जातका कृषि बाली र प्रविधि विकास गरिनेछ। | • विभिन्न बालीको १२ वटा नयाँ जात उन्मोचन एवम् पञ्जीकरण भएको। विभिन्न बालीका जातीय विकास गरी सिफारिसको लागि १८ वटा प्रस्ताव तयार गरिएको। यसैगरी बाली तथा बागवानी, पशु तथा मत्स्यपालनको र यान्त्रीकरणको गरी जम्मा ३२ वटा प्रविधि विकास भएको। |

| बजेट वक्तव्य बुँदा नं. | बजेट वक्तव्यको व्यहोरा | प्रगति |
|---|---|---|
| १०९ | कृषि क्षेत्रको विकासका लागि संघ, प्रदेश र स्थानीय तहको भूमिका र जिम्मेवारी स्पष्ट गर्ने गरी सङ्घीय कृषि ऐन तर्जुमा गरिनेछ। यसबाट कृषियोग्य भूमिको संरक्षण, कृषिको व्यावसायीकरण, बजार व्यवस्थापन र नियमन लगायतका कार्य व्यवस्थित हुनुका साथै अन्तर तह समन्वय थप प्रभावकारी हुने विश्वास लिएको छु। | • कृषि विधेयकको मस्यौदा तर्जुमा भई संसदीय मामिला, न्याय तथा कानुन मन्त्रालयमा पेश भएकोमा प्राप्त राय सुझावउपर थप छलफल भइरहेको।<br>• अन्तर तह समन्वय थप प्रभावकारी रूपमा अघि बढाउन संघ, प्रदेश र स्थानीय तह कृषि क्षेत्र समन्वय सम्बन्धी कार्यप्रक्रिया २०८० तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको। |

## ५.१ बजेट बक्तव्य २०८०/८१ को अनुसूची १५ मा उल्लेखित मन्त्रालयसँग सम्बन्धित बजेटका अपेक्षित उपलब्धिको सूचकहरूको प्रगति विवरण

| क्र.सं. | क्षेत्रगत कार्यक्रम | उपक्षेत्रगत कार्यक्रम | एकाइ | आ.व. २०८०/८१ को लक्ष्य | आ.व. २०८०/८१ को प्रगति | आ.व. २०८०/८१ सम्मको प्रगति |
|---|---|---|---|---|---|---|
| १ | कृषि | प्रमुख खाद्यान्न उत्पादन | मे.टन हजारमा | १४००० | १४६२० | १४६२० |
| | | धान | मे.टन हजारमा | ५७५१ | ५७२४.३२ | ५७२४.३२ |
| | | मकै | मे.टन हजारमा | २८८९ | ३०८९ | ३०८९ |
| | | गँहु | मे.टन हजारमा | २३२५ | २१५५ | २१५५ |
| | | आलु | मे.टन हजारमा | ३७४५ | ३६५२ | ३६५२ |
| | | उखु | मे.टन हजारमा | ३२५० | ३२७२ | ३२७२ |
| २ | पशुपन्छी | दूध | लिटर हजारमा | २६४७ | २६१६ | २६१६ |
| | | माछा | मे.टन | ११४ | ११९ | ११९ |
| | | मासु | मे.टन हजारमा | ५४१ | ४३१ | ४३१ |

परिच्छेद-६

# कृषि विकास रणनीतिको प्रगति विवरण

# कृषि विकास रणनीति कार्यान्वयन संक्षिप्त प्रगति विवरण

कृषि विकास रणनीति ई.सं. २०१५ देखि २०३५ सम्मका लागि नेपालको समग्र कृषि क्षेत्रका कार्यक्रमहरूलाई मार्गनिर्देश गर्ने गरी नेपाल सरकारबाट सन् २०१५ मा स्वीकृत भई लागु भएको दस्तावेज हो। यस रणनीतिले कृषि क्षेत्रको विगत तथा वर्तमानका कामहरूको समीक्षामा आधारित रहेर १० वर्षे कार्ययोजना र मार्गचित्र सहित कृषि विकासको समष्टिगत २० वर्षे रणनीतिक योजना प्रस्तुत गर्दछ। "आर्थिक वृद्धिलाई गति दिने, जीवनस्तरलाई माथि उकास्ने र खाद्य तथा पोषण सुरक्षामा योगदान दिने, खाद्य संप्रभुता उन्मुख आत्मनिर्भर, दिगो, प्रतिस्पर्धी तथा समावेशी कृषि क्षेत्र" कृषि विकास रणनीतिको दूरदृष्टि रहेको छ। सुशासन, उच्च उत्पादकत्व, नाफामुखी व्यावसायिकरण र प्रतिस्पर्धा वृद्धि कृषि विकास रणनीतिका चार प्रमुख सम्भागहरू रहेका छन। कृषि विकास रणनीतिमा फ्ल्यागसिप कार्यक्रम, आधार कार्यक्रमहरू र अन्य कार्यक्रमहरू गरी ३ प्रकारका कार्यक्रमहरू रहेका छन्।

कृषि विकास रणनीतिमा नियमित अनुगमन र आवधिक पुनरावलोकन तथा मूल्याङ्कनमार्फत निरन्तर रूपमा विकास तथा सुधार गर्ने प्रावधान रहेको छ। साथै प्रत्येक ५ वर्षमा आवधिक समीक्षा गर्ने नीतिगत प्रावधान समेत रहेको छ। देशमा सङ्घीयता लागु हुनु अघि स्वीकृत भएको यस दस्तावेजलाई बदलिँदो सङ्घीय संरचनामा अन्तर सरकार समन्वयलाई प्रभावकारी बनाई समग्र कृषि क्षेत्रको विकास गर्न कृषि विकास रणनीतिको समयसापेक्ष परिमार्जन गरी कार्यान्वयन योग्य बनाउन पर्नुका साथै खाद्य तथा कृषि प्रणालीमा पछिल्लो समय देखा परेका समस्याहरूको सम्बोधन गर्न आवश्यक रहेको सन्दर्भमा कृषि विकास रणनीतिलाई प्रदेशस्तरमा समेत कार्यान्वयन योग्य बनाउनका लागि रणनीति समीक्षा र परिमार्जनको आवश्यकता महशुष गरिएको हो। यस्तै कृषि विकास रणनीति लागू भएको ८ वर्ष सम्पन्न भई सकेको सन्दर्भमा रणनीतिको प्रावधान अनुसार यसको कार्यान्वयन समीक्षा गर्नुका साथै कृषि विकास रणनीति पुनरावलोकन तथा पुनर्लेखन गर्नु आवश्यकतालाई मध्य नजर गरेर कृषि तथा पशुपन्छी विकास मन्त्रालयले आ.व. २०८०/८१ देखि कृषि विकास रणनीति (२०१५-३५) को समीक्षा एवम् परिमार्जन कार्यक्रम सुरूवात गरेको छ। साथै यसबीच रणनीतिको मूल मर्मलाई आत्मसात् गर्दै खाद्य तथा कृषि प्रणालीको वर्तमान अवस्था प्रादेशिक विशेषता समेतलाई समेट्दै सातै प्रदेशमा प्रादेशिक कृषि विकास रणनीति (PADS) तयार गर्ने क्रम पनि सुरू भएको छ। हाल सम्म सुदुरपश्चिम प्रदेश र लुम्बिनी प्रदेशमा स्वीकृत भैसकेको र अन्य प्रदेशमा क्रमशः स्वीकृतिको चरणमा रहेको छ।

कृषि तथा पशुपन्छी विकास मन्त्रीज्यूको अध्यक्षतामा बसेको राष्ट्रिय कृषि विकास रणनीति कार्यान्वयन समितिको २०७९/०३/२४ र २०८०/१२/०९ को बैठकले अन्तर्राष्ट्रिय विकास साझेदार निकायहरू (DPs) सँगको सहकार्यमा कृषि विकास रणनीतिको कार्यान्वयन समीक्षा एवम् समयानुकूल परिमार्जन गर्ने निर्णय गरेको थियो र सो सम्बन्धमा नेपाल सरकार अर्थ मन्त्रालयले मिति २०८०/१०/०५ मा विकास साझेदारहरूको प्राविधिक सहायता परिचालनको लागि सहमति प्रदान गरेको थियो। अर्थ मन्त्रालयको सहमती अनुसार कृषि विकास रणनीतिको कार्यान्वयन समीक्षा एवम् समयानुकूल परिमार्जन कार्यका लागि कृषि तथा पशुपन्छी विकास मन्त्रालयले नेपालको कृषि विकासको क्षेत्रमा कार्यरत विकास

साझेदार निकायहरूबाट प्राविधिक सहयोगका लागि अनुरोध गरेकोमा पाँचवटा विभिन्न विकास साझेदार निकायहरूः Asian Development Bank (ADB), Food and Agriculture Organization of the United Nations (FAO), International Fund for Agriculture Development (IFAD), United Nations Development Programme (UNDP), र U.S. Agency for International Development (USAID) ले आ-आफ्नो कार्यक्षेत्रगत विशिष्टिकरण अनुसार प्राविधिक एवम् विशेषज्ञ सहयोग प्रदान गर्दै आएका छन्। हाल कृषि तथा पशुपन्छी विकास मन्त्रालयको नेतृत्वमा पाँच विकास साझेदार निकायहरू (FAO, USAID, ADB, IFAD, UNDP) समेतको सहयोगमा सम्बन्धित क्षेत्रका विशेषज्ञज्यूहरूमार्फत कृषि विकास रणनीति (२०१५-३५) को कार्यान्वयन समीक्षा एवम् परिमार्जन कार्यक्रम सञ्चालन भइरहेको छ। यसै सन्दर्भमा सातवटै प्रदेशमा स्थानीय तह लगायत सम्बन्धित सरोकारवाला निकायहरू समेतको संलग्नतामा रणनीतिको कार्यान्वयन समीक्षा एवम् परिमार्जनका लागि प्रादेशिक अन्तरक्रिया सम्पन्न भइसकेको छ। त्यस्तै राष्ट्रिय तहमा पनि मुख्य-मुख्य सरोकारवालाहरूसँगको अन्तरक्रिया एवम् छलफल कार्यक्रम सम्पन्न भइसकेको छ र रणनीतिको कार्यान्वयन समिक्षा एवम् परिमार्जनको खाँकासहितको प्रारम्भिक मस्यौदा प्रतिवेदन तयार भएको छ।

## ६.१ कृषि विकास रणनीति संयुक्त क्षेत्रगत समीक्षा (ADSJSR) सम्बन्धी प्रगति

नेपाल सरकारले विकास साझेदारहरूको प्राविधिक सहयोगमा तयार गरेको कृषि विकास रणनीति, २०७२ को कार्यान्वयनमा समेत विकास साझेदारहरूसँगको निकट समन्वय र आपसी जवाफदेहिता सुनिश्चित गरी अपेक्षित उपलब्धि हासिल गर्नका लागि सँयुक्त क्षेत्रगत समीक्षा संयन्त्र (Joint Sector Review-JSR) संयन्त्रको आवश्यकता महसुस गरी कृषि तथा पशुपन्छी विकास मन्त्रालयले नोभेम्वर २०१७ मा कृषि विकास रणनीति (ADS) संयुक्त क्षेत्रगत समीक्षा संयन्त्र (JSR) को अवधारणा अनुमोदन गरेको हो। कृषि विकास रणनीतिको सफल कार्यान्वयनका लागि आवश्यक निर्णयहरू गर्नका लागि सहयोगी संयन्त्रका रूपमा विकास गरिएको यस संयन्त्रले कृषि क्षेत्रका उपलब्धिहरूको तीनै तहका सरकारका कृषि क्षेत्रसँग सम्बन्धित निकायहरू, कृषक सञ्जाल, निजी क्षेत्र र अन्तर्राष्ट्रिय विकास साझेदारहरूको सहभागितामा संयुक्त रूपमा कृषि क्षेत्रसँग सम्बन्धित नीति, कार्यक्रम र समग्र कार्यसम्पादनको समीक्षा गर्नुका साथै संयुक्त प्राथमिकता निर्धारण, प्रभावकारी स्रोत परिचालन, नतिजामुखी व्यवस्थापनको अवलम्बन, नियमित अनुगमन तथा प्रगति एवम् उपलब्धिहरूको प्रतिवेदन सम्प्रेषण गरी कृषि विकास रणनीतिको सफल कार्यान्वयनका लागि सहयोग पुर्याउने उद्देश्य लिएको छ।

यस एडिस-जेएसआर (ADS JSR) को अवधारणा विशेषतः दुई समितिहरू कृषि विकास रणनीति कृषि क्षेत्र संयुक्त समीक्षा समिति (ADSJSR Committee) र कृषि विकास रणनीति कृषि क्षेत्र संयुक्त समीक्षा प्राविधिक समिति (ADSJSR Technical Committee) मार्फत कार्यान्वयन हुने गर्दछ। आ.व. २०८०/८१ मा ADSJSR Committee र ADSJSR Technical Committee का बैठकहरू विभिन्न मितिमा आयोजना भई सफलतापूर्वक सम्पन्न भए। त्यस्तै विगतका वर्षहरूमा जस्तै यस आ.व. मा पनि कृषि तथा पशुपन्छी विकास मन्त्रालय तथा सम्बन्धित सङ्घीय मन्त्रालय/निकाय, प्रदेश कृषि मन्त्रालय, विकास साझेदार, निजी

क्षेत्र, र स्थानीय तहका प्रतिनिधिज्यूहरूको सहभागितामा ADSJSR वार्षिक समीक्षा बैठक सम्पन्न भयो। माननीय कृषि तथा पशुपन्छी विकास मन्त्रीज्यूको अध्यक्षतामा मिति २०८० चैत्र ९ गते सम्पन्न उक्त ADSJSR पाँचौ वार्षिक समीक्षा बैठकमा तपसिल बमोजिमका निर्णयहरू भएका छन्।

१. खाद्यान्नमा आत्मनिर्भरता हाँसिल गर्ने सम्बन्धी कृषि विकास रणनीतिको परिकल्पना सूचक (ADS Vision Indicator) को लक्ष्यमा योगदान पुर्याउनका लागि मसिना तथा वास्नादार धान (वर्षे र चैते सिजन दुवै), औद्योगिक प्रयोजनमा खपत हुने मकै, लगायतका बालीहरूको उत्पादन प्रवर्द्धन गर्ने सम्बन्धी कार्यक्रमहरू वृद्धि गर्ने। त्यसैगरी पशुपन्छीतर्फ दूध तथा दुग्धजन्य पदार्थ (छुर्पी, स्किम मिल्क पाउडर, घिउ, चीज) र मत्स्य उत्पादन प्रवर्द्धन एवम् प्रशोधन सम्बन्धी कार्यक्रमहरू प्राथमिकताका साथ सञ्चालन गर्ने।

२. कृषिजन्य वस्तुको निर्यात वृद्धि एवम् कृषि व्यापार सन्तुलनमा सुधार गर्ने सम्बन्धी कृषि विकास रणनीतिको परिकल्पना सूचक (ADS Vision Indicator) को लक्ष्यमा योगदान पुर्याउनका लागि नगदे बालीहरू चिया, अलैंची, अदुवा, पुष्प र पशुपन्छीतर्फ छुर्पीको उत्पादन प्रवर्द्धन गरी आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन गर्ने सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्ने।

३. नेपालको कृषि क्षेत्रमा जलवायु परिवर्तनबाट पर्ने सक्ने प्रभावलाई न्यूनीकरण गर्दै उत्थानशिल र दिगो खेती प्रणालीको विकास तथा प्रवर्द्धन गर्न कृषिमा जलवायु परिवर्तन अनुकूलन राष्ट्रिय निर्देशिका तर्जुमा गर्ने।

४. सुशासन सम्बन्धी कृषि विकास रणनीतिको प्रतिफल सूचक (Outcome Indicator) को लक्ष्यमा योगदान पुर्याउनका लागि कृषि क्षेत्रका प्रमुख नीति तथा रणनीतीहरूको समयानुकूल परिमार्जन गर्ने। यसको लागि राष्ट्रिय कृषि नीति,२०६१ र नेपाल कृषि प्रसार रणनीति,२०६३ लाई सरोकारवाला निकायहरू बीच छलफल एवम् समन्वयमा आवश्यक प्रक्रिया पूरा गरी परिमार्जन गर्ने।

५. कृषि विकास रणनीति (२०१५-३५) को हालसम्मको कार्यान्वयन अवस्थाको समीक्षा गरी मुलुकको सङ्घीय संरचना एवम् राष्ट्रिय अन्तर्राष्ट्रिय परिवेश अनुकूल हुनेगरी उक्त रणनीतिलाई समयानुकूल परिमार्जन गर्ने।

६. तीनै तहका सरकारहरूबीच संयुक्त योजना तर्जुमा, अनुगमन, समीक्षा र समन्वयलाई सुदृढ बनाउनका लागि कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट स्वीकृत भएको संघ, प्रदेश र स्थानीय तह कृषि क्षेत्र समन्वय कार्यप्रक्रिया,२०८० सम्बन्धी प्रादेशिक अभिमूखीकरण कार्यक्रम सञ्चालन गरी अन्तर सरकार समन्वयलाई थप प्रभावकारी बनाउने।

७. माथिका निर्णयहरूमा उल्लेख भएका विषयवस्तुहरूलाई कार्यान्वयनमा लैजान आवश्यक कार्ययोजना (Action Plan) तयार गर्ने। कार्ययोजनामा समावेश भएका क्रियाकलापहरूलाई कार्यान्वयनमा लैजान सङ्घीय तहमा कृषि तथा पशुपन्छी विकास मन्त्रालय र मातहतका सम्बन्धित विभाग एवम् निकायहरूको साथै प्रदेश तहमा पनि कृषि क्षेत्र हेर्ने सम्बन्धित मन्त्रालय र अन्तरगतका निकायहरूको आगामी आ.व. २०८१/८२ को वार्षिक कार्यक्रमा उच्च प्राथमिकताका साथ समावेश गरी विकास साझेदार एवम् सरोकारवालाहरूको सहयोग तथा समन्वयमा कार्यान्वयन, अनुगमन, रिपोर्टिङ तथा समीक्षा गर्ने।

## ६.२ कृषि विकास रणनीति (ADS) सूचक अनुसार लक्ष्यहरूतर्फको प्रवृत्ति र प्रगति

नेपालको कृषि क्षेत्रलाई मार्गनिर्देश गर्नका लागि २० वर्षको दीर्घकालीन सोच र १० वर्षे कार्ययोजना सहित स्वीकृत भएको कृषि विकास रणनीति, २०७२ मा आत्मनिर्भरता, दिगोपन, प्रतिस्पर्धी, समावेशी, कृषि क्षेत्रको वृद्धि, जीविकोपार्जन, र खाद्य तथा पोषण सुरक्षा गरी दीर्घकालीन सोच अनुसारका सातवटा सम्भागहरूका विभिन्न १६ वटा सूचकहरूको ५, १० र २० वर्षको लागि (मध्यम र दीर्घकालीन) लक्ष्यहरू रहेका छन्। हाल ADS कार्यान्वयनले आठ आर्थिक वर्ष पूरा गरिसकेको छ। यस प्रतिवेदनमा कृषि विकास रणनीतिको दीर्घकालीन सोच अनुसारका सम्भागहरूको समीक्षा गरिएको छ। यस समीक्षाबाट कृषि विकासका वार्षिक कार्यक्रमहरू तर्जुमा र अनुगमन गर्दा ADS को वार्षिक लक्ष्यहरूसँग तालमेल हुने गरी गर्न नसकिएको देखिन्छ। जसका कारण समीक्षाका लागि वार्षिक तथ्याङ्क सङ्कलन गर्न र ADS सूचकहरूको प्रवृत्ति र प्रगतिलाई प्रभावकारी अनुगमन गर्न तथा प्रतिवेदन तयार गर्न कठिनाइ भएको छ। विगतका वर्षहरूमा प्रत्यक्ष रूपमा कृषि विकास रणनीतिलाई नै केन्द्रित गरी योजनाबद्ध रूपमा लगानी भएको नभएता पनि कृषि क्षेत्रका अधिकाँश लगानी ADS सूचकहरू कै वरिपरि भएका र यसबाट केही हदसम्म वार्षिक प्रतिफलहरू हासिल भएका छन्। कृषि विकास रणनीति कार्यान्वयनको पहिलो आठ आर्थिक वर्ष (आ.व. २०८०/८१) सम्ममा सन्चालित क्रियाकलापहरू र विभिन्न आधिकारिक स्रोतहरूबाट सङ्कलन गरिएका सान्दर्भिक तथ्याङ्कहरू साथै प्रासंगिक अन्य तथ्याङ्कहरूको आधारमा ७ वटै सम्भागहरू अन्तर्गतका १६ वटा सूचकहरूको पहिलो आठ-वर्षीय लक्ष्यहरू तर्फको प्रवृत्ति संक्षेपमा तालिका १ मा प्रस्तुत गरी विस्तृत रूपमा अनुच्छेदहरूमा वर्णन गरिएका छन्।

**तालिका १: ADS सूचकहरूको हालसम्मको प्रगति अवस्था**

| सोच सम्भागहरू | सूचकहरू | आधार तथ्याङ्क (आ.व. २०७२/७३) | अल्पकालीन लक्ष्य (पहिलो ५ वर्ष) | हालसम्मको प्रगति (आ.व. २०८०/८१) | सूचकका स्रोतहरू |
|---|---|---|---|---|---|
| आत्मनिर्भरता (Self-reliant) | खाद्यान्नमा आत्मनिर्भरता | खाद्यान्नमा १६% व्यापार घाटा | ०% व्यापार घाटा | आ.व. २०८०/८१ मा रू. ४५.७९ अर्ब बराबरको खाद्यान्न आयात भएको देखिन्छ भने १.५८ करोड बराबरको निर्यात भएको देखिन्छ। खाद्यान्न निर्यातको अंश आयातको ०.५ प्रतिशत भन्दा कम छ। | भन्सार विभाग (https://www.customs.gov.np/page/fts-fy-208081, |

| सोच सम्भागहरू | सूचकहरू | आधार तथ्याङ्क (आ.व. २०७२/७३) | अल्पकालीन लक्ष्य (पहिलो ५ वर्ष) | हालसम्मको प्रगति (आ.व. २०८०/८१) | सूचकका स्रोतहरू |
|---|---|---|---|---|---|
| दिगोपन (Sustain-able) | वर्षैभरि सिँचाइ (Year Round Irrigation) | २५.२०% | ३५% | २५ % (२०७९/८०) | National Planning Commission, स्रोहौं योजना (आ.व २०८१/८२-२०८५/८६) |
| | माटोमा प्राङ्गारिक पदार्थ (Soil organic matter) | १.९६% | ३% | ३.४०% (२०८०/८१) | Nepal Digital Soil Map http//soil.narc.gov.np/soilmap |
| | हैसियत बिग्रिएको जमिन (Degraded land) | ३.७२ मिलियन हेक्टर | २.८८ मिलियन हेक्टर | आ.व. २०७४/७५ मा १५,४६० हे. २०७५/७६ मा २०,८८२ हे. जमिनको पुनस्थापना | वन तथा वातावरण मन्त्रालयको रेकर्ड, २०१९ (unpublished) Government of Nepal, Second Nationally Determined Contributions, submitted to UNFCCC. 2020. |
| | जङ्गलले ढाकेको क्षेत्रफल (Forest Coverage) | ४४.७% | ४४.७% | ४५.३% (आ.व २०८०/८१) | National land cover monitoring system of Nepal, FRTC, MOFE |
| | जमिनको उत्पादकत्व (Agricultural land productivity) (AGDP/हे.) | ३२७८ अमेरिकी डलर | ४१८४ अमेरिकी डलर | ४१४३ अमेरिकी डलर (आ.व. २०७८/७९) | राष्ट्रिय तथ्याङ्क कार्यालयको राष्ट्रिय कृषि गणना २०७८/७९ को कृषिका लागि भूमि प्रयोग (२१२२००० हे.) र सोही वर्षको औसत विनिमय दरलाई ध्यानमा राखेर कृषि Gross Value Added (GVA) मा आधारित रही गरिएको अनुमान। |
| | कुल गार्हस्थ उत्पादनमा कृषि व्यवसायको योगदान (Agribusiness as % GDP) | ८% | ९% | ९.७९% (आ.व. २०७७/७८) | चिया, तरकारी, दूध, कुखुरा, मासु र अण्डाको AGDP सेयरमा आधारित अनुमान। AGDP को स्रोत अर्थ मन्त्रालयबाट प्रकाशित आर्थिक सर्वेक्षण, २०७७/७८ |

| सोच सम्भागहरू | सूचकहरू | आधार तथ्याङ्क (आ.व. २०७२/७३) | अल्पकालीन लक्ष्य (पहिलो ५ वर्ष) | हालसम्मको प्रगति (आ.व. २०८०/८१) | सूचकका स्रोतहरू |
|---|---|---|---|---|---|
| प्रतिस्पर्धी (Competitive) | कृषि व्यापार सन्तुलन (Agriculture trade balance) | व्यापार घाटा ११२३ मि. अमेरिकी डलर | व्यापार घाटा १०७३ मि. अमेरिकी डलर | २०८०/८१ मा व्यापार घाटा रू. २५६.९८ अर्ब,<br>कृषिजन्य वस्तुको निर्यातः रू. ४८.७२ अर्ब,<br>कृषिजन्य वस्तुको आयातः रू. ३०५.७० अर्ब | व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र, २०८१ |
| | कृषिजन्य निर्यात (Agricultural Export) | २२५ मि.अमेरिकी डलर | ४५६ मि.अमेरिकी डलर | रू. ४८.७२ अर्ब | व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र, २०८१ |
| समावेशी (Inclusive) | महिलाको वा संयुक्त स्वामित्वमा रहेको कृषियोग्य जग्गा प्रतिशत (% of farm land owned by women or joint ownership) | १६% | २०% | २३.८% | राष्ट्रिय कृषि गणना २०७८ |
| | कृषि कार्यक्रमको पहुँचभित्रका कृषक प्रतिशत (% of farmers reached by agriculture programs) | १८.२% | २२% | २०% | कृषि विभागले गरेको अनुमान अनुसार आ.व. २०७४/७५ मा लगभग २०% पुगेको र त्यस पछिको लागि कुनै तथ्याङ्क फेला नपरेको। |
| वृद्धि (Growth) | कृषि क्षेत्रको कूल गार्हस्थ उत्पादनको औसत वृद्धिदर (Average annual growth of AGDP) | २.२३% | ४% | आ.व. २०८०/८१ मा ३.०५% पुग्ने अनुमान गरिएको। | आर्थिक सर्वेक्षण २०८०/८१ |

| सोच सम्भागहरू | सूचकहरू | आधार तथ्याङ्क (आ.व. २०७२/७३) | अल्पकालीन लक्ष्य (पहिलो ५ वर्ष) | हालसम्मको प्रगति (आ.व. २०८०/८१) | सूचकका स्रोतहरू |
|---|---|---|---|---|---|
| जीविकोपार्जन | कृषि क्षेत्रको कूल गाहर्थ्य उत्पादन/कृषि श्रमिक (AGDP/ Agricultural labor) | ८३५ अमेरिकी डलर | १,०२९ अमेरिकी डलर | १,०२४ अमेरिकी डलर | राष्ट्रिय कृषि गणना २०७८ को १० वर्ष माथिका कृषिमा संलग्न जनसङ्ख्या (५७.३ प्रतिशत) र सोही वर्षको कृषि क्षेत्रको Gross Value Addition (GVA) र औसत विनिमय दरका आधारमा अनुमान गरिएको। |
| | ग्रामीण गरिबी (Poverty in rural areas) | २४.३% | १९% | २४.६६% | चौथो राष्ट्रिय जनसङ्ख्या तथा घरधुरी सर्वेक्षण २०२२/२३ |
| खाद्य तथा पोषण सुरक्षा | खाद्य जनित गरिबी (Food Poverty) | २७.६% | १९% | १७.३% | राष्ट्रिय तथ्याङ्क कार्यालयले विज्ञलाई छलफलका क्रममा उपलब्ध गराएको तथ्याङ्कमा आधारित |
| | पोषण: | | | | |
| | पुड्कोपन- ५ वर्ष मुनि | ३७.४% | २९% | २५% | नेपाल जनसाङ्खिक र स्वास्थ्य सर्वेक्षण, २०२२ |
| | कम तौल- ५ वर्ष मुनि % | ३०.१% | २०% | १९% | |
| | सुकेनास - ५ वर्ष मुनि % | ११.३% | ५% | ८% | |
| | BMI - १८.५ भन्दा कम भएका महिला % | १८.१% | १५% | १०% | Nepal Multiple Indicator Cluster survey, 2019 |

## सम्भाग १: आत्मनिर्भरता

यस सम्भाग अन्तर्गत खाद्यान्नमा आत्मनिर्भरता एक मात्र सूचक रहेको छ। यो सूचक खाद्यान्नमा रहेको व्यापार घाटा न्यूनीकरणसँग सम्बन्धित छ। आधार वर्ष आ.व. २०७२/७३ मा १६% रहेको खाद्यान्नको व्यापार घाटा आ.व. २०७७/७८ सम्ममा शून्यमा झार्ने यस सूचकको लक्ष्य रहेकोमा हालका वर्षहरूमा खाद्यान्न उत्पादनमा वृद्धि भए तापनि उपलब्ध तथ्याङ्कले खाद्यान्नको व्यापार घाटा देखाउँछ।

आ.व. २०७२/७३ मा रू. ३९.०२ अर्ब बराबरको खाद्यान्न आयात भएको थियो भने रू. १.६ करोड बराबरको निर्यात भएको थियो। आ.व. २०८०/८१ सम्म रू. ४५.७९ अर्ब बराबरको आयात भएको देखिन्छ भने निर्यात १.५८ करोड बराबरको निर्यात भएको देखिन्छ। उपलब्ध तथ्याङ्कलाई हेर्दा विगत ८ वर्षहरूमा खाद्यान्नको निर्यातको अंश आयातको ०.५ प्रतिशत भन्दा कम देखिन्छ। रणनीति कार्यान्वयनको आठ वर्षमा खाद्यान्न बालीको आयात र निर्यातको प्रवृत्ति तल देखाइएको छ।




बढ्दो खाद्यान्न आयातको प्रमुख कारणका रूपमा उपभोक्ताहरूको क्रयशक्तिमा भएको वृद्धिसँगै खाने बानीमा आएको परिवर्तन तथा मानिसहरू स्थानीय खाद्यान्नहरू भन्दा आयातित चामल र अन्य खाद्य पदार्थहरूमा आकर्षित हुनुलाई लिन सकिन्छ। खाद्यान्न आयात बढ्नुका अन्य कारणहरूमा जलवायु परिवर्तनका कारण मनसुनमा हुने उतारचढावबाट खाद्यान्न उत्पादनमा हुने ह्रास, उत्पादन सामग्रीहरू आपूर्ति र वितरण व्यवस्था सुव्यवस्थित नहुनु, र धान उत्पादक कृषक र निर्यात गर्ने व्यापारी बीचमा अनौपचारिक रूपमा हुने कारोवार राष्ट्रिय तथ्याङ्कमा समेटिनसमेत नसक्दा खाद्यान्न आयात चुलिँदो र निर्यात घट्दो देखिन्छ।

व्यापार घाटा कम गर्न नेपालले स्वदेशी खाद्यान्नको अनौपचारिक रूपमा हुने कारोवारलाई राष्ट्रिय तथ्याङ्कमा समेटिने गरी औपचारिक प्रणालीमा समाहित गर्दै अनौपचारिक कारोवारमा प्रतिवन्ध लगाउनुका साथै आन्तरिक उत्पादनहरूमा बजार माग अनुसार तादम्यता ल्याउन आवश्यक देखिन्छ। यसलाई ADS ले परिकल्पना गरेको अवस्थासम्म ल्याउन, देशले उच्च उत्पादन हुने प्रजातिहरूको उत्पादन प्रवर्द्धन गर्न अनुकूल नीतिगत वातावरण सिर्जना गर्नुपर्छ, कृषकहरूको कृषिजन्य सामग्रीहरू र लागत प्रभावकारी प्रविधिहरूमा सहज पहुँच सुनिश्चित गर्नुपर्छ, र आयातित चामलको ठूलो हिस्सा ओगटेको (उच्च माग तर स्वदेशमा उत्पादन कम) मसिना चामलको उत्पादन गर्न किसानहरूलाई प्रोत्साहन गर्नुपर्छ। उच्च गुणस्तरको चामल प्रशोधन गर्न निजी मिलरहरूलाई प्रोत्साहन गर्नुपर्छ, र उत्पादकत्व वृद्धि, रोगकीरा नियन्त्रण, र कृषि व्यवसाय र व्यापार सम्वद्ध अनुसन्धान र विकासमा लगानी बढाउनु पर्दछ।

**सम्भाग २: दिगोपन**

यस सम्भाग अन्तर्गत वर्षैभरि सिँचाइ, माटोमा प्राङ्गारिक पदार्थ, हैसियत बिग्रिएको जमिन, जङ्गलले ढाकेको क्षेत्रफल, जमिनको उत्पादकत्व र कूल गार्हस्थ उत्पादनमा कृषि व्यवसायको प्रतिशत गरी ६ वटा सूचकहरू रहेका छन्।

**वर्षैभरी सिँचाइ**

वर्षैभरी सिँचाइ हुने क्षेत्रफलमा वृद्धि दिगोपना सम्भागको प्रमुख सूचकहरू मध्ये एक हो। यस रणनीतिले रणनीति कार्यान्वयनको पाँच वर्षमा वर्षभरी सिञ्चित क्षेत्रफल प्रतिशत २५.२ बाट ३५ पुर्याउने लक्ष्य लिएको छ। राष्ट्रिय योजना आयोगबाट प्रकाशित १६ औ आवधिक योजना अनुसार आ.व. २०७९/८० सम्ममा देशको कूल कृषि योग्य जमिनको २५ % क्षेत्रमा बाहै महिना सिँचाइ सुविधा पुगेको छ।

**माटोमा प्राङ्गारिक पदार्थको वृद्धि**

माटोमा प्राङ्गारिक पदार्थको वृद्धि दिगोपना सम्भाग अन्तर्गत अर्को महत्वपूर्ण सूचक हो। राष्ट्रिय योजना आयोगबाट प्रकाशित १६औं आवधिक योजना अनुसार आ.व. २०७९/८० मा नेपालको माटोमा प्राङ्गारिक पदार्थको मात्रा १.९६ प्रतिशत रहेको छ। त्यस्तै नेपाल कृषि अनुसन्धान परिषद्को माटो अनुसन्धान महाशाखाले नेपालका ७७ जिल्लाका ३०,५४८ नमुनाका आधारमा तयार गरिएको digital soil map २२/२०२१ ले नेपालको माटोमा ३.४ प्रतिशत प्राङ्गारिक पदार्थ रहेको देखाउछ। यसले आ.व. २०७२/७३ मा १.९६% को आधारभूत रेखाबाट पहिलो पाँच वर्षको ADS लक्ष्य पूरा गरेको छ। वार्षिक रूपमा प्रगति आँकलन गर्ने कुनै संयन्त्र नभएकाले यस सूचकको वार्षिक रूपमा अध्यावधिक प्रगति विवरण पाउन समस्या रहेको छ।

**हैसियत बिग्रिएको जमिन**

हैसियत बिग्रिएको जमिन सूचकमा वार्षिक रूपमा परिवर्तन अनुगमन गर्ने कुनै प्रणाली नभएकाले आ.व २०७२/७३ को आधारभूत तथ्याङ्क ३७.२ लाख हेक्टरबाट आ.व. २०७७/७८ सम्म यस्तो जमिनको तथ्याङ्क अध्यावधिक हुन सकेको छैन। आ.व. २०७४/७५ र आ.व. २०७५/७६ मा क्रमशः १५ हजार ४६० हेक्टर र २० हजार ८८२ हेक्टर जमिन पुनःस्थापना भएको वन तथा वातावरण मन्त्रालयको तथ्याङ्कले देखाउँछ।

**जङ्गलले ढाकेको क्षेत्रफल**

जङ्गलले ढाकेको क्षेत्रफल सूचक अन्तर्गत आ.व २०७२/७३ को बन जङ्गलले ढाकेको ४४.७% क्षेत्रफल व्यवस्थापन गर्ने लक्ष्य रहेको छ। आ.व २०८०/८१ सम्म जङ्गल र झाडीले ढाकेको क्षेत्रफलमा सुधार भई नेपालको कूल जमिनको ४५.३% जमिन जङ्गल र झाडीले ढाकेको देखाउँछ। यो सुधारको श्रेय प्रभावकारी वन व्यवस्थापन नीतिहरूलाई दिन सकिन्छ।

**जमिनको उत्पादकत्व (Agricultural land productivity) (AGDP/हे.)**

जमिनको उत्पादकत्व सूचक अन्तर्गत आधार वर्ष आ.व. २०७२/७३ को जमिनको उत्पादकत्व ३२७८ अमेरिकी डलर थियो र ५ वर्षमा ४१८४ अमेरिकी डलर पुर्याउने लक्ष्य राखिएको थियो। आ.व. २०७८/७९ मा कृषि क्षेत्रको कूल गार्हस्थ उत्पादन प्रति हेक्टर ४१४३ अमेरिकी डलर भएको अनुमान गरिएको छ, जुन लक्ष्यको नजिक रहेको छ। यो अनुमान राष्ट्रिय तथ्याङ्क कार्यालयको राष्ट्रिय कृषि गणना २०७८/७९ (NSCA २२/२०२१) को कृषिका लागि लागि भूमि प्रयोग (२१२२००० हेक्टर) र सोही

वर्षको औसत विनिमय दरलाई ध्यानमा राखेर कृषि Gross Value Added (GVA) मा आधारित छ। जमिनको उत्पादकत्व बढ्नुका प्रमुख कारणहरूमा सिँचाइ क्षेत्रको विस्तार र आधुनिक कृषि प्रविधिहरूको प्रसार तथा अवलम्बन हुन सक्छन्।

**कुल गार्हस्थ उत्पादनमा कृषि व्यवसायको योगदान**

कूल गार्हस्थ उत्पादनमा कृषि व्यवसायको योगदानमा सकारात्मक प्रवृत्ति देखिएको छ। ADS-JSR टोलीले कूल गार्हस्थ उत्पादनमा कृषि व्यवसायको हिस्सा आ.व. २०७२/७३ मा ८% को आधार रेखाबाट बढेर आ.व. २०७७/७८ मा ९.७९% प्रतिशत पुगेको अनुमान गरेको छ। यो मुख्यतया कृषि व्यवसाय क्षेत्रमा दर्ता भएका र सञ्चालित र विभिन्न मूल्य शृङ्खलाहरूमा संलग्न भएको कारणले भएको हुनसक्छ। तथापी GDP मा कृषि व्यवसायको योगदान अनुमान गर्ने आधार/प्रक्रिया स्पष्ट छैन।

## सम्भाग ३: प्रतिस्पर्धी

**कृषि व्यापार सन्तुलन**

पछिल्ला वर्षहरूमा कृषि व्यापार घाटा निरन्तर बढ्दै गएकाले कृषि व्यापार सन्तुलन सूचकको प्रगति सन्तोषजनक देखिएको छैन। कृषि व्यापार घाटा आधार वर्ष आ.व. २०७२/७३ मा १,१२३ मि. अमेरिकी डलर रहेको थियो र ५ वर्षमा १,०७३ मि.अमेरिकी डलरमा झार्ने लक्ष्य लिईएको थियो। कृषि व्यापार घाटा आ.व. २०८०/८१ मा रू. २५६.९८ अर्ब पुगेको छ। कृषि व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रको तथ्याङ्क अनुसार आ.व. २०८०/८१ मा रू. ३०५.७० अर्ब बराबरको कृषि जन्य वस्तु आयात भएको छ भने रू. ४८.७२ अर्ब बराबरको निर्यात भएको छ। आ.व. २०८०/८१ को व्यापार घाटा आ.व. २०७२/७३ को आधारभूत तथ्याङ्कको तुलनामा उल्लेखनीय वृद्धि हो। उपभोक्ताको आम्दानीमा आएको वृद्धि र उपभोग पद्धतिमा आएको परिवर्तनले खाद्यवस्तुको आयातमा आएको वृद्धिका कारण कृषि व्यापार घाटा बढेको अनुमान गरिएको छ। यसका अलावा, सिमित कृषि वस्तुहरूको निर्यात र निर्यातयोग्य वस्तुहरूको प्रतिस्पर्धात्मक क्षमताको कमीका कारण पनि व्यापार घाटा कम गर्न कठिनाई भएको हो।

**कृषिजन्य निर्यात**

आ.व. २०७२/७३ को आधार रेखा २२५ मिलियन अमेरिकी डलरबाट आ.व. २०७७/७८ मा निर्यात आम्दानी ४५६ मिलियन अमेरिकी डलर पुर्याउने यस सूचकको लक्ष्य रहेको छ। कृषिजन्य वस्तुको निर्यात आ.व. २०८०/८१ मा रू. ४८.७२ अर्ब पुगेको कृषि व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रको तथ्याङ्कले देखाउँछ। आधार वर्षको तुलनामा यो उल्लेख्य वृद्धि भारतमा प्रशोधित पाम र सोयाबिन तेलको निर्यातमा भएको उल्लेख्य वृद्धिका कारण हो। समीक्षाले आयातित कृषि वस्तुहरूको प्रकार, उपभोक्ताहरूको परिवर्तित प्राथमिकता अनुसार बजारीकरण, किसानहरू र कृषि-प्रशोधकहरूलाई उपयुक्त प्रविधि, उत्पादन सामग्रीहरूमा सहज पहुँच र वित्तीय सुविधामा सहजीकरण गरेर उत्पादन गर्न प्रोत्साहन गर्ने सुझाव प्रस्तुत गर्दछ।

## सम्भाग ४: समावेशीकरण

महिलाको वा संयुक्त स्वामित्वमा रहेको कृषियोग्य जग्गा प्रतिशत र कृषि कार्यक्रमको पहुँच भित्रका कृषक प्रतिशत समावेशीकरण सम्भागका सूचकहरू हुन्।

### महिलाको वा संयुक्त स्वामित्वमा रहेको कृषियोग्य जग्गा प्रतिशत

महिलाको वा संयुक्त स्वामित्वमा रहेको कृषियोग्य जग्गा प्रतिशत आ.व. २०७२/७३ को १६% बाट २० % पुर्याउने लक्ष्य रहेको छ। संयुक्त स्वामित्व सम्बन्धी तथ्याङ्क उपलब्ध हुन सकेनन् तथापी उपलब्ध तथ्याङ्कले महिलाको नाममा भूमिको स्वामित्व सम्बन्धी सूचकको प्रगति सन्तोषजनक रूपमा अघि बढिरहेको देखाउँछ। राष्ट्रिय कृषि गणना २०७८ अनुसार महिलाको स्वामित्वमा रहेको घर वा जग्गा वा दुवैको प्रतिशत २३.८ पुगेको देखिन्छ।

### कृषि प्रसार कार्यक्रममा किसानको पहुँच

कृषि प्रसार कार्यक्रममा किसानको पहुँचः मूल्याङ्कन गर्ने र सङ्घीय प्रणाली अन्तर्गतको प्रगति रिपोर्ट गर्ने कुनै संयन्त्र छैन। नगरपालिका, कृषि ज्ञान केन्द्र र भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र जस्ता कृषि प्रसार गर्ने निकायहरूमा कृषि प्राविधिक कर्मचारीको अभावका कारण आ.व. २०७४/७५ पछि कृषि प्रसार कार्यक्रममा कृषकको पहुँच घटेको अनुमान गरिएको छ। कृषि कार्यहरू अब प्रादेशिक र स्थानीय सरकारहरूको क्षेत्राधिकारमा परेकाले यी तहहरूमा प्राविधिक कर्मचारीहरूको समयमै नियुक्ति प्रगतिलाई पुनर्स्थापित र दिगो बनाउन महत्त्वपूर्ण हुनेछ। सरकारको कृषिप्रसार सेवाहरूमा पहुँच आ.व. २०७२/७३ मा १८.२% को आधारभूत रेखाको तुलनामा आ.व. २०७४/७५ मा करिब २०% किसानसम्म पुगेको अनुमान गरिएको छ। हालको अवस्था सुधार गर्नका लागि प्रादेशिक र स्थानीय सरकारले रिक्त कृषि प्राविधिकको दरबन्दी पूर्ति गर्ने प्रक्रिया ढिलाई नगरी पूरा गर्नु पर्ने देखिन्छ।

## सम्भाग ५: कृषि क्षेत्रको कूल गार्हस्थ उत्पादन (AGDP) वृद्धि

- कृषि कूल गार्हस्थ उत्पादन (AGDP) आर्थिक वर्ष २०७७/७८ मा २.६४ प्रतिशत, आर्थिक वर्ष २०७८/७९ मा २.२४ प्रतिशत र आ.व. २०७९/८० मा २.७६ प्रतिशतले वृद्धि भएको अनुमान गरिएको छ भने आ.व. २०८०/८१ मा ३.०५% पुग्ने अनुमान गरिएको। यो वृद्धि दर रणनीतिको वार्षिक AGDP लक्ष्य ४% भन्दा कम छ।

## सम्भाग ६: जीविकोपार्जन

कृषि श्रमिकको उत्पादकत्व र ग्रामीण गरिबी जीविकोपार्जन सम्भाग अन्तर्गतका सूचकहरू हुन्।

### कृषि श्रमिकको उत्पादकत्व

कृषि क्षेत्रको कूल गार्हस्थ उत्पादन (AGDP) को आधारमा श्रमिकको उत्पादकत्व सूचकलाई वार्षिक रूपमा अनुमान गर्दा आ.व. २०७२/७३ को ८३५ अमेरिकी डलरको आधारभूत रेखाबाट बढेर आ.व. २०७८/७९ मा १०२४ अमेरिकी डलर पुगेको देखिन्छ, यद्यपि अझै पनि आ.व. २०७७/७८ को लागि लक्षित १,०२९ अमेरिकी डलर भन्दा कम नै रहेको छ। धेरै उत्पादनशील युवाहरू हरेक वर्ष रोजगारीका लागि विदेश पलायन हुने हुँदा कामदारको अभावका कारण पछिल्लो समयमा कृषि

ज्यालामा उल्लेखनीय वृद्धि भएको भएता पनि कृषि क्षेत्रको श्रमिकको उत्पादकत्व अन्य क्षेत्रको भन्दा कम नै देखिन्छ। कृषि क्षेत्रमा श्रम उत्पादकत्व नेपालको बाँकी अर्थतन्त्रको करिब एक चौथाइ मात्र छ। गैर-कृषि क्षेत्रको श्रम उत्पादकताको अनुमान अमेरिकी डलर ४७१२ रहेको छ जुन कृषि श्रम उत्पादकत्वभन्दा ४.६ गुणा बढी हो।

**ग्रामीण गरिबीको प्रतिशत**

जीविकोपार्जन सम्भाग अन्तर्गत अर्को सूचक ग्रामीण गरिबीको प्रतिशतको वार्षिक गणना गर्ने कुनै संयन्त्र छैन। राष्ट्रिय तथ्याङ्क कार्यालयले प्रकाशन गरेको चौथो राष्ट्रिय जनसङ्ख्या तथा घरधुरी सर्वेक्षण २०२२/२३ (NLSS IV) अनुसार नेपालमा समग्र गरिबी २०.३ प्रतिशत भए पनि ग्रामीण क्षेत्रमा गरिबी आधार वर्ष (२४.३ प्रतिशत) र २०२०/२१ को लक्ष्य (१९ प्रतिशत) को तुलनामा बढेर २४.६६ प्रतिशत पुगेको छ। यो वृद्धि मुख्यतः इन्धन, खाद्यवस्तु र मलजस्ता उत्पादन सामग्रीको मूल्यमा भएको वृद्धिका कारण भएको हो।

## सम्भाग ७: खाद्य तथा पोषण सुरक्षा

खाद्य तथा पोषण सुरक्षा सम्भाग अन्तर्गत खाद्य जडित गरिबी प्रतिशत र पोषण सम्बन्धी ४ वटा सूचकहरू रहेका छन्।

**खाद्य जडित गरिबी प्रतिशत**

केही अन्य सूचकहरूमा जस्तै, खाद्य जडित गरिबी सूचकको प्रगति मूल्याङ्कन गर्ने कुनै संयन्त्र छैन। वि.सं. २०७३ मा कूल जनसङ्ख्याको लगभग १०% गम्भीर रूपमा खाद्य असुरक्षित रहेको र २२% मध्यम असुरक्षित रहेको तथ्याङ्कले देखाउँछ। यसबाहेक उपलब्ध तथ्याङ्कले आ.व. २०७५/७६ मा जनसङ्ख्याको १७.९% गम्भीर रूपमा खाद्य असुरक्षित र कुपोषणको शिकार भएको देखाउँछ, जसले खाद्यान्नमा आधारित गरिबी पनि आ.व. २०७२/७३ को आधारभूत रेखा २७.६% बाट घटेको हुनुपर्छ भन्ने आधार प्रदान गर्दछ। विज्ञ टोलीलाई राष्ट्रिय तथ्याङ्क कार्यालयले छलफलका क्रममा उपलब्ध गराएको तथ्याङ्क अनुसार खाद्य जडित गरिबी प्रतिशत १७.३% मा झरेको छ। मुख्यतया बढ्दो वैदेशिक रोजगारीका कारण विप्रेषण बढेकाले खाद्यान्नमा आधारित गरिबी घटेको मान्न सकिन्छ।

**पोषण**

पोषण सम्बन्धी सूचक अन्तर्गत ५ वर्ष मुनिका बालबालिकामा पुड्कोपना प्रतिशत, ५ वर्ष मुनिका बालबालिकामा कम तौल प्रतिशत, ५ वर्ष मुनिका बालबालिकामा सुकेनास प्रतिशत र BMI १८.५ भन्दा कम भएका महिलाको प्रतिशत गरी ४ वटा सूचकहरू रहेका छन्।

नेपाल जनसांङ्खिक र स्वास्थ्य सर्वेक्षण २०२२ को तथ्याङ्कले पुड्कोपन (५ वर्ष मुनिका बालबालिका) २५%, कम तौल १९% र ख्याउटेपन ८% मा झरेको देखिन्छ। यसैगरी BMI (१८% वा कम भएका महिला) को प्रतिशत १०% मा झरेको देखाउँछ।

परिच्छेद-७

# समस्या, निर्णय र कार्यान्वयन अवस्था

# समस्या निर्णय र कायान्वयन अवस्था

## ७.१ MDAC बैठक बसेको मितिः २०८०/०८/१७ को निर्णय

आ.व. २०८०/८१ मा प्रथम त्रैमासिक अवधिको मिति २०८०/०८/१७ मा बसेको मन्त्रालयस्तरीय विकास समस्या समाधान समिति (MDAC) बैठकमा पेश भएका तपसिलका समस्याहरू राष्ट्रिय विकास समस्या समाधान उप-समिति (Pre-NDAC) को बैठकमा समाधानार्थ प्रस्तुत गर्ने निर्णय गरियो।

| क्र.सं. | कार्यक्रम कार्यान्वयनमा देखिएका मुख्य मुख्य समस्याहरू | समस्या देखा पर्नुको कारण | समस्या समाधान गर्न गरिएको प्रयास | समस्या समाधानका लागि सुझाव |
|---|---|---|---|---|
| १ | कृषियोग्य जग्गा बाँझो रहने तथा जग्गाको अव्यवस्थित खण्डीकरण सम्बन्धी समस्या | बढ्दो बसाईँसराइ तथा युवा पलायन र अव्यवस्थित जग्गा खण्डीकरण गर्ने प्रचलन तथा जग्गा वर्गीकरण गर्दा कृषि योग्य जमिनलाई कृषि योग्य नभई आवासीय जग्गाका रूपमा कायम गर्ने अभ्यास देखिएको। | यस मन्त्रालयको चालु आ.व.को वार्षिक स्वीकृत कार्यक्रममा कृषि उद्यमशीलता विकास र बाँझो जग्गामा कृषि उत्पादन प्रवर्द्धन कार्यक्रम स्वीकृत रहेकोमा कार्यविधि स्वीकृतिका सम्बन्धमा अर्थ मन्त्रालयबाट कृषि उद्यमशीलता विकास कार्यक्रमको सहमति प्राप्त भएको र बाँझो जग्गामा कृषि उत्पादन प्रवर्द्धन कार्यक्रमको कार्यविधि सम्बन्धमा स्वीकृति प्राप्त भइनसकेको। | कृषियोग्य जग्गा बाँझो रहने/राखिने प्रवृत्तिलाई निरूत्साहित गर्ने तथा युवा आकर्षित हुने खालका कार्यक्रमहरू सञ्चालनका लागि संघ, प्रदेश तथा स्थानीय सरकारहरूबाट पहल हुनुपर्ने। जग्गा वर्गीकरण गर्दा कृषि योग्य जग्गामा वर्गीकरण गर्न प्रोत्साहित हुने खालको नीतिगत व्यवस्था हुनुपर्ने। |
| २ | कालीमाटी फलफूल तथा तरकारी बजार विकास समितिको चोभार स्थित जग्गाको केही कित्ताको स्वमित्व हस्तान्तरण र हर्जाना वापतको बक्यौता मिनाहा सम्बन्धी समस्या | चोभार स्थित कृषि चुन उद्योगको जग्गा खरिद गर्दा सम्पूर्ण रकम भुक्तानी भई सके तापनि अर्थ मन्त्रालयसँगको सम्झौतानुसार प्राप्त हुनु पर्ने कि.न ं१७८, १८२ र १८३ को जग्गा समितिको स्वामित्वमा आउन नसकेको कि.न ं१९९ र १९१ को जग्गा स्वामित्व हस्तान्तरण भए पनि मोही कायम रहेको र तत्कालीन कृषि चुन उद्योगको चलन भोगमा रहेको कि.न ं१७७ र १६९को जग्गाको स्वामित्व हस्तान्तरण हुन बाँकी देखिएको साथै तत्कालीन समयमा किस्ता वापतको रकम भुक्तानी गर्नमा केही ढिलाई हुन गएका कारण सार्वजनिक ऋण व्यवस्थापन कार्यालयमा रू १ करोड ६४ लाख हर्जाना वापतको बक्यौता देखिएको। | स्वामित्व हस्तान्तरण र हर्जाना वापतको बक्यौता देखिएको रकम मिनाहाको लागि अर्थ मन्त्रालयलाई अनुरोध गरिएको। | जग्गाको केही कित्ताको स्वमित्व हस्तान्तरण र हर्जाना वापतको बक्यौता मिनाह हुनुपर्ने। |

## ७.२ MDAC बैठक बसेको मितिः २०८०/१०/२८ को निर्णय

आ.व.२०८०/८१ मा दोस्रो त्रैमासिक अवधिको मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिमा पेश भएका तपसिल अनुसारका समस्याहरूलाई मन्त्रालय तथा मातहतका निकायहरूले आवश्यक समन्वय तथा सहकार्य गरी मन्त्रालयस्तरबाट नै समाधान गर्न पहल गर्ने र सोको कार्यप्रगति आगामी मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिमा पेश गर्ने।

| क्र.सं. | बैठकमा पेश भएका समस्याहरू | समाधान देखापर्नुको कारणहरू | समस्या समाधानका लागि सुझावहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि | प्रगति |
|---|---|---|---|---|---|---|---|
| १ | कृषकहरूले भोग्नुपरेका प्राविधिक समस्या, नार्कबाट भइरहेका अनुसन्धानका कार्य तथा नतिजाबीच प्रभावकारी तादम्यता कायम हुन नसकेको। | नार्क र मन्त्रालय अन्तर्गतका विभागहरू तथा मातहतका राष्ट्रिय केन्द्र एवम् आयोजनाहरूबीच कार्यक्रमगत रूपमा समन्वय तथा सहकार्यको कमी। | आगामी आ.व.२०८०/८१ को वार्षिक कार्यक्रममा नार्क र मन्त्रालय अन्तर्गतका विभाग तथा मातहतका राष्ट्रिय केन्द्रहरू एवम् आयोजनाहरूले अनुसन्धान र प्रसारका विषयवस्तुमा आवश्यक समन्वय तथा सहकार्य हुनेगरी Joint collaborative project प्रस्ताव गर्ने। | नार्क र मन्त्रालय मातहतका विभाग एवम् आयोजनाहरू | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | ३ महिना | |
| २ | नेपालबाट बंगलादेशमा नेपाली कृषि उपजहरूको सहज निर्यातमा कठिनाई रहेको तथा उच्च भंसार दरमा निर्यात गर्नुपरेको। | नेपाल र बंगलादेशबीच द्विपक्षिय व्यापार सहजीकरणसँग सम्बन्धित समितिको बैठक बस्न नसकेको। | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रलाय र परराष्ट्र मन्त्रालयसँग समन्वय गरी बैठक आयोजना सहजीकरणका लागि आवश्यक गृहकार्य र अनुरोध हुन आवश्यक रहेको। | कृषि तथा पशुपन्छी विकास मन्त्रालय (कृ.तथा प.व्यव.प्र.म.) | मन्त्रालय मातहतका ३ वटै विभागहरू | २ महिना | मिति २०८१ बैशाख, ६ र ७ मा नेपाल बंगलादेश सातौं वाणिज्य सचिवस्तरीय बैठक काठमान्डौमा सम्पन्न भएको र उक्त बैठकमा नेपाली वस्तुको बंगलादेशमा सहज बजार पहुँच एवम् विद्यमान भन्सार महसुल र अन्य महसुल तथा शुल्क न्यूनीकरण गर्ने विषयमा छलफल भई बैठकको Agreed minutes बमोजिम बंगलादेशको बजार पहुँचको लागि नेपालको उत्पादन क्षमता र बंगालदेशको माग/आयातको अवस्थालाई मध्यनजर गर्दै बंगलादेशमा भन्सार महसुल र अन्य महसुल तथा शुल्क (ODC) उच्च रहेका नेपालको निर्यात सम्भावना र प्राथमिकताका १० वटा वस्तुको सूची बंगलादेशको आगामी आर्थिक |

| क्र.सं. | बैठकमा पेश भएका समस्याहरू | समाधान देखापर्नुको कारणहरू | समस्या समाधानका लागि सुझावहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि | प्रगति |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | वर्षदेखि भन्सार महसुल र अन्य शुल्क न्यूनीकरणको लागि अनुरोध गर्न श्री उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालयलाई अनुरोध गरिएको। अन्य कृषि वस्तुको हकमा नेपाल -बंगलादेशबीच गर्ने तयार गरिरहेको Preferential Trade Agreement मा अनुरोध गर्ने गरी तयारी भइरहेको। |
| ३ | वर्षेनी हुने नदी कटानले सरकारी फार्मको जग्गा संरक्षण गर्न समस्या देखिएको। | बाँकेस्थित मानखोलाको कटानका कारण पशु प्रजनन् कार्यालय, नेपालगञ्ज र झापास्थित सत्ताक्षी खोलाका कारण कृषि चन्द्रडाँगी फार्मको उत्पादनशील जग्गा र फार्म संरचना वर्षेनी रूपमा क्षयीकरण हुँदै गइरहेको। | नदी कटान रोक्न एवम् फार्मको जग्गा संरक्षणका लागि आगामी आ.व. २०८१/८२ को वार्षिक कार्यक्रममा बजेट प्रस्ताव गर्ने र वन तथा वातावरण मन्त्रालय अन्तर्गतको वन तथा भू-संरक्षण विभाग र उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय अन्तर्गतको जलस्रोत तथा सिँचाइ विभाग (जल उत्पन्न प्रकोप व्यवस्थान महाशाखा) सँग नदी कटान नियन्त्रण तथा तटबन्ध निर्माण लगायतका पूर्वाधार निर्माणको लागि जिल्लास्तरमा समन्वय तथा सहजीकरण हुन आवश्यक देखिएको। | पशुसेवा विभाग/ कृषि विभाग | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | ३ महिना | |

| क्र.सं. | बैठकमा पेश भएका समस्याहरू | समाधान देखापर्नुको कारणहरू | समस्या समाधानका लागि सुझावहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि | प्रगति |
|---|---|---|---|---|---|---|---|
| ४ | दानाको समय सापेक्ष गुणस्तर निर्धारण र नियमन चुनौतीपूर्ण रहेको। | दाना पदार्थ ऐन, २०३३ र नियमावली, २०४१ को संशोधन हुन नसक्नु तथा जनशक्तिको अभाव रहेको। | प्रतिनिधि सभा अन्तर्गतको कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिको निर्देशन बमोजिम सो ऐनको परिमार्जित मस्यौदा पशुसेवा विभागबाट तयार भई मन्त्रालयमा पेश | कृषि तथा पशुपन्छी विकास मन्त्रालय (प.तथा म.वि.म./कृ.तथा प.व्यव.प्र.म.) | पशुसेवा विभाग र खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग | ३ महिना | कृषि तथा पशुपन्छी विकास मन्त्रालयको पशुपन्छी तथा मत्स्य विकास महाशाखा प्रमुखको संयोजकत्वमा पशुसेवा विभाग तथा खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागबाट पेश भएका दाना पदार्थ ऐनका दुवै मस्यौदा उपर छलफल भइरहेको। |
| | | | भएकोमा मन्त्रालयस्तरमा मस्यौदा उपर थप छलफल गरी सहमतिका लागि पेश हुन आवश्यक देखिएको। | | | | |
| ५ | कृषि तथा पशु उत्पादन सामग्री आयातको क्रममा अनिवार्य रूपमा क्वारेन्टाइन फर्स्ट भन्ने अवधारणा प्रभावकारी रूपमा कार्यान्वयनमा कठिनाई। | अन्तर निकाय समन्वय प्रभावकारी रूपमा हुन नसकेको। | गृह मन्त्रालय र अर्थ मन्त्रालय अन्तर्गतका सम्बन्धित निकायहरूलाई प्रभावकारी समन्वय तथा सहकार्यका लागि अनुरोध हुन आवश्यक रहेको। | कृषि तथा पशुपन्छी विकास मन्त्रालय (कृ. तथा प.व्यव.प्र.म. र प्ला.का. तथा वि.व्यव.के.) | मन्त्रालय अन्तर्गतका ३ वटै विभागहरू | निरन्तर | निरन्तर रूपमा अन्तरनिकाय समन्वय भइरहेको।<br>मिति २०८१/०१/२६ गते पनि श्री उद्योग बाणिज्य तथा आपूर्तिको मन्त्रालयका सचिवज्यू अध्यक्षतामा बसेको बैठकमा हालसालै सेवा सञ्चालन भएको नेपालगञ्जको ICP मा क्वारेन्टाइन भवन परिसरमा रहेका असम्बन्धित संरचनाहरू हटाउन र अन्य नाकाका ICP का क्वारेन्टाइन भवनमा रहेका अन्य निकायका कार्यालयहरू समेत हटाइ यस मन्त्रालय मातहतका क्वारेन्टाइन तथा खाद्य आयात निर्यात गुणस्तर प्रमाणिकरण कार्यालयहरूलाई ठाउँ उपलब्ध गराउन समन्वय गरिएको। |

| क्र.सं. | बैठकमा पेश भएका समस्याहरू | समाधान देखापर्नुको कारणहरू | समस्या समाधानका लागि सुझावहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि | प्रगति |
|---|---|---|---|---|---|---|---|
| ६ | सहकारीहरूले व्यावसायिक रूपमा कृषि उत्पादन गरी उद्योग दर्ता सञ्चालन प्रक्रियामा तथा समस्या देखिएको। | औद्योगिक व्यवसाय ऐन २०७६ बमोजिम उद्योग सञ्चालनका लागि घरेलु कार्यालयमा दर्ता हुनुपर्ने व्यवस्था रहेकोमा जिल्लास्थित घरेलु कार्यालयहरूले प्रादेशिक कानुनको अड्चन देखाई सहकारीलाई उद्योग सञ्चालनका लागि दर्ता गर्न नमानेको। | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय र प्रादेशिक मन्त्रालयहरूसँग समन्वय गरी कानुनी बाधा अड्चन समाधानका लागि पहल हुनुपर्ने। | कृषि तथा पशुपन्छी विकास मन्त्रालय (कृ. तथा प.व्यव. प्र.म.) | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | २ महिना | |
| ७ | बाँदर, बँदेल र दुम्सी लगायतका वन्यजन्तुबाट बालीनाली तथा कृषि उपज संरक्षण गर्न समस्या देखिएको। | बालीनाली लगाइएको क्षेत्रमा वन्यजन्तुको बढ्दो आतंक र सोको व्यवस्थापनका लागि उपयुक्त व्यवहारिक प्रविधि र कानुनी आधार नभएको तथा कानुनी अड्चन समेत रहेको। | बाँदर लगायतका वन्यजन्तुलाई बालीनाली खेती हुने क्षेत्रबाट भगाउन उपयुक्त र व्यवहारिक प्रविधिको विकास हुनुपर्ने। बाँदरको सङ्ख्या न्युनीकरण गर्नका लागि प्राविधिक जनशक्तिको क्षमता विकास गरी परिचालन हुनुपर्ने। | पशुसेवा विभाग/ कृषि विभाग/नार्क | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | निरन्तर | कार्यरत ३ जना समेत गरी १० जना पशु चिकित्सकहरूको भारतको हिमाञ्चल प्रदेशको सिम्लामा बाँदर नियन्त्रण गर्ने बिधी (Sterilization) सम्बन्धी १ हप्ते तालिममा सहभागी भई क्षमता विकास भएको। |
| ८ | कृषि तथा पशुपन्छी क्षेत्रका तथ्याङ्कमा फरकपन देखापरी मन्त्रालयबाट सञ्चालित कार्यक्रमको उपलब्धि र विभिन्न तथ्याङ्कहरूमा एकरूपता कायम गर्न समस्या देखिएको। | मन्त्रालयबाट नियमित रूपमा सङ्कलन भइरहेको तथ्याङ्क र राष्ट्रिय तथ्याङ्क कार्यालयबाट सार्वजनिक गरिएको राष्ट्रिय कृषि गणना २०७८ को नतिजामा फरक देखापरेको। | राष्ट्रिय तथ्याङ्क कार्यालयसँग आवश्यक समन्वय तथा छलफल गरिएको। | कृषि तथा पशुपन्छी विकास मन्त्रालय (कृ. तथा प.व्यव. प्र.म.) | पशुसेवा विभाग/कृषि विभाग/ नार्क | निरन्तर | कृषि तथा पशुपन्छी विकास मन्त्रालयले वार्षिक रूपमा कृषि सर्भेक्षण गरी कृषि तथा पशुपन्छी क्षेत्रका तथ्याङ्कहरू अध्याबधिक गर्नका आगामी आ.व. २०८१/८२ मा बजेट तथा कार्यक्रम प्रस्ताव गरिएको । |

मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिमा पेश भएका तपसिल अनुसारका समस्याहरू मात्र राष्ट्रिय विकास समस्या समाधान उप-समिति (Pre-NDAC) को बैठकमा समाधानार्थ प्रस्तुत गर्ने निर्णय गरियो।

| क्र. सं. | आयोजना कार्यान्वयनमा देखिएका मुख्य मुख्य समस्याहरू | समस्या देखा पर्नुको कारण | समस्या समाधान गर्न गरिएको प्रयास | समस्या समाधानका लागि सुझाव |
|---|---|---|---|---|
| १ | पशुपन्छी सम्बन्धी औषधिहरूको व्यवस्थापन तथा नियमनमा समस्या रहेको। | औषधि ऐन, २०३५ संशोधन हुन नसक्नु र मौजुदा औषधि ऐनमा पशुपन्छीको औषधिको नियमनको विषयवस्तु नभएको। | प्रतिनिधि सभा अन्तर्गतको कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिको निर्देशन बमोजिम सो ऐनको परिमार्जित मस्यौदा तयार गरिएको। | कानुन मन्त्रालय, स्वास्थ्य मन्त्रालय, अर्थ मन्त्रालय लगायतसँगको समन्वयमा हालको औषधि ऐन संशोधन हुनुपर्ने। |
| २ | डेरी उद्योग र कोल्ड स्टोरहरूलाई उपलब्ध हुँदै आएको विद्युत महसुलमा दिइदै आएको छुट हाल उपलब्ध हुन नसकेको र विगतको समेत गरी बक्यौता बाँकी रहेको। | नेपाल विद्युत प्राधिकरणको मिति २०७९।११।२७ को निर्णयबाट उक्त उद्योगहरूलाई दिइदै आएको विद्युत महसुलमा ५०% अनुदान रोक्का गरिएको। | मन्त्रालयस्तरमा सम्वद्ध उद्योगी व्यवसायीहरूसँग छलफल भएको। | नीतिगत निर्णय आवश्यक रहेको तथा उर्जा मन्त्रालय र अर्थ मन्त्रालयसँग आवश्यक समन्वय गरी टुंग्याउन आवश्यक देखिएको। |
| ३ | सस्तो मूल्यमा कम गुणस्तरका आयात भई डम्पिङ्ग कृषिजन्य वस्तुहरू समस्या देखिएको (विशेषतः गरिने आयातित दुग्धजन्य पदार्थहरू (लगायतमा (Skimmed milk) | सेफगार्डस एन्टीडम्पिङ्ग तथा काउन्टरभेलिङ्ग ऐन २०७६ मा भएका प्रावधानहरू कृषि क्षेत्रमा लागु हुन नसकेको । | मन्त्रालयस्तरबाट आंशिक रूपमा गुणस्तरहीन तथा सस्तो मूल्यमा कृषिजन्य वस्तुमा आयातमा रोक लगाउने प्रयास भएकोमा कानुनी अड्चन रहेको। | कानुन मन्त्रालय, अर्थ ,मन्त्रालय आपूर्ति तथा उद्योग, वाणिज्य तथा नीतिगत निर्णय समन्वय आवश्यक मन्त्रालय लगायतसँग गरी थप प्रक्रिया अघि बढाउन आवश्यक देखिएको। |
| ४ | प्रदेश र स्थानीय तहबाट कृषि क्षेत्रका तथ्याङ्क सङ्कलन तथा सर्शत अनुदानका कार्यक्रमको प्रगति रिपोर्टिङ्ग लगायतका कार्यमा समस्या रहेको। | संघ, प्रदेश र स्थानीय तहबीच कृषि क्षेत्रका तथ्याङ्क सङ्कलन तथा प्रगति रिपोर्टिङ्गका पटक पटक विवरण माग हुँदा समेत प्राप्त हुन नसकेको। | संघ, प्रदेश र स्थानीय तह कृषि क्षेत्र समन्वय कार्य प्रक्रिया, स्वीकृत गरी कार्यान्वयनमा २०८० ल्याइएको। | एकीकृत तथ्याङ्क सङ्कलन संघ, प्रदेश र स्थानीय तहको तथा व्यवस्थापन प्रणाली विकास तथा कार्यान्वयनका लागि आवश्यक नीतिगत निर्णय तथा सहजीकरण हुनुपर्ने। |
| ५ | प्रादेशिक कृषि क्षेत्र हेर्ने मन्त्रालय र स्थानीय तहहरूबाट कृषि क्षेत्रका राष्ट्रिय महत्वका विषयक्षेत्र र खाद्य सुरक्षा, आयात) प्राथमिकतामा (न्यूनीकरण, निर्यात प्रवर्द्धन लगायत कार्यक्रममा न्यून लगानी गरिनु। | कृषि विकासको प्रमुख केन्द्रका रूपमा रहेको प्रदेश र स्थानीय तहबाट कृषि क्षेत्रलाई कम प्राथमिकता दिइनु, न्यून बजेट विनियोजन हुनु तथा सङ्घीय निर्देशनलाई बाध्यकारी बनाउन नसकिएको। | विषयगत समितिमा छलफल हुने गरेको र संघ, प्रदेश र स्थानीय तह कृषि क्षेत्र समन्वय कार्य प्रक्रिया २०८० कार्यान्वयनमा ल्याइएको। | कानुनी आधारसहितको नीतिगत निर्णय हुन आवश्यक देखिएको। |

## ७.३ MDAC बैठक बसेको मितिः २०८०/०२/१३ को निर्णय

आ.व. २०८०/८१ मा तेस्रो त्रैमासिक अवधिको मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिमा पेश भएका तपसिल अनुसारका समस्याहरूलाई मन्त्रालय मातहतका निकायहरूसँग आवश्यक समन्वय तथा सहकार्य गरी मन्त्रालयस्तरबाट नै समाधान गर्न पहल गर्ने र सो को कार्यप्रगति आगामी मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिमा पेश गर्ने।

| क्र.सं. | बैठकमा पेश भएका समस्या सम्बन्धी प्रस्ताव | समस्या सम्बन्धमा भएको निर्णयको व्यहोरा | प्रगति अवस्था |
|---|---|---|---|
| १ | मन्त्रालय मातहतका निकायमा कर्मचारीहरूको अभाव भई कार्य सम्पादन प्रभावित हुँदै आएको। | मन्त्रालयबाट भइरहेको O&M को कार्यलाई उच्च प्राथमिकता दिई यथासिघ्र टुंग्याउन प्रशासन महाशाखाले आवश्यक पहल गर्ने। | प्रक्रियामा रहेको। |
| २ | खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी नियमावली, २०८० मा भएको व्यवस्था र हाल मन्त्रालय (कृषि सूचना तथा प्रशिक्षण किसान सूचीकरण प्रणाली केन्द्र) मार्फत सञ्चालनमा रहेको कार्यान्वयनका व्यवस्थाहरू बाझिएको। | खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी नियमावली, २०८० मा भएका प्रावधानहरू समेत सम्बोधन हुने गरी मन्त्रालयमा पेश भएको किसान सूचीकरण (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०८० मा आवश्यक परिमार्जन गरी स्वीकृति प्रक्रिया अघि बढाउने। | परिमार्जित मस्यौदा मन्त्रालयमा पेश भइसकेको। छलफलको क्रममा रहेको। |
| ३ | प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको सहजीकरणमा स्थापना भएका Screen house हरूबाट आलुको Pre-Basic Seed (PBS) को उत्पादन तथा बिक्री वितरण कार्यमा समस्या देखिएको। | परियोजनाको सहजीकरणमा स्थापना भएका Screen house हरूबाट आलुको Pre-Basic Seed (PBS) को उत्पादन तथा बिक्री वितरणको समस्या समाधानका लागि कृषि विकास महाशाखा प्रमुखको नेतृत्वमा सम्बन्धित निकायहरूको सहभागितामा छलफल आयोजना गरी समाधान सम्बन्धी प्रस्ताव तयार गर्ने। | छलफल भएको तर समाधान भइनसकेको। |
| ४ | प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको सहजीकरणमा High Density Planting मार्फत फलफूल बगैंचा स्थापनाका लागि आवश्यक स्याउ/ओखरका बिरूवा आयात तथा बेर्ना बिक्री वितरणमा समस्या देखिएको। | परियोजनाको सहजीकरणमा High Density Planting मार्फत फलफूल बगैंचा स्थापनाका लागि आवश्यक स्याउ/ओखरका बिरूवा आयात तथा बेर्ना बिक्री वितरणको समस्या समाधानका लागि कृषि विकास महाशाखा प्रमुखको नेतृत्वमा सम्बनन्धित निकायहरूको सहभागितामा छलफल आयोजना गरी समाधान सम्बन्धी प्रस्ताव तयार गर्ने। | छलफल भएको तर समाधान भइनसकेको।<br>बीउ बिजन नियमावली, २०८० मा आवश्यक व्यवस्था प्रस्ताव गरिएको। |
| ५ | मन्त्रालय मातहत सञ्चालित आयोजनाहरूको काममा सहजीकरण गर्न नियुक्त गरिने परामर्शदाताहरूको सेवा सुविधा निर्धारणको आधार तथा प्रक्रियामा एकरूपता कायम हुन नसकेको। | मन्त्रालय मातहत सञ्चालित आयोजनाहरूमा नियुक्त गरिने परामर्शदाताको कार्य प्रकृति अनुसारको कार्य जिम्मेवारी तथा सेवा सुविधा निर्धारण तथा आधार तय गर्नका लागि आन्तरिक कार्यविधि निर्माणका लागि योजना तथा विकास सहायता समन्वय महाशाखाले तीन महिनाभित्र कार्यविधि तयार गरी पेश हुने गरी उपयुक्त कमिटी गठनका लागि प्रस्ताव पेश गर्ने। | कार्यदल बनी कार्य प्रक्रियामा रहेको। |

| क्र.सं. | बैठकमा पेश भएका समस्या सम्बन्धी प्रस्ताव | समस्या सम्बन्धमा भएको निर्णयको व्यहोरा | प्रगति अवस्था |
|---|---|---|---|
| ६ | कृषि विकासका लागि सञ्चालित कार्यक्रमहरूमा सहभागी हुन आवश्यक कागजी तथा कानुनी जटिलताहरूका कारण कृषि विकास तथा साना अनुदान सम्बन्धी कार्यक्रममा साना तथा मध्यमस्तरका कृषक तथा कृषक समूहहरूको सहभागिता घट्दै गएको। | साना तथा मध्यमस्तरका कृषक तथा कृषक समूहहरूको कृषि विकास कार्यक्रममा सहभागिता अभिवृद्धि गर्न तथा कागजी तथा कानुनी जटिलताहरूलाई सहज बनाउन आवश्यक कार्यविधि तर्जुमा गरी कानुनी विषयवस्तुहरूमा अर्थ मन्त्रालयको सहमतिका लागि आवश्यक समन्वय गर्ने। सो का लागि खाद्य सुरक्षा तथा खाद्य प्रविधि महाशाखाले आवश्यक पहल गर्ने। | थप कार्य अघि बढाउनु पर्ने देखिएको। |
| ७ | विद्युत उद्योग र चिस्यान केन्द्रहरूलाई उपलब्ध गराइएको डेरी नसकेको हुन कार्यान्वयन हाल महसुलमा छुट सम्बन्धी व्यवस्था देखिएको। बक्यौता र विगतको छुट रकम समेत | महसुलमा छुट दिन प्रदेशस्थित उद्योग र चिस्यान केन्द्रहरूलाई विद्युत डेरी कृषि क्षेत्र हेर्ने मन्त्रालयहरूलाई बजेट प्रस्ताव तथा कार्यविधि निर्माणका लागि पुनः अनुरोध गर्ने र विगतको बक्यौता सम्बन्धी समस्या समाधान गर्न उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, अर्थ मन्त्रालय र नेपाल विद्युत प्राधिकरणसँग थप समन्वय गर्ने। | नेपाल विद्युत प्राधिकरणसँग छलफल भएको। उच्चस्तरीय छलफल तथा नीतिगत निर्णय आवश्यक रहेको। |
| ८ | वर्षेनी नदी कटानले सरकारी फार्महरू (पशु प्रजनन् कार्यालय, कृषि विकास फार्म, चन्द्रडाँगी, झापा, ,मानखोला, नेपालगञ्ज को जग्गा (शितोष्ण बागवानी विकास केन्द्र, मार्फा, मुस्ताङ्ग संरक्षण गर्न समस्या देखिएको। | नदी कटानबाट हुने क्षति न्यूनीकरण गरी सरकारी फार्मको जग्गा संरक्षणका लागि तटबन्ध निर्माण तथा नदी कटान नियन्त्रण सम्बन्धी पूर्वाधार निर्माणमा सहजीकरण गर्न वन तथा वातावरण मन्त्रालय र उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयसँग आवश्यक समन्वयका लागि योजना तथा विकास सहायता समन्वय महाशाखाले आवश्यक पहल गर्ने। | आगामी आ.व.को कार्यक्रम तथा बजेट तर्जुमा क्रममा सहजीकरण गर्ने पहल भइरहेको। |
| ९ | दाना पदार्थ ऐन, २०३३ संशोधन हुन नसकी दाना पदार्थको समय सापेक्ष गुणस्तर निर्धारण र नियमन चुनौतीपूर्ण भएको। | दाना पदार्थ ऐन, २०३३ संशोधन सम्बन्धमा पशु सेवा विभाग र खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागबाट प्राप्त मस्यौदाउपर पशुपन्छी तथा मत्स्य विकास महाशाखाले थप छलफल गरी दाना पदार्थ ऐन, २०३३ को संशोधनका लागि मस्यौदालाई अन्तिम रूप दिन पहल गर्ने। | पशु सेवा विभाग र खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागबाट प्राप्त मस्यौदाउपर छलफल भइरहेको तर ठोस नतिजा प्राप्त भइनसकेको। |
| १० | औषधी ऐन, २०३५ संशोधन हुन नसकी पशुपन्छीको औषधी व्यवस्थापन तथा नियमन गर्न समस्या देखिएको। | पशुपन्छी सम्बन्धी औषधीहरूको व्यवस्थापन तथा नियमन सम्बन्धी प्रावधानहरू समेत समावेश गरी पशु सेवा विभागबाट पेश भएको औषधी ऐन, २०३५ को संशोधन सम्बन्धी मस्यौदालाई अन्तिम रूप दिन कानुन मन्त्रालयसँग थप समन्वय गर्न पशु स्वास्थ्य महाशाखाले आवश्यक पहल गर्ने। | कार्य प्रक्रियामा रहेको तर ठोस नतिजा प्राप्त भइनसकेको। |
| ११ | कालीमाटी फलफूल तथा तरकारी बजार बिकास समितिको चोभार स्थित जग्गाको केही कित्ताको स्वमित्व हस्तान्तरण र हर्जाना वापतको बक्यौता मिनाहा हुन नसकेको। | कालीमाटी फलफूल तथा तरकारी बजार बिकास समितिले मन्त्रालयको प्रशासन महाशाखासँगको समन्वयमा समितिको चोभार स्थित जग्गाको स्वामित्व हस्तान्तरण र हर्जाना वापतको बक्यौता रकम मिनाहाको लागि अर्थ मन्त्रालयलाई पुनः अनुरोध गर्ने र जग्गा प्राप्ति सम्बन्धमा आवश्यक कानुनी प्रक्रिया अघि बढाउने। | अर्थ मन्त्रालयसँग यस अघि नै अनुरोध भएको तर ठोस नतिजा प्राप्त भइनसकेको। |

आ.व. २०८०/८१ मातेस्रो त्रैमासिक अवधिको मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिमा पेश भएका तपसिल अनुसारका समस्याहरूलाई राष्ट्रिय विकास समस्या समाधान उप-समिति (Pre-NDAC) को बैठकमा समाधानार्थ प्रस्तुत गर्ने निर्णय गरियो।

| क्र.सं. | समस्याको व्यहोरा | समस्या देखा पर्नुको कारण | समस्या समाधानका लागि सुझाव (निर्णय सम्बन्धी व्यहोरा) |
|---|---|---|---|
| १ | पशुपन्छी तथा मत्स्य क्षेत्रका कृषक एवम् उद्यमीहरू र जग्गा भाडामा लिई खेती गर्न चाहने कृषक एवम् उद्यमीहरूलाई कृषि मिटर सुविधा प्राप्त हुन नसकी कृषिजन्य उत्पादन तथा उत्पादकत्व वृद्धि लक्षित कार्यक्रमहरू प्रभावित भएको। | पशुपालन तथा मत्स्यपालन व्यवसायलाई नेपाल विद्युत् प्राधिकरणबाट जारी गरिएको विद्युत् महसुल सङ्कलन विनियमावली, २०७८ को विनियम २ (ग) अनुसारको औद्योगिक उपभोक्ता वर्ग अन्तर्गत कृषिमा आधारित उद्योग समूहमा वर्गीकरण गरीएकाले सोही विनियमावलीको विनियम ५ अनुसारको सिँचाइ उपभोक्ता वर्गभित्र उपलब्ध हुने कृषि मिटर तथा महसुल दरमा पाइने छुट सुविधाबाट पशुपन्छी तथा मत्स्य क्षेत्रका कृषक तथा उद्यमीहरू बञ्चित हुनु परेको।<br><br>जग्गा भाडामा लिई खेती गर्न चाहने कृषक एवम् उद्यमीहरूका लागि कृषि मिटर सुविधा सम्बन्धमा स्पष्ट व्यवस्था नभएको। | कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धिका लागि सरकारले उपलब्ध गराउँदै आएको कृषि मिटर सुविधामा कृषि, पशुपन्छी तथा मत्स्य क्षेत्रका कृषकहरू समेत समेटिने गरी विद्युत महसुल सङ्कलन विनियमावली, २०७८ मा आवश्यक संशोधनका लागि उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, अर्थ मन्त्रालय र नेपाल विद्युत प्राधिकरण समक्ष अनुरोध गर्न पहल हुनुपर्ने। |
| २ | सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली २०६४ मा भएका खरिद सम्बन्धी प्रावधान अनुसार रासायनिक मलको आयात गर्दा समय बढी लाग्ने गरेकोले समयमै सहज रूपमा प्राप्त मल आयातमा समस्या देखिएको। | सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली २०६४ मा अन्तर्राष्ट्रिय बोलपत्र आव्हानका लागि ४५ दिन, पुन: बोलपत्र आव्हानका लागि २१ दिन, बोलपत्र खरिद सम्झौताको लागि १५ दिनको समयको प्रावधानका कारण बोलपत्र आव्हान मूल्याङ्कन खरिद सम्झौता र मल खरिद गरी नेपालभित्र आयात हुँदासम्म न्यूनतम २२६ दिनको समय लाग्ने गरेको।<br><br>अन्तर्राष्ट्रिय बजारमा रसायनिक मलको मूल्यमा साप्ताहिक रूपमा भइरहने उतारचढाव र मल खरिदका लागि लागत अनुमान स्वीकृति, बोलपत्र आव्हान तथा मूल्याङ्कन गरी खरिद सम्झौतासम्मको लामो अवधिका कारण मल खरिद, आयात तथा भुक्तानी प्रक्रियामा ढिलाई भई मल आयातमा कठिनाई हुने गरेको। | कृषिजन्य बालीको उत्पादन वृद्धि, खाद्य सुरक्षा र आम किसानको हितजस्तो सार्वजनिक महत्वको विषयक्षेत्र भएकाले रसायनिक मल खरिद तथा आयातलाई सहज बनाउन सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली २०६४ का हालका प्रावधानहरूमा गर्नुपर्ने संशोधनको मस्यौदा तयारीका लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको संयोजकत्वमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, अर्थ मन्त्रालय र महालेखा परिक्षकको कार्यालयबाट प्रतिनिधित्व रहेको समितिले संशोधन सम्बन्धी प्रस्ताव तयार गरी पेश गर्न उपयुक्त हुने। |
| ३ | हाल बैंकहरूले कृषि क्षेत्रमा गर्ने लगानीको दायरा कम भएको र खेतीपाती गर्ने वास्तविक कृषकहरूले बैंकहरूबाट उपलब्ध हुने सहुलियत दरको कृषि ऋणमा पँहुच हुन नसकेको तथा सहजै ऋण प्राप्त गर्न नसकेको। | नेपाल राष्ट्र बैंकबाट जारी हुने मौद्रिक नीतिमा कृषि कर्जा व्यवस्थापन सम्बन्धमा समय सापेक्ष संशोधन हुन नसक्नु।<br><br>सहुलियत दरको कृषि कर्जामा सबै कृषकहरूको सहज पँहुच हुने गरी कृषि कर्जाको दायरा विस्तार हुन नसक्नु।<br><br>साना तथा मध्यम कृषक समेत समेटिने तथा बैंकबाट प्रवाह हुने ऋणको जोखिमलाई राज्यबाट सुरक्षण हुने गरी नीतिगत व्यवस्था हुन नसक्नु। | कृषि कर्जाको दायरा विस्तार गर्न तथा कर्जा प्रवाहलाई प्रभावकारी बनाउन आवश्यक नीतिगत तथा प्रक्रियागत सुधार सम्बन्धमा अर्थ मन्त्रालयको संयोजकत्वमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, नेपाल राष्ट्र बैंक, राष्ट्रिय योजना आयोग, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, कृषि विकास बैंकबाट प्रतिनिधि रहने समितिले अध्ययन गरी प्रतिवेदन पेश गर्न उपयुक्त हुने। |

| क्र.सं. | समस्याको व्यहोरा | समस्या देखा पर्नुको कारण | समस्या समाधानका लागि सुझाव (निर्णय सम्बन्धी व्यहोरा) |
|---|---|---|---|
| ४ | कृषिका लागि हानिकारक वन्यजन्तुहरूबाट कृषिजन्य उपजहरूको क्षति हुन गई उत्पादन र उत्पादकत्वमा कमि आई खाद्य सुरक्षामा समेत चुनौति सिर्जना भएको। | राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन तथा नियमावली अनुसार प्रादेश र स्थानीय तह कृषक वर्ग र समुदायले वन्यजन्तुको नियन्त्रण तथा क्षति न्यूनीकरणका कार्य गर्न नसकेको। | राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन तथा नियमावलीमा भएको कानुनी व्यवस्थामा आवश्यक संशोधन/परिमार्जन स्थानीय तहहरूले समेत वन्यजन्तु नियन्त्रण तथा क्षति गरी न्यूनिकरणका कार्य गर्न सक्ने व्यवस्था मिलाउन वन तथा वातावरण मन्त्रालयलाई निर्देशन दिन उपयुक्त हुने। |

## ७.४ MDAC बैठक बसेको मितिः २०८१/०५/०२ को निर्णय

मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिमा पेश भएका तपसिल अनुसारका समस्याहरूलाई मन्त्रालय, केन्द्रीय निकाय तथा विभागस्तरबाट समाधान गर्ने र सोको कार्यप्रगति आगामी मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिमा पेश गर्ने।

| क्र.सं. | बैठकमा पेश भएका समस्या सम्बन्धी प्रस्ताव | समस्या देखापर्नुको कारण | समस्या समाधान सम्बन्धमा भएको निर्णय | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| १ | नार्कस्थित फार्म/केन्द्रहरूमा उत्पादित तरकारीको स्रोत बीउ समयमै विक्री वितरण हुन नसक्दा स्टक रहन गएको। | • विगतमा जस्तो कृषि सम्बद्ध विभिन्न सरकारी निकायहरूले बीउ वासलातमा आवश्यक बीउ परिमाण टिपाई फार्म/केन्द्रहरूमा उत्पादित बीउ खरिद विक्री तथा व्यवस्थापन गर्ने/गराउने प्रणाली हाल प्रभावकारी हुन नसक्नु।<br>• तरकारीको हाइब्रिड बीउ विजनको सहज उपलब्धता हुनु। | नार्कस्थित फार्म/केन्द्रहरूमा उत्पादित तरकारीको स्रोत बीउ विक्री वितरण व्यवस्थापनका लागि नार्कले सबै प्रदेशस्थित कृषि क्षेत्र हेर्ने मन्त्रालय, कृषि विभाग तथा मातहतका फार्म र स्थानीय तथा प्राविधिक रूपले उपयुक्त स्थानीय तहहरूलाई फार्म/केन्द्रमा उत्पादित तथा स्टकमा रहेको तरकारीको बीउ सम्बन्धी विवरण समयमै जानकारी गराई बीउ विक्री वितरण प्रणालीलाई सहज बनाउने। तरकारीको स्रोत बीउलाई DE-SIS प्रणालीमा समावेश गर्नका लागि बीउ विजन उत्पादन, वितरण तथा व्यवस्थापन निर्देशिकामा संशोधन गर्न सकिने विकल्प सम्बन्धमा कृषि विकास महाशाखाले सम्बन्धित निकायहरूसँग छलफल गरी सुझाव पेश गर्ने। | नेपाल कृषि अनुसन्धान परिषद् | कृषि तथा पशुपन्छी विकास मन्त्रालय (कृषि विकास महाशाखा), कृषि विभाग, बीउ विजन गुणस्तर नियन्त्रण केन्द्र |

| क्र.सं. | बैठकमा पेश भएका समस्या सम्बन्धी प्रस्ताव | समस्या देखापर्नुको कारण | समस्या समाधान सम्बन्धमा भएको निर्णय | जिम्मेवार निकाय | सहयोगी निकाय |
| --- | --- | --- | --- | --- | --- |
| २ | कृषि अनुसन्धानतर्फ विकास गरीएका नयाँ प्रविधिहरू कृषि प्राविधिक र कृषकहरूसम्म समयमै पुग्न नसकेको तथा कृषकका वास्तविक समस्या समाधान हुने गरी कृषि अनुसन्धानका क्रियाकलाप केन्द्रीत हुन नसक्नु। | • कृषि अनुसन्धानमा संलग्न नार्क तथा कृषि प्रसार कार्यमा संलग्न कृषि विभाग, पशु सेवा विभाग, प्रदेश मन्त्रालय अन्तर्गतका निकायहरू र स्थानीय तहहरूबीच प्राविधिक रूपमा समन्वय र सहकार्य हुन नसक्नु।<br>• अनुसन्धान र प्रसारबीच समन्वय हुने विगतको जस्तो अभ्यास हाल अवलम्बन हुन नसक्नु। | नार्क र तीनवटै तहका कृषि प्रसारमा संलग्न निकायहरूबीच समन्वय र सहकार्यलाई व्यवस्थित गर्न यस अघि मस्यौदा गरिएको कृषि अनुसन्धान, शिक्षा र प्रसार समन्वय कार्यप्रक्रियालाई कृषि विभागको नेतृत्वमा सम्बन्धित निकायहरूसँग थप छलफल गरी मन्त्रालयमा पेश गर्ने र सो मस्यौदालाई अन्तिम रूप दिई स्वीकृति प्रक्रिया अघि बढाउन कृषि विकास महाशाखाले सहजीकरण गर्ने। | कृषि विभाग र नार्क | कृषि तथा पशुपन्छी विकास मन्त्रालय (कृषि विकास महाशाखा र योजना तथा विकास सहायता समन्वय महाशाखा), पशु सेवा विभाग, खाद्य प्रविधि तथा गुणस्तर नियन्त्रण विभाग |
| ३ | Bud-wood सर्टिफिकेशन प्रक्रिया सम्बन्धी प्रयास कार्यविधि तथा प्राविधिक आधार तयार हुन नसक्दा सुन्तलाजात फलफूलको गुणस्तरीय बेर्ना उपलब्धता तथा सुन्तलाजात फलफूल क्षेत्र विस्तार कार्यक्रम कार्यान्विनमा समस्या देखिएको। | Bud-wood certify गरेको सुन्तलाजात फलफूलको गुणस्तरीय विरूवाको प्रयोग गर्ने व्यवस्था सम्बन्धी नेपाल राजपत्रमा २०७६ असोजमा सूचना जारी भएकोमा सो अनुसारको Bud-wood certification प्रणाली विकास हुन नसक्दा screen house मा उत्पादित विरूवाको गुणस्तरीयता र विरूवा खरिद क्रममा मूल्यमा स्पष्टता हुन नसकी कार्यक्रम कार्यान्वयनमा समस्या देखिएको। | Bud-wood certification प्रणाली स्थापित नहुँदासम्म स्थानीय नर्सरीहरूमा उत्पादित सुन्तलाजातका फलफूल विरूवाको लागि उपयुक्त गैरकर राजश्व दर निर्धारण प्रक्रिया अघि बढाउन हाल मन्त्रालयमा रहेको तरकारी तथा फलफूलको गैरकर राजश्व दर निर्धारण सम्बन्धी मस्यौदालाई अर्थ मन्त्रालयसँगको समन्वयमा अविलम्ब टुंग्याउन कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन महाशाखाले सहजीकरण गर्ने। | कृषि तथा पशुपन्छी विकास मन्त्रालय (कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन महाशाखा) | कृषि विभाग, राष्ट्रिय फलफूल विकास केन्द्र, प्रधानमन्त्री कृषि आधुनकिकीकरण परियोजना |
| ४ | खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ को प्रभावकारी कार्यान्वयनका लागि आवश्यक जनशक्ति व्यवस्थापन सम्बन्धमा। | उक्त ऐनमा भएका व्यवस्थाहरू कार्यान्वयनका लागि खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागको हालको जनशक्ति अपुग भएको। | खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ मा भएका अत्यावश्यक र विशिष्ट प्रावधानहरू कार्यान्वयनका लागि आवश्यक जनशक्ति व्यवस्थापन सम्बन्धमा मन्त्रालयको सँगठन तथा सर्वेक्षण गर्ने क्रममा प्रशासन महाशाखाले विभागको समन्वयमा आवश्यक पहल गर्ने। | खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग | कृषि तथा पशुपन्छी विकास मन्त्रालय (प्रशासन महाशाखा) |

| क्र.सं. | बैठकमा पेश भएका समस्या सम्बन्धी प्रस्ताव | समस्या देखापर्नुको कारण | समस्या समाधान सम्बन्धमा भएको निर्णय | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| ५ | दानाको समय सापेक्ष गुणस्तर निर्धारण र नियमन चुनौतीपूर्ण रहेको। | दाना ऐन, २०३३ र सोको नियमावली, २०४१ को संशोधन हुन नसक्नु। | पशुपन्छी तथा मत्स्य विकास महाशाखा प्रमुखको नेतृत्वमा पशु सेवा विभाग र खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागबाट १/१ जना र मन्त्रालयबाट १ जना गरी चार सदस्यीय कार्यदल मार्फत दुवै विभागबाट प्राप्त दाना ऐन मस्यौदामा तथा नियमावली संशोधन सम्बन्धी आवश्यक छलफल गरी अन्तिम मस्यौदा तयार गरी मन्त्रालयमा पेश गर्ने। | कृषि तथा पशुपन्छी विकास मन्त्रालय (पशुपन्छी तथा मत्स्य विकास (महाशाखा | पशु सेवा विभाग र खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग |
| ६ | पशुपन्छीको औषधी व्यवस्थापन तथा नियमन हुन नसक्दा Anti- microbial resis- tance विकास हुने जटिललता देखिएको। | औषधी ऐन, २०३५ संशोधन नहुनु र मौजुदा औषधी ऐनले पशुपन्छीको औषधीको व्यवस्थापन तथा नियमनको बाटो नखोलेको। | पशुपन्छी सम्बन्धी औषधीहरूको व्यवस्थापन तथा नियमन सम्बन्धी प्रावधानहरू समेत समावेश हुने गरी पशु सेवा विभागबाट पेश भएको औषधी ऐन, २०३५ को संशोधन सम्बन्धी मस्यौदालाई अन्तिम रूप दिन तथा कानुन मन्त्रालयसँग थप समन्वय गरी संशोधन प्रक्रिया अघि बढाउन पशु स्वास्थ्य महाशाखाले आवश्यक पहल गर्ने। | कृषि तथा पशुपन्छी विकास मन्त्रालय (पशु स्वास्थ्य (महाशाखा | पशु सेवा विभाग |
| ७ | पशुपन्छी तथा मत्स्य क्षेत्रमा पशु कल्याण प्रवर्द्धन तथा संक्रामक महामारी रोग नियन्त्रण चुनौतिपूर्ण बन्दै गएको। | संक्रामक पशु रोग नियन्त्रण र पशु कल्याण गर्ने कानुनी आधार नहुनु। | पशु स्वास्थ्य महाशाखाले संक्रामक पशु रोग नियन्त्रण र पशु कल्याण सम्बन्धी आवश्यक विधेयकहरूको मस्यौदा तर्जुमा गरी सहमति प्राप्ति तथा विधेयक स्वीकृति प्रक्रिया अघि बढाउन पहल गर्ने। | कृषि तथा पशुपन्छी विकास मन्त्रालय (पशु स्वास्थ्य (महाशाखा | पशु सेवा विभाग |
| ८ | क्वारेन्टाइन प्रकृया पुरा नगरी/ नगराई भन्सार जाँचपास तथा कृषिउपजको आयात भइरहेको। | भंसार विन्दूहरूमा क्वारेन्टाइन चेकजाँच प्रक्रिया पुरा नगरी/नगराई कृषिजन्य उपज आपूर्ति तथा आयात हुने गरेको। | मानव तथा जैविक सुरक्षाका लागि र क्वारेन्टाइन फष्ट भन्ने विश्वव्यापी मान्यताको पालना गर्न क्वारेन्टाइन चेकजाँच प्रक्रियालाई अनिवार्य र थप कडाईका साथ पालना गर्न/गराउन भंसार बिन्दूहरूमा अवस्थित अर्थ मन्त्रालय र गृह मन्त्रालय मातहतका निकायहरूलाई आवश्यक निर्देशनका सम्बन्धित मन्त्रालयहरूमा कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन महाशाखा मार्फत अनुरोध गर्ने। | कृषि तथा पशुपन्छी विकास मन्त्रालय (कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन (महाशाखा | प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्र |

| क्र.सं. | बैठकमा पेश भएका समस्या सम्बन्धी प्रस्ताव | समस्या देखापर्नुको कारण | समस्या समाधान सम्बन्धमा भएको निर्णय | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| ९ | Dry port, ICP, लुम्बिनी तथा पोखरा विमानस्थलमा क्वारेन्टाइन सेवा र केन्द्रीय विरुवा स्वस्थता प्रयोगशाला सञ्चालन गर्न नसकिएको। | जनशक्ति अभाव र व्यवस्थापन हुन नसक्नु। | उक्त अत्यावश्यक कार्यालयहरू सञ्चालनका लागि आवश्यक जनशक्ति व्यवस्थापनको कार्य प्रशासन महाशाखाले तुरून्त अघि बढाउने। मन्त्रालयको सँगठन तथा सर्वेक्षण गर्ने क्रममा उक्त कार्यालयहरूमा आवश्यक थप जनशक्ति सम्बन्धी विवरण छलफल गरी टुंग्याउने। | कृषि तथा पशुपन्छी विकास मन्त्रालय (प्रशासन (महाशाखा | प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्र |
| १० | कृषि विकास फार्महरू- मार्फा, कीर्तिपुर, चन्द्रडाँगी, कपास विकास समिति लगायतका फार्महरूको उर्वर तथा खेतीयोग्य जग्गाको सदुपयोग र संरक्षण प्रभावित हुँदा कृषिजन्य स्रोत सामग्रीको उत्पादनका क्रियाकलाप प्रभावित भएको। | कृषि फार्महरूको उर्वर खेतीयोग्य जग्गा विगत लामो समयदेखि सुरक्षा निकायबाट प्रयोग भएको तथा सुकुम्बासी वस्तीहरूबाट अतिक्रमणमा परेको।<br>सम्बन्धित फार्महरूबाट स्थानीय रूपमा समस्या समाधानका लागि प्रयास गर्दा समाधान हुन नसकेको। | राज्यलाई दीर्घकालीन रूपमा आवश्यक पर्ने कृषि फार्महरूको संरक्षण, कृषि अनुसन्धान तथा कृषिजन्य स्रोत सामग्रीको उत्पादन कार्यको निरन्तरताका लागि हाल अतिक्रमण भएको तथा अन्य प्रयोजनमा प्रयोग भएको फार्मको जग्गाको सदुपयोग र संरक्षणका लागि राष्ट्रिय योजना आयोग र गृह मन्त्रालय समक्ष पुन:अनुरोध गर्ने। | कृषि तथा पशुपन्छी विकास मन्त्रालय (प्रशासन (महाशाखा | कृषि विभाग |

मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिमा पेश भएका तपसिल अनुसारका समस्याहरू राष्ट्रिय विकास समस्या समाधान उप-समिति (Pre-NDAC) को बैठकमा समाधानार्थ पेश गर्ने।

| क्र.सं. | समस्याको व्यहोरा | समस्या देखा पर्नुको कारण | समस्या समाधानका लागि सुझाव (निर्णयसम्बन्धी व्यहोरा) |
|---|---|---|---|
| १ | पशुपन्छी तथा मत्स्य क्षेत्रका कृषक एवम् उद्यमीहरू र जग्गा भाडामा लिई खेती गर्न चाहने कृषक एवम् उद्यमीहरूलाई कृषि मिटर तथा महसुल दरमा पाइने छुट सुविधा प्राप्त हुन नसकी कृषिजन्य उत्पादन तथा उत्पादकत्व वृद्धि लक्षित कार्यक्रमहरू प्रभावित भएको। | • पशुपालन तथा मत्स्यपालन व्यवसायलाई नेपाल विद्युत प्राधिकरणबाट जारी गरिएको विद्युत महसुल सङ्कलन विनियमावली २०७८ को विनियम २ (ग) अनुसारको औद्योगिक उपभोक्ता वर्ग अन्तर्गत कृषिमा आधारित उद्योग समूहमा वर्गीकरण गरिएकोले सोही विनियमावलीको विनियम ५ मा सिँचाइ उपभोक्ता वर्गभित्र उपलब्ध हुने कृषि मिटर तथा महसुल दरमा पाइने छुट सुविधाबाट पशुपन्छी तथा मत्स्य क्षेत्रका कृषक तथा उद्यमीहरू बञ्चित हुनु परेको।<br>• जग्गा भाडामा लिई खेती गर्न चाहने कृषक एवम् उद्यमीहरूका लागि कृषि मिटर सुविधा उपलब्ध गराउन सकिने वा नसकिने सम्बन्धमा स्पष्ट व्यवस्था नभएको। | कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धिका लागि सरकारले उपलब्ध गराउँदै आएको कृषि मिटर सुविधामा कृषि, पशुपन्छी तथा मत्स्य क्षेत्रका सबै कृषकहरू समेटिने गरी विद्युत महसुल सङ्कलन विनियमावली २०७८ मा आवश्यक संशोधनको प्रक्रिया अघि बढाउनका लागि उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, अर्थ मन्त्रालय र नेपाल विद्युत प्राधिकरणलाई निर्देशन हुन अनुरोध हुनुपर्ने। |

| क्र.सं. | समस्याको व्यहोरा | समस्या देखा पर्नुको कारण | समस्या समाधानका लागि सुझाव (निर्णयसम्बन्धी व्यहोरा) |
|---|---|---|---|
| २ | सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली २०६४ मा भएका खरिद सम्बन्धी प्रावधान अनुसार रासायनिक मल खरिद तथा आयात गर्दा समय बढी लाग्ने गरेकोले समयमै सहज रूपमा प्रयाप्त मल आपूर्ति तथा व्यवस्थापनमा समस्या आई कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धि प्रभावित भएको। | • सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली २०६४ मा अन्तर्राष्ट्रिय बोलपत्र आव्हानका लागि ४५ दिन, पुनः बोलपत्र आव्हानका लागि २१ दिन, बोलपत्र खरिद सम्झौताको लागि १५ दिन लगायतका समयावधि सम्बन्धी प्रावधानका कारण बोलपत्र आव्हान, मूल्याङ्कन, खरिद सम्झौता र मल खरिद गरी नेपालभित्र आयात हुँदासम्म न्यूनतम २२६ दिनको समय लाग्ने गरेको।<br>• प्रचलित कानुन बमोजिम मल खरिद तथा आपूर्तिमा लाग्ने लामो समयावधि, अन्तर्राष्ट्रिय बजारमा साप्ताहिक रूपमा रासायनिक मलको मूल्यमा भइरहने उतारचढाव तथा आयात र भुक्तानि प्रक्रियामा ढिलाई लगायतका कारणले मल आपूर्ति तथा व्यवस्थापनमा कठिनाई हुने गरेको। | • कृषिजन्य बालीको उत्पादन वृद्धि, खाद्य सुरक्षा र आम किसानको हितजस्तो सार्वजनिक महत्व र राज्यका लागि essential good का रूपमा रहेको रसायनिक मलको खरिद तथा आपूर्तिलाई सहज बनाउन सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली २०६४ का हालका प्रावधानहरूमा गर्नुपर्ने संशोधनको मस्यौदा तयारीका लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको संयोजकत्वमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, अर्थ मन्त्रालय र महालेखा परिक्षकको कार्यालयबाट प्रतिनिधित्व रहेको समितिले संशोधन सम्बन्धी प्रस्ताव तयार गरी संशोधन सम्बन्धी आवश्यक प्रक्रिया अघि बढाउन उपयुक्त हुने। |
| ३ | खेतीपाती गर्ने वास्तविक कृषकहरूलाई सहुलियत व्याजदरमा उपलब्ध हुने कृषि ऋण सुविधामा सहज पँहुच हुन नसकेको तथा प्रक्रियागत समस्या झेल्नुपरेको। | नेपाल राष्ट्र बैंकबाट जारी हुने मौद्रिक नीतिमा कृषि कर्जा व्यवस्थापन सम्बन्धमा समय सापेक्ष संशोधन हुन नसकी हाल बैंकहरूबाट कृषि क्षेत्रमा गर्ने लगानीको दायरा कम मध्यमस्तरका कृषकमा सहुलियत तथा रहेको, साना व्याजदरको कृषि ऋण सुविधाको पहुँच नभएको तथा कृषि तथा पशुपन्छी क्षेत्रमा कार्यरत निकायहरूको प्राविधिक सिफारिस विना कृषि ऋण प्रवाह हुने गरेको। | सहुलियत व्याजदरमा उपलब्ध हुने कृषि कर्जाको दायरा विस्तार गर्न तथा कर्जा प्रवाह प्रक्रियालाई सरल, वस्तुनिष्ठ र प्रभावकारी बनाउन आवश्यक नीतिगत तथा प्रक्रियागत सुधार सम्बन्धमा अर्थ मन्त्रालय वा नेपाल राष्ट्र बैंकको संयोजकत्वमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय योजना आयोग, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, कृषि विकास बैंकबाट प्रतिनिधि रहने समितिले अध्ययन गरी प्रतिवेदन पेश गर्न एवम् सुझाव कार्यान्वयन हुन उपयुक्त हुने। |

| क्र.सं. | समस्याको व्यहोरा | समस्या देखा पर्नुको कारण | समस्या समाधानका लागि सुझाव (निर्णयसम्बन्धी व्यहोरा) |
|---|---|---|---|
| ४ | कृषि क्षेत्रका लागि हानिकारक वन्यजन्तुहरूबाट कृषिजन्य बाली/ वस्तु तथा उपजहरूको क्षति हुन गई कृषि उत्पादनको संरक्षण, उत्पादकत्व वृद्धि र कृषि पेशाको प्रवर्द्धन तथा संरक्षण चुनौतिपूर्ण हुँदै गएको। | राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन तथा नियमावली लगायतका कानुनी व्यवस्थाका कारण प्रदेश, स्थानीय तह, कृषक वर्ग र समुदायले वन्यजन्तुको अतिक्रमण रोकथाम तथा नियन्त्रण सम्बन्धी कार्य गर्न नसकेको। | प्रदेश र स्थानीय तहहरूले समेत वन्यजन्तुको अतिक्रमण रोकथाम तथा नियन्त्रणको कार्य गर्न सक्ने व्यवस्था राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु मिलाउनका लागि कानुनी संरक्षण ऐन तथा नियमावलीमा भएको हालको व्यवस्थामा आवश्यक संशोधन/परिमार्जनको कार्य अघि बढाउनका लागि वन तथा वातावरण मन्त्रालयलाई निर्देशन दिन उपयुक्त हुने। |
| ५ | कृषि योग्य जग्गाको संरक्षण र सही सदुपयोगको विषय<br>• विगतदेखि नै धानखेतीका लागि उर्बर र उपयुक्त क्षेत्रका रूपमा रहेको एवम् प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाले विगत ८ वर्षदेखि धान सुपरजोन स्थापना गरी धानबाली प्रणालीलाई प्रवर्द्धन गरीरहेको बर्दियास्थित राजापुर क्षेत्रमा चिनी मिल स्थापनाको कार्य अघि बढिरहेकोले धानखेतीका लागि उपयुक्त उक्त क्षेत्र उखुखेतीमा प्रयोग हुँदा धान सुपरजोन कार्यक्रमका लागि भएको लगानी तथा प्राप्त प्रतिफलहरू प्रभावित हुने र बाँके, बर्दिया लगायतका जिल्लामा धानको उत्पादनमा कमी आई खाद्य सुरक्षाको स्थिति प्रभावित हुन सक्ने।<br>• धनुषास्थित ८० विघाको आँप बगैंचा हटाई खेतीयोग्य जग्गामा सोलार प्लान्ट स्थापनाको तयारी भएको। | कृषियोग्य जग्गा संरक्षण र कृषि प्रयोजनमा मात्र उपयोग गर्ने सम्बन्धमा बाध्यकारी कानुनी नियन्त्रणको व्यवस्था र कृषियोग्य जग्गा संरक्षण तथा सदुपयोग सम्बन्धमा नीतिगत स्पष्टता हुन नसक्नु।<br>उर्जा मन्त्रालय र उद्योग मन्त्रालयबाट कृषि तथा पशुपन्छी विकास मन्त्रालयसँग आवश्यक समन्वय विना उद्योग स्थापना तथा सोलार प्लान्ट स्थापनाको सहमति दिइएको। | कृषियोग्य जग्गाको संरक्षण तथा सही सदुपयोगका लागि कानुनी व्यवस्थाको पहिचान तथा कानुन निर्माण प्रक्रिया अघि बढाउनका लागि सरोकारवालाहरू अन्तर मन्त्रालयहरूको समन्वयमा अध्ययन हुनुपर्ने।<br>कृषियोग्य जग्गामा ठूला प्रकृतिका विकासमूलक कार्य, आयोजना सञ्चालन तथा उद्योग स्थापनापूर्व कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट सहमति लिनुपर्ने नीतिगत व्यवस्था गरी निर्देशन पालनाका लागि सम्बन्धित मन्त्रालय वा निकायहरूलाई निर्देशन दिइनुपर्ने। |
| ६ | डेरी उद्योग र कोल्ड स्टोरहरूलाई दिइदै आएको विद्युत महसुलमा छुट सम्बन्धी व्यवस्था हाल कार्यान्वयन हुन नसकेको र विगतको छुट सुविधाको रकम समेत बक्यौता रहेको। | नेपाल विद्युत प्राधिकरणको मिति २०७९/११/२७ को निर्णयबाट डेरी उद्योग र कोल्ड स्टोरहरूलाई दिइदै छुट सम्बन्धी अनुदान %आएको विद्युत महसुलमा ५० रोक्का गरिएको र विगतको बक्यौता भुक्तानी गर्न प्रक्रियागत जटिलता र बजेट विनियोजन नभएको। | छुट सम्बन्धी %५० विद्युत महसुलमा दिइदै आएको व्यवस्थाको निरन्तरता तथा बक्यौता भुक्तानी सम्बन्धमा उर्जा मन्त्रालय, अर्थ मन्त्रालय, कृषि तथा पशुपन्छी विकास मन्त्रालय र नेपाल विद्युत प्राधिकरणको समन्वय नीतिगत निर्देशन हुन आवश्यक रहेको। |

## ७.५ राष्ट्रिय विकास समस्या समाधान समिति (NDAC) को बैठकमा प्रस्तुत समस्याहरू एवम् गरिएका निर्णयहरू तथा कार्यान्वयन स्थिति

४८, ४९औं राष्ट्रिय विकास समस्या समाधान समिति (NDAC) को बैठकमा कृषि क्षेत्रसँग सम्बन्धित कुनै पनि निर्णयहरू नभएको।

### ७.५.१ ५०औँ राष्ट्रिय विकास समस्या समाधान समिति (NDAC) बैठकको निर्णय र कार्यान्वयन प्रगति

| निर्णय नं. | निर्णय | कार्यान्वयनको अवस्था/प्रगति |
|---|---|---|
| १. | नौबस्ता औद्यौगिक क्षेत्र, मोतिपुर औद्योगित क्षेत्र, कृषि फार्म चन्द्रडाँगी, ज्येष्ठ नागरिक भवन गोठाटार लगायतका विभिन्न सरकारी जग्गाहरुमा अव्यवस्थित बसोबासीहरुबाट अतिक्रमण भएको हुँदा अव्यवस्थित बसोबासीहरुलाई व्यवस्थापन गरी सरकारी जग्गालाई तोकिएको काममा नै उपयोग हुने व्यवस्था ३ महिनाभित्र मिलाउनेगरी भूमि व्यवस्था, सहकारी तथा गरीबी निवारण मन्त्रीको संयोजकत्वमा उद्योग,वाणिज्य तथा गरीबी निवारण मन्त्रालयका सचिव(उद्योग), कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सचिव(कृषि) र गृह मन्त्रालयका सचिव सदस्य रहने समिति गठन गर्ने। | कृषितर्फ मस्यौदा प्रतिवेदन तयार भएको।<br>चन्द्रडाँगी फार्मबाट आवश्यक विवरण जिल्ला प्रशासन कार्यालयमा बुझाइएको तर ठोस प्रगति हुन नसकेको। |
| ९. | विगतका वर्षहरूमा रासायनिक मलको आपूर्ति समयमै हुन नसकेकोले अन्तर्राष्ट्रिय दर र राष्ट्रिय मागको आधारमा आपूर्ति गर्नको लागि समयमै आवश्यक परिमाण खरिद गर्न अग्रिम स्रोत सुनिश्तितता गर्ने, अन्तर्राष्ट्रिय बजारमा कायम भएको मूल्यको आधारमा आवश्यकता अनुसार मित्र राष्ट्का सरकारहरूसँग जी टु जी प्रकृयाबाट रायायनिक मल खरिद गर्ने प्रबन्ध कृषि तथा पशुपन्छी विकास मन्त्रालय मार्फत मिलाउने। | • रासायनिक मलको आपूर्तिका लागि अग्रिम स्रोत सुनिश्चतता गर्ने गरिएको।<br>• कार्ययोजना बनाई समयमै टेण्डर आव्हान गर्ने गरिएको र जीटुजी प्रक्रियाबाट समेत मल खरिद गर्ने गरिएको।<br>• चालु आ.व. को लागि समेत करिब २ लाख ५० हजार मल आयातका टेन्डरको लागि आव्हान भइसकेको। |
| १०. | महिला विरूद्ध हुने सबै प्रकारको भेदभाव उन्मुलन (CEDAW) लगायत नेपाल सरकार पक्ष भएको अन्तर्राष्ट्रिय अभिसन्धीहरूको आधारमा नेपालले अन्तर्राष्ट्रिय मञ्चमा नियमित प्रतिवेदन गर्नुपर्ने तर स्थानीय तह र प्रदेश तहबाट नियमित रूपमा तथ्याङ्क तथा प्रतिवेदन प्राप्त नहुँदा नेपाल पक्ष भएको सबै अन्तर्राष्ट्रिय सन्धिहरूको कार्यान्वयन अवस्थाको विवरणहरू सबै तहका सरकारका निकायहरूले सन्धि कार्यान्वयनको मुख्य सरोकारवाला निकायमा नियमितरूपमा प्रतिवेदन गर्ने र त्यस्तो प्रतिवेदन पठाउनको लागि सम्बन्धित मन्त्रालयहरूले सबै तह र निकायहरूलाई एक महिनाभित्र जानकारी गराउने र सोको नियमित अनुगमन समेत गर्ने। यसैगरी सङ्घीय निकायहरूका लागि आवश्यक पर्ने सबै प्रकारका सूचना तथा तथ्याङ्कहरूका लागि राष्ट्रिय तथ्याङ्क विवरण प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याउने। | यस सम्बन्धमा मिति २०८०/१/१७ गते मन्त्रालय निकायहरूमा पत्राचार गरिएको । |

| निर्णय नं. | निर्णय | कार्यान्वयनको अवस्था/प्रगति |
|---|---|---|
| १७. | प्रदेश र स्थानीय तहका भौतिक पूर्वाधारका आयोजना/कार्यक्रममा अति न्यून बजेट हुने, कतिपय अनुपयुक्त विनियोजन, स-साना कार्यक्रम, दोहोरोपना जस्ता प्रवृत्तिले भौतिक निर्माण नतिजामूलक हुन नसकेको साथै तीन तहका सरकारको खर्चको मापदण्डमा समेत एकरूपता ल्याउन आवश्यक देखिएकोले आयोजनाको वर्गीकरणसम्बन्धी मापदण्डको काम यथाशीघ्र सम्पन्न गरी कार्य विस्तृतीकरण प्रतिवेदनसमेतका आधारमा सबै तह र मन्त्रालयहरूले आगामी आर्थिक बर्षको बजेट तथा कार्यक्रम प्रस्ताव गर्ने र आयोजना प्राथमिकीकरणलाई बजेट प्रस्ताव गर्दा अनिवार्य गर्ने साथै अर्थ मन्त्रालयले तिनै तहका लागि कार्यान्वयन हुने गरी खर्चको मापदण्ड निर्माण गर्ने । | चालु आ.व. २०८०/८१ र आगामी आ.व. २०८१।८२ मा क्षेत्रगत प्राथमिकता निर्धारण गरी रा.यो.आ. को परिपत्र अनुसार आयोजना वर्गीकरण तथा बजेट निर्माणको कार्य भएको। |

## ७.५.२ ५१औँ राष्ट्रिय विकास समस्या समाधान समिति (NDAC) बैठकको निर्णय र कार्यान्वयन प्रगति

| निर्णय नं. | निर्णय | कार्यान्वयनको अवस्था/प्रगति |
|---|---|---|
| १ | कृषि योग्य जग्गाको खण्डीकरण हुन र बाँझो हुनबाट जोगाउन एंव कृषि भूमि लोप हुन नदीने उपायका सम्बन्धमा तीन महिनाभित्र सझाव दिने गरी राष्ट्रिय योजना आयोगका सम्बन्धी विषय क्षेत्र हेर्ने सदस्यको संयोजकत्वमा कृषि तथा पशुपन्छी विकास मन्त्रालय, भूमि व्यवस्था सहकारी तथा गरीबी निवारण मन्त्रालय र उर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयका प्रतिनिधि समावेश भएको समिति गठन गर्ने । | राष्ट्रिय योजना आयोगका माननीय सदस्यज्यूको संयोजकत्वको समितिमा मन्त्रालयका सहसचिव श्री भोजराज सापकोटालाई सदस्य तोकिएको। सो समितिबाट प्रतिवेदन तयार गरी राष्ट्रिय योजना आयोगमा पेश गरिएको। |
| ९. | भविष्यमा लम्पीस्कीन ,अफ्रिकन स्वाईन फिवर र अन्य महामारी देखा परेमा त्यसबाट पशुपन्छीलाई जोगाउने र महामारीबाट हुनसक्ने आर्थिक कृषिलाई न्यून गर्ने उपायहरूको बारेमा कृषि तथा पशुपन्छी विकास मन्त्रालयले पूर्व अध्ययन गरी कार्यान्वयनमा ल्याउने व्यवस्था मिलाउने। | • संक्रामक पशु रोग नियन्त्रण सम्बन्धी विद्ययेकको मस्यौदा तर्जुमा भई कानुन मन्त्रालयमा सहमतिका लागि पेश भएको।<br>• लम्पी स्कीन रोग नियन्त्रणको कार्ययोजना २०८०/०४/२३ मा (सचिवस्तर) स्वीकृत भएको। |

